३१९

# भक्तपुर

मासिक

Bhaktapur Monthly

फागुन २०७९

ISSN 2705-4454
9 772705 445004



# भक्तपुर नपाको
# १३ औं नगरसभा




- 'हामी तत्कालीन र दीर्घकालीन योजनाका साथ अगाडि बढ्दैछौं'
- आफ्नो होइन, देशबारे सोचौं
- चर्चामा विपक्षी दल र ख्वप विश्वविद्यालय
- पुँजीवादमा समानता र मानव अधिकार 'देखाउने दाँत' मात्रै
- पृथ्वीको सृष्टिबारे केही जानकारी
- हुयनसाङको यात्रा वर्णनको महत्व
- नेपालगञ्ज, सुर्खेत, दैलेख, अछाम, कालिकोट, जुम्ला भ्रमण
- विसेमिरा
- भक्तपुर नपाको गतिविधि




भक्तपुर नपाको १३ औं नगरसभाको उद्घाटन समारोहमा प्रमुख अतिथि नेमकिपाका
अध्यक्ष का. रोहितलगायत मञ्चासीन अतिथिगण



उद्घाटन समारोहमा आमन्त्रित अतिथिगण

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

jÌ{$) ★ cÆ $★g}; ≠!!$# ★ lj=; ≠@)&(kmfu'g ★ A.D.2023

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)






'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

**‘मानिस परिस्थितिको दास हैन, अपितु परिस्थिति मानिसको दास हो ।’– डिजरायली**

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नगरपालिकाको तेह्रौँ नगरसभा | – | ३ |
| २) | हामी तत्कालीन र दीर्घकालीन योजनाका साथ अगाडि बढ्दैछौँ’ | प्रमुख सुनिल प्रजापति | ६ |
| ३) | तेह्रौँ नगरसभाका बैठक | – | ११ |
| ४) | आफ्नो होइन, देशबारे सोचौँ | नारायणमान बिजुक्छेँ | १७ |
| ५) | नेमकिपा जडसूत्रवादी र सङ्कीर्ण पार्टी होइन | – | २० |
| ६) | चर्चामा विपक्षी दल र ख्वप विश्वविद्यालय | – | २१ |
| ७) | अन्तरनगर खो खो प्रतियोगिता | – | २४ |
| ८) | ‘अभिभावक र विद्यार्थीहरूको भावना जित्न सक्नु हाम्रो सफलता हो’ | सुनिल प्रजापति | ३० |
| ९) | पुँजीवादमा समानता र मानव अधिकार ‘देखाउने दाँत’ मात्रै | विवेक | ३२ |
| १०) | पृथ्वीको सृष्टिबारे केही ऐतिहासिक जानकारी | विष्णुभक्त राजचल | ३४ |
| ११) | नेपालको इतिहासमा ह्युनसाङको यात्रा  वर्णनको महत्त्व | ओम धौभडेल | ४१ |
| १२) | नेपालगञ्ज, सुर्खेत, दैलेख, अछाम, कालिकोट, जुम्ला भ्रमण प्रतिवेदन– | कृतिका प्रजापति | ४४ |
| १३) | फुकुवा पत्र नआई सिफारिस दिन मिल्दैन | कुशल | ५३ |
| १४) | इन्जिनियर – ‘प्रिन्स’ क्रोपाट्किन | – | ५५ |
| १५) | चिनियाँ अध्ययनले भन्छ– पृथ्वीको भित्री भागले घुम्न बन्द गरेको हुनसक्छ | – | ५६ |
| १६) | विसेमिरा | बोधविक्रम अधिकारी | ५७ |
| १७) | समालोचनाया सिद्धान्त (१२) | प्रो.माणिकलाल श्रेष्ठ | ५९ |
| १८) | सितेरियो कराते खेलाडी  तथा रेफ्री राजन चित्रकार | राजकुमार लघु | ६२ |
| १९) | भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय | – | ६४ |
| २०) | भक्तपुर नगरपालिका गतिविधि | – | ८२ |
| २१) | विविध समाचार | – | ९१ |
| २२) | अनुभव आदान–प्रदान | – | ११२ |
| २३) | हाम्रो स्वास्थ्य | – | ११३ |
| २४) | भक्तपुर नपाद्वारा सञ्चालित इन्जिनियरिङ कलेजहरूको विद्यार्थी अभिलेख | – | ११७ |
| २५) | स्रोत खुलाउन नमिल्ने सम्पत्तिलाई ‘सुन–पानी’ (सम्पादकको पृष्ठ) | – | १२४ |

**साथमा** : जीवन–आचरण–३१/प्रेरणीय–३३/बसिबियाँलो–५२/संक्षेपमा–११२/विश्वमा कोभिड–१९ को स्थिति–११५/ख्वप अस्पतालको प्रगति–१२०/पर्यटक तथ्याङ्क–१२१/रंगीन पृष्ठ–क–घ ।




## भक्तपुर नगरपालिकाको तेह्रौं नगरसभा

# “पदकै लागि राजनीति गर्नेहरूले देश र जनताको निःस्वार्थ सेवा गर्न नसक्ने” : अध्यक्ष बिजुक्छेँ



**उद्घाटन**

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले भक्तपुर नगरपालिकाको तेह्रौं नगरसभाको माघ २३ गते एक समारोहबीच पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो।

कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले नगरसभाको पूर्ण सफलताको कामना गर्नुहुँदै समाजवादी व्यवस्था स्थापनाको लागि सशस्त्र सङ्घर्ष एउटै मात्र उपाय भएको चर्चा गर्नुहुँदै निर्वाचनबाट समाजवादी व्यवस्था लागू गर्ने विचार संशोधनवाद हो भन्नुभयो।

क्रान्तिको वातावरण तयार



भएर पनि क्रान्ति नगर्ने दक्षिणपन्थी अवसरवाद र क्रान्तिको वातावरण तयार नहुँदै क्रान्ति गर्ने वामपन्थी अवसरवादबाट मुक्त भई राजनैतिक सङ्घर्षलाई अगाडि बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।



नेपालमा पश्चिमेली संसदीय राजनैतिक प्रणालीमा प्रखर प्रतिपक्ष र छायाँ सरकारको व्यवस्था हुने राजनीतिक प्रणाली लागु रहेको चर्चा गर्नुहुँदै उहाँले हाल नेपाली काङ्ग्रेसले सरकारलाई समर्थन गरेर प्रतिपक्षमा बस्ने चिनियाँ राजनैतिक प्रणालीको अभ्यास गर्नु विरोधाभाषपूर्ण रहेको स्पष्ट पार्नुभयो ।

जनतालाई राजनैतिक रूपले सचेत पार्दै सशस्त्र क्रान्तिमार्फत समाजवादी व्यवस्था लागू गर्न राजनैतिक सङ्घर्ष अगाडि बढाइरहेको नेमकिपालाई सङ्कीर्ण र जडसुत्रवादी आरोप लगाउने राजनीतिक दल र दलका नेताहरू संशोधनवादी र अवसरवादी भएको सैद्धान्तिक व्याख्या अध्यक्ष बिजुक्छेँले गर्नुभयो ।

राजनीतिक दलमा स्वच्छता नभएकोले देश पछि परिरहेको बताउनुहुँदै उहाँले पद पाउनकै लागि राजनीति गर्नेहरूले देश र जनताको निःस्वार्थ सेवा गर्न नसक्ने बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नगरसभा नगरपालिकाको



व्यवस्थापिका भएको बताउनुहुँदै सभाले संविधान र कानुनले दिएको अधिकार प्रयोग गरी नगरपालिकाको लागि आवश्यक ऐन कानुन, नीति नियम, निर्देशिका तथा कार्यविधिहरू तयार गर्दै आएको बताउनुभयो ।

स्वायत्तताको नाउँमा स्थानीय तहमाथि सङ्घ र प्रदेशको हस्तक्षेप नै अहिलेको मुख्य समस्या भएको बताउनुहुँदै उहाँले सङ्घ र प्रदेश सरकारले स्थानीय तहलाई आफ्नो मातहतको निकायजस्तो व्यवहार गर्नु स्वायत्तता र संविधानको भावना विपरीत भएको बताउनुभयो । भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण, कृषि, विकास निर्माण, सरसफाइलगायतका क्षेत्रमा गरिरहेको कार्य प्रगति प्रतिवेदन प्रस्तुत गर्नुहुँदै प्रमुख प्रजापतिले नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले कल्पना गर्नुभएको सय वर्षपछिको भक्तपुर दीर्घकालीन उद्देश्य भएको



बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाले नेमकिपाको घोषणापत्रअनुसार देश र जनतामा समर्पित भई काम गरिरहेको चर्चा गर्नुहुँदै जनप्रतिनिधि र कर्मचारीको अथक प्रयासले नपाले आजको सफलता हासिल गरेको बताउनुभयो ।



भक्तपुरका प्रमुख जिल्ला अधिकारी **खगेन्द्रप्रसाद रिजाल**ले नगरसभाको सफलताको शुभकामना दिनुहुँदै अनुशासन, सुशासन, कला संस्कृति संरक्षण, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा भक्तपुर उदाहरणीय रहेको बताउनुभयो ।

संविधानले परिकल्पना गरेको सङ्घीयता अभ्यास गर्ने क्रममा भक्तपुरमा सुशासन, शान्ति सुरक्षा कायम गर्न सबैसँग हातेमालो गरी अगाडि



बढ्ने बताउनुहुँदै उहाँले नगरसभाले आवश्यक ऐन कानुन तर्जुमा गर्न सफलता मिल्नेमा विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर क्यान्सर अस्पतालका कार्यकारी निर्देशक **विष्णुदत्त पौडेल**ले

भक्तपुर क्यान्सर अस्पताललाई सरकारी अस्पताल बनाउन भक्तपुर नपाको विशेष पहल भएको बताउनुहुँदै भक्तपुर क्यान्सर अस्पतालमा क्यान्सरको सम्पूर्ण उपचार सेवा उपलब्ध भएको बताउनुभयो ।



मेडिकल अन्कोलोजीको अध्ययन अध्यापन पनि भक्तपुर क्यान्सर अस्पतालबाट गराइरहेको जानकारी गराउनुहुँदै उहाँले भक्तपुर क्यान्सर अस्पतालले क्यान्सरका बिरामीलाई प्यालेटिभ केयर दिँदै आएको बताउनुभयो ।

ख्वप इन्जिनियरिङ्ग कलेजका प्राचार्य **सुजन माक**ले भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने लक्ष्यसहित सञ्चालित ख्वप इन्जिनियरिङ्ग कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ्गले सर्वसाधारण जनतालाई कम शुल्कमा गुणस्तरीय इन्जिनियरिङ्ग शिक्षा प्रदान गर्दै आएको बताउनुभयो ।





कलेजमा अध्ययनरत छात्रा विद्यार्थीको तथ्याङ्क उल्लेखनीय भएको बताउनुहुँदै उहाँले देशैभरिका जिल्लाका विद्यार्थीहरू दुवै कलेजमा अध्ययनरत रहेको बताउनुभयो ।

नगरसभाको उद्घाटन कार्यक्रममा भ.न.पा. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व** र भ.न.पा.का प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी**ले पनि बोल्नुभएको थियो ।



**नगरसभा उद्घाटनमा प्रमुख प्रजापतिको मन्तव्य**

# ‘हामी तत्कालीन र दीर्घकालीन योजनाका साथ अगाडि बढ्दैछौँ’ : प्रमुख सुनिल प्रजापति




हामी दोश्रो कार्यकालको लागि निर्वाचित भएको आठ महिना बित्यो । आजको दिन हामीलाई निर्वाचित गर्नुहुने आदरणीय नगरवासीहरूलाई हामी उच्च सम्मानका साथ धन्यवादज्ञापन गर्दछौँ । तपाईँहरूको अमूल्य मतको कारण हामीले भक्तपुर नगरको विकास र समृद्धिको जिम्मेवारी पाएका छौँ ।

आज १३ औँ नगरसभा बस्दैछौँ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ मा हरेक वर्ष दुईपटक नगरसभा बस्नुपर्ने कानुनी व्यवस्था छ । नेपालको संविधान, २०७२ ले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको व्यवस्था गरेको छ । ती सरकारहरूबीच सह–अस्तित्व, समन्वय र सहकार्यमा जोड दिएको छ । तर व्यवहारमा भने त्यस्तो हुन सकिरहेको छैन ।

**नगरसभा नगरपालिकाको व्यवस्थापिका हो ।** सभाले संविधान र कानुनले दिएको अधिकार प्रयोग गरी नगरपालिकाको लागि आवश्यक ऐन–कानुन, नीति नियम, निर्देशिका तथा कार्यविधिहरू तयार गर्ने गर्छ । यो नगरपालिकाको सर्वोच्च निकाय हो ।

भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने, पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्ने र सांस्कृतिक नगर घोषणा गर्ने उद्देश्यअनुसार भक्तपुर नगरपालिका अगाडि बढ्दैछ । त्यसको निम्ति नगरपालिकाले शिक्षा, स्वास्थ्य उपचार, संस्कृति र सम्पदा संरक्षण, खेलकुद, सरसफाइ तथा विकास निर्माणमा जोड दिइरहेको छ ।

हाम्रा अग्रजहरूले भक्तपुरको विकास र समृद्धिको लागि चालेका पाइलालाई अझ अगाडि बढाउन हामी निरन्तर प्रयत्नशील छौँ । **हामी तत्कालीन र दीर्घकालीन योजनाका साथ अगाडि बढ्दैछौँ ।** सम्पदा संरक्षण, सरसफाइ र अन्य विकास निर्माण हाम्रो तत्कालीन कार्यक्रम हो भने नेमकिपाका अध्यक्ष का. नारायणमान बिजुक्छें (रोहित) ले कल्पना गर्नुभएको **‘सय वर्षपछिको भक्तपुर’** हाम्रो दीर्घकालीन उद्देश्य हो ।

हरेक वर्ष सांस्कृतिक प्रतियोगिताको आयोजना, सांस्कृतिक गुरुहरूको सम्मान, सम्पदा संरक्षण, मौलिक शैलीका घर निर्माण गर्नेहरूका लागि अनुदानको व्यवस्था, विभिन्न विदेशी भाषाहरूको तालिम र शिशुस्याहारदेखि कलेजहरूसम्म सञ्चालन तथा विश्वविद्यालय सञ्चालनको पहल दीर्घकालीन उद्देश्य पूरा गर्ने हाम्रा तयारीका कदमहरू हुन् ।

स्थानीय तहको विकासको लागि पूर्ण स्वायत्तता हुनु आवश्यक छ । **स्वायत्तताको नाउँमा स्थानीय तहमाथि सङ्घ र प्रदेशको हस्तक्षेप नै अहिलेको मुख्य समस्या हो ।** हामी विभिन्न चुनौतीहरूबीच काम गर्दैछौँ । कर्मचारी भर्ना, अस्थायी र स्थायीको लागि प्रदेश लोकसेवाको मुख ताक्नुपर्ने, सङ्घ र प्रदेश सरकारले अनुदानलाई बढाउनुको सट्टा सशर्त बजेट बढाउँदै लाने र आर्थिक वर्षको अन्तिममा मात्र बजेट निकासा पठाउने जस्ता कामहरूले स्थानीय तहबाट हुने विकास निर्माणका कामहरू प्रभावित भएका छन् ।

सङ्घ, प्रदेश र स्थानीय तीन तहका सरकारहरू स्वायत्त छन् र **कोही कसैको मातहत वा अधिनमा बस्नु**

**नपर्ने संविधानको भावना हो ।** सङ्घ र प्रदेश सरकारहरूले स्थानीय तहलाई आफ्नो मातहतको निकाय जस्तो व्यवहार गर्नु स्वायत्तता र संविधानको भावनाविपरीत छ । हामीलाई कुनै पनि निकायको हस्तक्षेप स्वीकार्य छैन ।

## आय व्यय :

यस नगरपालिकको चालु आ.व २०७९।८० को पहिलो ६ महिनामा ७३ करोड ५ लाख ९ हजार रुपैयाँ आम्दानी भएको छ, जुन यस वर्षको अनुमानित आयको ३४.५३ प्रतिशत हो । त्यस्तै खर्चतर्फ चालु आ.व.को ६ महिनामा चालुतर्फ ५१ करोड ९९ लाख ७१ हजार र पुँजीगततर्फ ११ करोड ८२ लाख १४ हजार गरी जम्मा ६३ करोड ८१ लाख ८६ हजार खर्च भएको छ । यो कूल बजेटको २९.२२ प्रतिशत हो । नगरपालिकाको आन्तरिक आयमा वृद्धि गरी आम्दानीअनुसार **सेवा प्रवाह र विकास निर्माणलगायतका क्षेत्रमा सन्तुलित खर्च गर्ने प्रयास** गरिरहेका छौँ ।

## क) शिक्षा

भक्तपुर नगरपालिकाबाट दुइओटा इन्जिनियरिङ कलेजसहित ८ ओटा शैक्षिक संस्थाहरू सञ्चालन गरी **देशभरिकै विद्यार्थीहरूलाई कम शुल्कमा गुणस्तरीय शिक्षा** प्रदान गर्दै आएको सर्वविदितै छ । यसवर्ष पूर्वाञ्चल विश्वविद्यालयबाट **ख्वप कलेज अफ ल** सञ्चालनको स्वीकृति प्राप्त गरेका छौँ । स्वीकृत बमोजिम कूल ६० सिटमा भर्ना लिई बि.ए.एल.एल.बी. को कक्षा पनि सुरु गरिसकेका छौँ । अब भक्तपुरका विद्यार्थीका लागि कानुन पढ्न जिल्ला बाहिर जान नपर्ने भएको छ । नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले उत्कृष्ट नतिजा दिन सफल भएका छन् । अब कानुन विषयमा पनि उत्कृष्ट परिणामको अपेक्षा छ ।

नगरक्षेत्रभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूको भौतिक सुधारको लागि यो वर्ष ३१ ओटा विद्यालयलाई प्रतिविद्यालय वार्षिक रु. ५०,०००।– का दरले अनुदान, १ ओटा विद्यालयलाई पुस्तकालय स्थापना तथा व्यवस्थापन, किताब खरिद र ई–पुस्तकालयसमेत व्यवस्था गर्न रु. ६,५०,०००।–, विज्ञान प्रयोगशाला निर्माणको लागि एउटा विद्यालयलाई रु.६,५०,०००।– वितरण गर्ने तयारी गर्दैछौँ । **सामुदायिक विद्यालय सुधार** गरी शैक्षिक स्तर वृद्धिका लागि भक्तपुर नगरपालिका निरन्तर लागिरहेको छ ।

विद्यालयको शैक्षिकस्तर सुधार र आन्तरिक प्रतिस्पर्धाबाट **शैक्षिक गुणस्तरमा अभिवृद्धि ल्याउन** उत्कृष्ट सिकाइ उपलब्धि भएको विद्यालयलाई प्रोत्साहन अनुदान प्रतिविद्यालय रु. २,००,०००।–, नमुना विद्यालय सेवा अनुबन्धका आधारमा नियुक्ति भएका प्र.अ. र शिक्षकको लागि प्रोत्साहन अनुदान प्रतिविद्यालय रु. २,००,०००।– र नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनको लागि कार्य सम्पादनमा आधारित अनुदान प्रतिविद्यालय रु. ३० लाखदेखि ५० लाखसम्म उपलब्ध गराउने तयारी गर्दैछौँ ।

नगर क्षेत्रका विद्यालयस्तरीय विद्यार्थीहरूको शैक्षिक गुणस्तर कायम गर्न यस वर्षदेखि एस.ई.ई तयारी अभ्यास परीक्षा (टेष्ट परीक्षा) र गत वर्षदेखि कक्षा ५ को नगरस्तरीय वार्षिक परीक्षा सञ्चालन गर्‍यौँ भने कक्षा ८ को नगरस्तरीय परीक्षालाई निरन्तरता दिइआएका छौँ । **विद्यालयहरूमा दिवा खाजा र स्यानिटेरी प्याड वितरण गर्दै आएका छौँ ।**

यस नगर क्षेत्रका सामुदायिक विद्यालयका शिक्षकहरूलाई यस वर्ष शिक्षण सिकाइमा प्रविधि (ICT) प्रयोगसम्बन्धी **तालिम** र लेखासम्बन्धी तालिम दिइसकेका छौँ ।

संस्कृति, इतिहास, अर्थशास्त्र, राजनीतिशास्त्र, नेपालभाषामा उच्च शिक्षा अध्ययन गर्न चाहने नगरवासी विद्यार्थीहरूलाई दिँदै आएको **छात्रवृत्ति**लाई यो वर्ष पनि निरन्तरता दिएका छौँ । स्नातक र स्नातकोत्तर तहका अतिरिक्त यो वर्ष राजनीतिशास्त्र र संस्कृति विषयमा एम.फिल. ⁄ विद्यावारिधि अध्ययन गर्ने तीन जनालाई छात्रवृत्ति प्रदान गरेका छौँ । हाल चारजना विद्यार्थीहरूले भक्तपुर नगरपालिकाको छात्रवृत्तिमा एमफिल र विद्यावारिधि गर्दैछन् । त्यसैगरी गरिब विद्यार्थीहरूलाई प्रदान गर्ने **शैक्षिक ऋण**लाई निरन्तरता दिदैंछौँ । यसअघि ३१४ जना विद्यार्थीहरूले रु. ५ लाखका दरले ऋण सुविधा लिएर उच्च शिक्षा हासिल गरिरहेकामा यो वर्ष थप १५९ जनाको शैक्षिक ऋण स्वीकृत गरेका छौँ । कूल ४७३ जना विद्यार्थीले शैक्षिक ऋणमार्फत उच्च शिक्षा अध्ययन गर्ने अवसर पाएका छन् ।

## ख) स्वास्थ्य

जनताको स्वास्थ्यबारे भक्तपुर नगरपालिका अत्यन्त सचेत छ । स्वास्थ्य क्षेत्रमा निजीकरणको प्रभाव बढ्दै गइरहेको वर्तमान अवस्थामा स्थानीय तहले अस्पताल सञ्चालन गर्नु कम चुनौतीपूर्ण थिएन । **जनतालाई सहज, छिटो र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने हाम्रो मुख्य उद्देश्य हो ।** विभिन्न बाधा व्यवधानहरूबीच नगरपालिकाद्वारा

सञ्चालित ख्वप अस्पताललाई २०७९ साल जेठ २३ गते बागमती प्रदेश सरकारबाट १०० शय्याको सञ्चालन अनुमति प्राप्त भयो। ख्वप अस्पतालप्रति जनताको विश्वास बढ्दो छ। आवश्यक जनशक्तिको व्यवस्था गरी अस्पतालले दिने सेवा थप प्रभावकारी बनाउने प्रयास गर्दैछौँ।

आ. व. २०७९।८० साउनदेखि पौष मसान्तसम्म ६ महिनाको अवधिमा ख्वप अस्पतालले भक्तपुरलगायत विभिन्न ६० जिल्लाका कूल १ लाख ६ हजार ४ सय २६ बिरामीहरूलाई स्वास्थ्य सेवा प्रदान गर्‍यो। हाल दैनिक ७५० भन्दा बढी बिरामीहरूलाई सेवा प्रदान गर्दै आएको छ। भक्तपुर नपा वडा नं. ९ च्याम्हासिंहस्थित सामुदायिक आँखा केन्द्रले यस अवधिमा कूल १२ हजार ८ सय ६९ जना आँखाका रोगीहरूलाई उपचार सेवा प्रदान गर्‍यो। तीमध्ये ३४३ जनाको आँखाको शल्यक्रिया भएको छ। सो अवधिमा नगर आयुर्वेदिक स्वास्थ्य उपचार केन्द्रबाट १,३१० जनाले स्वास्थ्य उपचार सेवा प्राप्त गरे। त्यस्तै भनपा ५ भगवतीस्थान, भनपा २ ब्यासी र भनपा १ सल्लाघारी न:पली सृजना नगरस्थित जनस्वास्थ केन्द्र र सहरी स्वास्थ्य केन्द्रहरूबाट पनि आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दै आएका छौँ।

भक्तपुर नगरपालिकाको ७३ औँ स्थापना दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ज्यूबाट मिति २०७९ पुष २ गते **ख्वप अस्पतालको नयाँ भवन उद्घाटन** र **'कोभिड नियन्त्रणमा भक्तपुर नगरपालिका'** पुस्तक सार्वजनिकीकरण भयो। हाल आवश्यक स्वास्थ्य उपकरणहरू थप गर्दै ख्वप अस्पतालको नयाँ भवनबाट सेवा प्रवाह सुरु गर्दैछौँ। ख्वप अस्पतालबाट यस आ.व.देखि अन्य सेवाको अतिरिक्त मुटुरोग र मानसिक रोगसम्बन्धी थप विशेषज्ञ सेवा सुरु गरेका छौँ। ख्वप अस्पतालले मिति २०७९ माघ ७ गतेदेखि मेजर अपरेशन सेवा पनि सुरु गरेको छ।

नगरवासीहरूलाई **नि:शुल्क अक्सिजन र रगत**को पनि व्यवस्था गर्दै आएका छौँ। त्यसको लागि महिनाको लाखौँ रूपैयाँ नगरपालिकाले खर्च गर्दै आएको छ। **घरदैलो नर्सिङ सेवा**लाई थप प्रभावकारी बनाउँदै वडा–वडामा दम, खोकी तथा श्वासप्रश्वास रोगसम्बन्धी शिविर, आँखा शिविर, पाठेघर परीक्षण तथा अन्य सामान्य रोगसम्बन्धी **स्वास्थ्य शिविर** सञ्चालनलाई निरन्तरता दिँदैछौँ। सामुदायिक विद्यालयहरूमा हरेक शुक्रबार **विद्यालय स्वास्थ्य कार्यक्रम** सञ्चालन पनि सुरु गर्दैछौँ। यस अवधिमा देशव्यापी रूपमा फैलिएको डेंगु रोग रोकथाम र नियन्त्रणको लागि आवश्यक जनचेतनामूलक कार्यक्रम तथा अभियान पनि सञ्चालन गर्‍यौँ। जनतालाई स्वास्थ्य उपचारमा सहज पहुँचको निम्ति वडा वडामा आधारभूत स्वास्थ्य केन्द्रहरू सञ्चालन गर्दै आएका छौँ भने ख्वप अस्पतालमा **प्रसूति सेवा** सञ्चालन गर्ने तयारी गर्दैछौँ।

भक्तपुर नगरपालिकाभित्र सञ्चालित सरकारी अस्पतालहरूमध्ये **भक्तपुर अस्पताल** बागमती प्रदेशकै उत्कृष्ट सेवा दिने अस्पतालको रूपमा विकास हुँदैछ भने विशिष्टिकृत अस्पतालहरू **भक्तपुर क्यान्सर अस्पताल र शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र**ले देशभरिकै जनतालाई सेवा प्रदान गरिरहेको छ। यस अर्थमा स्वास्थ्य सेवामा जनताको छिटो–छरितो सहज पहुँच पुग्ने भक्तपुर पहिलो नगर हो भनेर दाबी गर्दा अन्यथा नहोला।

## ग) संस्कृति तथा सम्पदा संरक्षण

२०७२ सालको विनाशकारी भूकम्पबाट क्षति पुगेका यस नगरपालिका क्षेत्रका अधिकांश सम्पदाहरू **पुन:निर्माण र जीर्णोद्धार सम्पन्न** भइसकेका छन्। बाँकी सम्पदाहरूको पनि पुन:निर्माण र जीर्णोद्धारको काम हुँदै छ। यस आर्थिक वर्षको सुरुको ६ महिनामा ३ ओटा मन्दिर, ५ ओटा पाटी, १ ओटा द्य:छेँ, १ ओटा पोखरी र १ ओटा अन्य गरी ११ ओटा सम्पदाहरूको पुन:निर्माण सम्पन्न भयो। जसमध्ये भ.न.पा. ५ स्थित बेताल द्य:छेँ, भजन मण्डल घर र ढुङ्गेधारा रहेका छन् भने भ.न.पा. ८ स्थित दुबेंकेगु फल्चा र हरिशंकर मन्दिर, वन्ती पाटी, महेश्वरी क्षेत्रको २ ओटा सतलहरू मुख्य रूपमा छन्। हाल ८ ओटा मन्दिर, ५ ओटा पाटी, २ ओटा द्य:छेँ र ४ ओटा अन्य गरी २१ ओटा सम्पदाहरू पुनर्निर्माण तथा जीर्णोद्धार कार्य चालू अवस्थामा छन्। भनपा वडा नं. ३ दरबार क्षेत्रस्थित **थन्थु दरबार पुन:निर्माण**को निम्ति नगर प्रमुखको अध्यक्षतामा पुन:निर्माण समिति गठन गरी प्रक्रिया अगाडि बढाइसकेका छौँ।

हरेक वर्षझैँ यसवर्ष पनि गाईजात्रा पर्वमा प्रस्तुत **सांस्कृतिक विधाहरूको प्रतियोगिता** गरी उत्कृष्ट भएका विधाहरूलाई पुरस्कार वितरण तथा सांस्कृतिक गुरुहरूलाई सम्मान कार्यक्रम सम्पन्न गर्‍यौँ। हरेक वर्ष एउटा सांस्कृतिक विधाको प्रतियोगिता गर्ने निर्वाचन घोषणापत्रअनुसार यस वर्ष पनि जनताको सुझावअनुसारको प्रतियोगितालाई अगाडि बढाउने छौँ।

## घ) खेलकुद

भक्तपुर नगरपालिकाको आयोजनामा यसवर्ष **नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता** मिति २०७९ पौष ५ देखि ९ गतेसम्म सम्पन्न भयो। ७९ ओटा

विद्यालयले भाग लिएको उक्त प्रतियोगितामा कूल २६९८ जना खेलाडीहरूले भाग लिएका थिए। प्रतियोगितामा १४ ओटा खेल विधाहरू समावेश थिए। मिति २०७९ फागुन ५ देखि ९ गतेसम्म **अन्तरनगर खो खो प्रतियोगिता** सञ्चालन हुँदैछ। त्यसका लागि नगरपालिकाले आवश्यक तयारी गरिरहेको छ। विभिन्न ६ ओटा खेलको नियमित प्रशिक्षणका साथै खेलकुदका लागि आवश्यक पूर्वाधार निर्माण गर्दैछौँ। त्यस क्रममा भ.न.पा. १० महालक्ष्मीस्थानस्थित **कभर्ड हल** पुनर्निर्माण कार्य चालू छ भने भ.न.पा. ८ स्थित कभर्ड हल निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याएका छौँ। नागरिकहरूको स्वास्थ्यलाई ध्यानमा राखी **खुल्ला व्यायामशालाहरू**लाई थप सामग्रीहरूको व्यवस्था गरी स्तरोन्नती पनि गर्दैछौँ। त्यसैगरी भनपाबाट **प्रशिक्षक प्रशिक्षण तालिम** सञ्चालन र विभिन्न ६ ओटा खेल भलिबल, कबड्डी, तेक्वान्डो, उसु, करांते, एथ्लेटिक्स खेलमा राष्ट्रपति कप खेलकुद प्रतियोगिता पनि सम्पन्न गऱ्यौँ।

काठमाडौँ महानपाको आयोजनामा भएको मेयर कप तेक्वान्डो प्रतियोगितामा **भक्तपुर नपा तेस्रो** हुन सफल भयो। युवाहरूलाई सक्रिय बनाउन समाज परिवर्तनमा युवाहरूको भूमिका विषयक वडा वडामा **अन्तरक्रिया कार्यक्रम** भइरहेको छ।

## ङ) वातावरण तथा सरसफाइ

फोहोर व्यवस्थापन हाम्रो चुनौती हो। नगरलाई सधैँ सफा राख्न सरसफाइबारे नगरवासीहरूलाई नियमित **जनचेतनामूलक कार्यक्रमहरू** गर्नुका साथै घर–घरबाटै **कुहिने र नकुहिने फोहोर** अलग–अलग सङ्कलनको व्यवस्था मिलाएका छौँ। कुहिने फोहोरबाट **कम्पोष्ट मल** बनाई किसानहरूलाई बिक्री वितरण गर्दै आएका छौँ भने घर घरमा **कम्पोष्ट बिन** वितरण र नगरवासीहरूलाई सघन रूपमा **कौसी खेतीको तालिम** पनि नियमित रूपमा दिइरहेका छौँ। हरेक महिनाको १ गते र १५ गते जनप्रतिनिधिहरू, कर्मचारीहरू, स्थानीय टीम, क्लबसमेतको सहभागितामा ठाउँ–ठाउँमा **सफाइ कार्यक्रमहरू** सञ्चालन गर्दै आएका छौँ। यसले नगरलाई सफा राख्न मदत पुगेको हाम्रो अनुभव छ।

## च) खानेपानी

खानेपानी समस्या समाधानका लागि हाम्रो प्रयास निरन्तर जारी छ। खानेपानीको सहज वितरणका लागि काठमाडौँ उपत्यका खानेपानी लि. र उपत्यका खानेपानी बोर्डसँग समन्वय गरेर काम गर्दै छौँ। भक्तपुर नगरको पश्चिम (कोने) मा मेलम्ची खानेपानी वितरणले केही सहज भएको छ। नगरकोटको पानी पर्याप्त नहुँदा नगरको माथिल्लो क्षेत्र (थने) का जनतामा पानीको समस्या थप जटील बन्दैछ। **समस्या समाधानका लागि मेलम्ची नै उचित विकल्प हो।** अहिले नयाँ पाइपलाइन विस्तारका लागि हामीले प्रयास गरिरहेका छौँ। त्यसका अलावा ठाउँ ठाउँमा डीप बोरिङ गरी खानेपानी वितरण गर्दै आएकोमा यस वर्ष भ.न.पा. १ सल्लाघारीस्थित दुग्धचिस्यान केन्द्रसँगै **डीपबोरिङ्ग** गरी पानी वितरण गर्न ३ लाख लिटरको खानेपानी ट्यांकी निर्माण कार्य भइरहेको छ। त्यसैगरी भ.न.पा. ९ तुमचो दुगुरे चोखा क्षेत्रमा पनि डीप बोरिङ्गको पानी वितरणको व्यवस्था मिलाउँदैछौँ।

## छ) युवा तथा रोजगार

युवाहरूलाई आत्मनिर्भर बनाउन **सीपमूलक तालिमहरू**लाई निरन्तरता दिँदैछौँ। हाल युवा तथा महिला लक्षित पाक शिक्षा, हेयर कटिङ्ग, आधारभूत सिलाई र बुटिक तालिम सञ्चालन भइरहेको छ भने चिनियाँ भाषा र जापानी भाषाको तालिमको लागि आवश्यक तयारी भइरहेको छ। त्यसैगरी नेपाल सरकारबाट प्राप्त **युवा उद्यमशील ऋण अनुदान** लक्षित समूहसम्म पुऱ्याउन आवश्यक प्रक्रियाको तयारी गर्दैछौँ। महिला उद्यमीहरूलाई प्रविधि सहयोग उपलब्ध गराउने नेपाल सरकारको कार्यक्रमअन्तर्गत प्राप्त अनुदान सहयोग उपलब्ध गराउन पनि पहल भइरहेको छ।

## ज) कृषि

नगरक्षेत्रका कृषकहरूको लागि आवश्यक नेपाल सरकारबाट अनुदान प्राप्त **रसायनिक मल** उपलब्ध गराउन डिलरसीप प्राप्त सहकारी संस्थाहरूलाई समय समयमा कृषि सामग्री कम्पनी लि. बाट प्राप्त विवरणअनुसार युरिया र डि.ए.पी. मल उपलब्ध गराउन सिफारिसको साथै मल बिक्री गर्न डिलरसीपको लागि पनि नियमानुसार विभिन्न सहकारी संस्थाहरूलाई सिफारिस दिइरहेका छौँ। किसानहरूलाई कृषि सम्बन्धी **आवश्यक तालिमहरू** दिँदै आएका छौँ। किसानहरूलाई कम्पोष्ट मल प्रयोग गर्न उत्साहित गर्नुका साथै माटोको उर्वराशक्ति बढाउन, कृषि चुन सहुलियत दरमा वितरण गर्दै आएका छौँ।

## झ) सहकारी

बचतकर्ताहरूको रकम लिएर सहकारी सञ्चालकहरू भाग्ने गरेका समाचारहरू आइरहेका छन्। सम्भावित कुरालाई ध्यानमा राखी **सहकारी सञ्चालकहरू र**

**बचतकर्ताहरूसँग पटक–पटक बैठक** बसी सबैलाई सचेत गर्दै आएका छौँ। यद्यपि नगरक्षेत्रका केही सहकारीहरूबाट बचतकर्ताहरूको बचत रकम फिर्ता नगरिएको भन्ने गुनासो पनि आइरहेको छ। जनताको गुनासो सम्बोधन गर्न सम्बन्धित सहकारी संस्थाका पदाधिकारीहरू र बचतकर्ताहरूको संयुक्त बैठक गरी समस्या समाधानको प्रयास गर्दैछौँ। भक्तपुर नगरपालिकामा बचतकर्ताहरूबाट बचत रकम फिर्ता नदिएको गुनासो आएपछि सञ्चालक र पदाधिकारीहरूका नाउँमा जिल्ला प्रशासन कार्यालय, भक्तपुरमा आवश्यक कारबाहीको लागि पत्राचार, भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुर र काभ्रेपलाञ्चोकलगायतमा रहेका घर जग्गा लगायत अचल सम्पत्ति रोक्काको लागि आवश्यक पत्राचार गरिसकेका छौँ। सहकारी संस्थाहरूमा जम्मा भएका बचत रकमलाई स्थानीय श्रोत र साधन परिचालन हुने गरी उत्पादनमुलक क्षेत्रमा लगानी गर्न छलफललाई अगाडि बढाउँदै छौँ। साथै समय समयमा सहकारी सङ्घसंस्थाहरूको अनुगमन गरी आवश्यक निर्देशन दिने र सहकारी संस्थाहरूको लेखा प्रणाली तथा व्यवस्थापकीय कार्य सफ्टवेयरमार्फत सञ्चालन गर्न आवश्यक प्रविधि तालिम प्रदान गरेका छौँ।

## ञ) पर्यटन

पर्यटन भक्तपुर नगरपालिकाको आयको महत्त्वपूर्ण श्रोत हो। भक्तपुरलाई **पर्यटकीय गन्तव्यस्थल**को रूपमा विकास गर्न हाम्रो प्रयास जारी छ। नगरको पर्यटन उत्थान गर्ने उद्देश्यले सम्पदा पदयात्रा तथा योमरी प्रदर्शनी एवम् सांस्कृतिक कार्यक्रम हालै सम्पन्न गऱ्यौँ। पर्यटकहरूको सेवासुविधा विस्तार गर्ने क्रममा भ.न.पा. ९ दत्तात्रयमा पर्यटक शौचालयसहितको **पर्यटक सूचना केन्द्र** स्थापना गरी सञ्चालनमा ल्यायौँ भने भ.न.पा. २ ब्यासीस्थित पर्यटक सूचना तथा सेवा केन्द्रमा आवश्यक फर्निचर, कम्प्युटर र टेलिभिजनलगायतको व्यवस्था गरी स्तरोन्नति गरेका छौँ । त्यसैगरी नगरको सुरक्षा व्यवस्थाको लागि सिसी क्यामेरा र सडक बत्ती जडान गर्ने कार्य भइरहेको छ।

कोभिड महामारी, रुस–युक्रेन युद्ध, डेंगु महामारीलगायतले प्रभावित भएको पर्यटन उद्योगले यस वर्ष बिस्तारै पुनर्जीवन प्राप्त गर्दैछ। चालु आ.व. को सुरुको ६ महिना (साउनदेखि पुससम्म) मा ७३,५७५ जना विदेशी पर्यटकले भक्तपुरको अवलोकन भ्रमण गरेको रेकर्ड छ। यो गतवर्षको तुलनामा ६२,९७३ जनाले वृद्धि हो। यस अवधिमा पर्यटन क्षेत्रबाट रु. ६ करोड ८८ लाख ५४ हजार ८ सय श्रपैयाँ र ३ हजार ६ सय ४५ डलर आम्दानी भएको छ।

## ट) विकास निर्माण

भ.न.पा. ३ स्थित हनुमन्ते खोलामा **बाराही पुल** निर्माण र भ.न.पा. ७ हनुमानघाट स्थित २ ओटा **सुधारिएको शवदाह गृह** निर्माण सम्पन्न भयो। साथै भनपा १ स्थित सिद्धपोखरीको दक्षिणतर्फ र नःपुखूको उत्तरपश्चिमतर्फ गरी २ ओटा गाडी र मोटरसाइकल **पार्किङ** निर्माण सम्पन्न गरेका छौँ। भ.न.पा. ६ ख्यो पुखूचामा **आदरनिकेतन भवन** र भ.न.पा. १० महालक्ष्मीस्थानमा **जनस्वास्थ्य केन्द्र भवन** निर्माणाधीन अवस्थामा छन्। त्यसको अलावा वडा–वडामा ईँटा छाप्ने, ढुङ्गा छाप्नेलगायतका अन्य विकास निर्माणका कामहरू भइरहेका छन्। **शीतभण्डार** निर्माणको लागि प्रक्रिया अगाडि बढाइसकेका छौँ। भनपा ९ स्थित **ब्रम्हायणी पुल** निर्माण अन्तिम चरणमा पुगेको छ भने भनपा ८ लिबालीस्थित **लर्के पुल** निर्माणाधीन छ। **हनुमन्ते करिडोर** निर्माणको लागि ठाउँ–ठाउँमा रिटेनिङ वाल निर्माण कार्य हुँदैछ।

## ठ) विविध

१. भक्तपुर नगरपालिका भूउपयोग परिषद् गठन गरी यस नगरक्षेत्रमा **कृषि क्षेत्र नरहेको** निर्णय गरी सम्बन्धित कार्यालयमा जानकारी पठाइसकेका छौँ।

२. नगरपालिकाको **नगरप्रहरी ऐन, २०७५** मा व्यवस्था भए बमोजिम नगर प्रहरी व्यवस्था गर्न प्रकृया अगाडि बढाउँदै छौँ।

३. नगरक्षेत्रको **भुस्याहा कुकुर नियन्त्रण** गर्न कुकुर बन्ध्याकरण कार्यक्रम सञ्चालन र रेबिज विरुद्धको खोप अभियान चालू छ।

४. यस नगरपालिकाद्वारा सञ्चालित देको मिवा इतापाके आवास योजनाको नक्सा स्वीकृत गरी क्रमशः **लालपुर्जा वितरण** गर्ने काम भइरहेको छ।

५. **ख्वप टेलिभिजन** सञ्चालनको लागि आवश्यक अनुमति प्राप्त गरी स्टुडियो निर्माण र जनशक्ति तयार गर्ने प्रकृया अगाडि बढाउँदैछौँ।

६. यस वर्ष नगरपालिकाद्वारा सञ्चालित ख्वप वहुप्राविधिक अध्ययन संस्थानले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित १०० शय्याको ख्वप अस्पतालको स्वीकृतिको आधारमा **नर्सिङ्ग कक्षाको पुनः सञ्चालन** गरेको छ।

७. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयलाई **ई–लाइब्रेरी**को रूपमा स्तरोन्नति गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।

८. अपाङ्गता भएका व्यक्तिहरू लक्षित कार्यक्रम गरी विभिन्न **सहयोग सामग्रीहरू वितरण** गरियो ।

९. चालु आ.व.को ६ महिनाभित्र **सामाजिक सुरक्षा भत्ता**अन्तर्गत प्रथम र दोश्रो किस्ता गरी जम्मा १४ करोड ४५ लाख ५९ हजार ६ सय ५४ रुपैयाँ वितरण गरियो ।

१०. समय समयमा **बजार अनुगमन** गरी अनियमित गर्नेहरूलाई कानूनबमोजिम दण्ड जरिवाना गर्ने काम भइरहेको छ ।

११. यस नगरपालिकाको राजश्व सङ्कलन **अनलाइन भुक्तानी प्रणाली**मार्फत गर्न ई–सेवा, खल्ती र कनेक्ट आइ.पी.एस. कम्पनीहरूसँग आवश्यक सम्झौता गरी परीक्षण कारोबार सुरु गरिसकेका छौँ ।

१२. चालु आ.व.को ६ महिनामा यस नगरपालिका क्षेत्रमा १५६ ओटा नयाँ नक्सा दर्ता भए भने सो अवधिमा १६८ ओटा **नक्सा पास** भएका छन् ।

१३. यस नगरपालिकाका पुराना नक्सा फाइलहरू **डिजिटाइजेशन** गर्ने काम भइरहेको छ । हालसम्म २८०० ओटा (१९ प्रतिशत) डिजिटाइजेशन भइसकेका छन् । बाँकी नक्साहरूको पनि डिजिटाइजेशन गर्ने काम जारी छ ।

१४. भक्तपुर नगरपालिकाको स्थापना दिवसको अवसरमा कार्यरत कर्मचारीहरूलाई अभिप्रेरित गर्न **उत्कृष्ट कर्मचारीहरूलाई कदर** गरियो ।

१५. प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन सफल पार्न **मतदाता शिक्षा कार्यक्रम** सञ्चालन र आवश्यक प्रचार–प्रसारको लागि स्वास्थ्य स्वयम्सेविकाहरू परिचालन गरी घरदैलो कार्यक्रम सञ्चालन गर्नुका साथै निर्वाचनसँग सम्बन्धित आवश्यक अन्य विभिन्न कार्यको लागि सहजीकरण गरियो ।

१६. चालु आ.व. २०७९।८० को सुरुको ६ महिनामा कडा रोग लागेको नगरवासीहरूको लागि नेपाल सरकारबाट उपलब्ध हुने सुविधाका लागि १२० जना **बिरामीहरूलाई विपन्न सिफारिस**का साथै नगरपालिकाबाट प्रदान गर्ने प्रतिव्यक्ति रु.१५,०००। दरले **आर्थिक सहयोग प्रदान** गरेका छौँ ।

धन्यवाद ।

*(भक्तपुर नगरपालिकाको १३ औं नगरसभा उद्घाटन कार्यक्रम २०७९ माघ २३ गते, सोमबारमा सभापतिको आशनबाट भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट व्यक्त मन्तव्य)*

**पहिलो बैठक**

# धन्यवाद प्रस्ताव पारित




भक्तपुर नगरपालिकाका प्रमुख एवम् तेह्रौँ नगरसभाका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नपाको तेह्रौँ नगरसभाको पहिलो बैठक माघ २३ गते बस्यो ।

बैठक सुरु गर्नुहुँदै सभाध्यक्ष प्रजापतिले धन्यवाद प्रस्ताव पारित गर्दै संविधानमा कानुनले दिएको अधिकार अधिकत्तम प्रयोग गर्ने नगरपालिकाको रूपमा भक्तपुर नपा रहेको बताउनुभयो ।

बैठकमा उहाँले नगरसभाको अर्को बैठक २०७९ माघ २५ गते १ बजे बस्ने जानकारी गराउनुभयो ।

**दोस्रो बैठक**

# सरकारलाई स्वेच्छाचारी हुनबाट रोक्न संसदमा बलियो प्रतिपक्षको आवश्यकता रहने

भक्तपुर नगरपालिकाका प्रमुख एवम् तेह्रौँ नगरसभाका सभाअध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा माघ २५ गते नगरसभाको बैठक बस्यो ।

सभाध्यक्ष प्रजापतिले नगरसभालाई प्राज्ञिक छलफल गर्ने थलोको रूपमा विकास गरिरहेको बताउनुहुँदै नगरसभा नगरपालिकाको उच्च निकाय भएको बताउनुभयो ।

सरकारलाई स्वेच्छाचारी हुनबाट रोक्न संसदमा बलियो प्रतिपक्षको आवश्यकता रहनेमा जोड दिनुहुँदै उहाँले प्रधानमन्त्रीलाई विश्वासको मत दिने राजनीतिक दल प्रमुख विपक्षी दल हुन नसक्ने बताउनुहुँदै ऐनअनुसार नेपाल मजदुर किसान पार्टीलाई प्रमुख विपक्षी दलको जिम्मेवारी दिइनुपर्नेमा जोड दिनुभयो ।



नागरिकताको माध्यमबाट सत्ता कब्जा गर्ने र राज्य सत्ता सञ्चालन गर्ने नीतिअनुरूप नागरिकता विधेयक अगाडि सारिएको बताउनुहुँदै उहाँले पुँजीवादी व्यवस्थामा प्रेस स्वतन्त्रता पुँजीपतिहरूको नियन्त्रणमा हुने प्रमुख प्रजापतिले बताउनुभयो ।

सभाको विशेष समयमा सभासद्हरू श्यामसुन्दर मातां, सूर्यप्रसाद श्रेष्ठ, रामसुन्दर बासी, इन्द्रबहादुर प्याथ, कल्पना शिल्पकार, मन्जु लाखा, तारादेवी शाक्य, कृष्णगोपाल चौगुठी, कृष्णनारायण दुमरु, राजकुमार शिल्पकार, पुरुषोत्तम तमखू, नारायणप्रसाद त्वानाबासु, जितेन्द्र मुनंकर्मी र गोविन्द दुवालले २०७९ माघ २८ र २९ गते बारामा हुने नेपाल क्रान्तिकारी किसान सङ्घको तेस्रो राष्ट्रिय सम्मेलन पूर्ण सफलताको कामना गर्दै तराईमा वास्तविक किसानहरूले मोहियानी हक नपाइरहेको अवस्था कायम रहेको, रसायनिक मल सहज उपलब्धताको लागि ध्यानाकर्षण, नागरिकता विधेयक खारेज गर्नुपर्ने, पर्यटक प्रवेश गर्ने मुख्य मुख्य नाकाहरूमा सीसी क्यामराको व्यवस्था गर्नुपर्नेलगायतको धारणा राख्नुभयो ।

सभामा नगरको विकास निर्माण, कृषि, सहकारीलगायतको विषयमा उठेका जिज्ञासामाथि सहकारी समितिका संयोजक हरिप्रसाद बासुकला, कृषि समितिका संयोजक राजकृष्ण गोरा र निर्माण समितिका संयोजक



उकेश कवांले प्रष्ट पार्नुभयो ।

नगर प्रमुख प्रजापतिको अनुमतिमा विधायन समितिका संयोजक हरिराम सुवालले भक्तपुर नगरपालिका (नगर कार्यपालिका तथा समिति) को बैठक सञ्चालनसम्बन्धी कार्यविधि, २०७९ छलफलको लागि सभामा प्रस्तुत गर्नुभयो ।

नगरसभाको अर्को बैठक फागुन २६ गते दिनको १ बजे बस्नेगरी बैठक सकिएको जानकारी गर्नुभयो ।

### <u>तेस्रो बैठक</u>

# भक्तपुर नपाको बैठक सञ्चालनसम्बन्धी कार्यविधि, २०७९ पारित




भक्तपुर नगरपालिकाका प्रमुख एवम् तेह्रौँ नगरसभाका सभाअध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा माघ २६ गते बसेको नगरसभाको बैठकबाट भक्तपुर नगरपालिका (नगर कार्यपालिका तथा समिति) को बैठक सञ्चालनसम्बन्धी कार्यविधि, २०७९ सर्वसम्मतिले पारित भयो ।

उक्त कार्यविधिमाथि भएको छलफलमा सभासद्हरू नारायणप्रसाद त्वानाबासु र हरिरत्न गोर्खालीले जिज्ञासा राख्नुभएको थियो भने उठेका जिज्ञासामाथि वडाध्यक्ष रबिन्द्र ज्याख्वले प्रष्ट पार्नुभयो ।

आज बसेको नगरसभाको विशेष समयमा सभासद्हरू रामसुन्दर बासी, मन्जु लाखा, सुमित्रा बोहजु, कल्पना शिल्पकार, विष्णुकेशरी दुवाल, रीता फसिकवा, तारादेवी शाक्य, विष्णुमाया कामी, सूर्यप्रसाद श्रेष्ठ, सिद्धिराम अवाल, हरिरत्न गोर्खाली, न्हुछेराम कोजु, हेरा ख्याजु, कृष्णसुन्दर प्रजापति र जितेन्द्र मुनंकर्मीले नगरको सरसफाइ, खानेपानी समस्या, विकास निर्माण, कृषिलगायतका विषयमा आआफ्नो धारणा राख्नुभयो ।

सभामा उठेका जिज्ञासामाथि शिक्षा, संस्कृति



स्वास्थ्य समितिका सदस्य रबिन्द्र ज्याख्वले आधारभूत विद्यालय स्तरोन्नतिको लागि भक्तपुर नपाले विद्यालयको निरीक्षण गरी आर्थिक अनुदानहरू प्रदान गर्दै आइरहेको, स्थानीय पाठ्यक्रम अध्यापन गराउने शिक्षक-शिक्षिकाहरूलाई अभिमुखीकरण कार्यक्रम गर्ने, वडा नं. ६ को शिशुस्याहार केन्द्र अन्य स्थानमा स्थानान्तरण गर्न उपयुक्त ठाउँको खोजी भइरहेको, शवबाहन खरिद प्रक्रियामा कानुनी झन्झट भइरहेकोलगायतको धाराणा राख्नुभयो ।

पार्किङ व्यवस्थापन र खानेपानी विषयमा वडाध्यक्ष श्यामकृष्ण खत्रीले नगरभित्र पार्किङ व्यवस्था गर्न वडा नं. १ मा दुईओटा पार्किङस्थल व्यवस्था गरिसकेको, नगरभरि मेलम्चीको पानी आपूर्तिको लागि निर्माण समितिमा आवश्यक छलफल समेत भइरहेको सभामा जानकारी गराउनुभयो । निर्माण समितिका संयोजक उकेश कवांले सरकारले भक्तपुर नपाको लागि पर्याप्त पुँजीगत बजेट विनियोजन नगरेको हुँदा विकास निर्माण कार्यमा ढिलाइ भइरहेको, बजेट अभावकै कारण अरनिको सभाभवनको कार्य अगाडि बढाउन नसकिरहेको प्रष्ट पार्नुभयो ।

सभामा नगर प्रमुख प्रजापतिको अनुमतिमा विधायन समितिका सदस्य कृष्णप्रसाद कोजुले भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको निर्देशिका, २०७९ छलफलको लागि सभामा प्रस्तुत गर्नुभयो । सभाध्यक्षले नगरसभाको अर्को बैठक फागुन १ गते दिनको १ बजे बस्नेगरी बैठक सकिएको जानकारी गर्नुभयो ।


अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं ।


**चौथो बैठक**

# भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको निर्देशिका, २०७९ सर्वसम्मतिबाट पारित

भक्तपुर नगरपालिकाको तेह्रौं नगरसभा मंगलबार पनि चालु रह्यो । भक्तपुर नगरपालिकाका प्रमुख एवम् तेह्रौं नगरसभाका सभाअध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा फागुन २ गते बसेको नगरसभाको बैठकले 'भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको निर्देशिका, २०७९' सर्वसम्मतिले पारित गऱ्यो ।



सभामा सभाध्यक्ष **प्रजापति**ले नगर क्षेत्रभित्र स्थायी बसोबास गर्ने बेरोजगार र आर्थिक रूपले कमजोर युवाहरूलाई उद्यमशील बनाउन सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने उद्देश्यले उक्त निर्देशिका बनेको बताउनुहुँदै युवाहरूलाई स्वदेशमै व्यापार व्यवसाय गर्न निर्देशिकाले फाइदा पुऱ्याउने बताउनुभयो ।

भक्तपुर नपाले शैक्षिक ऋण लागू गरी नगरवासी विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गर्दै आएको र त्यसकै अनुभवमा अहिले युवाहरूलाई लक्षित गर्दै यो निर्देशिका निर्माण भएको उहाँले प्रष्ट पार्नुभयो ।

नगरसभाबाट पारित उक्त निर्देशिकामा भक्तपुर नपाभित्र स्थायी बसोबास गर्ने १६ वर्षदेखि ४५ वर्षसम्मका गरिब तथा विपन्न उद्यमशील युवाहरूलाई भक्तपुर नपाले रु. ५ लाखसम्म ऋण प्रदान गर्ने व्यवस्था रहेको र ऋणको

वार्षिक ब्याजदर ६ प्रतिशत कायम गरिएको छ भने उक्त ऋण कुनै एक परिवारको एकजना सदस्यलाई मात्र उपलब्ध गराउन सकिने र स्वीकृत ऋण एकमुष्ट वा किस्तामा उपलब्ध गराइने व्यवस्था निर्देशिकामा गरिएको छ।



आज बसेकोको नगरसभाको विशेष समयमा सभासद्‌हरू इन्द्रबहादुर प्याठ, नारायणप्रसाद त्वानाबासु, हेरा ख्याजु, जितेन्द्र मुनंकर्मी, कृष्णनारायण दुमरु, श्यामसुन्दर मातां, सूर्यप्रसाद श्रेष्ठ, सिद्धिराम अवाल, गोविन्द दुवालले भक्तपुरको स्वास्थ्य, विकास निर्माण, खानेपानी, पार्किङ व्यवस्थापन, व्यवस्थित आवास योजना सञ्चालनलगायतका विषयमा आआफ्नो जिज्ञासा राख्नुभयो।

सभामा उठेका जिज्ञासामाथि प्रष्ट पार्दै स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका संयोजक योगेन्द्रमान बिजुक्छेँले विद्यालयहरूमा अध्ययन अध्यापन भइरहेको स्थानीय पाठ्यक्रमको प्रभावकारिताबारे आफ्नो धारणा राख्नुभयो।

सभामा नगर प्रमुख प्रजापतिको अनुमतिमा विधायन समितिका संयोजक हरिराम सुवालले 'भक्तपुर नपा, बहुउद्देश्यीय व्यवसायिक भवन निर्माण तथा सञ्चालनसम्बन्धी कार्यविधि २०७९' मा छलफलको लागि सभामा प्रस्तुत गर्नुभयो।

नगरसभाको अर्को बैठक फागुन ४ गते बिहीबार दिनको १ बजे बस्नेगरी आजको बैठक सकिएको जानकारी गर्नुभयो।

## सच्याउनुहोस्

गताङ्कको पृष्ठ ४८ मा प्रकाशित नेपालभाषाको कविताको शीर्षक **'जिं खनागु सांस्कृतिक अस्तित्वया बलात्कार स्वस्वं दना वयाह्म जि'** र लेखक **पूर्ण वैद्य** हुनुपर्नेमा अन्यथा भएकोले सच्याउनुहुन अनुरोध छ – **'भक्तपुर'**

**पाँचौं बैठक**

# भक्तपुर नगरपालिका, बहुउद्देश्यीय व्यवसायिक भवन निर्माण तथा सञ्चालनसम्बन्धी कार्यविधि २०७९ सर्वसम्मतिबाट पारित





भक्तपुर नगरपालिकाको तेह्रौं नगरसभाको पाँचौं दिन सभा चालु रह्यो। भक्तपुर नगरपालिकाका प्रमुख एवम् तेह्रौं नगरसभाका सभाअध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा फागुन ४ गते बसेको नगरसभाको बैठकले **भक्तपुर नगरपालिका, बहुउद्देश्यीय व्यवसायिक भवन निर्माण तथा सञ्चालनसम्बन्धी कार्यविधि २०७९** सर्वसम्मतिबाट सुझावसहित पारित गर्‍यो।

सभामा सभाध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाले आवश्यक जग्गामा नगरपालिका र नगर क्षेत्रभित्र सञ्चालित सहकारी संस्थाहरूको संयुक्त लगानीमा जनताको सहजताको लागि बहुउद्देश्यीय व्यावसायिक भवन निर्माण गरी सञ्चालन गर्न कार्यविधि बनेको

बताउनुभयो ।

आज बसेको नगरसभाको विशेष समयमा सभासद्हरू मञ्जुमैंया लाखा, रिता फसिकवा, सुमित्रा बोहजु, हेरा ख्याजु, नारायणप्रसाद त्वानाबासु, पुरुषोत्तम तमखु, जितेन्द्र मुनंकर्मी, कृष्णनारायण देशेमरु, सूर्यप्रसाद श्रेष्ठ, श्यामसुन्दर मातां, कृष्णलाल किसी, सिद्धिराम अवाल र गोविन्द दुवालले भक्तपुरनपाद्वारा सञ्चालित नगरस्वास्थ्य केन्द्रमा स्वास्थ्य सेवा विस्तार, ख्वप अस्पतालको सेवा र पार्किङ्ग व्यवस्थापन, सुधारिएको शवदाह गृह व्यवस्थापन, पार्किङ व्यवस्थापन, अव्यवस्थित तार व्यवस्थापन, सडक बत्तीको सुधार, कृषकहरूलाई निःशुल्क बीउ बिजन वितरण, आवास योजनाहरूमा सडक पेटी व्यवस्थापन लगायतका विषयमा आ-आफ्नो जिज्ञासा राख्नुभयो ।

सभामा उठेका जिज्ञासामाथि प्रष्ट पार्दै सहकारी समितिका संयोजक हरिप्रसाद बासुकलाले नगरभित्र सञ्चालित सहकारी संस्थाहरू सुरक्षित रहेको, सहकारीहरूले भाखा नाघेको ऋण व्यवस्थापन नगर्दा केही सहकारीहरूमा समस्या आएको र जग्गा बहाल करसम्बन्धी कुरा अघि बढिरहेको लगायतका धारणा राख्नुभयो भने स्वास्थ्य, शिक्षा, संस्कृति तथा वातावरण समितिका सदस्य रविन्द्र ज्याख्वले ख्वप अस्पतालमा बिरामीको चाप हेरी सेवा विस्तार र सुधार गर्न प्रयास गरिने, आयुर्वेद औषधीका लागि थप बजेटको व्यवस्था गर्ने प्रयास रहने तथा घुम्ती सरसफाइको लागि समितिमा छलफल गरिने लगायतका धारणा राख्नुभयो । त्यसैगरी निर्माण समितिका संयोजक उकेश कवांले विकास निर्माण सम्बन्धी जिज्ञासामाथि प्रष्ट पार्दै वार्षिक बजेट र योजनामा समावेश भएको योजनालाई प्राथमिकतामा राख्दै कार्य गरिने र खोलाको मापदण्ड २० मीटर कायम गर्न प्रयास गर्दै आएको तथा सुधारिएको शवदाह गृह स्तरोन्नतीको लागि प्राविधिक सुझाव अनुसार अगाडि बढाइने बताउनुभयो ।

सभामा नगर प्रमुख प्रजापतिको अनुमतिमा विधायन समितिका संयोजक हरिराम सुवालले भक्तपुर नपाद्वारा सञ्चालित ख्वप कलेज अफ लको प्रस्तावित विनियम, २०७८ सभामा छलफलको लागि सभामा प्रस्तुत गर्नुभयो ।

सभाध्यक्ष प्रजापतिले नगरसभाको अर्को बैठक फागुन ८ गते सोमबार दिनको १ बजे बस्नेगरी आजको बैठक सकिएको जानकारी गर्नुभयो ।

### छैटौं बैठक

# विनियम र कार्यविधि पारित



भक्तपुर नगरपालिकाका प्रमुख एवम् तेह्रौं नगरसभाका सभाअध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा फागुन ८ गते बसेको नगरसभाको बैठकबाट भक्तपुर नपाद्वारा सञ्चालित **ख्वप कलेज अफ लको विनियम, २०७९** र भक्तपुर नगरपालिका, **सुधारिएको शवदाह गृह सञ्चालन कार्यविधि, २०७९** सुझावसहित सर्वसम्मतिबाट पारित भयो ।

सभामा सभाध्यक्ष प्रजापतिले स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य कानुनहरूले दिएको अधिकार प्रयोग गरी अघिल्लो कार्यकालमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सातओटा शैक्षिक संस्थाहरूको विनियम पारित भई लागू भइसकेको अवगत गराउनुहुँदै सोही विनियमअनुरूप ख्वप कलेज अफ लको विनियम निर्माण भएको बताउनुभयो । भक्तपुर नपाले शिक्षा क्षेत्रमा गरिरहेको काम अन्य स्थानीय तहहरूको लागि पनि अनुकरणीय रहेको बताउनुहुँदै नगरसभाबाट पारित ऐन, कार्यविधि, विनियम तथा निर्देशिका आवश्यकताअनुसार परिमार्जन र संशोधन हुने पनि उहाँले बताउनुभयो ।

पारित ख्वप कलेज अफ लको विनियममाथि भएको छलफलमा सभासद्द्वय हेरा ख्याजू र इन्द्रबहादुर प्याठले



सञ्चालक समितिमा विज्ञहरूलाई समावेश गर्नुपर्ने, नगरवासी विद्यार्थीहरूलाई भर्ना शुल्कमा छुट र छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने धारणा राख्नुभयो। सभामा उठेका जिज्ञासामाथि विधायन समितिका संयोजक हरिराम सुवालले प्रष्ट पार्नुभएको थियो ।

सोही क्रममा आजको सभामा प्रस्तुत भक्तपुर नगरपालिका, सुधारिएको शवदाह गृह सञ्चालन कार्यविधि, २०७९ माथि छलफलमा सभासद्हरू रीता फसिकवा र पुरुषोत्तम तमखूले सुधारिएको शवदाह गृह चौबिसै घण्टा सञ्चालन गर्न सकिए जनतालाई सहज हुने र गुठियारहरूलाई शवदाह गृह सञ्चालनबारे तालिम दिन सके यथोचित हुने बताउनुभयो ।

आजको सभामा नगर प्रमुख प्रजापतिको अनुमतिमा विधायन समितिका संयोजक हरिराम सुवालले भक्तपुर नगरपालिका सहकारी नियमावली, २०७९ सभामा छलफलको लागि प्रस्तुत गर्नुभयो ।

सभाध्यक्ष प्रजापतिले नगरसभाको अर्को बैठक फागुन १० गते बुधबार दिनको १ बजे बस्नेगरी आजको बैठक सकिएको जानकारी गर्नुभयो ।

## सातौं बैठक

# सहकारी नियमावली पारित



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा तेह्रौं नगरसभा बैठकको सातौं दिन माघ १० गते चालू रह्यो। आज बसेको सभाले भक्तपुर नगरपालिका, **सहकारी नियमावली २०७९** सुझावसहित सर्वसम्मतिले पारित गऱ्यो ।

भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ लाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न सहकारी नियमावली २०७९ प्रस्तुत गरिएको बताउनुहुँदै सभाध्यक्ष प्रजापतिले नगरभित्र सहकारीहरूलाई नियमन गरी उत्पादनमूलक क्षेत्रमा लगानी गराउन नियमावलीले थप सहयोग पुऱ्याउने बताउनुभयो। सो नियमावलीमा एकै वा फरक प्रकृतिका दुई वा दुईभन्दा बढी संस्था वा सङ्घले अन्तर सहकारी सहयोगको भावनाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणका लागि कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सकिने उल्लेख छ भने समस्याग्रस्त सहकारी व्यवस्थापन सम्बन्धी कार्य गर्न छुट्टै व्यवस्थापन समिति गठन गरिने व्यवस्था रहेको छ ।



आज बसेको सभामा नियमावली माथि भएको छलफलमा सभासद्हरू रामसुन्दर बासी, पुरुषोत्तम तमखु र नारायणप्रसाद बासीले सञ्चालक समिति पदाधिकारीहरूको फोटोसहित स्पष्ट परिचय खुल्ने होर्डिङ बोर्डको व्यवस्था गर्नुपर्ने, सहकारी संस्थाहरूलाई उत्पादनमूलक क्षेत्रमा लगानी गराउन ऐनमा बाध्यात्मक व्यवस्था गर्नुपर्ने, कालोसूचीमा रहेका ऋणीहरूलाई नगरपालिकाले दिने सुविधाबाट वञ्चित गर्नुपर्ने लगायतको आ-आफ्नो सुझाव दिनुभयो ।

सहकारी नियमावली २०७९ माथि उठेका जिज्ञासा विधायन समितिका संयोजक हरिराम सुवालले प्रष्ट पार्नुभयो ।

सभाध्यक्ष प्रजापतिले आजको बैठक स्थगित भएको जानकारी दिनुभयो ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर
**नगर शिक्षा शाखा**

**आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा २०७९ सम्बन्धी भक्तपुर नगरपालिकाको सूचना**

यस भक्तपुर नगरपालिकाभित्र रहेका सम्पूर्ण विद्यालयहरूमा अध्ययनरत कक्षा ८ का सम्पूर्ण विद्यार्थीहरूको लागि भक्तपुर नगरपालिकाद्वारा सञ्चालन हुने आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा-२०७९, तपसिलबमोजिम सञ्चालन हुने सूचना प्रकाशन गरिएको छ ।

**परीक्षा कार्यतालिका**
**समय : दिउँसो १:०० बजेदेखि**

| क्र.सं. | मिति | विषय |
|---|---|---|
| १. | २०७९।१२।१२, आइतबार | गणित |
| २. | २०७९।१२।१३, सोमबार | अङ्ग्रेजी |
| ३. | २०७९।१२।१४, मङ्गलबार | नेपाली |
| ४. | २०७९।१२।१५, बुधबार | विज्ञान तथा वातावरण |
| ५. | २०७९।१२।१६, बिहीबार | सामाजिक अध्ययन र जनसंख्या शिक्षा |
| ६. | २०७९।१२।१७, शुक्रबार | नैतिक शिक्षा/स्वास्थ्य तथा शारीरिक शिक्षा |
| ७ | २०७९।१२।१९, आइतबार | पेशा, व्यवसाय र प्रविधि शिक्षा |
| ८. | २०७९।१२।२०, सोमबार | स्वपको पहिचान |

(क) आधारभूत तहको पाठ्यक्रम २०६९ मा आधारित भई विशिष्टीकरण तालिकामा उल्लेख भएअनुसारका कार्यकलापसहित प्रयोगात्मक परीक्षा लिनुपर्ने विषयहरूको प्रयोगात्मक परीक्षा विद्यालय आफैले २०७९ फागुन मसान्तसम्म सञ्चालन गरी तोकिएको ढाँचाको Markslip २०७९।१२।०५ गतेभित्र नगर शिक्षा शाखामा बुझाउनुपर्नेछ । साथै प्रयोगात्मक परीक्षाको परीक्षा तालिका नगर शिक्षा शाखामा जानकारी गराई स्वीकृति लिई सञ्चालन गर्नुपर्नेछ ।

ख) विशेष कारणवश उल्लिखित परीक्षाको कार्यतालिका र समय तालिकामा हेरफेर गर्नुपर्ने भएमा परीक्षा समितिको निर्णय बमोजिम हुने छ । साथै परीक्षा केन्द्र पछि प्रकाशन गरिने छ ।

**शिक्षा शाखा**
**भक्तपुर नगरपालिका**
**फोन नं. ०१-६६१०११६**

राजनीतिमा परिपक्वता अझै आएन

# आफ्नो होइन, देशबारे सोचौँ

– नारायणमान बिजुक्छेँ




२०४६ सालमा प्रजातन्त्र आएपछि देशमा परिवर्तन होला भन्ने आमअपेक्षा थियो । ३३ वर्ष बित्यो तर नागरिकले परिवर्तनका आभास पाएनन् । खासमा देश विकासको अवस्था धेरै राम्रो होला भन्ने अपेक्षा थियो । त्यो हुन सकेन । तीन दशक नाघिसक्दा केही नपाएपछि नागरिकले अब सरकारको नेतृत्वमा जाने राजनीतिक दलहरूलाई कसरी विश्वास गर्ने ? के आधार बाँकी छन् र विश्वास गर्न ? पछिल्लो निर्वाचनले पनि राम्रो परिणाम दिएन । एक किसिमले गोलमालजस्तो भएको छ । पाँच वर्ष सरकार टिक्दा धेरै थोक होला भनेजस्तो भइसकेको छ । निर्वाचनलाई खेल मान्दा त्यसको नियमलाई पनि त मान्नै पऱ्यो नि । जसलाई नागरिकले सरकार चलाउने म्यान्डेट दिन्छन्, उसैको भरोसा गर्ने हो र अपेक्षा पनि उसैसँग गर्ने हो । यहाँ त आफू सरकारमा गए सब ठीक नगए सब बेठीक भन्ने चलन भयो । यो चाहिँ भएन ।

प्रतिपक्ष पनि सरकारमै आउनु पूरै गलत अभ्यास हो । अरू देशमा पनि सिद्धान्त अगाडि सारिएको छ, हाम्रो पनि त्यस्तै हुनुपर्छ । मानिस पूर्ण नहुने हुनाले राम्ररी गर्छु भन्दा पनि उल्टो हुनसक्छ त्यसैले सरकारलाई प्रतिपक्ष चाहिन्छ । अचम्म के भने प्रतिपक्ष हुनुपर्ने नेपाली काङ्ग्रेस सरकारलाई समर्थन गरेर राष्ट्रपति ताकिराखेको छ । उसको यो काम त पक्कै सही छैन होला । सरकारमा सहभागी दलमा पनि उपयुक्त मान्छे छन् नि । फेरि राजनीतिमा सक्रिय हुने मान्छे नै सबैभन्दा राम्रो हुन्छ भन्ने छैन, होइन । राम्रा मान्छेहरू छन् अर्थात् योग्य मान्छेहरू छन् नि । म त भन्छु, योग्य मान्छेलाई दिनुभन्दा पनि बढी सक्रिय मान्छेलाई मात्र दिने चलन देखिन्छ जुन झन् विवादास्पद हुन्छ, भइरहेको छ । सरकारकै कुरा गर्दा पनि निर्वाचनअघि पुराना दलहरूले राम्रो काम गरेनन् भनेर आलोचना गर्ने नयाँ दलहरूले पनि अडान लिन सकेको देखिएन । जो नयाँहरू सरकारमा आए, उनीहरूले जनआकाङ्क्षाअनुरूप गर्न सकेको देखिएन ।

नेपालको राजनीतिमा परिपक्वता अझै आउन सकेन । नयाँहरूले संविधानलाई नै राम्रोसँग बुझेका छैनन् । अर्कोतिर देश कसरी सञ्चालन गर्नुपर्छ भन्ने ज्ञान पनि गहिरो देखिएन । राजनीतिक पार्टीहरूको धर्म के हो ? त्यो नेता, कार्यकर्तालाई थाहा नभएपछि झनै भद्रगोल हुने भइहाल्यो । सामाजिक–आर्थिक क्रान्ति जरुरी छ तर यसका लागि पनि त राजनीतिक स्थिरता आउनुपऱ्यो । तीन दशकमा नआएको स्थिरता अब आइहाल्छ भन्ने आधार पनि देखिएका छैनन् । अरू देशमा राजनीतिक स्थिरतापछि झन्डै दुई दशकभित्रै अर्थतन्त्र अब्बल भएको पाइन्छ । हामी नेपालीले के गर्छौं ? सबैले चिन्ता लिएर यस्तो गर्नुहुन्न भनेर सकारात्मक रूपले काम गऱ्यौं भने राजनीति स्थिर हुन्छ । होइन भने अरूले जतातिर लैजान्छन्, उतै जान्छौं । यसमा आम नेपालीदेखि देश हाँक्नेसम्म सबैले चिन्तन गर्नुपऱ्यो । अनिमात्र सक्रिय हुने हो । कसैले पनि देशलाई अप्ठेरो हुने काम गर्नु भएन । अरू देशलाई बिगारेर अगाडि बढ्ने देशहरू पनि छन् । उनीहरूको हा हा हो हो मा हामी लाग्नु भएन । दाजुभाइमा एकआपसमा झगडा हुन्छ, स्वाभाविक पनि हो यो । तर त्यसलाई भित्रै राख्नुपर्छ, अन्यत्र ओकल्नु हुन्न । यस यथार्थलाई मूल पार्टीका साथीहरूले ध्यान दिनुभयो भने देश उँभो लाग्न थाल्छ ।

> आफू सत्तामा भए सबै ठीक नत्र सबै गलत । यस्तो मानसिकताले न व्यक्तिको विकास हुन्छ, न देशको ।

हाम्रै देशका साथीहरूमात्र लाग्ने हो भने मुलुकमा राजनीतिक स्थिरता र सिस्टम धेरै परको विषय होइन । तर विदेशीहरू पछाडि भएकाले भन्न सकिन्न । तिनले त आफ्नो स्वार्थअनुसार हाम्रो देशलाई हराउन चाहन्छन् । म

गलत छैन भने हामी त्यसैमा पछि लागेजस्तो लाग्छ। जस्तो, एउटा उदाहरण सन् १९१७ को रूसी क्रान्तिपछि आफ्नै केन्द्रीय समितिका कति नेताले विदेशबाट गुप्तचर विभागबाट पैसा पाइरहे। तिनीहरूको हत्यापछि थाहाभयो नेता, मन्त्रीहरूको समेत पासपोर्ट जर्मनको गुप्तचर विभागसँग छ। बिरामी भयो भनेर विदेश जाने सबै उपद्रव उताबाट गराउने काम पनि भएको छ। हाम्रो सिमाना पनि खुल्ला छ। को कहाँ जान्छ थाहै हुँदैन। त्यसैले हरेक पार्टी जो सरकारमा जान्छन्, तिनीहरूको केन्द्रीय समितिको विचार देखिन्न। केही भए पनि 'वान फोर्थ' चाहीँ विदेशीहरूबाट सञ्चालित छ।

पटुकोभित्र भन्दा पनि पार्टीभित्र बसेर सबैलाई राम्रोसँग बन्दोबस्त गराउन सक्ने नेताहरूको खाँचो छ। चार पाँचजना पदको निम्ति तलमाथि गर्ने होलान्। सबै छैनन्। खासमा साथीहरूलाई कमान्ड गर्ने पार्टी नेतृत्वमा भर पर्छ। अर्को एउटा समस्या के देखिएको छ म अढाइ वर्ष चलाउँछु, तँ अढाइ वर्ष चला। देश चलाउने कुरो हो। व्यक्ति व्यक्तिबीचको कुरो होइन यो। देश विकासका लागि यसरी बाँडचुँड गर्नु कति उपयुक्त होला ? सबैले बुझ्नेकै कुरो हो। खासमा यो गलत हो। यसको बिउ पहिल्यै रोपिएको रहेछ। पछिकाले त पछ्याउने नै भए।

नेपालमा यो कहाँबाट सुरु भयो भने काङ्ग्रेस नेता बीपी कोइरालाको सरकारको पालामा। कोइरालालाई सरकार नदिने कुरा भएपछि डा. तुलसी गिरीलाई जवाहरलाल नेहरूले कमसेकम एक, दुईओटा सांसदसम्म दरबार र संसद्को बीचमा पुलको काम गर्न सक्ने मान्छे हामीलाई चाहिएको छ भनेपछि यस्तो भयो। बीपीलाई बनाउनु हुन्न भन्ने होइन भन्ने पनि आयो। त्यसपछि त्यो दबाबले बनेको आधा समय सुवर्णशमशेरलाई र आधा बीपी कोइरालालाई दिइयो। खासमा व्यक्ति र देशलाई फरक आँखाले हेर्नुपर्छ। यसमा कुनै सम्झौता गर्नु हुन्न।

खासमा अढाइ वर्षपछि नयाँ सरकार छान्नु उपयुक्त हुन्छ। यो सबैले मनमा राख्नु पर्‍यो। साँच्चै आफूले वचन नै दिएको हो भने वचन त पूरा गर्नु पर्‍यो। होइन भने आफूले छोडिदिनु पर्‍यो। देशको चिन्ता नभएपछि सरकारमा बसेर के गर्ने ? सरकारमा जानु देश चलाउनु हो। राम्रो काम गर्न, विकास गर्न र जनतालाई सेवासुविधा दिनलाई हो। अब पनि नेताले देशबारे सोचेनन् भने नागरिकले कहिले सुविधा पाउने ? त्यसकारण नेताहरूले अब गहिरिएर सोच्नुपर्ने बेला आएको छ। सधैँ आफू, आफ्ना र आफन्तमा केन्द्रित भएर देश उँभो लाग्दैन। उँधो लाग्ने मतिमा रमाएर हुँदैन। गर्ने एउटा भन्ने अर्को गरेर हामीले जे बोले पनि हुन्छ, झूट बोले पनि हुन्छ भन्ने भाष्य नै गलत छ।

सरकारमा जाँदैमा सबै त्यत्तिकै राम्रो जानकार हुन्छन् भन्ने होइन। कहिलेकाहीँ त राजालाई पनि ठगले ठगेकै थियो। राजाहरू पनि जनतासँग व्यावहारिक जीवनमा नजाने (सीमित घेरामा बस्ने) भएकाले सबै कुरा थाहा हुन्नथ्यो। यस सन्दर्भमा रोचक घटना छ। एकचोटि कुनै राजाले प्रधानमन्त्रीलाई भने, ठग भनेको कस्तो हुन्छ ? 'मान्छेजस्तै हो सरकार', उनले भनेछन्। 'उसो भए एकचोटि एउटा राम्रो ठगलाई बोलाउन्' भनेछन्। प्रधानमन्त्रीले पनि सबैभन्दा ठूलो ठगलाई बोलाइदिएछन्। 'तिमी के गर्छौ ?' भनेर सोध्दा 'म ठग्छु सरकार' भनेछ। कसरी ठग्छौ ? एकचोटि देखाऊ त भनेपछि उसले भनेछ, 'त्यसका लागि घरबाट किताब लिएर आउनु पर्छ। मेरो घर टाढा छ।' राजाले एउटा राम्रो घोडा लिएर जाऊ र किताब लिएर आऊ भनेछन्। हेर्दाहेर्दै केही घण्टा बिते। राजाले प्रधानमन्त्रीसँग सोधेछन्, खै त्यो ठग त आएन नि ? प्रधानमन्त्रीले भनेछन्, 'अब ऊ आउँदैन सरकार।' के लागिरहेको छ भने जुनसुकै पार्टीको सरकार आए पनि नागरिकलाई ठग्ने नै हो। ठगको घेरामा परेको हुनाले सम्भवतः अब हामी पछि परेका हौँ भन्ने सबैले महसुस गरेका छौँ।

**अहिले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डजीको नेतृत्वमा सरकार छ। के उहाँले निर्वाचनताका जारी गरेको घोषणापत्रअनुसार नै अहिले काम गरिरहनु भएको छ ? सरकारमा सहभागी सबै पार्टीले घोषणापत्रकै आधारमा काम गरिरहेका छन् त ? यी सबै कुरा नैतिकताको प्रश्न पनि हो।**

ठगिनबाट जोगाउने काम पनि राजनीतिक पार्टीहरूकै हो। हामी राजनीति गर्नेहरू सरकारमा पुग्छौँ, देश चलाउँछौँ भने जिम्मेवारी हाम्रो होइन र ? सेवा दिन पुगेकाहरूले ठग्न मिल्छ ? हरेक राजनीतिक पार्टी एउटा न एउटा वर्गको आधारमा र सिद्धान्तको आधारमा आदर्श समाज सिर्जना गर्नकै निम्ति स्थापना भएको हुन्छ। तर दुर्भाग्य, आजका राजनीतिक पार्टीहरू जो सरकारमा छन् र अरू बाहिर बसेका पार्टीहरूको विषयमा पनि केलाउँदा त्यसअनुसारको प्रतिफल नेपालीले पाउन सकेका छैनौँ। अब विदेशीलाई भन्ने कुरा होइन, हामी आफै देशवासी नागरिक, पार्टीका नेता र कार्यकर्ता सबै जिम्मेवार बन्न

जरुरी छ। एकै दिनमा छलाङ मार्न सकिने कुरो होइन यो। छलफल, अन्तरक्रियाहरूमा लैजानु पर्छ। अहिले देखिएका कुरामध्ये खेदलाग्दो कुरा हो यो।

नेपाली काङ्ग्रेस देशको सबैभन्दा पुरानो पार्टीमध्येको हो। राम्रो गर्छु भन्दाभन्दै सोचेर गरेका काम पनि परिणाम उल्टो भएर गएका सरकारका धेरै उदाहरण छन्। त्यसैले काङ्ग्रेसले सरकार असफल भयो भने त्यसलाई सच्याउने/जोगाउने काम प्रमुख प्रतिपक्षी बनेर गर्नुपर्छ। सरकारका गल्ती कमजोरी प्रमुख प्रतिपक्षले हेरिरहेकै हुन्छ। प्रतिपक्षले कुनै पनि बेलामा यो सरकार असफल हुन सक्छ, त्यसबेला जोगाउनुपर्छ भनेर 'वेइटिङ' मा बस्ने हो। विपक्षी छायाँ सरकार हो। सरकारसँग जति मन्त्रालय र विभाग छन्, त्यहीअनुसारको प्रतिपक्षी मन्त्रिमण्डल बनाउनु पर्छ। जसरी पहिला नेपाली काङ्ग्रेसको सरकार ढल्यो, त्यसरी ढल्न सक्ने सम्भावना धेरै भएको हुनाले त्यसबेला छायाँ सरकारमा जान्छ। यसले सरकारले गरेका कमी, कमजोरीहरूलाई सच्याउने अवसर दिन्छ। खासमा दलहरू पदका निम्ति होइन, सिद्धान्तका निम्ति, नीतिका निम्ति अघि बढ्नुपर्ने हो।

किनकि सरकारमा जाने बाटो निर्वाचन हो। निर्वाचनमा घोषणापत्र जसले जे बनाउँछ, सरकारमा पुग्दा कार्यान्वयन गर्नुपर्ने पनि त्यही नै हो। तर, नेपालको हकमा त्यसो खासै हुन्न। घोषणापत्रअनुसार गरे नागरिकले पुनः पत्याउने हो, नत्र निर्वाचनमा सजाय दिन्छन्। दलहरू इमानदार हुने हो भने घोषणा पत्रअनुसार योजना र बजेट बनाउनु पर्छ। यसो भयो भने देशमा विकास पनि हुन्छ।

अहिले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डजीको नेतृत्वमा सरकार छ। के उहाँले निर्वाचनताका जारी गरेको घोषणापत्रअनुसार नै अहिले काम गरिरहनु भएको छ ? सरकारमा सहभागी सबै पार्टीले घोषणापत्रकै आधारमा काम गरिरहेका छन् त ? यी सबै कुरा नैतिकताको प्रश्न पनि हो। सरकारमा नपुगुन्जेल यो भएन ऊ भएन भन्ने तर पुगेपछि सबै बिर्सने संस्कृति सबैभन्दा घातक छ दलीय नेतामा। एउटाले अर्कोलाई हिलो छ्याप्ने काम गर्नु हुन्न। आफू भए सबै ठीक नत्र सबै गलत। यस्तो मानसिकताले न व्यक्तिको विकास हुन्छ, न देशको।

साभार : अन्नपूर्णपोष्ट, फागुन ८, २०७९

## भक्तपुर नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

## रगत परीक्षण शुल्क नगरपालिकाले उपलब्ध गराउनेसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रममा नि:शुल्क रगतको व्यवस्था गरिने भनी उल्लेख भएबमोजिम भक्तपुर नगरपालिकाका स्थायी बासिन्दाहरूलाई नेपाल रेडक्रस सोसाइटी, भक्तपुरबाट रगत उपलब्ध गराउँदा लाग्ने रगत परीक्षण शुल्क २०७९/६/१ गतेदेखि नेपाल रेडक्रस सोसाइटी, भक्तपुरलाई भक्तपुर नगरपालिकाले उपलब्ध गराउने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

# नेमकिपा जडसूत्रवादी र सङ्कीर्ण पार्टी होइन

नेपाल मजदुर किसान पार्टी अन्तर्राष्ट्रवादी पार्टी हो। यो पार्टी भारतीय विस्तारवादविरोधी र अमेरिकी साम्राज्यवादविरोधी पार्टी हो। यो श्रमजीवी वर्गको प्रतिनिधित्व गर्ने देशभक्त पार्टी हो। अतिक्रमित नेपाली भूमि फिर्ता लिन र अतिक्रमण गर्ने देशको विरोध गर्ने पार्टी हो नेमकिपा। कुनै सत्ताको भागबन्डामा नअल्झिएको, कुनै पनि विदेशी शक्ति राष्ट्रको पछि नलागेको र नझुकेको पार्टी नेमकिपालाई सङ्कीर्ण चरित्रको दाबी गर्नु नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) को दृष्टिदोष हो।

स्थापनाकालदेखि देश र जनताप्रति समर्पित, देश र जनताको पक्षमा सङ्घर्ष गर्ने, देश र जनताको सेवा गर्न कानुनी र गैरकानुनी सङ्घर्ष गर्ने दल नेमकिपा कसरी सङ्कीर्णवादी हुन्छ ? क्रान्तिकारी भूमिसुधार लागु गर्न र स्वदेशमै रासायनिक मल कारखाना स्थापना गर्न सङ्घर्षरत दल नेमकिपा सङ्कीर्ण कि कम्युनिस्ट ? बरु कम्युनिस्टको सिद्धान्त र विचार थाती राखेर भागबन्डामा लाग्ने, सरकारमा जानको निम्ति जोसुकै दलसँग गठबन्धन गर्ने एकीकृत समाजवादी सङ्कीर्ण ! स्पष्ट दृष्टिकोणका साथ अघि बढिरहेको नेमकिपाको हृदय साँघुरो छैन, चित्त सानो छैन, सङ्कुचित छैन। कुनै दलको दृष्टिकोणबारे गरिएको टिप्पणी सही हुनुपर्छ, मूल्याङ्कन सही हुनुपर्छ।

नेपाल मजदुर किसान पार्टीको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ विचारधारा हो। वर्गसङ्घर्षबिना समाजवाद स्थापना सम्भव छैन भन्ने नेमकिपाको धारणा हो। पुँजीवादी संसदीय व्यवस्थाको निर्वाचनबाट समाजवाद सम्भव छैन भन्ने मान्यता नेमकिपाको हो। नेमकिपाले आत्मसात गरेको मार्गनिर्देशक सिद्धान्तलाई नेपालमा जस्ताको तस्तै लागु गर्नुपर्छ भन्ने धारणा नेमकिपाको होइन। त्यस सिद्धान्तलाई देशको माटो सुहाउँदो लागु गर्नुपर्छ भन्ने अवधारणा नेमकिपाको हो। नेमकिपा सरकारमा नगएको आधारमा, देशघाती एमसीसी सम्झौता र देशको स्वाधीनता र सार्वभौमसत्तामा आँच पुऱ्याउने खालको नागरिकता विधेयकको विरोध गरेको आधारमा नेमकिपा कसरी जडसूत्रवादी हुन्छ ? चीनमा किसान आन्दोलन भयो र क्रान्ति सफल भयो। रुसमा मजदुर आन्दोलन भयो र क्रान्ति सफल भयो। नेपालमा पनि किसान क्रान्तिको आवश्यकता छ। वर्गसङ्घर्षको बाटो छोडेर नेमकिपा सरकारमा सामेल नभएकोले के त्यो आरोप लगाइएको हो ?

श्रमजीवी वर्गको पक्षमा नेमकिपा उभेको स्वीकार्ने एकीकृत समाजवादीले नेतृत्व वर्गलाई सङ्कीर्णता देख्नु एकीकृत समाजवादीको दिउँसै रात पार्ने प्रयास हो। एकीकृत समाजवादीले भनेअनुसार नेमकिपा भक्तपुरमा मात्र सीमित छैन। नेमकिपा भक्तपुरमा मात्र सीमित छ भन्नु आफैमा सङ्कीर्ण सोच हो। विगतमा नेमकिपाले संसदीय निर्वाचनमा भक्तपुरबाहेक दैलेख र जुम्लामा जितेको थियो। जुम्ला, दैलेख, हुम्ला, मुगु, सुर्खेत, चितवन, काठमाडौँ, काभ्रे, सिन्धुपाल्चोक, सिराहा, रौतहट, सर्लाही, मोरङ, बारा, पर्सालगायत झन्डै ५ दर्जन जिल्लामा नेमकिपाको सङ्गठन छ। यो कुरा थाहा हुँदाहुँदै बुझ पचाएको हो कि यथार्थ लुकाएर जसरी भए पनि विरोध गर्नुपर्छ भनेर सङ्कीर्ण भनिएको हो ?

('मजदुर' दैनिक सम्पादकीय, माघ २३, २०७९)

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं।

# चर्चामा विपक्षी दल र ख्वप विश्वविद्यालय

## गोरखापत्रले उत्तेजना फैलाउने काम किन गर्दै छ ?

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले माघ २२ गते प्रतिनिधिसभाको बैठकमा विशेष समयमा बोल्नुभएको मन्तव्यको अंश)*



'आजको नागरिक दैनिकमा प्रकाशित एक समाचारअनुसार एक दलको एक सांसदले पुँजीवादी सरकारको नेतृत्व आफूले गरेको तर श्रमजीवी वर्गको पार्टी नेपाल मजदुर किसान पार्टीलाई जडसूत्रवादी र सङ्कीर्ण पार्टी आरोप लगाएको 'होलि वाइन' को डकारमात्र हो। गएको निर्वाचनमा ५८ जिल्लामा आफ्ना उम्मेदवारी उठाएको नेपाल मजदुर किसान पार्टी सर्वहारा अन्तर्राष्ट्रवादी पार्टी हो ।

माघ १९ गतेको संसद्मा व्यक्त भएको विषयबारे 'सांसदको जुहारी, सभामुखको मौन, सांसदको आपत्ति' लगायत समाचार प्रकाशित गरेर उत्तेजना फैलाउने र सभामुखको तटस्थतालाई भङ्ग गराउने काम 'गोरखापत्र'बाट किन गरियो ?

पुस २७ गतेको 'गोरखापत्र'मा सांसदको पारिश्रमिक र सुविधा ऐन, २०७३ को दफा २ (ङ) (१) को दस प्रतिशत वा सोभन्दा बढी भएको दलमात्र प्रमुख विपक्षी दल हुने उल्लेख गरियो तर सो ऐनको दफा २ (ङ) (४) मा त्यस्तो दल नभएमा सभामुखले विपक्षी दल तोकिदिने व्यवस्था 'गोरखापत्र'मा किन प्रकाशित गरिएन ? यसले 'गोरखापत्र'का महाप्रबन्धक र सम्पादक विदेशी एजेन्ट नै हुनुपर्ने जनताको मत छ र यस्तो सूचना लुकाउनेहरूलाई कारबाही किन हुँदैन ?

नेका संसदीय दलको कार्यालयको तर्फबाट प्रमुख विपक्षी दलको सुविधा कति भनेर पत्र गएको रहेछ। त्यस पत्रमा सचिवालयले प्रमुख विपक्षी दल भनेर देउवालाई तोकेको गलत हो। प्रमुख विपक्षी दल तोक्ने अधिकार सभामुखको मात्र हो। ऐनविपरीत पत्र लेख्नेहरू सबैलाई छानबिन गरी कारबाही गर्नु जरुरी छ।

सांसद सुवालले सभामुखलाई भेटेर विशेष समयमा आफूले बोल्ने जानकारी गराउँदासमेत सचिवालयका कर्मचारीहरूले अन्य सबै पार्टीका प्रतिनिधि सांसदलाई बोल्न दिने र नेमकिपालाई बोल्न नदिने जालसाजी गरे। सांसद सुवालले संसदमा बोल्न नपाए सडकमा बोल्न जानु भनी आदेश गर्नुपर्ने उल्लेख गर्दै बैठक अवरुद्ध गर्ने जानकारी गराउनुभयो। त्यसपछि सभामुखको कुर्सीमा बसेका उपसभामुख इन्दिरा रानाले सांसद सुवाललाई बोल्ने समय दिने जानकारी गराउनुभयो ।

## प्रमुख प्रतिपक्षी दाबी गरिएको नेमकिपाको पत्र किन दर्ता भएन ?

प्रतिनिधिसभा नियमावली मस्यौदा समितिको एघारौँ बैठक माघ २५ गते सिंहदरबारमा सम्पन्न भयो। बैठकमा नियमावली २०७५ मा गर्नुपर्ने परिमार्जनबारे सांसदहरूको विचार पेश भयो।

बैठकमा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले माघ ७ गतेको संसद् बैठकमा नेपाल मजदुर किसान पार्टीलाई कानुनबमोजिम प्रमुख प्रतिपक्षी दल तोकिदिन सभामुखलाई सम्बोधन गरी टेबुल गरिएको लिखित पत्र सचिवालयमा माघ २५ गतेसम्म दर्ता नभएको बारे प्रश्न उठाउनुहुँदै संसद् बैठकको समाचार बनाउने पत्रकारको लागि बस्ने कोठा जरुरी भएको उल्लेख गर्नुभयो ।

# काङ्ग्रेस सभापति देउवाविरूद्धको रिटमा भएन अन्तरिम आदेश

काठमाडौँ, २५ माघ (रासस)। सर्वोच्च अदालतले नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवालाई प्रमुख प्रतिपक्षी दलको नेताको सुविधा दिने निर्णय खारेजीको माग गर्दै दायर गरिएको रिट निवेदनमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ।

न्यायाधीश सुष्मालता माथेमाको एकल इजलासले बुधबार लिखित जवाफ माग गर्ने र दुवै पक्षलाई छलफलमा बोलाएर निष्कर्षमा पुग्ने उल्लेख गर्दै अन्तरिम आदेश दिन अस्वीकार गरेको हो। अधिवक्ता विमल पोखरेलले माघ २४ गते दायर गर्नुभएको रिट निवेदनमा सङ्घीय संसद् सचिवालयले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई विश्वासको मत दिएको नेपाली काङ्ग्रेसलाई प्रमुख प्रतिपक्षी दलको सुविधा दिने निर्णय खारेज गर्नुपर्ने माग गरिएको छ।

सर्वोच्च प्रशासनले सुरूमा रिट निवेदन दर्ता गर्न अस्वीकार गरेको (दरपीठ) गरेको थियो। उक्त दरपीठ गर्ने अदालत प्रशासनको निर्णयविरूद्ध अधिवक्ता पोखरेलले न्यायाधीश सपना प्रधान मल्लको इजलासमा मङ्गलबार निवेदन दिनुभएको थियो। उक्त इजलासले दर्ता गर्न आदेश दिएपछि रिट निवेदन दर्ता भएको थियो। काङ्ग्रेस सभापति देउवालाई प्रमुख प्रतिपक्षी दलको सुविधा दिने विषयमा संसद् सचिवालयले गरेको निर्णयको बारेमा न्यायिक पुनरावलोकन गर्नुपर्ने र सरकारलाई सर्मथन दिएको दल प्रमुख प्रतिपक्षी हुन नसक्ने रिट निवेदनमा उल्लेख छ।

# कानुनबमोजिम नेमकिपालाई प्रमुख विपक्षी दल तोकिदिनु जरूरी

निर्वाचन प्रणाली तथा व्यवस्थापन प्रक्रिया सुधारका लागि निर्वाचन आयोगको आवश्यकतामा आधारित भएर नीति अनुसन्धान प्रतिष्ठान र नेपाल ल क्याम्पसले गरेको अध्ययनको प्रारम्भिक प्रतिवेदनमाथि माघ २६ गते छलफल भएको छ।

सिंहदरबारस्थित प्रधानमन्त्रीको कार्यालयमा आयोजित कार्यक्रममा प्रम पुष्पकमल दाहाल, पूर्वप्रधानमन्त्रीहरू, विभिन्न राजनीतिक दलका नेताहरू, निर्वाचन आयोगका पदाधिकारीलगायतको उपस्थिति थियो।

सुझावको लागि प्रस्तुत प्रतिवेदनमाथि टिप्पणी गर्दै नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद **प्रेम सुवाल**ले फौजदारी अभियोग लागेका र सो अभियोगमा कैद सजाय वा जरिवाना भोगेका, विदेशमा उद्योग र व्यापारमा लगानी गरेका र तोकिएको भन्दा बढी सम्पत्ति भएकाहरूलाई राजनीतिक दलहरूले उम्मेदवार बनाउन नहुने र उम्मेदवार बनाउने पार्टीहरूलाई समेत कारबाही हुने व्यवस्था गर्नु जरूरी छ भन्नुभयो।

सचिव सुवालले नेपालको संसदीय राजनीतिक प्रणाली नै काम नलाग्ने गरी प्रमलाई विश्वासको मत दिने नेकाले प्रमुख विपक्षी दल दाबी गरेको बलमिचाइ हो भन्नुहुँदै नेमकिपाले माघ ७ गतेको प्रतिनिधिसभा बैठकमा सभामुखलाई प्रमुख विपक्षी दल तोकिदिन लिखित अनुरोध गरेको पत्र संसद् सचिवालयले दर्तासमेत नगरी जिम्मेवारीहीन काम गरेको आपत्तिको विषय हो भन्नुभयो।

उहाँले भन्नुभयो, 'नेपालभित्रको निर्वाचनसमेत स्वच्छ र धाँधलीरहित भइरहेको छैन। बुथ कब्जा, गोली प्रहार, सामान र पैसा बाँड्ने, भोजभतेर खुवाउनेजस्ता आचारसंहिताविपरीत काम भइरहेको छ। यस्तो अवस्थामा विदेशमा बसेका नेपालीलाई मताधिकार दिने व्यवस्था सम्भव छैन। युवालाई नेपालमै रोजगारीको व्यवस्था गरी नेपालभित्रको मतदान स्वच्छ बनाउनु जरूरी छ।'

कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल, पूर्वप्रधानमन्त्रीहरू माधवकुमार नेपाल र झलनाथ खनाल लगायतले पनि धारणा राख्नुभएको थियो।

कार्यक्रम निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेश थपलियाको अध्यक्षतामा सम्पन्न भएको थियो।

# ख्वप विश्वविद्यालय विधेयक किन पारित भएन ?

काठमाडौँ, २३ माघ। नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले ख्वप विश्वविद्यालयको विधेयक संसद्बाट पारित गराउन सर्वदलीय बैठकको ध्यानाकर्षण गराउनुभयो।

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा माघ २३ गते भएको छलफलमा सांसद सुवालले ख्वप विश्वविद्यालयको विधेयक संसद्बाट पारित गराउन प्रमको ध्यानाकर्षण गराउनुहुँदै भन्नुभयो, 'दस–बान्ह वर्षयता केही विश्वविद्यालयका विधेयकहरू पारित भए, नेपाल विश्वविद्यालय विधेयक पनि राष्ट्रिय सभामा दर्ता भयो तर २०७३ सालमा प्रतिनिधिसभामा दर्ता भएको ख्वप विश्वविद्यालयको विधेयक संसद्मा छलफल गराई पारित गराउन प्रमको ध्यानाकर्षण गर्दछु।'

'माघ २२ गतेको प्रतिनिधिसभाको बैठकमा सचिवालयका कर्मचारीहरूले नेमकिपालाई बोल्न नदिने बताएको सभामुखको अधिकारमाथि हस्तक्षेप हो। संसद् सदस्यले संसद्मा

बोल्न नपाउने बैठकको औचित्य हुँदैन । दिनको ८-१० करोड खर्च हुने संसद्मा सांसदलाई बोल्न नदिने बैठक बस्नु जरुरी छैन', सांसद सुवालले सर्वदलीय बैठकको ध्यानाकर्षण गराउनुभयो ।

'प्रधानमन्त्रीलाई विश्वासको मत दिने राजनीतिक दल प्रमुख विपक्षी दल हुनेछैन । ऐनअनुसार नेमकिपालाई प्रमुख विपक्षी दलको जिम्मेदारी आएको हो । यसमा कसैले बल मिचाइ गर्नुहुँदैन' सांसद सुवालले स्पष्टसँग राख्नुभयो ।

प्रधानमन्त्रीलाई विश्वासको मत नदिने दलले सरकारको आलोचना गरी बाटो देखाउने उल्लेख गर्नुहुँदै सांसद सुवालले नेकालाई प्रमुख विपक्षी दल सम्बोधन गरी पत्र पठाउने संसद् सचिवालयका कर्मचारी र ख्वप विश्वविद्यालयको विधेयक संसद्मा पेश गर्न तयारी नगर्ने सरकारी कर्मचारीहरू कसैको एजेन्ट नै हुनुपर्ने बताउनुभयो ।

सरकारमा गएका दलहरूको साझा कार्यक्रममा देश र जनताको हितका प्रतिबद्धता पूरा हुनेगरी विधेयक तयार हुनुपर्नेमा जोड दिनुहुँदै सांसद सुवालले नेपालका मतदातालाई निष्पक्ष र भयरहित वातावरणमा निर्वाचनमा भाग लिने अवस्था तयार नभएको हुँदा विदेशमा बस्ने नेपालीको मताधिकारको विषय उठाउनु तत्काललाई उपयुक्त नहुने बताउनुभयो ।

सांसद सुवालले तत्कालीन प्रमुख प्रतिपक्षी एमालेले संसद्मा हस्ताक्षरसहित असहमति जनाएको र राष्ट्रपतिबाट प्रमाणीकरणसमेत नभएको नागरिकता विधेयकलाई सरकारले पुनः अघि बढाउन सजिलो नहुने उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री पुष्पकमल दाहालले आउने चैतको मध्यसम्म १५-२० ओटा विधेयक पारित गराई चालु अधिवेशन टुङ्ग्याउने, नागरिकता विधेयकमा आवश्यक परिमार्जन गरी अघि बढाउने, प्रेमजीको भनाइअनुसार जनसरोकारलाई सम्बोधन हुने गरी विधेयक अघि बढाउने विचार राख्नुभयो ।

रास्वपाका सांसद सन्तोष परियारले आफूले पनि ख्वपमा अध्ययन गरेको उल्लेख गर्दै ख्वप विश्वविद्यालय विधेयक पारित गर्न जोड दिनुभयो ।

## बागमती प्रदेशसभामा नेमकिपालाई विपक्षी दल घोषणा गर्न माग

बागमती प्रदेशसभामा रहेका दलहरूको बैठक माघ २२ गते हेटौँडास्थित प्रदेशसभा सचिवालयमा बस्यो ।

सो सर्वदलीय बैठकमा नेपाल मजदुर किसान पार्टीको संसदीय दलका नेता सुरेन्द्रराज गोसाईले माघ ९ गते प्रमुख प्रतिपक्ष दाबी गर्दै विपक्षी नेता घोषणा गर्न मागसहितको पत्र दर्ता गरेको बताउनुभयो । उहाँले संसदीय व्यवस्थाको मर्म




तथा सिद्धान्त, नेपालको संविधान र त्यसबमोजिम निर्माण गरिएको प्रदेशसभाको ऐनको आधारमा नेमकिपाले दाबी गरेको प्रस्ट पार्नुभयो ।

प्रदेशसभाका सभामुखको नाउँमा नेमकिपाले लेखेको पत्रमा बागमती प्रदेशसभाका अन्य दलहरू मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दलहरू भएकाले तीबाहेक नेमकिपालाई प्रदेशसभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड झ (१) बमोजिम विपक्षी दल घोषणा गर्न माग गरिएको छ ।



सभामुख भुवनकुमार पाठकले कानुनी परामर्श प्रारम्भ गरिसकेको बैठकमा जानकारी गराउनुभयो । उहाँले विचार, सिद्धान्त, परम्परा आदि सबै विषयमा ध्यान पुऱ्याई निर्णयमा पुग्ने जानकारी गराउनुभयो ।

सर्वदलीय बैठकपश्चात् सदनको बैठक बस्यो । बैठकले १६ सदस्यीय कार्यव्यवस्था परामर्श समिति गठन गऱ्यो । समितिमा नेमकिपाका सांसद सुरेन्द्रराज गोसाई सदस्य चयन हुनुभयो ।

# cd/ zxlbxÊsf]:d[tdf




## अन्तरनगर खो खो प्रतियोगिताको मूल समारोह समितिको बैठक




भक्तपुर नगरपालिकाको आयोजनामा २०७९ फागुन ५ देखि ९ गतेसम्म सञ्चालन हुने अन्तरनगर खो खो प्रतियोगिताको मूल समारोह समितिको बैठक माघ २४ गते बस्यो ।

मूल समारोह समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरलाई सधैँ सक्रिय र जीवन्त नगर बनाउने उद्देश्य प्राप्ति गर्न खेलकुद प्रतियोगिता एउटा सशक्त माध्यम भएको बताउनुभयो ।

समाजमा भएका विभिन्न तह र तप्काका मानिसहरूलाई सक्रिय बनाई नागरिकहरूलाई स्वस्थ बनाउन खेलको धेरै ठूलो भूमिका हुने बताउनुहुँदै उहाँले भक्तपुर नपाले अन्य नपाको लागि प्रेरणादायी र सिक्नयोग्य हुने ढङ्गले काम गरिरहेको बताउनुभयो ।

अघिल्लो कार्यकालमा भक्तपुर नपाले विभिन्न ४ ओटा खेलविधाको अन्तरनगर प्रतियोगिता गरेको जानकारी दिनुहुँदै उहाँले भक्तपुर सबै क्षेत्रको सिकाइ केन्द्रको रूपमा अगाडि बढिरहेको बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले खेलकुद प्रतियोगिता आयोजना गर्नुको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै खो खो खेल एकदम रोमाञ्चक खेल भएको र स्वास्थ्यको हिसाबले पनि महत्त्वपूर्ण छ भन्नुभयो ।

भनपा वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा



खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न ११ ओटा उपसमिति गठन भई विभिन्न नरपालिकामा आवश्यक पत्राचारसमेत भइरहेको बताउनुभयो । उहाँले प्रतियोगिता सम्पन्न गर्न अहिलेसम्म भएको तयारीको विषयमा अवगत गराउनुहुँदै १३५ जनाको मूल समिति गठन भएको जानकारी गराउनुभयो ।

त्यस्तै भनपा वडा नं. ४ का वडाध्यक्ष एवम् भक्तपुर जिल्ला खो खो सङ्घका अध्यक्ष **उपेन्द्र सुवाल**ले खो खो खेलमा खेलाडीहरूको आकर्षण बढिरहेको बताउनुहुँदै प्रतियोगिताले खो खो खेल प्रवर्द्धन हुने बताउनुभयो ।

नेपाल खो खो सङ्घका कार्यवाहक अध्यक्ष **प्रदीप महर्जन**ले २०५२ सालमा नेपाल खो खो सङ्घ गठन भई निरन्तर रूपमा अन्तर्राष्ट्रिय खेलमा सहभागिता जनाउँदै आएको

बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ८ का वडा सदस्य तथा युवा तथा खेलकुद समितिका सदस्य रामसुन्दर बासीले पनि बोल्नुभएको थियो ।

## ट्र्याकसुट वितरण





भक्तपुर नगरपालाकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०७९ फागुन ५ गते देखि ९ गतेसमम्म हुने **अन्तरनगर पुरुष खो खो प्रतियोगिता**मा भनपाको तर्फबाट सहभागी हुने खेलाडीहरूलाई माघ २९ गते ट्र्याकसुट वितरण गर्नुभयो ।

## अन्तरनगर खो खो प्रतियोगिताबारे पत्रकार भेटघाट



भक्तपुर नगरपालिकाको आयोजनामा २०७९ फागुन ५ गतेदेखि ९ गतेसम्म हुने अन्तरनगर पुरुष खो खो प्रतियोगिताबारे फागुन ३ गते पत्रकार भेटघाट कार्यक्रम भयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले विद्यार्थीहरूलाई खेलकुद प्रतियोगितामार्फत सक्रिय बनाउने उद्देश्यअनुरूप नगरपालिकाले खेल क्षेत्रलाई प्राथमिकतामा राखी विभिन्न विधामा विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको आयोजना गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुरको पुरानो क्षेत्रलाई सांस्कृतिक क्षेत्र घोषणा गरी मौलिक शैलीमा घर निर्माण गर्ने नगरवासीहरूलाई आर्थिक अनुदान प्रदान गर्दै आइरहेको बताउनुहुँदै उहाँले भक्तपुरलाई जीवन्त नगर बनाउन नपा क्रियाशील रहेको बताउनुभयो ।

भक्तपुर नपाको आयोजनामा हुने अन्तरनगर पुरुष खो खो प्रतियोगिता सफलताका साथ सम्पन्न गर्न सञ्चारमाध्यमहरूबाट सकारात्मक प्रचारप्रसार हुने विश्वास व्यक्त गर्नुहुँदै उहाँले भक्तपुर नपाको शिक्षा, स्वास्थ्य, सरसफाइबारे भइरहेको सकारात्मक प्रचारलाई देशव्यापीमात्र नभई अन्तर्राष्ट्रिय जगतमा पनि प्रचार भइरहेको बताउनुभयो । प्रतियोगितामा बढीभन्दा बढी सहभागिता गराउन नपाले व्यापक प्रचारप्रसारलाई जोड दिंदै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरमा आन्तरिक पर्यटक बढाउने प्रयास जारी रहेको बताउनुभयो ।



भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले अन्तरनगर पुरुष खो खो प्रतियोगिताबारे प्रेस विज्ञप्ति वाचन गर्नुहुँदै भक्तपुर नपाले प्रतियोगितामा प्रथम हुने टीमलाई रु. १ लाख ५० हजार, दोस्रो हुनेलाई रु. १ लाख र तेस्रो हुनेलाई रु. ५० हजार नगद पुरस्कारको व्यवस्था गर्नुका साथै खेलमा सहभागी नगरपालिकाहरूलाई नगद रु. ५ हजार पुरस्कारको व्यवस्था गरिएको जानकारी गराउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी**ले धन्यवादज्ञापन गर्नुभएको थियो भने युवा तथा खेलकुद समितिका सदस्य रामसुन्दर बासीले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा विभिन्न सञ्चारमाध्यमबाट प्रतिनिधित्व गरेका पत्रकारहरूले प्रतियोगिताबारे जिज्ञासा व्यक्त गरेका थिए ।

**अन्तरनगर पुरुष खो खो प्रतियोगिताबारे**

# प्रेस विज्ञप्ति

## पत्रकार मित्रहरू,

भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणसँगै खेलकुद क्षेत्रमा पनि विशिष्ट स्थान हासिल गर्दै आएको छ। विद्यालयका विद्यार्थी र युवाहरूलाई शारीरिक रूपमा स्वस्थ र तन्दुरुष्ट बनाउन कुनै न कुनै खेलमा सहभागी बनाउनुपर्छ भन्ने मान्यताअनुरूप भक्तपुर नगरपालिकाले भलिबल, फुटबल, टेबलटेनिस, बक्सिङ, कराँते, जिम्नाष्टिकलगायत ६ ओटा खेलकुदको नियमित प्रशिक्षण चलाउँदै आइरहेको छ।

विद्यालयहरूमा खेलहरूको विकास गर्ने उद्देश्यअनुसार विगत ३ वर्ष अगाडिदेखि पूर्णकालीन प्रशिक्षकहरू व्यवस्थापन गरी खेलकुद प्रशिक्षण निरन्तरता दिई कराँते खेलका प्रशिक्षार्थीहरूलाई आत्मरक्षा, प्रशिक्षकसम्बन्धी प्रशिक्षण तालिम सञ्चालन गरी विद्यालयका छात्राहरूलाई प्रशिक्षण सञ्चालन गर्दै आइरहेको छ। २०७९ कार्तिक १ गतेदेखि ६ गतेसम्म नगरभित्रका ४३ ओटा विद्यालयका शिक्षकहरूलाई एक हप्तासम्म प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी पाठ्यपुस्तकमा रहेका आधारभूत सीपहरूसम्बन्धी तालिम सञ्चालन गरिएको थियो।

नेपाल मजदुर किसान पार्टीको स्थानीय तहको चुनावमा प्रतिबद्धता व्यक्त गरेको कुराहरूमध्ये अन्तरनगर खेलकुद प्रतियोगिता पनि एक हो।

भक्तपुर नगरपालिकाले प्रत्येक वर्ष अन्तरनगर खेलकुद प्रतियोगिता गर्दै आइरहेको पनि यहाँहरूमा अवगतै होला। पहिलो वर्ष भलिबल, दोस्रो वर्ष कराँते, तेस्रो वर्ष एथ्लेटिक्स र चौथो वर्ष बुद्धिचाल प्रतियोगिता सफलताका साथ सम्पन्न भइसकेको छ। २०७९ फागुन ५ गतेदेखि ९ गतेसम्म शहीद दिवसको अवसरमा अन्तरनगर खो खो प्रतियोगिता गर्ने प्रमुख सुनिल प्रजापतिको घोषणालगत्तै उहाँकै संयोजकत्वमा १३५ सदस्यीय मूल समिति र ११ ओटा उपसमितिहरू गठन गरिसकेका छौँ। हरेक वर्षको प्रतियोगिताले हामीलाई हौसला र उत्साह प्रदान गरिरहेको छ। हाम्रा हरेक प्रतिबद्धताहरू दृढताका साथ पूरा गर्दैछौँ।

अन्तरनगर खो खो प्रतियोगिताको उद्घाटन शहीद स्मृति खेलमैदानमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ज्यूबाट हुनेछ।

यस वर्षको अन्तरविद्यालय खेलकुद प्रतियोगितामा ७९ विद्यालयहरूले सहभागिता जनाएको मध्ये ४१ विद्यालयहरू खो खो खेल र ५१ विद्यालयहरू कसिमला पाँयमा भाग लिएका थिए। १४ ओटा खेलहरूमध्ये कसिमला पायँ र खो खोमा नै बढी खेलाडीहरू उत्साहित देखिएको पाइन्छ भने आगामी वर्ष अझ बढी विद्यालय र विद्यार्थीहरूले भाग लिने हामीले आशा गरेका छौँ।

नेपाल खो खो सङ्घ, भक्तपुर जिल्ला खो खो सङ्घबाट मान्यता प्राप्त खो खो प्रतियोगिता आज सम्म विभिन्न १४ ओटा नगरपालिकाहरूबाट लिखित र मौखिक रूपमा भाग लिन नाम दर्ता गराइसकेका छन्। अन्तरनगर खो खो प्रतियोगिता नेपालकै पहिलो प्रतियोगिताको रूपमा भक्तपुर नपाले आयोजना गर्दैछ। खो खो खेलको प्रतियोगितामा यस अगाडि नगद पुरस्कारको व्यवस्था कहिल्यै भएको थिएन। भक्तपुर नपाले प्रतियोगितामा प्रथम हुने टीमलाई रु. १ लाख ५० हजार, दोस्रो हुनेलाई रु. १ लाख र तेस्रो हुनेलाई रु. ५० हजार नगद पुरस्कारको व्यवस्था गरेको छ। साथै प्रत्येक खेलमा सहभागी नगरपालिकाहरूलाई नगद रु. ५ हजार पुरस्कारको व्यवस्था पनि गरिएको छ।

अन्त्यमा, फागुन ५ गतेदेखि ९ गतेसम्म हुने खो खो प्रतियोगिता उद्घाटन र्‍याली भक्तपुर नपा वडा नं. ९ दत्तात्रय प्राङ्गणबाट बिहान १० बजे सुरु भई इनाचो, सुकुलढोका, तौमढी, नासमना, भार्वाचो, दुधपाटी हुँदै नगरको मुख्य मुख्य बजार परिक्रमा गरी शहीद स्मृति खेलमैदानमा पुगी उद्घाटन हुनेछ।

यस प्रतियोगिताबारे आ-आफ्नो सञ्चारमाध्यमबाट व्यापक प्रचारप्रसार गरी सहयोग गरिदिनुहुन सम्पूर्ण सञ्चारकर्मी मित्रहरूलाई हार्दिक अनुरोध गर्दछौँ।

**भक्तपुर नगरपालिका**

२०७९ फागुन ३ गते, बुधबार

### अन्तरनगर पुरुष खो खो प्रतियोगिताको उद्घाटन



२०४६ सालको जनआन्दोलनका अमर शहीदहरूको स्मृतिमा भक्तपुर नगरपालिकाले अन्तरनगर पुरुष खो खो प्रतियोगिताको आयोजना गरेको छ। २०७९ फागुन ५ देखि ९ गते सम्म सञ्चालन हुने अन्तरनगर पुरुष खो खो प्रतियोगिताको नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले फागुन ५ गते एक समारोहबीच पानसमा दीप

प्रज्ज्वलन गरी समुद्घाटन गर्नुभयो ।

भक्तपुरको शहीद स्मृति खेलमैदानमा भएको उद्घाटन समारोहमा प्रमुख अतिथि **बिजुक्छेँले** खेलकुद स्वास्थ्य र मित्रताको लागि खेल्नुपर्ने बताउनुहुँदै खेलाडीहरूले प्रतिस्पर्धाको भावनाले प्रतियोगितामा भाग लिने हुँदा खेलाडीहरू स्वस्थ र स्फूर्त रहने बताउनुभयो ।




उहाँले खेलमा हार जित स्वाभाविक हुने हुँदा अनुशासित ढङ्गले खेल्न खेलाडीहरूलाई प्रेरित गर्नुहुँदै एकआपसमा सहयोगी र मित्रवत ढङ्गले प्रतियोगितामा भाग लिन उत्साह प्रदान गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले खो खो खेल प्रवर्द्धनमा भक्तपुर नपाले आयोजना गरेको अन्तरनगर खोखो प्रतियोगिताले सकारात्मक भूमिका खेल्ने बताउनुहुँदै खेलाडीहरूलाई आफ्नो खेल कौशल प्रदर्शन गर्ने सुनौलो अवसर पनि हो भन्नुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापतिले** प्रजातन्त्र पुनःस्थापनाको लागि आफ्नो ज्यानको आहुति दिएका महान् शहीदहरूको बलिदानको स्मरणस्वरूप भक्तपुर नपाले प्रत्येक वर्ष अन्तरनगर खेलकुद प्रतियोगिता आयोजना गर्दै आएको बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, 'खेलाडीहरू खेलमा मात्रै सीमित नरही देशको समसामयिक राजनीतिबारे ध्यान दिने, देशको सार्वभौमिकता रक्षाको लागि बोल्ने र आवश्यक परे लड्न पनि तयार हुने एक योद्धाको रूपमा विकास भएको हेर्न चाहन्छौँ ।'

भक्तपुर नपाले आयोजना गरेको खो खो खेल प्रतियोगिताले राष्ट्रिय र अन्तर्राष्ट्रिय खो खो खेलाडी उत्पादनमा टेवा पुग्ने बताउनुहुँदै उहाँले युवाहरूले आफ्नो देशको लागि केही गर्नुपर्छ भन्ने देशक्तिपूर्ण भावनाको विकासको लागि यस प्रतियोगिताको मुख्य उद्देश्य भएको बताउनुभयो ।

त्यस्तै बागमती प्रदेशका सांसद **सुरेन्द्रराज गोसाईले** अन्तरनगर खो खो प्रतियोगिता २०४६ सालको ऐतिहासिक जनआन्दोलनमा शहादत प्राप्त शहीदहरूमा समर्पित रहेको बताउनुहुँदै देशमा प्रजातन्त्र पुनःस्थापना भएको ३३ वर्ष बितिसक्दा पनि नेपाली जनताले प्रजातन्त्रको उपलब्धि खासै अनुभूति गर्न नसकेको बताउनुभयो ।

खेलकुद क्षेत्रमा भएको पक्षपात, भेदभावको अन्त्य




हुनु जरुरी रहेको बताउनुहुँदै सांसद गोसाईले ओझेलमा परेको खो खो खेलको प्रतियोगिताले यस खेललाई अझ उचाइमा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

भनपा वडा नं. १ का वडाध्यक्ष तथा युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्रीले** अन्तरनगर पुरुष खो खो प्रतियोगितामा १३ ओटा नगरपालिका सहभागी रहेको र १४ ओटा टीमबीच प्रतिस्पर्धा हुने बताउनुभयो ।

उहाँले प्रतियोगितामा प्रथम हुने टीमलाई रु. १ लाख ५० हजार, दोस्रो हुनेलाई रु. १ लाख र तेस्रो हुनेलाई रु. ५० हजार नगद पुरस्कारको व्यवस्था गर्नुका साथै खेलमा सहभागी नगरपालिकाहरूलाई नगद रु. ५ हजार पुरस्कारको व्यवस्था गरेको जानकारी गराउनुभयो ।

कार्यक्रममा भक्तपुरका प्रजिअ **खगेन्द्रप्रसाद रिजाल** र नेपाल खो खो सङ्घका कार्यबाहक अध्यक्ष **प्रदिप महर्जनले** भक्तपुर नपाद्वारा आयोजित खो खो प्रतियोगिताले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा यो खेलको प्रवर्द्धन हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरीले** धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो भने भनपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्वले** पनि बोल्नुभएको थियो ।

प्रतियोगिताको उद्घाटनअघि भक्तपुर नपा वडा नं. ९ दत्तात्रयबाट ऱ्यालीसहित नगरपरिक्रमा गरी शहीदस्मृति खेलमैदानमा पुगी सभामा परिणत भएको थियो । ऱ्यालीमा भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू, पूर्व जनप्रतिनिधिहरू, कर्मचारीहरू, स्वयम्सेवक, खेलाडी तथा विभिन्न विद्यालयहरूका विद्यार्थीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

उद्घाटन कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले राष्ट्रिय रेफ्रि साजन दुवाललाई खेल सामग्री हस्तान्तरण गर्नुभएको थियो भने खेलाडीहरूको तर्फबाट राज कुस्मा, प्रशिक्षकको तर्फबाट कपिल भट्ट र निर्णायकको तर्फबाट साजन दुवालले अन्तरनगर पुरुष खो खो प्रतियोगिता अनुशासित ढङ्गले सम्पन्न गर्न शपथ लिनुभयो ।

# अध्यक्ष बिजुक्छेँसँग खेलाडीहरूको भेट

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)सँग भक्तपुर नगरपालिकाद्वारा आयोजित अन्तरनगर पुरुष खोखो प्रतियोगितामा विभिन्न नगरपालिकाबाट सहभागी खेलाडीहरूले फागुन ६ गते एक कार्यक्रमबीच भेट गर्नुभयो ।





# प्रतियोगिताको नतिजा

## अन्तर नगर खो खो प्रतियोगिताको नतिजा

### लिग चरण

| क्र.सं. | टोली | अङ्क | टोली | अङ्क |
|---|---|---|---|---|
| १ | भक्तपुर नपा 'ए' | ६ | धनगढी उपमनपा | १८ |
| २ | भक्तपुर नपा 'बी' | १४ | कलैया नपा | ८ |
| ३ | कीर्तिपुर नपा | १४ | ललितपुर मनपा | ४ |
| ४ | काठमाडौं मनपा | १७ | कावासोटी नपा | १८ |
| ५ | वीरगञ्ज मनपा | २३ | बनेपा नपा | ४ |
| ६ | ठाकुरबाबा नपा | १५ | काठमाडौं मनपा | ३ |
| ७ | कीर्तिपुर नपा | १७ | भरतपुर मनपा | १३ |
| ८ | भक्तपुर नपा 'ए' | २२ | पोखरा मनपा | १३ |
| ९ | खाँडबारी नपा | १९ | ललितपुर मनपा | १ |
| १० | भक्तपुर नपा 'बी' | १३ | वीरगञ्ज मनपा | १० |
| ११ | भरतपुर मनपा | ६ | खाँडबारी नपा | २८ |
| १२ | कलैया नपा | ९ | बनेपा नपा | ० |
| १३ | ठाकुरबाबा नपा | २५ | कावासोटी नपा | ३ |
| १४ | धनगढी उपमनपा | १६ | पोखरा मनपा | ५ |
| १५ | कीर्तिपुर नपा | १५ | खाँडबारी नपा | ३ |
| १६ | भक्तपुर नपा 'बी' | ३१ | बनेपा नपा | ७ |
| १७ | भरतपुर मनपा | | ललितपुर मनपा | |
| १८ | कलैया नपा | ११ | वीरगञ्ज मनपा | ८ |

### क्वाटर फाइनल

| | | | | |
|---|---|---|---|---|
| १ | धनगढी उपमनपा | १९ | खाँडबारी नपा | १४ |
| २ | ठाकुरबाबा नपा | २० | कलैया नपा | ४ |
| ३ | कीर्तिपुर नपा | १३ | भक्तपुर नपा 'ए' | ३ |
| ४ | भक्तपुर नपा 'बी' | १५ | कावासोटी नपा | ४ |

### सेमि फाइनल

| | | | | |
|---|---|---|---|---|
| १ | धनगढी उपमनपा | ५ | ठाकुरबाबा नपा | १२ |
| २ | कीर्तिपुर नपा | १६ | भक्तपुर नपा 'बी' | १० |

### तेस्रो स्थान

| | | | | |
|---|---|---|---|---|
| १ | भक्तपुर नपा 'बी' | १४ | धनगढी उपमनपा | १५ |

### फाइनल

| | | | | |
|---|---|---|---|---|
| १ | ठाकुरबाबा नपा | १३ | कीर्तिपुर नपा | ११ |

## अन्तरनगर पुरुष खो-खो प्रतियोगितामा ठाकुरबाबा नगरपालिका प्रथम

नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा २०७९ फागुन ५ गतेदेखि ९ गतेसम्म भएको अन्तरनगर खो खो प्रतियोगिताको पुरस्कार वितरण तथा समापन समारोह फागुन ९ गते सम्पन्न भयो ।



सांसद **सुवाल**ले खेलकुद मित्रता, अनुशासन र स्वस्थ बन्नको लागि हो भन्नुहुँदै खेलकुदको माध्यमबाट अनुशासित नागरिक तयार हुने तथा अनुशासित युवा जनशक्तिले देश विकास गर्न सघाउ पुग्ने बताउनुभयो। उहाँले नेपालको संविधान संशोधन गरेर भएपनि संविधानमा खेलकुदलाई मौलिक हकमा समावेश गर्नुपर्ने र १८ वर्षभन्दा माथिका हरेक नागरिकलाई अनिवार्य सैनिक तालिमको व्यवस्था गर्नुपर्ने बताउनुभयो।

हाम्रो देशका विभिन्न ठाउँहरूमा सीमा अतिक्रमण भइरहेको तथा लिम्पियाधुरा, लिपुलेक र कालापानीमा अहिलेसम्म पनि नेपाली सैनिक र प्रहरी नपुगेको बताउनुहुँदै उहाँले देशको सीमा तथा सार्वभौमिकता रक्षा गर्न अनुशासित र देशभक्त नागरिक तयार गर्नुपर्ने बताउनुभयो।

प्रधानमन्त्रीलाई समर्थन गर्ने दल प्रमुख प्रतिपक्षी दल हुन नसक्ने हुँदा कानूनतः नेपाल मजदुर किसान पार्टीलाई प्रमुख प्रतिपक्षी दल घोषणा गर्नुपर्ने बताउनुहुँदै प्रमुख अतिथि सुवालले खेलाडीहरूले खेलको नियम पालना गरी अनुशासित खेल खेलेझैँ नेपालको राजनैतिक दलका नेताहरूलाई राजनीतिक अनुशासन सिकाउन आवश्यक छ भन्नुभयो।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले प्रजातन्त्र पुनःस्थापनाको लागि आफ्नो ज्यानको आहुति दिएका महान् शहीदहरूको बलिदानको स्मरणस्वरूप भक्तपुर नपाले प्रत्येक वर्ष फागुन महिनामा अन्तरनगर खेलकुद प्रतियोगिता आयोजना गर्दै आएको बताउनुभयो।

उहाँले भक्तपुर नपाले आयोजना गरेको खो खो खेल प्रतियोगिताले राष्ट्रिय र अन्तर्राष्ट्रिय खो खो खेलाडी उत्पादन गर्न सहयोग पुग्ने बताउनुहुँदै युवाहरू देशको सार्वभौमिकता रक्षा गर्न सक्षम हुनुपर्ने बताउनुभयो।

कार्यक्रममा बागमती प्रदेशका सांसद **सृजना सैँजु**ले अन्तरनगर खो खो प्रतियोगिता २०४६ सालको ऐतिहासिक जनआन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्ने शहीदहरूप्रति समर्पित रहेको बताउनुहुँदै देशमा व्यवस्था परिवर्तन भएपछि पनि गरिब जनताको जीवनमा खासै परिवर्तनको अनुभूति हुन नसकेको बताउनुभयो।

शासक वर्गका नेताहरू भूईँमान्छेबाट महलमा पुगिसकेपनि युवाहरूलाई देशमै काम गर्ने वातावरण नरहेको र वर्षेनी लाखौँ युवाहरू विदेशिनु पर्ने बाध्यता रहेको बताउनुहुँदै सांसद सैँजुले गरिब जनताको जीवन परिवर्तनको लागि समाजवादी व्यवस्थाको आवश्यकता रहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणका साथसाथै खेलकुद क्षेत्रलाई विशेष प्राथमिकतामा राख्दै आएको बताउनुहुँदै देशको सार्वभौमिकता, अनुशासन र मित्रताको लागि भक्तपुर नपाले हरेक वर्ष विद्यालयस्तरीय र अन्तरनगर खेलकुद प्रतियोगिता गरी देशको लागि उत्कृष्ट खेलाडीहरू उत्पादन गर्दै आइरहेको बताउनुभयो।

कार्यक्रममा कीर्तिपुर नगरपालिकाका उपप्रमुख **सुनिता शाक्य**ले भक्तपुर नगरपालिकाले खेलकुद क्षेत्रमा गरिरहेको योगदान उदाहरणीय रहेको बताउनुहुँदै कम श्रोत साधनमा पनि खेलाउन सकिने खो खो खेल प्रतियोगिताको सञ्चालनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा यस खेलको महत्त्व स्थापित गर्न सक्नुका साथै खेलको प्रवर्द्धन समेत हुने बताउनुभयो। उहाँले निकट भविष्यमा कीर्तिपुर नगरपालिकाले अन्तरनगर उपमेयर कप भलिबल कप प्रतियोगिता आयोजना गर्न लागेको जानकारी दिनुहुँदै नगरपालिकाहरूलाई सहभागिताको लागि अनुरोध गर्नुभयो।

भनपा वडा नं. १ का वडाध्यक्ष एवं युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले स्थानीय तह निर्वाचनको घोषणापत्रअनुसार अन्तरनगर पुरुष खो खो प्रतियोगिता आयोजना गरेकोमा १३ ओटा नगरपालिकाबाट १४ ओटा टीमको सहभागिता रहेको जानकारी दिनुभयो। कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी**ले धन्यवाद ज्ञापन मन्तव्य राख्नुभएको थियो भने खेलकुद समितिका सदस्य **रामसुन्दर बासी**ले पनि बोल्नुभएको थियो।



प्रमुख अतिथिलगायत अतिथिगण फाइनल टोलीका साथ

*कार्यक्रमका प्रमुख अतिथि सुवालले प्रतियोगितामा प्रथम हुने **ठाकुरबाबा नगरपालिका**लाई ट्रोफी तथा नगद रु. १ लाख ५० हजार, दोस्रो हुने **कीर्तिपुर नगरपालिका**लाई ट्रोफी र रु. १ लाख तथा तेस्रो हुने **धनगढी उपमहानगरपालिका**लाई ट्रोफी र रु. ५० हजार नगद पुरस्कारका साथै खेलाडीहरूलाई पदक प्रदान गरिएको थियो। कार्यक्रमका सभापति प्रजापतिले खेलमा सहभागी नगरपालिकाहरूलाई मायाको चिनो र नगद रु. ५ हजार पुरस्कार प्रदान गर्नुभयो।*

# ‘अभिभावक र विद्यार्थीहरूको भावना जित्न सक्नु हाम्रो सफलता हो’

–सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका



ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ स्थानीय तहबाट सञ्चालित कलेजहरू हुन्। जनताका छोराछोरीलाई सस्तो र गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापित यी कलेजहरूले देशका लागि आवश्यक केही प्राविधिक जनशक्ति उत्पादन गर्दै आएका छन्। हाम्रा कलेजहरूबाट उत्पादित प्राविधिकहरू देशका विभिन्न क्षेत्रमा सफलतापूर्वक काम गरिरहेको पाउँदा हामीलाई गर्व लाग्छ।

ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ प्राविधिक शिक्षा हासिल गर्न चाहने अधिकांश विद्यार्थीहरूको आकर्षणको केन्द्र बन्दैछन्। अभिभावक र विद्यार्थीहरूको भावना जित्न सक्नु हाम्रो सफलता हो। हामी शैक्षिक गुणस्तरमा कसैसँग सम्झौता गर्दैनौं। यहाँ अध्ययनरत हरेक विद्यार्थी अनुशासित र देशभक्त बनाउने हाम्रो निरन्तर प्रयास जारी छ।

उच्च शिक्षाको जग विद्यालय शिक्षा हो। देशको समग्र शैक्षिक अवस्थालाई ध्यान दिने हो भने सामुदायिक शिक्षा निकै कमजोर हुँदैछ। विद्यालयहरूमा विषयगत शिक्षक नहुनु, पाठ्यपुस्तकसमेत समयमा नपुग्नु र आवश्यक भौतिक सुविधा नहुनु सबैजसो सामुदायिक विद्यालयका साझा समस्याहरू हुन्। यस्ता विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूलाई उच्च दक्ष जनशक्ति तयार गर्नु ठूलो चुनौतीको विषय हो।

देशभरि निजी शैक्षिक संस्थाहरू सञ्चालनमा रहेको अवस्थामा हाम्रा शैक्षिक संस्थाहरू सफलतापूर्वक अगाडि बढ्दैछन्।

शिक्षा राज्यको दायित्व हुनुपर्छ भन्ने हाम्रो मान्यता हो। आज शिक्षा क्षेत्र ठूलो व्यापार बन्दैछ। गरिब र निम्न वर्गका जनताका छोराछोरीहरूका लागि उच्च शिक्षा हासिल गर्नु अत्यन्त गाह्रो हुँदै गएको छ। उदारीकरणको नाउँमा शिक्षालाई निजीकरण गर्नु नै यसको मुख्य कारण हो।

भक्तपुर नपाले यी दुई कलेजसमेत गरी ८ ओटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको छ। गरिब र जेहेनदार विद्यार्थीलाई हाम्रा शैक्षिक संस्थाहरूमा वर्षको ३ करोड रुपैयाँभन्दा बढीको छात्रवृत्तिको व्यवस्था, विभिन्न कलेजहरूमा उच्च शिक्षा हासिल गर्नेहरूका लागि रु. ५ लाखको शैक्षिक ऋण तथा इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति र नेपालभाषा पढ्नेहरूका लागि विद्यावारिधिसम्म सम्पूर्ण छात्रवृत्तिको व्यवस्था भक्तपुर नपाले गर्दै आएको छ। यसले शैक्षिक क्षेत्रमा अहिले भक्तपुर देशकै अगाडि बढेको जिल्लाको रूपमा परिचित हुँदैछ। आजको अवस्थासम्म शैक्षिक क्षेत्रमा प्रगति हुनु स्थानीय जनता, शिक्षक, प्राध्यापक तथा विद्यार्थीहरूको संयुक्त प्रयासकै प्रतिफल हो।

आज देशभित्र राम्रो शैक्षिक वातावरण नभएको कारण देखाउँदै वर्षको लाखौं विद्यार्थीहरू उच्च शिक्षा हासिल गर्न विदेशिने गरेको रेकर्ड छ। त्यसबाट शिक्षाको लागि मात्रै देशको झन्डै १ खर्ब रुपैयाँ बाहिरिने गरेको

बताइन्छ । एकातिर पढाइको निम्ति विदेशिने अर्कोतिर उच्च शिक्षा हासिलगरेका जनशक्ति रोजगारीको निम्ति विदेशिने क्रमले देशको भविष्य कस्तो हुन्छ ? यो हामी सबैले सोच्नुपर्ने विषय हो ।

स्वदेशमा रहेका सबै कलेज र विश्वविद्यालयहरू राम्रा भइदिएका भए किन पढाइको निम्ति विद्यार्थीहरू विदेशिन्छन् ? सधैँ बन्द, हड्ताल र तालाबन्दीले विद्यार्थी र अभिभावक निराश भएर बाध्यतावश विदेश पठाउने गरेका थुप्रै उदाहरणहरू छन् । यसर्थ शिक्षा र रोजगारको बन्दोबस्त राज्यले नै गर्नुपर्छ भन्नेमा हामी निरन्तर जोड दिन्छौँ ।

अहिले देशभरिका विकास निर्माणहरू अलपत्र छन् । ठेकेदारहरू यसका मुख्य दोषीहरू हुन् तर उसको कामलाई वैधता दिने प्राविधिकहरू पनि यसमा कम जिम्मेवार छैनन् । यस्ता गैरजिम्मेवार र राज्यलाई नोक्सान हुने विकास निर्माणका नाउँमा हुने गलत काममा हाम्रा प्राविधिकहरूको नाम नजोडियोस् । हामी यही चाहन्छौँ ।

देशको नीति निर्माण गर्ने थलो प्रतिनिधिसभा हो । प्रतिनिधिसभामा निजी विद्यालय, कलेजका सञ्चालकहरू, विभिन्न विकास निर्माण अलपत्र पारेर देश बर्बाद गर्ने ठेकेदारहरू निर्वाचित हुनुले देशको भविष्य झन् जटिल बन्ने सम्भावना बढ्दैछ । निजी क्षेत्रलाई जोड दिने हरेक विषयलाई नाफा नोक्सानसित तुलना गर्ने गर्छन् । त्यसैले त सरकारको स्वामित्वमा सञ्चालित विद्यालय, कलेज, विश्वविद्यालय, यातायात, हवाईसेवा, कलकारखानालगायतका क्षेत्र भताभुङ्ग र बिग्रंदो अवस्थामा छ । सामुदायिक क्षेत्र असफल नभएसम्म निजी क्षेत्रले बढी नाफा कमाउन सक्दैन ।

त्यसको ठीक विपरीत भक्तपुर नगरपालिका सामुदायिक विद्यालय, कलेज, अस्पताल सञ्चालन गरी जनताको सेवामा समर्पित भएर अगाडि बढ्दैछ । यो नेपालको संविधान २०७२ ले कल्पना गरेको समाजवादउन्मुख काम हो । हामी संविधान र कानुनको दायराभित्र रहेर देशको सेवामा निरन्तर लागिरहेका छौँ । देशको मुहार जनताले नै फेर्ने हो । आत्मनिर्भरता यसको अचुक उपाय हो । हामी हरेक क्षेत्रमा आत्मनिर्भरतालाई जोड दिँदैछौँ र दिइरहनेछौँ ।

*(२०७९ माघ २० गते भएको भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको २१ औँ र ख्वप कलेज अफ इन्जिनियरिङको १४ औँ वार्षिकोत्सवको उद्घाटन समारोहमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य)*

# जीवन–आचरण

## मान्छेको मूल्य

एउटा मान्छेले बुद्धको नजिकै गएर सोध्यो – 'हे महाज्ञानी, मलाई बताइदिनुस् कि मान्छेको वास्तविक मूल्य कति हुन्छ ?'

उसको कुरा सुनेर बुद्धले आफ्नो भिक्षा पात्रमा रहेको एउटा चम्किलो पत्थर त्यो मान्छेलाई दिएर भन्यो – 'बाबु, तिमी यो पत्थर लिएर बजारमा जाऊ र यस पत्थरको मूल्य बुझेर आऊ । तर याद राख्नु कि तिमीले यो पत्थरलाई नबेच्नु ।'

बुद्धको निर्देशन बमोजिम त्यो मान्छे त्यस ठाउँको सबैभन्दा ब्यस्त बजारमा गयो र त्यो पत्थरको मूल्य एकएक गर्दै अरू मान्छेहरूलाई सोधन थाल्यो – 'यो पत्थरको मूल्य कति हो ?'

तरकारी पसले : 'यो पत्थर मलाई देऊ र यो एक डोको तरकारी लिएर जाऊ ।'

आलु पसले : 'भाइ, त्यो पत्थर मलाई दिए म तिमीलाई सय धार्नीको एक बोरा आलु दिनेछु ।'

ब्यापारी : 'म तिमीलाई रु. ५० लाख दिन्छु, त्यो पत्थरको बदलामा ।'

अर्को ब्यापारी : 'म तिमीलाई रु. १ करोड दिनेछु, मलाई त्यो पत्थर बेच ।'

हिरा ब्यापारी : 'यो संसार कै सबैभन्दा दुर्लभ हिरा हो । संसारभरि कै सबै सम्पत्तिहरू दिँदा पनि यो हिरालाई किन्न असम्भव छ ।'

त्यो चम्किलो पत्थरको मूल्य बजारमा भेटिएका सबै मान्छेहरूले फरक फरक मूल्य बताएको कुराहरू सबै त्यो मान्छेले बुद्धलाई सुनाए । बुद्धले सबै कुरा ध्यानपूर्वक सुनिरहेका थिए । अन्तत, बुद्धले मुहारमा मन्द मुस्कानका साथ बोल्न सुरु गरे – 'बाबु, तिमी पनि त्यो बहुमूल्य पत्थर जस्तै हौ । संसारमा मान्छेहरूले आफ्नो औकात, क्षमता, स्वार्थ, ज्ञानअनुसार तिम्रो मूल्य लगाउने गर्छन् । त्यसैले कसैले तिमीलाई १ डोको तरकारीको मूल्य बराबरको ठान्छ भने तिमीले बुझ्नु पर्छ कि त्यो मान्छेको हैसियत नै १ डोको तरकारी बराबरको मात्र रहेछ । एकदिन तिम्रो बहुमूल्यतालाई बुझ्ने मान्छे पनि तिमीले अवश्य भेटाउने छौ ।'

# पुँजीवादमा समानता र मानव अधिकार 'देखाउने दाँत' मात्रै

विवेक

पुँजीवादी व्यवस्थामा पुँजीपति वर्गको तानाशाही चल्छ। त्यस शासन व्यवस्थामा कामदार वर्गको अवस्था भने अत्यन्त दयनीय हुन्छ। कामदार वर्गका जनतामा आउने चेतनास्तरसँगै कामदार वर्गले पुँजीपति वर्गलाई आफ्नो शत्रु भन्ने बुझ्छन् र त्यसका विरुद्ध सङ्घर्ष गर्छन्। त्यो नै वर्ग सङ्घर्ष हो। वर्ग सङ्घर्षकै माध्यमबाट पुँजीवादको अन्त्य र समाजवादको उदय हुन्छ। सशस्त्र सङ्घर्षको माध्यमबाटमात्रै पुँजीवादलाई जरैदेखि उखेलेर समाजवादको स्थापना सम्भव हुने मार्क्सवादी विचार हो। पुँजीपति वर्गले कामदार वर्गलाई समाजवादको बाटोमा अगाडि बढ्न नदिन विभिन्न किसिमका जालसाजीहरू गरिरहेका हुन्छन्। उनीहरू पुँजीवादी व्यवस्थालाई जनवाद, प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, मानव अधिकार, समानताजस्ता शब्दहरूले सिङ्गार्छन् छलछाम गर्छन्। ती त सबै पुँजीपति वर्गको विरुद्ध जनताको आक्रोसलाई मत्थर गर्ने शब्दजालहरू मात्रै हुन्। केही उदाहरणहरू हेरौँ !

## शिक्षामा समान पहुँच

नेपालको संविधानमा शिक्षामा सारा जनताको समान पहुँचको व्यवस्था छ। के सारा नागरिकले समान शिक्षाको अवसर पाएका छन् ? आज लाखौँ विद्यार्थीहरू पाठ्यपुस्तकबिना पढ्न बाध्य छन्। सरकारी विद्यालयहरूमा न विषयगत शिक्षक छन्, न प्रयोगशाला र पुस्तकालय नै। ती नै विद्यार्थीहरू एउटै प्रश्नपत्रमा एसइई परीक्षा दिन बाध्य छन्। शिक्षालाई निजीकरण गरेको कारण विद्यालय र कलेज शिक्षादेखि नै समाजलाई माथिल्लो र तल्लो वर्गको रूपमा वर्ग विभाजन सुरु गरेका हुन्छन्। शिक्षालाई ठूलो व्यापार बनाइँदै छ। पुँजीपति वर्ग जहाँ नाफा हुन्छ त्यहाँ आकर्षित हुने हो। एकजना विद्यार्थीबाटै दशौँ लाख रुपैयाँ असुल्न पाएपछि अरू उद्योग खोल्नुभन्दा शैक्षिक उद्योग खोल्नेतर्फ लाग्नु पनि स्वभाविक हो। एकजना एमबीबीएस डाक्टर पढ्न ५०/६० लाख शुल्क असुल्छन्। गरिबहरूका निम्ति त्यो आकाशको फल हो। सरकारले ती सबैलाई छुट दिएकै छ। सस्तोमा डाक्टर पढाउँछौँ भन्दाभन्दै किन ख्वप विश्वविद्यालयलाई स्वीकृति दिएन ? संविधानमा सबै नागरिकको समान पहुँच भनेको के यही हो ?

## प्रेस स्वतन्त्रता

पुँजीपति वर्ग समाजवादमा कुनै किसिमको व्यक्तिगत र प्रेस स्वतन्त्रता हुँदैन भन्ने आरोप लगाउँछ। वास्तवमा यो अर्को झूट हो। पुँजीवादीहरू प्रेसलाई आफ्नो नियन्त्रणमा राख्नुलाई नै स्वतन्त्रता ठान्छन्। अहिले देशमा चलेका सञ्चार माध्यमहरू हेर्नुहोस् त हरेक मिडिया हाउस कुनै न कुनै पुँजीपति वर्गको नियन्त्रण छ। उनीहरू जनआन्दोलनलाई दबाउन प्रेसलाई सशक्त हतियारको रूपमा प्रयोग गर्छन्। आफ्नो उद्योगधन्दाका कमसल सामानहरू बिकाउन उनीहरू आफ्नै सञ्चारमाध्यममा झिलिमिली विज्ञापन गर्छन्, जनतालाई आकर्षित गर्छन् र मनग्य नाफा कमाउँछन्। देश र जनताको निम्ति काम गर्ने राजनैतिक दलका नेता कार्यकर्ताहरूको स-साना कमी कमजोरीहरूलाई भयङ्कर ठूलो गल्ती वा अपराधकै शैलीमा प्रचार गर्छन् र माथि उठ्नै नदिने प्रयास गर्छन्। यस अर्थमा सञ्चार माध्यम एक प्रकारको बन्दुकबिनाका सेना हुन्। कलमलाई बन्दुक र बम भन्दा सशक्त हतियारको रूपमा उनीहरूले प्रयोग गरिरहेका हुन्छन्। यस कुराको थोरै भए पनि पुष्ट्याइँ गर्ने काम गृहमन्त्रीबाट हटिसकेपछि रवि लामिछानेबाट भयो। उनले आवेगमै भए पनि '१२ भाइ' बारे केही गम्भीर विषयहरू सार्वजनिक गरे। मिडियाले गरिब जनताको आँखामा छारो हाल्ने काम कसरी गर्दा रहेछन् भन्ने दरिलो प्रमाण पेश गरे।

राज्यको चौथो अङ्ग दाबी गर्ने मिडियाले गरिरहेका कतिपयको स-प्रमाण सार्वजनिक भए। यसले धेरैलाई झस्काइदिएको छ। यही हो पुँजीवादमा हुने प्रेस स्वतन्त्रता ! समाजवादी देशहरूमा सञ्चार जगत सरकारको पूर्ण नियन्त्रणमा हुन्छ। आधिकारिक विषयबाहेक कुनै विषय जनतालाई भ्रममा पार्ने काम गर्दैन। मिडिया जनतालाई सुसूचित गर्ने माध्यम र चेतनास्तर उठाउने बाहेक व्यापार गर्ने उद्योगको रूपमा पनि प्रयोग गर्दैन। पुँजीपति वर्गले स्वेच्छाचारी ढङ्गले काम गर्न नपाउने हुँदा तिनीहरू समाजवादी व्यवस्थाको विरोध गर्छन् र तानाशाही व्यवस्थाको आरोप लगाउँछन्। वास्तवमा कुनै पनि राज्य व्यवस्था तानाशाही नै हुने गर्छ। के अहिले पुँजीवादी तानाशाही चलिरहेको छैन ? प्रेस स्वतन्त्रता छ भन्दैमा जनताले ठूलठूला मिडिया हाउस चलाउन सक्दैन किनभने उनीहरूसँग करोडौँ र अर्बौं पैसा हुँदैन। अहिले पुँजीपति वर्गले रेडियो, टेलिभिजन र ठूलठूला रङ्गीन छापा पत्रिकाहरूमा अर्बौं लगानी गरी चलाइरहेका छन्। उनीहरूसँग कामदार वर्गका सञ्चार माध्यमहरूले

प्रतिस्पर्धा गर्नै सक्दैनन् ।

ठूला मिडियाहरू जनताबीच भ्रम छर्न पनि त्यत्तिकै सफल हुन्छन् । गएको आम निर्वाचनलाई मात्रै हेरौँ न ! सिद्धान्त र विचारबिनाको पार्टी बनाएर पनि ६ महिनाभित्रै देशको चौथो शक्तिको रूपमा उदय भयो । के कम्युनिष्ट पार्टीहरूले झैँ जनतालाई राजनैतिक रूपले सचेत र सङ्गठित बनाएर यो सम्भव हुन्छ ? किन एकैचोटि त्यति धेरै जनताले विश्वास गरे ? मिडिया नै यसका प्रमुख कारण हो । एमाले, नेका र माओवादीहरूले पनि आ–आफ्नो पार्टीका ठूलठूला मिडिया हाउसहरू सञ्चालन गर्दैछन् । नेपालमा कम्युनिष्ट नामधारीहरूलाई बढी मत आउनुका कारण नेका र राप्रपाभन्दा कुनै कुरामा फरक नभएर हो । पुँजीपति वर्गको आक्रमणको डरले एमाले र माओवादीहरू आफूलाई नेकाभन्दा लोकतान्त्रिक दाबी गर्छन् ।

पुँजीपति वर्गले आफ्नो वर्गको हितमा प्रचार प्रसार गर्न पाउने छुट र स्वतन्त्रतालाई नै वाक वा प्रेस स्वतन्त्रताको रूपमा प्रचारप्रसार गर्छन् । यो जनताको पक्षमा कदापि होइन र हुन सक्दैन । संविधान र कानुनमा प्रेस स्वतन्त्रताको अर्थ पुँजीपति वर्गको मनपरी तन्त्रलाई वैधानिकता दिएको अर्थमा बुझ्नु अन्यथा हुने छैन ।

## मानव अधिकार

पुँजीवादीहरू समानता र मानव अधिकारको खुब प्रचारप्रसार गर्छन् । आर्थिक समानताबिनाको मानव अधिकार धोखा हो । आज गरिबहरूले एक छाक खान पाइरहेका छैनन्, रोजगारको निम्ति लाखौँ युवाहरू विदेशिन बाध्य छन्, शिक्षा र राम्रो उपचारको व्यवस्था छैन । तर संविधानमा भने मानव अधिकारका कुराहरू उल्लेख गरिएका छन् । त्यो जनताले उपभोग गर्नलाई भन्दा देखाउनलाई हो । बलात्कारका घटनाहरू दिनदिनै भइरहेका छन् । मानव बेचबिखन, तस्करका घटनाहरूले हरेक दिन पत्रिकाका पानाहरू नभरिएका र खान नपाएर मरेका, उपचार नपाएर छट्पटिएका जनताका आक्रोस र चित्कार सुन्न नपरेको दिन हुँदैन । तापनि कानुनमा 'मानव अधिकारको सुनिश्चितता' दिइएको दाबी गर्छन् र भन्ने गर्छन् – 'समाजवादमा मानव अधिकार हुँदैन ।' हो, यही झूटलाई पुँजीपति वर्ग जनताबीच प्रचारप्रसार गर्छन् र भ्रम सृजना गर्छन् । समाजवादप्रति घृणा सिर्जना गर्ने गर्छन् ।

योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको बन्दोबस्त, आर्थिक समानता, रोजगारीको सुनिश्चितता, शिक्षा र स्वास्थ्य उपचार निःशुल्कको व्यवस्था साँचो अर्थमा मानव अधिकार हो । यो समाजवादी व्यवस्थामा मात्रै हुन्छ । त्यसैले मानव अधिकारको पूर्ण उपभोग समाजवादी व्यवस्थामा मात्रै सम्भव छ । पुँजीवादी व्यवस्थामा प्रेस स्वतन्त्रता, शिक्षामा समान हक, समान अधिकार र समानता भनेको 'कोटमा सिउरिने फूल' जस्तै मात्रै हुने गर्छ अर्थात् त्यो नक्कली हुन्छ । हात्तीको देखाउने र चपाउने दाँत फरक भए जस्तै पुँजीवादमा मानव अधिकार, प्रेस स्वतन्त्रता र समानता त्यस्तै देखाउने दाँत मात्रै हो । पुँजीवादका यी र यस्ता विकृतिहरूबारे जनता सचेत नभएसम्म समाज अगाडि बढ्न सक्दैन । आजका युवाहरूमा राजनीतिप्रतिको वितृष्णा पुँजीपति वर्गले सिर्जना गरेका भ्रमकै परिणाम हुन् ।

---

# प्रेरणीय

### जनताका लागि लेख्ने लेखक

चार्ल्स डिकेन्स इंग्ल्यान्डका प्रसिद्ध कथाकार थिए । तत्कालीन समयमा उनका कथा निकै चर्चित थिए । उनका कथाका पाठक विभिन्न तहका मानिस थिए । तर, उनी आफ्ना कथा सामान्य जनताका लागि लेखिएका हुन् भन्नेमा आफू प्रस्ट थिए ।

कुरा त्यो वेलाको हो, जतिखेर उनको ख्याति देशभर फैलन सुरु भएको थियो । त्यो वेला उनी कैयौँ मानिसलाई आफ्ना रचना सुनाउँथे । उनका ती कथा सुन्ने पाठक प्रायः सर्वसाधारण मानिस नै हुने गर्थे । त्यतिखेर उनका श्रोताको सङ्ख्या हजारौँ थिए ।

बिस्तारै इंग्ल्यान्डकी तत्कालीन महारानी भिक्टोरियाले पनि उनका कथा लेखन र वाचन शैलीको प्रशंसा सुनिन् । महारानी पनि कथाकार डिकेन्सको रचना सुन्न लालायित भइन् र आफ्ना सेवकलाई डिकेन्सलाई बोलाउन पठाइन् । महारानीको आदेश पाउनासाथ उनका सेवक चार्ल्स डिकेन्स खोज्न हिँडे । उनलाई भेट्न कठिन भएन । सेवकले डिकेन्सलाई महारानीले खोजेको कुरा सुनाए र आफूसित हिँड्न आग्रह गरे । उनको अनुरोधअनुसार डिकेन्स पनि दरबार जान तयार भए । जब ती सेवकले डिकेन्सलाई महारानीसमक्ष प्रस्तुत गरे, तब महारानीले उनको रचना सुन्ने इच्छा व्यक्त गरिन् ।

डिकेन्सले महारानीसँग भने, 'मेरो रचना महारानीबाट सुन्ने इच्छा व्यक्त गरिनु मेरा लागि अहोभाग्य हो । तर, यसमा मेरा केही सर्त छन् । साँच्चै महारानी मेरो रचना सुन्न चाहनुहुन्छ भने त्यति वेलामा आउनुपर्नेछ, जब म सर्वसाधारण मानिसलाई आफ्ना रचना सुनाइरहेको हुन्छु । माफ गर्नुहोला महारानी, म राजमहलका लागि लेख्दिनँ, म त सामान्य जनताका लागि लेख्छु ।' डिकेन्सको जवाफ सुनेर महारानी आश्चर्यमा परिन् तर उनले केही भनिनन् । उता डिकेन्स भने महारानीसित बिदा मागेर फटाफट आफ्नो घरतिर लागे ।

# पृथ्वीको सृष्टिबारे केही ऐतिहासिक जानकारी



विष्णुभक्त राजचल

शिलापत्र, ताम्रपत्र, भोजपत्र, पौराणिक गायन, हस्तलिखित ग्रन्थ जस्ता दस्तावेजहरू तथा विभिन्न मूर्ति, अवशेष एवं प्रत्यक्ष अनुभव आदिको आधारमा इतिहास रचिएका हुन्छन् । केही राजा महाराजाहरू, साहित्यकारहरू, विद्वान, दार्शनिक, वैज्ञानिक र राजनीतिक व्यक्तित्वहरू तथा सभ्यता एवं विभिन्न घटनाहरूको इतिहास हामीले पढेका छौँ । यस्तै, आन्दोलन, क्रान्ति, सङ्घर्ष र लडाइँबारे पनि हामीले पढेका छौँ । तर, पृथ्वीको सृष्टि तथा यसको आयु र विभिन्न महाकल्पबारेको ऐतिहासिक जानकारी सम्बन्धित अध्येताले बाहेक कमले मात्र पढेका, सुनेका होलान् । पृथ्वीको सृष्टि सम्बन्धी इतिहास, आयु र महाकल्प आदिबारे कुनै मानवले प्रत्यक्ष देखेर वा अनुभवको आधारमा तयार पारिएका हुँदैनन् । पृथ्वीको विभिन्न स्थानमा पाइने प्राचीन वस्तुहरू, चट्टानमा पाइने जीवांश (अवशेष), भौगोलिक स्वरूप, प्राकृतिक घटना, चमत्कारी दृष्य आदिलाई आधार मानेर वैज्ञानिक तथा अनुसन्धानकर्ताहरूले खोज, अनुसन्धान गरेर प्रयोगशालामा लगी प्रयोग गरेर निस्केका सारबाट तयार पारिएका सत्य, तथ्य सिद्धान्तका आधारमा प्रमाणित गरी इतिहास रचिएका हुन्छन् । त्यस्तो ऐतिहासिक तथ्य एकप्रकारको काल्पनिक दस्तावेजजस्तो पनि लाग्नसक्छ । तर प्रमाणित रूपले हेर्दा धेरै जसो दस्तावेजहरू सत्यताको नजिक पुगेको हुन्छ । अतः यसैलाई आधार मानेर सत्रौं शताब्दी पछिका विभिन्न वैज्ञानिक, अनुसन्धानकर्ताहरू र दार्शनिकहरूले गरेका खोज, अनुसन्धानअनुसार तयार पारिएका पृथ्वीको सृष्टि तथा यसको आयुबारे केही ऐतिहासिक जानकारी पाठकहरू समक्ष राख्ने जमर्को यहाँ गरिएको छ ।

पृथ्वीको सृष्टि, यसको आयु तथा विकास सम्बन्धमा आधुनिक २१ औं शताब्दीको वैज्ञानिक युगमा समेत कतिपय विवादास्पद छन् । यद्यपि, धरातलका विभिन्न भागहरूमा पाइने विभिन्न आकार प्रकारका पहाड, पर्वत, डाँडा, बेँसी, उपत्यका, खोँच, कान्ला, टार, मैदान, सागर आदिका आकृति एउटै स्थान वा क्षेत्रमा पनि धेरै भिन्नतामा प्रदर्शित रहेका छन् । यसमा धरातलीय संरचना, माटो, चट्टान, जलवायु, वनस्पति, प्राणी, असन्तुलित प्राकृतिक गतिविधि आदिले प्रभावित पारेका छन् । तर कुनचाहिँ प्रभावले कस्तो किसिमको भू-आकृतिको निर्माण कसरी भएका छन् भन्नेबारे समय-समयमा विभिन्न वैज्ञानिक एवं भूगोलविद्ले फरक-फरक धारणा प्रस्तुत गरेका छन् । तरपनि यस पृथ्वीको सृष्टि सूर्यसँग अन्य वस्तुबीचका प्रतिकृयाको परिणामलाई भने नकार्न सकेका छैनन् ।

पृथ्वीको सृष्टि दुई अर्ब वर्ष पूर्व भएको अनुमान गरिएको छ । यस अनुमानमा भरपर्दो निश्चित आधार नभएका कारण विद्वान दार्शनिकहरूबीच मतान्तर रहेको छ । अहिलेसम्ममा पृथ्वीका विभिन्न भागहरूमा फेला पारिएका विभिन्न आकृतिका जीवांश, भौगोलिक स्वरूप, प्राकृतिक घटना, चमत्कारी दृश्य, सागरीय ज्वारभाटा, अपरदन प्रक्रिया आदिलाई विभिन्न विद्वान दार्शनिक एवं वैज्ञानिकहरूले आधार लिएका छन् । यही आधारमा विद्वान दार्शनिकहरूले पृथ्वीको सृष्टि वा उत्पत्ति सम्बन्धमा अठारौँ शताब्दीदेखि आ-आफ्ना विचार, धारणा, सिद्धान्त र



जर्ज डि बफन



कान्ट



लप्लास



चम्बरलिन


मोल्टन


जेफ्रि



जेन


रशेल

भनाइलाई प्रकाशनमा ल्याएका छन् । पृथ्वीको सृष्टि सम्बन्धी विषयलाई लिएर **जर्ज डि बफन** (Georges Louis Leclerc (later Count of Buffon -1707-1788) ले सर्वप्रथम ई.सं. १७४५ मा आफ्नो विचार प्रस्तुत गरेका थिए । यी फ्रान्सिसी थिए । उनको समयमा फ्रान्समा पृथ्वीको सृष्टि सम्बन्धी खोज सुरु भएको थियो । बफन आफ्नो धारणालाई वैज्ञानिक दृष्टिकोणद्वारा यसरी प्रकट गरेका छन्- धेरै समय पहिले ब्रम्हाण्डमा घुम्दै रहेको एउटा विशाल पुछ्तारा (Comet) सूर्यको नजिक भएर जाँदै गर्दा दुवै आपसमा ठक्कर खाए वा आपसी गुरुत्वाकर्षण शक्तिको कारण तरल अवस्थामा रहेको सूर्यका धेरै पदार्थ अलग्ग भएर निस्की कालान्तरमा घनिभूत भएर पृथ्वीलगायत अन्य ग्रह तथा उपग्रह, उत्पत्ति हुन गयो । यस्तै, जर्मन दार्शनिक **प्रो. कान्ट** (Imanueal Kant -1724-1804) ले सन् १७७५ मा, फ्रान्सका विद्वान **लप्लास** (Pierre Simon Laplace -1740-1827) ले निहारिका परिकल्पनाद्वारा सन् १७९६ मा, सुप्रसिद्ध अमेरिकी वैज्ञानिक **टि.सि. चम्बरलिन** (Thomas Chrowder Chamberlin -1843-1928) तथा **मोल्टन** (Forest Ray Moulton -1872-1952) ले सन् १९०५ मा, **जेम्स जेन** (James Jeans -1877-1946) ले ज्वारिय सिद्धान्तद्वारा सन् १९१९ मा, **जेफ्रि** (Harold Jeffreys -1891-1989) ले गुरुत्वाकर्षण शक्तिद्वारा सन् १९२६ मा, **रशेल** (Henry Norris Russell -1877-1957) ले दुई तारा परिकल्पनाद्वारा, **प्रो. होयल** (Sir Fred Hoyle-1915-2001) र **आर ए लिटिटन** (Raymond Arthur Lyttleton-1911-1995) ले अज्ञात ताराको आकर्षण परिकल्पनाद्वारा र पछिल्लो पटक रूसका वैज्ञानिक **ओटो स्मिड** (Otto Yulyevich Shmidt -1891-1956) ले सन् १९४३ मा धूलाका कण र ग्यासद्वारा सौर परिकल्पनाद्वारा पृथ्वीको सृष्टि (उत्पत्ति) सम्बन्धी परिकल्पना प्रतिपादन गरेका छन् ।


होयल


लिटिटन


स्मिड

## पृथ्वीको भौगर्भिक इतिहास (Geological History of the Earth)

वर्तमान समयसमा पृथ्वी कुन कुन परिस्थितिमा कसरी पार गर्दै आएको छ ? यसको वाह्य तथा आन्तरिक भागको बनावट कुन रूपमा भयो ? चट्टानको विभिन्न तह कहिले र कसरी बन्यो ? पृथ्वीमा जीव विकास कुन रूपमा भयो ? आदि प्रश्नको जवाफ इतिहाससँग सम्बन्धित छन् । उपरोक्त प्रश्नहरूको उत्तर पाउन हामीले पृथ्वीको उत्पत्ति पछि विशेष प्रकारका युगहरूबारे अध्ययन गर्नुपर्ने हुन्छ ।


यसमा **जर्ज डि बफन**ले पृथ्वीको इतिहासलाई सात विभिन्न युगमा बाँडे । तर, पहिलो युग आजभन्दा कति वर्ष पहिले सुरु भएको थियो ? यस सम्बन्धमा उनी मौन रही प्रत्येक युगको कार्यकालसहित वर्णन गरेका छन् ।

सर्वप्रथम पृथ्वीको इतिहासलाई ५ ठूला भागमा विभाजन गरिएको छ । यी ठूला विभाजनलाई कल्प (Era) भनिन्छ । हरेक कल्पलाई अरू ससानामा विभाजन गरिएका छन् जसलाई युग (Epoch) भनिन्छ । प्रत्येक युगलाई पुनः ससाना उपविभाजन गरिएको छ जसलाई शक (Period) भनिन्छ । प्रत्येक शकको कूल समय निर्धारणसँगै जीव तथा वनस्पतिको

विकासमा पनि प्रकाश पारिएको छ । जुन निम्न प्रकारका छन्–

**(१) आद्य महाकल्प** (Archaean or Azoic Era) – यस महाकल्प पृथ्वीको उत्पत्तिकालदेखि डेढ अर्ब वर्ष पछिसम्मको समयावधिलाई लिइएको छ । पृथ्वीको भित्री तथा आन्तरिक भागमा रहेका नीस (Genesis) र ग्रेनाइट (Granite) जस्ता अत्यन्त पुराना चट्टानलाई मुख्य आधार मानेर यो कल्प निर्धारण गरेएको हो ।

यस महाकल्पमा प्रारम्भिक युग सुरूआत भएको थियो । यो युगलाई पनि आर्चियन (Archaean) र पूर्व क या ा म्ि ब ़ ए न (PrePaleozoic or Algonkian or Precambrian) गरी दुई भागमा विभाजन गरिएको छ । यो आद्य महाकल्पमा जलवायु अत्यन्त जटिल वा प्रतिकूल अवस्थामा रहेको हुनुपर्छ । ठूल्ठूला भूकम्प बरोबर जानुका साथै ज्वालामुखीको विष्फोटन उग्र थियो । त्यसैले त्यतिवेला कुनै प्रकारका जीवात्मा हुन नसक्ने कल्पना गरेका थिए । यो कल्पमा वायुमण्डलीय जलवाष्प अत्यधिक वृद्धि भएर घनघोर वर्षा भई विस्तृत एवं गहिरो खाडलमा पानी जम्मा हुन गई सागर महासागरको निर्माण भएको हुनुपर्छ । सायद **पैन्जिया** (Pangea) अर्थात मुटुको आकारमा रहेका पृथ्वीको डल्लो यही कल्पमा चार खण्डमा विभाजित भएर गएका थिए । यो आद्य कल्पको अन्त्यतिर Hutranion Earth Movement नामको भू-सञ्चालन भएर जमिनमा निकै परिवर्तन आई सामुद्रिक वनस्पतिजन्य जीवांश रहन गएका थिए । भारतको अरावली पर्वतमा रहेका कडा चट्टान यही कल्पमा निर्माण भएको हुनुपर्ने कल्पना गरेका छन् ।




(२) **पूराजीव महाकल्प** (Palaeozoie era) – यो महाकल्प डेढ अर्ब वर्ष पछिदेखि लगभग २५ करोड वर्ष समयावधिसम्म बितेको अनुमान गरेका छन् । यो कल्पलाई प्रथम युग पनि भन्ने गरिन्छ । यस युगलाई पनि दुई शकमा विभाजित गरी अध्ययन गरेका छन्– (क) प्राचीन पूराजीव र (ख) नवीन पूराजीव ।

यो कल्पमा सर्वप्रथम पृथ्वीमा जीव तथा वनस्पति प्रादुर्भाव भएको हुनुपर्छ । ढाड नभएका तर हड्डी भएको जीवका अवशेष (Fossil) यही कल्पमा उत्पत्ति भएको अनुमान छ । यो कल्पको अन्तिम चरणमा आएर जलवायुमा ठूलो परिवर्तन आई नयाँ-नयाँ पहाड पर्वतको निर्माण एवं ज्वालामुखीको विस्फोटन भएको हुनुपर्ने बताइएको छ । यही कल्पकै कोइला युगको अन्त्यतिर अफ्रिका तथा अष्ट्रेलिया महाद्वीप पूरै हिउँले ढाकेको थियो र पछिल्लो समयमा आएर हिउँ पग्लिएर गई मरूस्थलाकृत बन्यो । यस्तो खालका परिवर्तनको परिणामस्वरूप पुराना जीवको अस्तित्व नष्ट भई परिवर्तित नयाँ स्वरूप र जातका जीव उत्पत्ति हुन थाले । त्यसैले यो कल्पलाई प्रथम युग भनिएको हो । स्लेट, सेल, बलौटे ढुङ्गा यस युगमा निर्माण भएका हुन् र ती चट्टान बहुमूल्य खनिज पदार्थका भण्डार रहेको अनुमान गरेका छन् ।

यस पूराजीव महाकल्पका प्राचीन पूराजीवलाई तीन शकमा र नवीन पूराजीवलाई पनि तीन शकमा उपविभाजन गरी अध्ययन गरिएका छन् ।

(२)(क)(i) **क्याम्ब्रियन शक** (Cambrian Period)- यो युगले ६० करोड वर्ष पहिलेदेखि सुरू भएर १० करोड वर्षको समयावधि लिएको आकलन गरिएको छ। यस समयावधिमा विभिन्न सागर महासागरहरूको निर्माण भएर स्थल सतहको अतिक्रमण भएको थियो। त्यही भएर विभिन्न प्रकारका चट्टान व्यापक रूपमा फैलिए। ती चट्टानको प्रारम्भिक तहमा बाक्लो चून, दोश्रो तहमा बालुवा र तेस्रो तहमा पातलो चून रहेको थियो। त्यस समयका कतिपय चट्टानमा प्रारम्भिक जीवांश पाइने गरेका छन्। ती जीवांश ढाड नभएका तर हड्डी भएका जीवको हुनुपर्ने अड्कल गरेका छन्। यस्ता अवशेष भएका चट्टान वेल्स, स्कटल्याण्ड, क्यानाडा र संयुक्त राज्य अमेरिकामा पाइने बताइएको छ।

(२)(क)(ii) **आर्डोभिसियन शक** (Ordovician Period) - यसले ५० करोड वर्ष पहिले सुरु भएको र लगभग ६ करोड वर्ष जति समयावधि ओगटेको अनुमान गरिएको छ। यस कालमा सागरीय सतह बढेर विस्तृत भू-भागमा फैलिएको हुँदा केही स्थलखण्ड सागरभित्र डुब्न गयो। उत्तर अमेरिकाको लगभग आधा भू-भाग सागरभित्र रहन पुग्यो र यसको पूर्वी भाग ज्वालामुखीबाट निस्केका लाभा र धूलोले पुरिएका थिए। यस काल खण्डमा समुद्रमा पहिलो पटक सामुद्रिक झार देखापर्न थाले र ढाड भएका जलस्थल जीव सृष्टि हुन थाल्यो। उत्तर अमेरिकाको पूर्वी क्षेत्रमा अवस्थित आप्लेचियन पर्वत यही युगमा लाभा थुप्रिएर निर्माण भएको अनुमान गरिएको छ।

(२)(क)(iii) **प्रवाल युग** (Silurian Period) - यो युग ४४ करोड वर्ष पहिले सुरुआत भई लगभग ४ करोड वर्ष समयसम्म रहेको अनुमान गरिएको छ। यस युगमा स्थल सतहमा पात नभएका स-साना विरुवा देखापर्न थाले भने सागरमा गाँज र माछा देखापर्न थाले। यसको साथै श्वास फेर्ने जीवजन्तुको प्रादुर्भाव हुन थाले भने ढाड नभएका तर हड्डी भएका जीव व्यापक देखापर्न थाले। यस युगमा **क्यालिडोनियन** नामका भू-हलचलका कारण नर्वे र स्वीडेनका स्केण्डेनेभिया पर्वत तथा उत्तर अमेरिकाका ग्रीनल्याण्ड पर्वत लामो मोडदार पर्वतको रूपमा निर्माण भएको अनुमान गरिएको छ। यस्तै उत्तरी इङ्गल्याण्ड र स्विटवर्जनका पुराना कडा चट्टान भएका पर्वत श्रेणीको निर्माण पनि त्यही युगमा भएको अडकल गरेका छन्।

(२)(ख) **नवीन पूराजीव युग** - यस नवीन पूराजीव युगलाई पनि तीन शकमा विभाजन गरिएको छ।

(i) **मत्स्य कल्प** (Devonian Period) - क्यालिडोनियन नामको भौगर्भिक शक्तिको प्रभावले गर्दा यस युगमा पनि निकै मोडदार पर्वतहरूको निर्माण भएका थिए। साथै सागरीय सतह फैलिएर गई स्थल सतहका धेरै भाग पानी मुनी पर्न गएका थिए। पानीमा रहने अनेकौं आकार प्रकारका माछालगायत अन्य जलचर प्राणी यही युगमा धेरै बढेको अनुमान गरेका छन्। किनकी यस समयमा निर्माण भएका पर्वतका विभिन्न चट्टानमा अनेकौं प्रकारका माछा एवं अलचर प्राणीको अवशेष धेरै मात्रामा पाइने गरेको हुँदा यस अनुमानलाई पुष्टि गर्न बलियो आधार बनेको छ। युरोप महादेशको उत्तर पश्चिम अवस्थित अनेकौं पर्वतमा रहेका रातो कडा बलौटे चट्टानमा यस्ता प्राणीका अवशेष भेटिने गरेका छन्।

(ii) **कोइला युग** (Carboniferous Period) - आजभन्दा ३५ करोड वर्ष अघि यो युग सुरुआत भएर ८ करोड वर्षसम्म रहेको अनुमान छ। त्यतिवेला पृथ्वीको जलवायु अत्यन्त गर्मी (उष्ण) ओसिलो भएको हुनुपर्छ। त्यही कारण सतहको माटो ढापिलो छिपछिपे अवस्थामा थियो। फलस्वरूप त्यसवेला धेरै प्रकारका रुख, झारपातजस्ता वनस्पति निकै परिमाणमा उम्रेको हुनुपर्छ। पछिल्लो समयमा आएर धरातलमा निकै शक्तिशाली भुइँचालो गई धेरै उथलपुथल भएर अथवा अत्याधिक वर्षा भएर रूख झारपात भएका घना वनजङ्गल सतहको निकै मुनि पुरिन पुग्यो। कालान्तरम ती वनजङ्गलका वनस्पति करोडौं वर्षपछि कुहिएर कोइलाको निर्माण भएको थियो। यसरी करोडौं वर्ष लगाएर कोइला निर्माण भएको युग भएको हुँदा यसलाई कोइला युग भनियो।

(iii) **गिरी युग** (Permian Period) - करिव २८ करोड वर्ष अघि हरसीनियन (Hercynian) नामको परिवर्तनकारी शक्तिले हलचल ल्याएको थियो। यस शक्तिको प्रभावले गर्दा पूर्वी युरोप र उत्तर अमेरिकामा अग्ला शिखरका ठूल्ठूला पर्वत निर्माण भएका थिए। ४ करोड ५० लाख समयावधिसम्म रहेको यो युगमा उत्तर अमेरिकाका जलमग्न पश्चिम आधा भागको स्थलसतह पानीबाट बाहिर

निस्केर पछि सुख्खा क्षेत्र हुन गएको थियो । यस युगमा जमिनमा र पानीमा समेत रहन सक्ने जीवजन्तु धेरै देखापर्न थाले । साथै जमिनमा उफ्रन दौडन सक्ने जन्तु पनि देखापर्न थालेको बताइएको छ । यस युगको अन्त्यतिर आएर पृथ्वीको अधिकांश भाग शुष्कताले तापक्रम बढेर स्थल सतहको विभिन्न भागमा रहेका तालहरू अधिकांश सुक्नगई पोटासियमयुक्त जमिन देखापर्न थालेका थिए ।

**(३) मध्यजीव महाकल्प** (Mesozoic era) – पूराजीव महाकल्पभन्दा पछाडि लगभग १५ करोड वर्षसम्मको समयावधिलाई मध्यजीव महाकल्प भन्ने गरेका छन् । यो कल्प साढेतेह्र करोड वर्षबाट प्रारम्भ भएर साढेबाईस करोड वर्षसम्म रहेको आकलन गरिएको छ । यो कल्पमा आर्कटिक महासागरको जलवायुसमेत तातो उष्ण थियो भने आङगाराल्याण्ड र गोडवानाल्याण्डको बीच भागमा टेथिस सागर अवस्थित थियो । पूराजीव महाकल्पको अन्त्यतिर शुष्क तापक्रमबाट बचेका जीवहरू जल स्थल र वायुमण्डलको विभिन्न क्षेत्रहरूमा फैलावट हुन पुग्यो । फल लाग्ने खालका रुखविरुवाहरू यही कल्पमा देखापर्न थालेका थिए । जमीनमा रहने विभिन्न जीवहरूमध्ये सबभन्दा विशाल, भयानक र विचित्र खालका Diplodocus नामका जन्तु पनि यही कालखण्डमा उत्पन्न भएको मानेका छन् । यी जीव लामो जिब्रो र पुच्छर लामो हुनुको साथै २८ मिटर लम्बाई ९ मिटर अग्लो र ४० देखि ५० टनसम्मको तौल भएका थिए । यताउता हिँडडुल गर्न नसक्ने र विवेकहीन जन्तु हुनाले धेरै लामो कालखण्डसम्म पृथ्वीमा स्थापित भएर रहन सकेनन् ।




डायनासोर

यो मध्यजीव महाकल्पलाई पनि तीन भागमा विभाजित गरिएको छ :

**(३)(क) रक्ताशम युग** (Triassic Period) – परमियन युगको अन्त्यतिर शुष्क जलवायु सुरुआत भएको हुनाले अत्याधिक तापक्रमको प्रभावले गर्दा २२ करोड ५० लाख वर्ष पहिलेको सुरुआती युगमा प्रायःजसो जीवहरू बाँच्नको लागि निकै प्रतिकूल वातावरणसँग सामना गर्नुपर्ने परिस्थितिले गर्दा अधिकांश जीवजन्तु लोपोन्मुख अवस्थामा पुग्न थाले । तर, निम्न कोटीका साना साना स्तनपायी जनावरहरू प्रादुर्भाव हुन थालेका थिए ।



अल्फ्रेड वेगनर

यही युगमा उत्तरी गोलार्द्धका अधिकांश सेपिलो दलदले सतह सुक्न गएका थिए । **अल्फ्रेड वेगनर** (Alfred Lothar Wegener - 1880-1930) को भनाइअनुसार यो युगमा दक्षिणका गोडवाना महाद्वीप दक्षिणी ध्रुवीय दिशा नजिक हुनाले अत्याधिक चीसोको प्रभावले गर्दा पूरै भाग हिउँले ढाकिएका थिए । धेरै कालपछि यो महाद्वीप फाटिएर छिन्नभिन्न भएर आपसमा छुट्टिन गई वर्तमान दक्षिण भारत, अष्ट्रेलिया, दक्षिण तथा मध्य अफ्रिका, दक्षिण अमेरिका निर्माण हुन पुगे । ती महाद्वीपहरूमा मरुभूमी घनाजङ्गल र अवशिष्ट पहाडहरू अन्तभन्दा बढी मात्रामा पाइने गरेको छ । अहिलेका भूमध्यसागर, आल्पस पर्वत र हिमालय पर्वतमाला यो रकताशम युगमा टेथिस सारभित्र लुकेर रहेका थिए ।



**(३)(ख) महासरट युग** (Jurassic Period) – यो युग १८ करोड वर्ष पहिलेको थियो र ४ करोड ५० लाख समयावधिसम्म लम्बिएको थियो । यस युगमा जल स्थलमा रहने हात्तीभन्दा पनि ठूलो र अग्लो तथा निकै उफ्रन एवं दौडन सक्ने स्तनपायी जातका जीवजन्तु धेरै विकसित भएको अडकल गरेका थिए । यिनीहरू गहिरो पानी भित्र समेत रहन सक्ने र लामो घाँटी भएको **प्लीओसौरस** (Pliosaurus) जातका वा अजङ्ग ठूला आकारका **इचथ्योसौरस** जातका जीव थिए । यस्तै स्थल सतहको बेंसी उपत्यकामा अजिङ्गर, ठूला आकारका डायनासोर (Dinosaurus) पनि त्यतिबेला असङ्ख्य मात्रामा थिए । ती अजिङ्गर तथा डायनासोर निकै ठूलो र बलियो जनावर भएपनि वुद्धि र विवेकहीन हुनाले र अत्याधिक गर्मी हावापानी भएको वातावरणसँग भिज्न सक्ने अवस्था नहुनाले धेरै पछिल्लो

कालसम्म रहन नसकी बिस्तारै लोप भएर गए । त्यसैले आजभोलि हामीले प्रत्यक्ष रूपमा हेर्न वा देख्नसक्ने अवस्थामा छैनन् । तर, त्यतिवेलाका तीन आँखा भएका **स्फेनाडर** जातका छेपारो न्यूजील्याण्डको जङ्गलमा आजभोलि पनि कहीं कतै देख्न पाइने दाबी छ । यस्तै आकाशमा उड्ने **टेरोडेक्टाइल** (pterodactyl) जातका जीव पनि पाइने दाबी छ । भारतका राजमहल र सिलहटका पर्वतहरू यही युगमा निर्माण भएको अडकल गरेका छन् ।



डिप्लोडोकस

**(३)(ग) खटी युग** (Cretaceous Period) - यो युग १३ करोड ५० लाख वर्ष अघि प्रारम्भ भएर ६ करोड ५० लाख वर्ष समयावधिसम्म रहेको थियो । यस युगको प्रारम्भमा **नेवेडियन** नामको निर्माणकारी हलचल पैदा भएर उत्तर अमेरिकाको पश्चिम किनार तटीय क्षेत्रमा Sierra Nevada पर्वत निर्माण भएका थिए । यही युगमा सामुद्रिक किनारीक्षेत्र धेरै अतिक्रमण गएर युरोप महाद्वीपको ग्रेटब्रिटेन, डेनमार्क र जर्मनी तथा उत्तर अमेरिकाको पश्चिमी किनारमा अलास्कादेखि दक्षिण मेक्सिकोसम्मको तटीय खण्डमा अत्याधिक मात्रामा माटो जम्मा हुन पुगेको थियो । युगका अन्तिम समयमा Laremid नामको भू-हलचल पैदा भएर दक्षिण अमेरिकाको पश्चिमी क्षेत्रमा cordillera पर्वत श्रेणी विस्तार भएको भनिएको छ ।


यस युगमा भारतीय उप-महाद्वीपमा पनि सामुद्रिक किनारी क्षेत्र अतिक्रमण भएको सङ्केत देखापरेको छ । दक्षिण भारतको पूर्वी किनारमा रहेका कारोमण्डल तटको दक्षिण पूर्व तिरुचिरापल्लि स्थानमा र मध्यप्रदेशको ग्वालिएरदेखि गुजरातको बाधवान नगरसम्म तथा महाराष्ट्र प्रदेशको लाव क्षेत्रमा उपलब्ध चिह्न वा विशेषताले प्रमाणित गरेको छ । किनकी त्यस क्षेत्रमा उपलब्ध त्यति वेलाका प्राणीहरूको जीवांश भेटिएका छन् । यस्तै यस कल्पमा दक्षिण भारतको ६,४०,०००, वर्ग किलोमिटर भूमिमा लावा विस्फोट भएर विस्तृत रूपमा फैलिएको अनुमान गरिएको छ । यस क्षेत्रमा पाइने पत्रेचट्टानमा माछा, कछुवा र छेपारो जस्ता जन्तुका अस्तु र ताड, भोजपत्र, डाइको टिलेडिनस आदि वनस्पतिका पातको चिह्न पाइएको हुँदा अनुमानमा बलियो प्रमाण मिलेको हो ।

**(४) नवजीव महाकल्प** (Neozoic era) - यो नवजीव महाकल्पलाई तृतीय युग (Tertiary epoch) पनि भन्ने गरिन्छ । यो युग १ करोड १० लाख वर्षदेखि प्रारम्भ भएर ६ करोड ३० लाख वर्षसम्म रहेको अनुमान छ भने यसले ६ करोड ९० लाख समय लिएको बताइएको छ । यस कल्पका विभिन्न चट्टानबाट धेरै भरपर्दो जानकारी लिन सक्ने अवस्था दर्शाएको छ । यस युगलाई दुई भागमा विभाजन गरिएको छ- (क) प्राचीन नवजीव युग (PreNeozoic epoch) (ख) नवीन नवजीव, युग (New Neozoic epoch) ।

(क) प्राचीन नवजीव युगलाई पनि तीन उपविभाजन गरिएको छ- (i) प्राचीनतम नूतन युग (Paleocene period) (ii) आदिम नूतन युग (Eocene period) (iii) अल्प नूतन युग (Oligocene period)

**(i) प्राचीनतम नूतन युग**- यस युग ६ करोड ३० लाख वर्ष पहिले भएको थियो । यस युगमा टेथिस सागरको पींध उठेर हिमालय पहाड, आल्पस पर्वत निर्माण भएको थियो । यस्तै अमेरिकाको ग्रीनल्याण्ड र रकी पर्वत श्रेणी पनि यही कल्पमा निर्माण भएको आकलन गरिएको छ । सुरुमा अत्यन्त गर्मी उष्ण तर पछिल्लो समयमा आएर धेरै चीसो बढ्दै गएको हुँदा प्रतिकूल वातावरणको प्रभावले भीमकाय विचित्र जनावरहरू लोप हुन पुगे । यस्तै लामो र तीखा दाँत तथा बंगारा भएका विचित्र जनावर पनि प्रतिकूल वातावरणसित सामना गर्न नसकेर बिस्तारै लोप भएर गए । उदाहरणको लागि दक्षिण अमेरिकामा भएका Megatherium र एसिया महाद्वीपमा भएका ठूला बाँदर जस्तो देखिने जन्तु पनि लोप भएर गए ।

**(ii) आदिम नूतन युग** र **(iii) अल्प नूतन युग** - यस युगमा आएर दूध चुस्ने म्यामल (स्तनपायी) जीव तथा फूल फुल्ने समूहका स-साना विरुवाहरू विकास भएका थिए । यही युगमा जावा टापूमा सर्वप्रथम **जावा मानव** (Java man) को प्रादुर्भाव भएको अनुमान गरिएको छ । यसै युगमा मानिसले सर्वप्रथम **आगोको आविष्कार** गरेको आकलन गरिएको छ । यस्तै यही युगमा एन्टार्कटिका र अष्ट्रेलिया आपसमा छुटिएर गएको पनि अनुमान छ ।



(४)(१) **नवीन नवजीव युग**– यो युग १ करोड १० लाखदेखि २ करोड ५० लाख वर्ष अघि प्रारम्भ भएको र २ करोड ४० लाख वर्ष समयावधिसम्म रहेको अनुमान गरिएको छ। यस युगलाई पनि दुई शकमा विभाजन गरिएका छन्– (i) मध्य नवजीव युग (Miocene period) (ii) अति नवजीव युग (Pliocene Period)

उपरोक्त दुई नवजीव युगमा ल्याब्रेडर सागरको उत्पत्ति भएको र स्तनधारी जीवको अति विकास भएको अनुमान छ।

(५) **नवीन नवजीव महाकल्प** (Neozoic era)– यसलाई चतुर्थ अर्थात अन्तिम युग (Quaternary epoch) पनि भन्ने गरिन्छ। यो युग १० लाख वर्ष अघिदेखि वर्तमान समयसम्मको युगलाई मानेका छन्। यसको पनि तीन विभाजन छन्–

(**क**) अत्यन्त नूतन नवजीव युग (Pleistocene Period)– १० लाख वर्ष

(**ख**) अति नवजीव युग (Percent period) - १ लाख वर्ष पहिले

(**ग**) आधुनिक युग (Holocene period)

नवीन नवजीव महाकल्पको प्ररम्भमा अर्थात अत्यन्त नयाँ (नूतन) नवजीव युगमा आएर पृथ्वीको धेरैजसो भाग हिउँले टन्न छोपिएको हिमाच्छादित अवस्थामा रहेको अनुमान गरिएको छ। युरोप तथा अमेरिका महाद्वीपका २३ करोड ४ लाख वर्ग किलोमिटर भन्दा पनि अझ अरू बढी भू-भाग हिमाच्छादित भएको अनुमान गरिएको छ। यस समयमा **प्रस्तर (ढुङ्गे) युगका मानव** रहने गरेको अनुमान छ। अत्यन्त चीसो जलवायुको प्रतिकूल असरले गर्दा यस समयमा ठूला र भद्दा दैत्याकार जीवहरू सखाप हुन पुगे।

साथै समय अनुकूल जीवजन्तुको शारीरिक अवस्थामा धेरै परिवर्तनकारी स्वरूप देखापर्न थाले। सुरक्षित अवस्थाको लागि जनावरहरूको शरीर मध्यम छोटो हुन पुग्यो। विभिन्न खालका पंछीहरूको शारीरिक अवस्था पूर्ण रूपमा विकसित अवस्थामा पुग्यो। विभिन्न प्राणीहरूको शारीरिक तथा मानसिक अवस्था समयानुकुल हृष्टपुष्ट एवम् बलवान हुन थाले। यी कुराहरू अत्यन्त पुराना चट्टानहरूमा भएका पुराना अवशेषहरूबाट प्रमाणको रूपमा जानकारी लिन थाले। बाँदरको आकार जस्तो देखिने जीवजन्तुको अवशेष चार करोड वर्ष पुराना चट्टानमा र वनमान्छेको अवशेष दश लाख वर्ष पुराना चट्टानमा पाइने गरेका छन्। खास मानिसको अवशेष एक लाख वर्ष पुराना चट्टानमा भेट्टाइएका छन्। यही युगमा अनेकौं गतिविधि उपर सामना गर्नुपर्ने अनेकौं कठिनाइको प्रभावले गर्दा मानिसहरूको मस्तिष्कको परिवर्तनकारी विकास निकै भएको अनुमान गरिएको छ। यही कारणले संसारमा अहिलसम्म भएका अरू सम्पूर्ण जीव जन्तुको मस्तिष्कभन्दा सबभन्दा सर्वश्रेष्ठ भएको मानिआएको छ।

## थाहा पाइराखौँ

- सुगौली सन्धि ३ मार्च सन् १८१६ मा भएको थियो।
- नेपालमा अङ्ग्रेजी शिक्षाको सुरुवात वि.सं. १९१० मा भएको थियो।
- क्याल्कुलेटरका आविष्कारक ब्लोजपास्कल हुन्।
- सधैं बसन्त ऋतु हुने देश क्विटो हो।
- महाभारतकालीन हस्तीनापुर हाल नयाँ दिल्ली भनेर चिनिन्छ।
- सबभन्दा पहिलो अन्तरीक्ष यात्री सोभियत सङ्घका युरी गागारिन हुन्।
- चिठ्ठीमा टिकट टाँस्ने चलन बेलायतबाट भएको थियो।

सङ्कलकः न्हुछेरत्न बुद्धाचाय


# ‘भक्तपुर’

## मासिकलाई

हाम्रो गौरवपूर्ण ऐतिहासिक, सांस्कृतिक सम्पदाबारे र समसामयिक लेखरचना दिई सहयोग गर्नुहोस्। सम्बन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइने छ।

लेखकहरूले स्रोत सामग्री र सम्पर्क नं. नछुटाउनु होला।

**रचना पठाउने ठेगाना :**

- भक्तपुर नपा भवन (कोठा नं.२०७)
- email:bhaktapurmasik@gmail.com

# नेपालको इतिहासमा हुयनसाङको यात्रा वर्णनको महत्व



ओम धौभडेल

संसारका विभिन्न देशको इतिहासमा विभिन्न यात्रीहरुले लेखेका यात्रा वर्णनको आ–आफ्नै भूमिका छ। नेपालको इतिहासमा पनि विभिन्न समयमा यहाँ आएका विभिन्न देशका यात्रीहरूको आफ्नो यात्राबारे विभिन्न सस्मरणहरूको पनि महत्त्व रहँदै आएको छ। यसमा तिब्बत तथा चीनसँग सदियौँ अघिदेखि नेपालको ऐतिहासिक सांस्कृतिक सम्बन्ध कायम रहेको इतिहास छ। यो भूगोल भित्र कयौँ पटक प्राज्ञिक एवम् सांस्कृतिक आदान–प्रदानको क्रममा यो क्षेत्रको धार्मिक, सांस्कृतिक, सामाजिकलगायत थुप्रै क्षेत्रहरूको बारे जानकारी हासिल गर्न ठूलो सघाउ पुगेको देखिन्छ। यस मध्य इशाको छैटौँ शताब्दीमा चीनमा जन्मी संसारकै एक नामी यात्री बन्न सफल हुयनसाङको नाम अग्रपङ्क्तिमा आउँछ। उनी एक चिनियाँ सामान्य यात्री मात्रै पक्कै होइनन्। उनी तत्कालीन समयका सर्वश्रेष्ठ बौद्धधर्म प्रचारक, शास्त्रविद्, विद्वान्, दार्शनिक, साहसिक यात्री, विचारक एवम् यात्रा संस्मरण लेखक पनि हुन्। उनका यी थुप्रै विशेषताहरूमा यात्रा संस्मरण लेखकको रूपमा हेर्ने दृष्टिकोणको व्याख्या नेपालको लागि अति महत्त्वपूर्ण छ। उनको कृति यात्रा वृत्तान्त आजपनि उतिकै महत्त्वपूर्ण दस्तावेजको रूपमा लिने गर्दछ। जसलाई 'महान् थाङ वंशकालमा पश्चिमी राज्यहरूको यात्रा वृत्तान्त' (Dà Tang Xiyu Ji-Great Tang Records on the Western Regions) नाम दिइएको छ।

सन् ६०२ मा चीनको हेनान प्रान्तको छन् ह गाउँमा जन्मेका श्वेन चाङ नै आज हामीले चर्चा गरिरहेका हुयनसाङ हुन्। अर्थात हुयनसाङको वास्तविक नाम श्वेन चाङ हो। १३ वर्षको उमेरमा आफ्नै भिक्षु दाजुबाट प्रभावित भएर प्रवज्या ग्रहण गरेका हुयनसाङले सारा चीनमा बौद्ध धर्म फैलाउने प्रतिज्ञाका साथ २६ वर्षको उमेरमा अर्थात् सन ६२८ मा घरबाट निस्के र भारतीय उप महाद्वीपको भ्रमणमा लागे। तत्कालीन चिनियाँ सम्राटको आज्ञाबिना नै भ्रमणमा निस्केको हुनाले उनले चीन भित्र र बाहिर थुप्रै अवरोधको सामना गर्नुपर्‍यो। यद्यपि, उनले करिव ५० हजार लि (१ लि १/२ कि.मि.) अर्थात २५ हजार कि.मि. यात्राको क्रममा विभिन्न ११० राज्यहरूको भ्रमण गरे। चीनको उत्तरी बाटो सिल्क रोड (रेशमी मार्ग) हुँदै गोवी मरुभूमिबाट केन्द्रीय एसिया पुगे। त्यहाँबाट खैबर घाटी पार गरी गान्धार अफगानिस्तान पुगे। त्यहाँबाट पुश्कलवती इनुस नदी पार गरी भारतीय उपमहाद्वीपको तक्षशिला (पाकिस्तान) पुगे। त्यहाँबाट पूर्वतर्फ लाग्ने क्रममा काश्मिर, पंजाव हुँदै जालन्धर, स्वानेश्वर, गडवाल, कुमाऊँ, कनौज, काव्यकुन्ज पुगे। त्यहीँबाट उत्तरी भारतको अयोध्या, प्रयाग हुँदै पश्चिम नेपालको कपिलवस्तु, लुम्बिनी, रामग्रामलगायतका ठाउँहरूसम्म पुगे। त्यस बीच उनी काठमाडौँ आए नआए बहसको विषय बनेतापनि उनको वर्णनबाट नेपालको इतिहास धेरै हदसम्म उजिल्याएको छ। हुयनसाङको यो भ्रमणको मूल उद्देश्य **नालन्दा विश्वविद्यालय**मा बौद्ध धर्म अध्ययन गर्नु थियो। त्यतिबेला संसारभर त्यो विश्वविद्यालयको चर्चा चलेको थियो। त्यस समय उक्त विश्वविद्यालयमा संस्कृत एवम बौद्ध धर्मबाहेक चिकित्सा, भाषा, व्याकरण, वास्तुकला, साहित्य, कला आदि विषयहरूमा पढाइ हुन्थ्यो। त्यहाँ विभिन्न विषयमा दीक्षित १५४१ जना आचार्य (विशेषज्ञ) हरूबाट पढाइ हुन्थ्यो। लगभग १० हजार विद्यार्थीहरू अध्ययनरत थिए। हुयनसाङ नालन्दा विश्वविद्यालयमा योग शास्त्रको विशेष अध्ययनको लागि भर्ना भएका थिए। त्यहाँ उनले **शीलभद्र** नामक विद्वान् गुरुबाट करिव ६ वर्ष शिक्षा हासिल गरे। शीलभद्रबाहेक ठाउँ ठाउँका अन्य गुरुहरूबाट विभिन्न विषयमा ज्ञान हासिल गरे। शीलभद्रलगायत विनितप्रभा, चन्द्रवर्मा गोमी, जयगुप्त, मित्रसेन, वीर्यसेन, सभुति जस्ता गुरुहरूबाट विविध विषयमा ज्ञान हासिल गरे। त्यसमा शीलभद्र उनको सबैभन्दा पुजनीय गुरु ठहरिए भने अर्का एक गुरु **चन्द्रवर्मा** त नेपाल राज्यका सामन्त हुन्। अंशुवर्माको समकालीन चन्द्रवर्मा गोमी एक प्रसिद्ध व्याकरणविद् रहेको तर्क विद्वान् धनवज्र बज्राचार्यको रहेको छ। उनै चन्द्रवर्मासँग हुयनसाङले व्याकरण विषयमा ज्ञान हासिल गरेको देखिन्छ। र त्यस समय नेपाल र भारतमा अति लोकप्रिय **महायान**बाट प्रभावित भएर उनले थुप्रै बौद्ध साहित्यको अनुवाद एवम् रचना गरे। अन्य वादसँग शास्त्रार्थ गरी सर्वश्रेष्ठ ठहरिए। उनले भारतमा मात्र नभई चीन, जापान, कोरियालगायतको ठाउँहरूमा महायान मत फस्टाउन महत्त्वपूर्ण योगदान गरे। १७ वर्षपछि सन् ६३५ तिर चीन पुग्दा आफूले ल्याएका करिव ६५७ ओटा बौद्ध ग्रन्थ तथा अन्य वाङमयका कृति चिनियाँ भाषामा अनुवाद गरे। जसमा एक **शब्दविधा** नामको अशुंवर्माको रचना कृति पनि थियो। जसले चिनियाँ साहित्य अरू बढी सम्पन्न हुन पुगे। अनुवादबाहेक उनले लेखेका यात्रा वृत्तान्तले हुयनसाङ एक अमर अजर कालजयी व्यक्तित्व बन्न पुगे। जसलाई नेपालले सदैव सम्झिरहनेछ।

आफ्नो भ्रमण पछि तत्कालीन चिनियाँ सम्राट **थाइचुङ**को अनुरोधमा हुयनसाङ र उनका शिष्य **पेन्ची**द्वारा लिपीबद्ध गरिएको उक्त दस्तावेजमा आफूले भ्रमण गरेका ११० ओटा राज्यहरू र सुनेका २८ ओटा राज्यहरू गरी १३८ ओटा राज्यहरूको भूगोल, अर्थ, संस्कृति, शिक्षा, रहनसहन, भाषादेखि विशेष गरी बौद्धधर्म, विहार, विधि, शिक्षा, सम्प्रदाय तथा बौद्ध धर्मको विकासलगायत विविध विषयहरू बारे उल्लेख गरेका छन्। १२ खण्डमा विभाजित सो यात्रा वृत्तान्तमा प्रयोग भएको भाषा तथा शैली आकर्षक हुनुको साथै सङ्क्षिप्त वर्णन भएतापनि सटिक वर्णन भएको कारण यथार्थ अनि वस्तुपरक मानिन्छ र कमैमात्र त्रुटि भेटिन्छ। हुयनसाङले वर्णन गरेका १३८ ओटा राज्यहरूमध्ये नेपाल पनि एक हो। विश्व प्रसिद्ध यात्रीले वर्णन गरेको नेपाल भ्रमणको वर्णन आजपनि उतिकै महत्त्वपूर्ण छ। उनले आफ्नो यात्रा वर्णनमा लुम्बिनीलगायत काठमाडौँ उपत्यका अर्थात तत्कालीन नेपाल मण्डलको बारे उल्लेख गरेका छन्। त्यसो त उनी भारत हुँदै लुम्बिनीसम्म आएको भएतापनि काठमाडौँ उपत्यका आए नआए बहसको विषय बन्दै आएको छ। तापनि उनले आफ्नो यात्रा वृत्तान्तमा तत्कालीन नेपाल मण्डलको क्षेत्रफल ४००० लि भएको र काठमाडौँ उपत्यका १० वर्ग कि.मि. मा फैलिएको उल्लेख छ। जुन धेरै हदसम्म सटिक छ। नेपालको राजमहल अत्यन्त विशाल, सुन्दर एवम् कलात्मक भएको उल्लेख छ। जुन अंशुवर्माले बनाउन लगाएको **कैलाशकुट** दरबार वा नरेन्द्रदेवले बनाउन लगाएको **भद्राधिवास** दरबार मध्ये एक हुनसक्छ । उनले नेपालका राजा अंशुवर्माको मुक्त कण्ठले प्रशंसा गरेका छन्। लिच्छवि अनि क्षत्रीय राजा अंशुवर्मा हिन्दू कुलको भएतापनि बौद्ध धर्मालवम्बी रहेको र एक विद्वान् राजा रहेको उल्लेख गरेका छन्। उनले लेखेको शब्दविधा नामक ग्रन्थ उच्च कोटीको रहेको जानकारी हुयनसाङको वर्णनमा परेको छ। त्यस्तै अर्का नेपाली राजा नरेन्द्रदेवको गुणगान गाउने क्रममा उनीपनि बौद्ध धर्मप्रति आस्थावान रहेको तथ्य उनले बुद्ध अङ्कित कम्मर पेटी लगाउने गरेबाट पुष्टि भएको उल्लेख छ। तर यहाँ हुयनसाङले अंशुवर्माको समयमा देखिएको शैव र बौद्ध धर्मको समिश्रणबारे उल्लेख गरेनन्। राजा अंशुवर्माको समयमा उनले बौद्ध र शैव धर्मको समिश्रणबाट एउटा नयाँ आयाम जोडेकोलाई नकार्न सकिन्न। शैव, वैष्णव, बौद्ध लगायतका धर्महरू प्रति आस्था भएका अंशुवर्माले शैव सँगै बौद्धलाई पनि जोड्ने कोसिस गरेको देखिन्छ। जसलाई **शिवबुद्ध सम्प्रदाय** भनिन्छ। तत्कालीन समयको धार्मिक सहिष्णुताको ठूलो प्रमाण ठहरिएको यो मत आफैमा महत्त्वपूर्ण छ। यसमा अंशुवर्माको नाम अग्रपङ्क्तिमा आउँछ। अझ कतिपय विद्वान्हरू त शिवबुद्ध मतको संस्थापक नै अंशुवर्मा हो भन्ने पनि छन्। जसरी अंशुवर्माले **बुंगमतिको अभिलेख**को शिरोभागमा बौद्ध चिह्न अर्थात धर्मचक्र र दुई मृग कुँदाएझैँ अभिलेखमा आफूलाई 'भगवतपशुपति भटारकपादानुगृहित' उपाधि दिएको छ। सोही अभिलेखको सातौँ हरफमा त 'धर्मशंकर' भन्ने शब्द परेको छ। यसको अर्थ मिश्रित धर्म भन्ने बुझिन्छ। यसले बौद्ध चिह्न को साथै पाशुपत उपाधिलाई सङ्केत गरेको छ। त्यस्तै पाटन भण्डारखालको अभिलेखमा श्रीकलहभिमानी राजालाई बोधिसत्वको रूपमा वर्णन गरेको छ। बुद्धत्व प्राप्त होस् भनी लेखेको छ। शैवधर्म मान्ने अंशुवर्मालाई बुद्धत्व प्राप्त होस् भन्नुको तात्पर्य गहिरो छ। यसमा हालै पाटनमा भेटिएको शिलापत्र त अर्को एउटा दरिलो प्रमाण बनेको छ। उक्त शिलापत्रको शिरो भागमा धर्मचक्र र मृग कुँदिएको भएतापनि, त्यहाँ भित्र बौद्ध धातुचैत्य रथ आदिको वर्णन परे पनि यसको सुचारु गर्न भगवतवासुदेव गोष्ठीलाई जिम्मा दिएको अति महत्त्वपूर्ण विषय हो। यो शिलापत्रको मुख्य ध्येय नै बौद्धधर्मसित सम्बन्धित धर्मधातु चैत्यको लागि नयाँ मन्दिर बनाइसकेपछि यसको दैनिक पूजाआजाको व्यवस्था भगवतवासुदेव गोष्ठीलाई दिनु र यो काममा सबैले आफ्नो निर्णय स्वीकार्न आदेश दिएको अर्थपूर्ण छ। तत्कालीन समयको धार्मिक कट्टरता भए पनि शैव धर्म र बौद्ध धर्मलाई सामन्जस्य गर्न एक शासकको हैसियतले आफूसँग भएको अधिकारको हदभन्दा बढी उपयोग गरेको प्रमाण यो शिलापत्र भएको छ। सायद यसकारण पनि होला, यसपछिका शासकहरूले पनि शैव र बौद्ध धर्मलाई एकसाथ अगाडि लैजाने प्रयासमा सफलता हासिल गरे। यसमा शिवदेवका नाति नरेन्द्रदेवको नाम अगाडि आउँछ। यिनी शैव मतका भएपनि आफ्नो कम्मरमा बुद्ध अङ्कित पेटी लगाउँथे भनी हुयनसाङले चिनियाँ वृत्तान्तमा



उल्लेख गरेका छन्। प्रसिद्ध चिनियाँ यात्री हुयनसाङ नेपाल भ्रमणमा आउँदा अंशुवर्माको मृत्यु भइसकेको भएतापनि उनको प्रसिद्धी यहाँ कायम नै रहेको उनको यात्रा वृत्तान्तबाट थाहा हुन्छ। त्यतिबेला नेपालमा राजा नरेन्द्रदेव राज्य गरिरहेका थिए। राजा नरेन्द्रदेवले कामरूप कामाक्षाबाट नेपाल ल्याएको मच्छिन्द्रनाथ हिन्दू एवम बौद्ध धर्मको सेतुको रूपमा आजसम्म पनि पूजित छ। यसरी शैव र बौद्ध धर्मलाई एकसाथ अगाडि लैजान विभिन्न समयमा विभिन्न शासकहरूले प्रयास गरे। हिन्दूमात्रको अति पवित्र पशुपतिनाथको मूर्तिलाई वर्षको एकदिन बुद्धको मुकुट लगाएर छायाँ दर्शन गर्ने परम्परा यसै शैव बुद्ध दर्शनबाट अभिप्रेरित छ। यसरी नेपालमा मल्लकालसम्म पनि धार्मिक सहिष्णुताको उदाहरण देख्न सकिन्छ। यसबाट नेपाल एक त्यस्तो देश बन्न पुगेको छ जहाँ धर्मको नाममा कहिल्यै कटुता आएको छैन। नेपाल संसारको लागि सर्वधर्म समन्वयको आर्दशस्थल रहिआएको छ। नेपालमा रहेका शैव, वैष्णव, बौद्ध सबै मन्दिर, विहारहरूमा सबै धर्मसित सम्बन्ध देवमूर्तिहरू स्थापित भएको पाउँछौँ। शिवको मन्दिरमा चैत्य, बुद्धकोमूर्ति हुनु, नारायणको मन्दिर नजिक चैत्य हुनु, बौद्ध विहार भित्र शैव तथा वैष्णव मूर्ति हुनु यही कारणले सम्भव भएको छ। यसको श्रेय अंशुवर्मालाई दिंदा अतिशयोक्ति नहोला।

अंशुवर्मा पछि युवराज उदयदेवलाई सत्ताबाट ध्रुवदेव विष्णुगुप्तहरूले हटाएपछि उनी तिब्बतमा राजनैतिक शरणमा पुगेको घटनादेखि पछि उनै उदय देवका छोरा नरेन्द्रदेव तिब्बतको सहायताले भिमार्जुनदेव र जिष्णुगुप्तहरूलाई हटाई नेपालको राजा बनेको घटना बडो सविस्तार बयान गरेका छन्। यसमा अंशुवर्माको समयमा तिब्बती राजासित विवाह गरेकी भृकुटीको धेरै ठूलो भूमिका हुनसक्छ। यसबाट अंशुवर्माकै समयमा नेपालको तिब्बत तथा चीनसित राम्रो सम्बन्ध रहिसकेको देखिन्छ। लिच्छविकालीन अभिलेखअनुसार अंशुवर्मा पछि उदयदेव यहाँका राजा भएको भएतापनि गुप्तहरूले पुनः टाउको उठाई ध्रुवदेवलाई अगाडि ल्याई शासन चलाउन थाले पछि उदयदेव आफ्नो परिवारसहित तिब्वतमा शरण जानुपर्‍यो। उनीहरू करिव २८ वर्ष तिब्वतमै रहेको देखिन्छ। उदयदेवको तिब्वतमै मृत्यु भयो। पछि तिब्वतीहरूको सहायताले यहाँका भिमार्जुनदेव र विष्णुगुप्तहरूलाई हराई नरेन्द्रदेव यहाँका राजा बने। तिब्वत तथा चीनमै लामो समय बिताएका नरेन्द्रदेव यहाँका राजा बनेको समयमा हुयनसाङ नेपाल आएको संयोग नहुन सक्छ। तर जतिबेला हुयनसाङले नेपालबारे इतिवृति लिपिबद्ध गरे, त्यो भन्दा अगाडि नै नेपालबारे तिब्वती तथा चिनियाँहरूलाई धेरै जानकारी प्राप्त थियो। जुन जानकारी हुयनसाङले लिपिवद्ध गरे, त्यो धेरै हदसम्म सटिक नै थियो। त्यसै कारण पनि हुयनसाङको यात्रा वर्णन अझ धेरै महत्त्वपूर्ण छ। सबैभन्दा रोचक संयोग त जतिबेला नेपालबाट सत्ताच्यूत भई उदयदेवहरू तिब्वत पलायन हुनुपर्‍यो, त्यतिबेला नै चीनमा हुयनसाङको जन्म भएको देखिन्छ। अनि पलायन हुनेमा उदयदेव र उनको परिवार मात्र थिएनन्। तत्कालीन समयका उनका विश्वासपात्र भारदार र केही बौद्ध विद्वान्हरू पनि थिए। उनै बौद्ध विद्वान्हरूमा चीन र तिब्वतमा महायान प्रचारमा ठूलो भूमिका रह्यो।

यहाँको भौगोलिक अवस्थाको वर्णन गर्ने क्रममा खेती योग्य भुमि कममात्र रहेको, बढीजसो पहाडै पहाडमा रहेको र हिमाल वरपर तामा खानी रहेको उल्लेख छ। साथै यहाँको हावापानी चिसो रहेको वर्णन छ। राजधानीको दक्षिणतर्फ आगो राख्दा धपक्क बल्ने कुण्ड रहेको उल्लेख छ। यहाँका जनताहरू अनपढ, कटुबचन बोल्ने तर कालीगडी भएको उल्लेख छ। माथि उल्लेख भए झैँ हुयनसाङले आफ्नो नेपाल भ्रमणको वर्णनमा नेपालमा बुद्ध धर्मबारे गहकिलो तथ्य खुलासा गरेका छन्। तत्कालीन समयमा नेपाल महायान, हिनयान तथा बज्रयान मतको महत्त्वपूर्ण केन्द्र भएको कारण हुयनसाङको ध्यान अरू बढी आकृष्ट हुन पुग्यो। त्यसमध्ये पनि यहाँ द्रुत गतिमा विकास भएको महायानबाट उनी अत्यन्त प्रभावित भएको देखिन्छ। उनी भारतको विभिन्न स्थान हुँदै बुद्धको जन्मस्थल लुम्बिनीसम्म भ्रमण आउँदा बुद्धसँग सम्बन्धित कयौँ ठाउँहरूको वर्णन त्यहाँ गर्न पुगे। कपिलवस्तुको वर्णन गर्ने क्रममा त्यहाँ **क्रकुच्छन्द** बुद्ध र **कनकमुनी** बुद्धको जन्मस्थान, समाधि एवम स्तुपको उल्लेख गरे। कयौँ स्तुप एवम् भवनको लम्बाई चौडाइ समेत उल्लेख गरे। त्यस्तै उनले बुद्धको मावली एवम् ससुरालीको समेत भौगोलिक दृष्टान्त दिएर उल्लेख गरेका छन्। हुयनसाङले गरेको यो वर्णनलाई आधार बनाएर तत्कालीन बुटवलका मेजिष्ट्रेट **खड्ग शम्शेर** र प्रसिद्ध जर्मन पुरातत्त्व विद् **फ्युहररले** लुम्बिनीको उत्खनन गर्ने क्रममा कपिलवस्तुको निग्लीहवामा कनकमुनी बुद्धको अशोक स्तम्भ एवम् बुद्धको समाधिस्थल भेटियो। त्यसपछि संसारलाई नेपालको लुम्बिनी नै विश्वशान्ति दूत बुद्धको जन्मस्थल हो भन्ने आधार पाए। त्यसैले यसको श्रेय हुयनसाङलाई दिनुपर्छ। त्यतिमात्र हैन, पश्चिम नेपालको त्यो महत्त्वपूर्ण ठाउँमा बुद्ध र उनीसँग सम्बन्धित कयौँ धरोहर माटो मुनि लुकिरहेको आज संसारकै लागि गहकिलो सम्पदा बनेको छ। यसअघि गौतम बुद्धको मावली तथा ससुराली देवदह भनिँदै आएकोमा उनै प्रसिद्ध चिनियाँ तीर्थयात्री हुयनसाङले आफ्नो यात्रा वर्णनमा उल्लेख गरेकोलाई आधार बनाएर केही समय पहिलेदेखि पुरातत्त्व विभाग र बेलायतको डुर्राम विश्वविद्यालय मिली गरेको उत्खननबाट एउटा नयाँ प्रमाण फेला पर्‍यो। बुद्धको मावली एवम् ससुराली देवदह नभई कपिलवस्तुको **पण्डितपुर** भन्ने ठाउँ रहेको पुष्टि भएको छ। यसबाट एकातिर कपिलवस्तु र वरपरको ठाउँहरूको महत्त्व अरू बढ्न पुगेको छ भन्ने प्रसिद्ध चिनियाँ यात्री हुयनसाङको यात्रा वृत्तान्तको महत्त्व अरू बढेको छ।

# नेपालगञ्ज, सुर्खेत, दैलेख, अछाम, कालिकोट, जुम्ला भ्रमण प्रतिवेदन

(२०७९ माघ ६–१८ गते)



कृतिका प्रजापति

## माघ ६ गते, शुक्रबार

नेपाल मजदुर किसान पार्टी स्थापनाको ४९ औँ वर्ष पुगेको अवसरमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०७९ माघ ६ गतेदेखि १८ गतेसम्म सुदूरपश्चिम नेपालको भ्रमण गर्नुभयो। भ्रमण टोलीमा भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, कार्यपालिका सदस्य रन्जना त्वाती, नेक्राविसङ्घका केन्द्रीय सदस्य प्रकाश गुरुङ, स्वकीय सचिव कृतिका प्रजापतिसहित ६ जना थिए।

शुक्रबारको दिन बिहान करिब ५:३० बजे नै हामी भ्रमणको निम्ति भक्तपुरबाट हिँड्यौँ। केही समयदेखि नारायणगढ मुग्लिन सडक खण्डमा निर्माणाधीन पुलको निम्ति दिउँसोको समय सवारी आवातजावत बन्द गरिएको हुँदा हामी सकभर बाटो बन्द हुनु अगाडि मुग्लिन कट्ने हिसाबले हाम्रो यात्रा अगाडि बढेको थियो।

नारायणगढदेखि बुटवलको सडक खण्डमा विगत केही वर्ष अगाडिदेखि चलेको सडक चौडा पार्ने र पुल निर्माणको काम अझ पनि कायमै छ। करिब तीन घण्टा जतिमा सकिने नारायणगढदेखि बुटवलसम्मको यात्राको अवधि अहिले झन्डै दोब्बर पुगेको देखिन्छ। बाटो पूरै धूलाम्य थियो। यात्रुहरूको लागि पश्चिम नेपालको यात्रा सहज भने पक्कै छैन। दैनिक हजारौँ सवारीसाधन चल्ने यो सडकको अवस्थाले यात्रुहरूलाई सास्ती दिइरहेको छ। सडक बन्दै गरेको धेरै वर्ष भइसक्यो तर काम भने ज्यूका त्यूँ नै देखिन्छन्। सडक विस्तारअन्तर्गत पुल निर्माणको काम अझै सकिएको देखिँदैन। निर्माण कार्य चलिरहेका यी सडकको यात्रा झन् झन् कष्टकर बन्दै गएको यात्रुहरूको गुनासो छ। सडकको खाल्डाखुल्डीले हाम्रो यात्रा निकै कठिन बनायो। बिहान ५:३० बजे निस्केका हामी बेलुकी ६:३० मा नेपालगञ्ज पुग्यौँ। आजको दिन कोहलपुरस्थित मानसरोबर होटलमा हामी बसेका थियौँ।

## माघ ७ गते शनिबार

आज हाम्रो कोहलपुरबाट सुर्खेत पुग्ने कार्यक्रम थियो। बिहान ७ बजे कोहलपुरबाट हिँडेका हामी १० बजे सुर्खेत पुग्यौँ। बाटो राम्रो भएकोले होला नेपालगञ्जदेखि सुर्खेतको यात्रा भने निकै सहज भयो। सुर्खेतस्थि फुलबारी होटलमा हाम्रो बस्ने व्यवस्था मिलाइएको थियो।

### वीरेन्द्रनगरमा नेक्राविसङ्घको प्रशिक्षण

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ सुर्खेत जिल्ला समितिको आयोजनामा सुर्खेतको वीरेन्द्रनगरमा नेमकिपाको ४९ औँ स्थापना दिवसको अवसरमा समसामयिक विषयमा प्रशिक्षण कार्यक्रम दिनको ११ बजेको लागि तय गरिएको थियो। वीरेन्द्रनगर वडा नं. ६ स्थित श्री जननमुना माध्यामिक विद्यालयमा प्रशासनिक भवनमा आयोजित कार्यक्रममा हामी पुग्दा सबै विद्यार्थी कार्यकर्ताहरू उपस्थित भइसकेका थिए।




नेमकिपा स्थापनाको ४९ औँ वर्षमा प्रवेश गरेको अवसरमा आयोजित समसामयिक विषयमा प्रशिक्षण कार्यक्रममा कर्णालीका विभिन्न जिल्लाबाट सुर्खेतमा अध्ययनको लागि आएका करिब ६० जना विद्यार्थीहरूको सहभागितामा भव्यताका साथ कार्यक्रम सम्पन्न भयो। कार्यक्रमका प्रमुख वक्ता भक्तपुर नपाका प्रमुख एवम् नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य का. सुनिल प्रजापतिले नेमकिपा स्थापनाका आधारहरूमाथि प्रष्ट पार्नुहुँदै मार्क्सवाद–लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई अझ माथि उठाउन २०३१ माघ १० गते नेपाल मजदुर किसान पार्टीको विधिवत रूपमा स्थापना भएको बताउनुभयो। उहाँले देशमा साम्यवादी व्यवस्था स्थापना

गर्ने स्पष्ट विचारका साथ पार्टी अगाडि बढिरहेको धारणा राख्नुभयो । भारतीय विस्तारवादबाट नवलपरासीको सुस्तामा भएको भूमि अतिक्रमणविरूद्ध सबभन्दा पहिले विरोध गर्ने दल नेमकिपा भएको बताउनुहुँदै नेता प्रजापतिले माओवादीहरू आज 'ट्रोजन हर्स' सावित भएको बताउनुभयो । कार्यक्रममा विद्यार्थीहरूको सहभागिता उत्साहजनक थियो ।



उक्त प्रशिक्षण कार्यक्रममा नेमकिपा सुर्खेत जिल्ला समितिका अध्यक्ष हरिबहादुर बोहरा, नेक्राकिसङ्घका केन्द्रीय सदस्य ऐनबहादुर शाही, नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङ, भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, नेक्राविसङ्घ सुर्खेत जिल्ला सम्मेलन तयारी समितिका संयोजक राजन विक, सदस्य उत्तम थापामगर र रबिन्द्र भण्डारीले नेमकिपा स्थापनाका उद्देश्यहरूमाथि आआफ्नो धारणा राख्नुभयो । १२:३० बजेबाट सुरु भएको कार्यक्रम करिब ४:३० बजे सम्पन्न भयो । युवा विद्यार्थीहरूमाझ भएको प्रशिक्षण कार्यक्रम निकै प्रभावकारी थियो ।

## माघ ८ गते, आइतबार

### सुर्खेतमा पत्रकार सम्मेलन, नगरप्रमुखसँग भेट तथा प्रशिक्षण कार्यक्रम



पूर्वनिर्धारित कार्यक्रमअनुसार हामी बसेको फुलबारी रिसोर्टको सभाहलमा आइतबार बिहान पत्रकार सम्मेलनको आयोजना गरिएको थियो । सोही बिहान सुर्खेतको छिन्चुदेखि सदरमुकाम वीरेन्द्रनगर आउँदै गर्दा झुप्राखोला नजिक सवारी दुर्घटनामा परी चार जनाको घटनास्थलमै मृत्यु भएको दुःखद् खबर अनलाइन खबरबाट थाहा भयो । यस घटनाले पनि पत्रकार सम्मेलनमा केही असर हुने हो कि भन्ने लागेको थियो । निर्धारित समयभन्दा केही ढिलो कार्यक्रम सुरु भयो । नेमकिपा स्थापना दिवसको अवसर पारेर आयोजना गरिएको पत्रकार भेटघाटमा पत्रकारहरूको उपस्थिति न्यून थियो । सुर्खेतको एकजना मित्रले भन्नुभयो, भत्ता पाउने र खाजा खुवाउने भए मात्र पत्रकारहरू आउँछन्, नत्र हामीले बोलाएको कार्यक्रममा आउन गाह्रो मान्छन् । त्यहीबीच पत्रकार सम्मेलन पनि सुरु भयो ।

उक्त भेटघाट कार्यक्रममा कामरेड सुनिल प्रजापतिले कर्णालीमा गुणस्तरहीन सडककै कारण दिनहुँ सवारी दुर्घटना हुने गरेको छ । यस्ता गुणस्तरहीन सडक निर्माणमा संलग्न ठेकेदारलाई कारबाही गर्नुपर्नेमा जोड दिनुभयो ।

नेकपा एमाले, नेपाली काङ्ग्रेस र माओवादी पार्टी एउटै पाइलामा हिँडिरहेकाले सङ्घीय संसदमा पूर्वीय लोकतन्त्रको वकालत गर्दै संसदमा नेपाली काङ्ग्रेसले समेत सरकारलाई समर्थन गरिसकेकाले प्रतिपक्ष नभएको सरकार तानाशाही हुने हुँदा लोकतन्त्रको सुदृढीकरणका लागि नेमकिपालाई कानुनसम्मत ढङ्गले प्रमुख प्रतिपक्ष दल तोकिदिनुपर्नेमा जोड दिनुभयो । उक्त कार्यक्रममा नेमकिपा सुर्खेत जिल्ला कार्य समितिका अध्यक्ष हरिबहादुर बोहरा, उपाध्यक्ष प्रेमकुमार थापा र सचिव धनेन्द्र बिकले समेत आफ्ना भनाईहरू राखेका थिए ।



तत्पश्चात सुर्खेतको वीरेन्द्रनगरका नगर प्रमुख मोहनमाया भण्डारी (ढकाल) सँग भेट्ने कार्यक्रम थियो । हामीलाई नगरप्रमुख ढकालले उहाँको कार्यकक्षमा खादा

ओढाई स्वागत गर्नुभयो ।

भेटका क्रममा दुई नगर प्रमुखबीच नगरपालिकाले अहिलेसम्म गरिरहेका सकारात्मक कार्य, समस्या र चुनौतीको विषयमा अनुभव आदानप्रदान भयो भने आगामी दिनमा दुवै स्थानीय सरकारबीच हुन सक्ने विभिन्न विकास साझेदारीको विषयमा पनि छलफल भएको थियो ।

सोही क्रममा प्रमुख प्रजापतिले भक्तपुर नपाले शिक्षा र स्वास्थ्य क्षेत्रमा गरिरहेको प्रयासहरूबारे अवगत गराउनुहुँदै नपाले नगरवासी विद्यार्थीहरूलाई सहुलियत दरमा शैक्षिक ऋण र विभिन्न विषयहरूमा पीएचडी अध्ययनसम्मको छात्रवृत्तिको व्यवस्था गर्दै आएको बताउनुभयो ।

भेटमा वीरेन्द्रनगर नपाका प्रमुख मोहनमाया भण्डारीले भक्तपुर नपाको असल अभ्यासबारे आफू जानकार रहेको बताउनुहुँदै सुर्खेत जिल्ला कर्णाली प्रदेशको राजधानी भएकोले पनि प्रदेशकै शैक्षिक गन्तव्यको केन्द्रको रूपमा रहेको चर्चा गर्नुभयो ।

भेटमा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, कार्यपालिका सदस्य रञ्जना त्वाती, नेक्राविसङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङ, नेमकिपा सुर्खेत जिल्ला समिचिका सचिव धनेन्द्र बि.क, वीरेन्द्रनगर जिल्ला समन्वय प्रमुख, वडा नं. ८ र ९ का वडाध्यक्ष एवम् भक्तपुरमा सरुवा भई आउनुभएका प्रमुख जिल्ला अधिकारी खगेन्द्र रिजाललगायत उपस्थित थिए ।

नगरपालिकामा भएको भेटघाटपश्चात पुनः होटलमा गई खाना खायौँ । दिउँसो १२ बजे सुर्खेतका कार्यकर्ताबीच समसामयिक राजनीतिक विषयमा प्रशिक्षण कार्यक्रममा सहभागी भयौँ । कर्णालीका अग्रज कार्यकर्ताहरूको बाक्लो उपस्थितिमा उक्त प्रशिक्षण कार्यक्रम भव्यताका साथ सम्पन्न भयो ।



कार्यक्रमका प्रमुख वक्ताको रूपमा रहनुभएका का. प्रजापतिले नेपाली समाज पुँजीवादी समाजमा रूपान्तरण भएसँगै कामदार वर्गको अवस्था झन् झन् नाजुक हुँदै गएको बताउनुहुँदै कामदार वर्गको स्वर्ग भनेकै समाजवादी व्यवस्था भएको बताउनुभयो ।

उक्त कार्यक्रममा सभापति नेमकिपा सुर्खेत जिल्ला समितिका अध्यक्ष हरिबहादुर बोहरा, नेक्राविसङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङ, भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, नेक्राकिसङ्घका केन्द्रीय सदस्य प्रेमकुमार थापा, नेमकिपा सुर्खेत जिल्ला समितिका सचिव धनेन्द्र बि.क, नेक्रामहिला सङ्घ सुर्खेतका अध्यक्ष तुल्सी खड्कालगायतले आफ्ना धारणाहरू राख्नुभयो ।

कार्यक्रम सकाएर करिब ४ बजेतिर हामी सुर्खेतबाट दैलेखको यात्राको लागि निस्कियौँ । आजको हाम्रो यात्रा सुर्खेत बजारदेखि दैलेखको घोडाबाससम्मको थियो । यात्राको क्रममा नेपालको भौगोलिक बनोट र विकटताको अध्ययन गर्न पश्चिम नेपालको भ्रमण गर्न अपरिहार्य भएको महसुस भयो । साँझ करिब ६ बजेतिर हामी दैलेखको घोडाबास पुगेका थियौँ । हामीलाई घोडाबासका मित्रहरूले सयपत्री फूलले न्यानो स्वागत गर्नुभयो । सोही क्रममा त्यहाँको शुभकामना होटलमा त्यहाँका साथीहरूसँग समसामयिक राजनीतिक विषयमा कुराकानी र निर्वाचनको समीक्षा समेत भयो । खान र बस्ने व्यवस्था त्यही भयो ।

## माघ ९ गते, सोमबार

### दैलेखदेखि कालिकोटसम्मको कठिन यात्रा

आजको यात्रा हाम्रो कालिकोटको मान्ममा पुग्ने थियो । बिहान ७ बजे दैलेखको गुराँस गाउँपालिकाको घोडाबासबाट हामी बिहानै निस्क्यौँ । यात्रा निकै कठिन थियो । सडकको ठाउँ ठाउँमा पहिरो खसिरहेको, खाल्डाखुल्डीले हाम्रो यात्रालाई स्मरणयोग्य बनायो । चामुन्डाविन्द्रासैनीको पालेवडामा त्यहाँका कार्यकर्ताबीच प्रशिक्षण थियो । का. सुनिल प्रजापतिले उहाँहरूलाई वर्तमान राजनीतिक अवस्थामाथि प्रष्ट पार्नुभयो । त्यहाँ खाना खाएर हामी कालिकोटको लागि हिंड्यौँ । कठिन यात्रापश्चात हामी करिब २ बजेतिर कालिकोटको मान्ममा पुग्यौँ । लगत्तै त्यहाँ नेमकिपाको स्थापना दिवसको अवसरमा कालिकोट जिल्ला समितिले आयोजना गरेको पत्रकार भेटघाटमा सहभागी भयौँ । पत्रकार भेटघाटमा का. प्रजापतिले वामपन्थी र दक्षिणपन्थी अवसरवादको विरोधमा सम्झौताहीन सङ्घर्ष गर्दै नेपाल मजदुर किसान पार्टी ४८ वर्षदेखि निरन्तर अगाडि बढ्दैछ भन्नुभयो । पत्रकारहरूको जिज्ञासाबारे प्रष्ट पार्नुहुँदै नेमकिपा स्थापनाका आधारहरू, पार्टीको उद्देश्य र निर्वाचनमा नेमकिपाले भाग लिनुको उद्देश्यमाथि उहाँले आफ्नो धारणा राख्नुभयो ।

पत्रकार भेटघाटमा नेमकिपाका केन्द्रीय सदस्य नन्दबहादुर शाही, नेमकिपा कालिकोट जिल्ला समितिका अध्यक्ष खड्गराज शाही र कालिकोट जिल्ला समितिका सचिव धनन्जय अधिकारीले पनि बोल्नुभएको थियो ।

## माघ १० गते, मंगलबार

### कालिकोटमा राजनीतिक प्रशिक्षण

यस पटकको हाम्रो कालिकोटको बसाई निकै स्मरणीय भयो । आज माघ १० अर्थात् नेमकिपाको पार्टी स्थापना दिवसको दिन । सोही अवसरमा कालिकोट बजारमा र्‍यालीसहित कार्यक्रम गर्ने तय थियो । तर बिहानदेखि सीमसीम परेको पानी र हावाहुरीले पूर्वनिर्धारित कार्यक्रम प्रभावित बन्यो । चिसो अत्यधिक बढेको थियो । मान्मको चोकमा खुला रूपमा कार्यक्रम गर्ने निर्धारित कार्यक्रमअनुसार निरन्तर परिरहेको पानीले गर्दा आजको कार्यक्रम एउटा सभाहलमा सीमित हुनपुग्यो । हलभित्रै दुई चरणमा कार्यक्रम भयो । सुरुमा अनौपचारिक रूपमा प्रशिक्षण कार्यक्रम भएको थियो भने बिहानको खाना खाइसकेपछि औपचारिक प्रशिक्षण चलाइएको थियो ।

यति चिसो मौसमबीच भएको प्रशिक्षणका सहभागी विद्यार्थी तथा अग्रज कार्यकर्ताहरूको सहभागिता भने उत्साहजनक नै मान्नुपर्छ । सहभागीहरू कालिकोटको विभिन्न ठाउँबाट करिब २।३ घण्टाको पैदल गरी चिसोलाई पर्वाह नगरी प्रशिक्षणमा सहभागी हुन आएका थिए ।



उक्त प्रशिक्षण कार्यक्रममा प्रमुख अतिथि सुनिल प्रजापतिले पार्टी आजको दिनसम्म आइपुग्दा पार्टीका अग्रजहरूले गरेको दुःख, कष्ट, सङ्घर्षको स्मरण गर्दै पार्टीको उद्देश्य पूरा गर्न अविचलित सङ्घर्ष गर्ने सम्पूर्णमा सम्मान व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नन्दबहादुर शाही, नेपाल क्रान्तिकारी शिक्षक सङ्घका उपाध्यक्ष नरदिप शाही, नेक्राविसङ्घका अध्यक्ष प्रकाश गुरुङ, कार्यक्रमका सभापति नेमकिपा कालिकोट जिल्ला समितिका अध्यक्ष खड्गबहादुर शाही र कालिकोट जिल्ला समितिका सचिव धनन्जय अधिकारीले पनि बोल्नुभएको थियो ।

### कालिकोटदेखि जुम्लासम्मको जोखिमपूर्ण यात्रा

कालिकोटमा बिहानदेखि नै हावाहुरी र हल्का वर्षा भइरहेको थियो । कालिकोटको कार्यक्रमपश्चात हाम्रो जुम्ला जाने कार्यक्रम तय थियो । तर जुम्लामा बिहानदेखि नै बाक्लो हिउँ परिरहेको खबर प्राप्त भएपछि जुम्ला जाने वा नजाने भन्ने कुरामा अलमलियौँ । हिमपातले गर्दा सडक चिप्लो हुने, पहिरो खस्ने सम्भावना भएकोले जुम्ला जाने वा नजाने अन्योल भयो । उता जुम्लाका मित्रहरूले फोन सम्पर्कबाट बाटोको स्थिति दिइरहनुहुन्थ्यो । कालिकोटमा कार्यक्रम करिब ३ बजे सकिएको थियो । लगत्तै आजै मात्र हिमपात भएको हुँदा सडकमा खासै समस्या नहुने जस्तो देखिए पछि जुम्ला जाने कुरा भयो । हामी कालिकोटबाट ३:१५ मा जुम्लाको लागि हिँड्यौं ।

कर्णालीको वास्तविक यात्रा बल्ल सुरु भएको महसुस भयो । कालिकोटदेखि मान्म बजारसम्मको सडक छेउछाउका पहाडहरू भयानक देखिन्थे । कर्णाली नदीको किनारबाट गएको सडक कतै कालोपत्रे त कतै कच्ची थिए । विशाल भीरको चट्टान काटेर बनाइएको त्यो सडकको यात्रा निश्चय पनि जोखिमपूर्ण थियो । तर, यस पटकको हाम्रो भ्रमण सुरुभएदेखि हिमपातका दृश्यहरू देखिन थाल्यो । जुम्ला जिल्ला पुगेदेखि पहाडहरू हिउँले पूरै सेताम्य ढाकिएका थिए । करिब १ फिटको हिउँ जमिरहेको खेतबारी, घरका छाना र बाटो छेउछाउका दृश्य मनमोहक थियो । चिसो भने अत्यधिक बढेको थियो । गाडी चल्ने सडकमा बाहेक सबै ठाउँमा हिउँ नै हिउँले छोपिएको थियो । रातको करिब ७ बजेतिर हामी जुम्लाको सदरमुकाम खलंगा पुग्यौं । जुम्ला बजारको न्यु मानसरोबर होटलमा हामीलाई बस्ने व्यवस्था गरिएको थियो ।

## माघ ११ गते, बुधबार

### अविस्मरणीय जुम्ला बसाइ

जुम्लाको यात्रा यो मेरो पहिलो अनुभव भने थिएन । २०६७ सालतिर काठमाडौँबाट नेपालगञ्ज र नेपालगञ्जबाट जुम्लाको हवाई उडानमार्फत यात्रा गर्ने अवसर मिलेको थियो । काठमाडौँदेखि जुम्लासम्म प्लेनमा र जुम्लादेखि कालिकोटको मान्म सहरसम्म गाडीबाट पुगेकी थिएँ । गाडीबाट जाँदा म र अर्को महिला साथी डराउँछन् भनेर हामीलाई गाडीमा पर्दा हालेर बाहिरको दृश्य केही नदेखिने गरी लगिएको थियो ।

तर पनि गाडीको झ्यालबाट चियाइचियाइ हेर्दै कालिकोट पुगेको त्यो दिनको स्मरण आज पनि झलझली आउँछ। तर यसपटकको जुम्ला भ्रमण भने वास्तवमै अविस्मरणीय रह्यो। जाडोयामको यात्रा त्यसमाथि हिउँले ढकमक्क ढाकेको अवस्थामा जुम्ला आउनु हाम्रो लागि सुनौलो यात्रा जस्तै रह्यो। हिउँले भरिपूर्ण कर्णाली वास्तवमै स्वीट्जरल्याण्डभन्दा कम थिएन।

भनिन्छ, अवसर र चुनौती भनेको सँगसँगै आउने कुरा हो। निरन्तरको हिमपातले जुम्लावासीको दिनचर्या कष्टकर बने पनि त्यही हिमपातले त्यहाँका किसानहरूलाई खुशी अनुभूति गराएको छ। हिमपात भएपछि जुम्लावासीहरू खुशी हुन्छन्, कारण, हिमपातका कारण खेतबारीमा हुने कीरा फट्यांग्राहरू नाश हुन्छन् र मलको रूपमा प्रयोग हुन्छन्। फलस्वरूप किसानहरूले लगाएको बाली राम्रो हुन्छ, उब्जनी बढ्छ। हामीलाई पनि सुरुमा जुम्ला पुग्दा हिउँ नै हिउँले छोपेको जुम्ला बजार देख्दा निकै रमाइलो लागेको थियो। त्यो दृश्य निकै नै आकर्षक थियो। तर हिउँमा कुल्चँदै बजार परिक्रमा गर्दा चिसोले कठ्यांग्रिने, हातखुट्टा पूरै चिसो भएर साह्रै गाह्रो बनाएको थियो।

**जुम्लामा प्रशिक्षण**

आज बिहान करिब ९ बजेतिर का. सुनिल प्रजापतिको जुम्लास्थित रेडियो खुल्ला आकास एफएममा अन्तरवार्ताको निम्ति पुग्यौँ। हिमपातको कारण नेटवर्क राम्रोसँग नदेखाउने, बत्ती नहुँदा प्रत्यक्ष प्रसारण गर्न नसकिने, हाललाई रेकर्ड मात्र गर्ने कुरा भयो। सोहीअनुसार स्टुडियोमा सबै बन्दोबस्त मिलाएको थियो। कार्यक्रम सुरु गर्नै लाग्दा बत्ती गयो। त्यसपश्चात केही समय अलमल भयो। त्यसैक्रममा एकजना मित्रले स्टुडियोकै कौसीमा गएर रेकर्ड गर्न पाए अन्तरवार्ता अझ जीवन्त हुने कुरा बताए। रेडियोको नाम नै खुल्ला आकास, त्यसमाथि खुल्ला आकासमुनि बसेर अन्तरवार्ता लिने कुरा सबैलाई चित्त बुझ्यो।



त्यहीअनुसारको बन्दोबस्त गरी त्यहाँका सञ्चारकर्मी भीम नेपालीले का. प्रजापतिसँग करिब ४५ मिनेटको समसामयिक राजनीतिक विषयमा अन्तरवार्ता लिनुभयो। छतबाट देखिने हिमपातको दृश्य निकै आकर्षक थियो। टाढा टाढासम्म देखिएको पहाड सेताम्य हिउँले छोपिएको थियो। मान्छेहरू आफ्नो छतमा रहेका हिउँ साबेलले पन्छाउँदै थिए, केही बालबालिकाहरू हिउँको डल्लो पारेर एकआपसमा हानेर पनि खेलिरहेका थिए। कौसीमा राखिएको सोलारभरि सेतो हिउँले छोपिएको थियो। केही मानिसहरू सोलारको हिउँ सोहोर्दै थिए। जुम्लाको हिमपातको दृश्यले निश्चय नै विशेष किसिमको रमाइलो अनुभूति दियो।



तत्पश्चात हामी खानाको लागि होटल पुग्यौँ। खानापश्चात हामी जुम्लाको चन्दननाथ नगरपालिकामा गएका थियौँ। नगर प्रमुख प्रजापतिले चन्दननाथ नपाका जनप्रतिनिधिसँग भेट्ने कार्यक्रम थियो। चन्दननाथ नपाका प्रमुख र उपप्रमुख दुवै काम विशेषले काठमाडौँ जानुभएको रहेछ। हामीलाई कार्यवाहक प्रमुख वडा नं. ४ का वडाध्यक्ष नवराज देवकोटाले स्वागत गर्नुभयो र दुई नपाबीच राजनीतिक, सांस्कृतिक, सामाजिक विषयमा अनुभव तथा विचार आदानप्रदान भयो।



त्यहाँबाट हामी जुम्लास्थित नेमकिपाको पार्टी कार्यालयमा प्रशिक्षण कार्यक्रममा सहभागी भयौँ। त्यहाँ पनि जुम्लाका विभिन्न ठाउँहरूबाट घण्टौँ पैदल गरेर आउनुभएका पार्टीका अग्रज कार्यकर्ताहरूमाझ कार्यक्रमका प्रमुख अतिथि प्रजापतिले प्रशिक्षण दिनुभयो।


प्रशिक्षण कार्यक्रमपश्चात जुम्ला बजार अवलोकन भ्रमणमा निस्क्यौँ। हामीले चन्दननाथ मन्दिरको स्थलगत अवलोकन भ्रमण गर्‍यौँ। हिउँ नै हिउँले छोपिएको जुम्ला बजारलाई नजिकबाट नियाल्ने अवसर मिल्यो।

## माघ १२ गते, बिहीबार

आज बिहानै दैलेखको लागि हिँड्नु थियो। ढोकामा हिउँ जमेको कारण हाम्रो गाडीको ढोका बन्द गर्न सकेनौँ। तातो पानी खन्याएर बरफ पगालेर मात्रै ढोका बन्द गर्न सक्ने अवस्था भयो। बिहान ७ बजे नै जुम्लाबाट दैलेखको लागि हिँड्ने हाम्रो सल्लाह अनुरूप बिहानै हाम्रो यात्रा दैलेखको लागि अगाडि बढ्यो। सडक र पहाडका दुवैतर्फ सेताम्य हिउँले ढाकिएको रमणीय दृश्य हेर्दै हाम्रो यात्रा अगाडि बढ्यो। ठाउँ ठाउँमा फाटफुट ढुङ्गाहरू खसिरहेका थिए। हिमपातको रमणीय दृश्य गाडी भित्रैबाट मोबाइलमा कैद गर्दै अगाडि बढ्दै गयौँ। बाटोमा आउँदै गर्दा कालिकोटका नन्दबहादुर शाहीले घरमा खाना पाकिसकेको जानकारी दिनुभयो।

करिब १२ बजे हामी मान्म खाँडाचक्र पुग्यौँ। मान्ममा मज्जाले घाम लागिरहेको थियो। हामीले केहीबेर घाम तापेर खाना खानतर्फ लाग्यौँ। मार्सी धानको स्वादसँगै हामीले निकै मिठो भोजन गर्‍यौँ। त्यहाँबाट करिब १ बजे राकमको लागि हिँड्यौँ।

राकमको जनचेतना माविमा प्रशिक्षण कार्यक्रम राखिएको थियो। निर्धारित समयभन्दा १ घण्टा अगाडि राकम पुग्यौँ। त्यसैले नजिकै रहेका दैलेखबाट अछाम जोड्ने बनिरहेको नयाँ पुलको अवलोकन गर्न त्यहाँको पुरानो झोलुङ्गे पुलसम्म गयौँ।



करिब ४:३० बजे प्रशिक्षण कार्यक्रम सुरु भयो। का. सुनिल प्रजापतिले नेमकिपा स्थापनाका आधारहरू, पार्टीको उद्देश्य प्राप्तिका लागि सदनदेखि सडकसम्मा पार्टीले खेल्दै आएको भूमिकाबारे स्पष्ट पार्नुभयो। कार्यक्रम ७:३० बजेसम्म चलेको थियो।

कार्यक्रम सकिएलगत्तै सारथी संसार डटकम टेलिभिजन (अनलाइन) का प्रतिनिधि लोकेन्द्र विश्वकर्मासँगको अन्तरवार्ताको लागि गयौँ। भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सरसफाइ, खेलकुदलगायत क्षेत्रमा गर्दै आएको कामबारे केन्द्रित भएर अन्तरवार्ता लिइएको थियो। करिब ४० मिनेट जतिको अन्तरवार्ता सकाएर बस्नको लागि साथीहरूले मिलाइराख्नुभएको हेमन्त होटलमा पुग्यौँ।

## माघ १३, शुक्रबार

कर्णाली नदीको किनारामा हाम्रो बास भएकोले होला, रातभर हावाहुरीले हामीलाई सुत्न असहज बनायो। हावाहुरीको आवाजले रातको २ बजेदेखि निदाउन सकिएन। हुरीको कारण कोठाको झ्यालका सिसा, चुकुलहरूको आवाज निरन्तर बजिरहयो। जीवनमै यति भयानक हुरीको महसुस कहिल्यै गरिएको थिएन। राती २ बजेदेखि चलेको हुरी बिहानसम्म पनि निरन्तर तेज गतिमा चलिरहेको थियो। बिहान ७:३० बजेतिर स्थानीय साथीहरू हामीलाई बिदा गर्न आउनुभयो। सँगै चिया र बिस्कुट खाएर हामी दैलेख पादुकामा हुने प्रशिक्षण कार्यक्रमको लागि अगाडि बढ्यौँ। हामी मध्यपश्चिम राजमार्ग हुँदै दैलेखको लागि हिँड्यौँ। बन्दै गरेको मध्यपश्चिम राजमार्ग निकै घुमाउरो बाटो थियो। तर बाटो पूरै चौडा र ढलान गरिएको हुँदा यात्रा सहज भयो।



दैलेखको आठबीस नगरपालिकाको सातालामा साथीहरूसँग सामान्य भेटघाट भयो। उहाँहरूको सुझावअनुसार लक्ष्मी मावि र त्यहाँको स्वास्थ्य केन्द्रको अवलोकनमा गयौँ। विद्यालयमा प्रअ र शिक्षकहरूसँग भेटघाट गरी विद्यालयको

अवस्थाबारे सङ्क्षिप्त जानकारी लिने काम भयो। प्रमुख प्रजापतिले भक्तपुर नपाले शिक्षा क्षेत्रमा गरिरहेको कामबारे पनि जानकारी दिनुभयो। साथीहरूकै आग्रहमा त्यहाँको स्वास्थ्य केन्द्रको पनि अवलोकन गरियो। वडा नं. १ का वडाध्यक्षसँग भेट गरी स्वास्थ्य चौकी र वडाकाबारेमा सङ्क्षिप्त जानकारी लिने काम भयो।

सरसरर्ती दैलेखको सातालाका साथीहरूसँग भएको कुराकानी सुन्दा त्यस ठाउँमा अहिलेसम्म बत्तीको व्यवस्था नरहेको थाहा भयो। स्वास्थ्य चौकीमा पनि आवश्यक स्वास्थ्य सेवा सुविधा नहुँदा कति सुत्केरीले प्रसूतिको समयमा ज्यानसमेत गुमाएको घटना उहाँहरूले सुनाउनुभयो। त्यहाँका स्थानीय राजनैतिक रूपमा सचेत त देखिन्छन् तर चुनावको समयमा शासक दलका नेता कार्यकर्ताहरूबाटै पैसाको छेलोखेलो गरी चुनाव जित्ने गरेको कुरा उहाँले प्रष्ट पार्नुभयो। यहाँका जनतालाई राजनीतिक रूपमा सचेत पार्ने काम कसैले नगर्ने तर पद र पैसाको लोभ देखाएर मान्छेलाई दुरूप्रयोग गर्ने गरेको दुःखेसो उहाँहरूले गर्नुभयो। गरिब, सोझासीधा जनतालाई बिगार्ने काम शासक दलबाटै भइरहेको पनि उहाँका कुराबाट प्रष्ट हुन्छ। हाम्रो दैलेखको दुल्लुस्थित पादुकामा आज प्रशिक्षण कार्यक्रम तय थियो।

हामी करिब १ बजेतिर पादुकामा पुग्यौँ। पादुका मन्दिर परिसरमा साथीहरू भेला हुने क्रम जारी थियो। त्यहाँ साथीहरूले वनभोज शैलीको कार्यक्रम राख्नुभएको थियो। हामीलाई पनि त्यहीँ खानाको बन्दोबस्त गरिएको थियो। बिहानको खाना खाइसकेपछि नजिकै रहेको खुल्ला चौरमा प्रशिक्षण कार्यक्रम सञ्चालन भयो। उक्त प्रशिक्षण कार्यक्रममा पनि का. प्रजापतिले पार्टी स्थापनाको आधारमाथि नै प्रष्ट पानुभयो।



करिब १०० जनाको उपस्थितिमा भएको उक्त प्रशिक्षणमा दैलेखका जग्यबहादुर शाही, निरकबहादुर शाहीलगायतले पार्टीले त्यहाँका जनप्रतिनिधिले स्थानीय तहमा भोग्दै आएका समस्याहरूबारे प्रष्ट्याउनुभयो। कार्यक्रम करिब साँझको ५.३० बजेसम्म चल्यो। कार्यक्रमकै बीचमा पार्टी प्रकाशनहरू प्रदर्शनीमा राखिएको थियो। दैलेखका धेरै साथीहरूले पार्टीको पुराना प्रकाशनहरू किनेर लानुभएको थियो।




कार्यक्रम सकिएपछि नजिकै रहेको हंस ज्वाला मन्दिरको अवलोकनमा गयौँ। खेतेको बीचमा अवस्थित दैलेखको ऐतिहासिक र सांस्कृतिक महत्त्व बोकेको हंस ज्वाला मन्दिरको मर्मत कार्य भइरहेको थियो। उपभोक्ता समितिका अध्यक्षले सहरी विकास मन्त्रालयले बजेटमा मन्दिरको पुनःनिर्माण भइरहेको जानकारी दिनुभयो। त्यहाँ सलाइ वा कुनै ज्वलनशील वस्तुले छुनासाथ ग्यास बल्ने अवस्था थियो। उपभोक्ता समितिका साथीहरूसँग सामान्य छलफल गरी सामूहिक फोटो खिच्यौँ र हामी आफ्नो बाटो लाग्यौँ। नेपाल सरकार र पुरातत्त्व विभागले ध्यान दिएर त्यसबारे अध्ययन अनुसन्धान गरेको खण्डमा नयाँ नयाँ तथ्य पत्ता लाग्ने देखिन्छ।

रातको ९:३० बजे खाना खाई जम्बुकाँद स्थित का. जग्यबहादुर शाहीको घरमा बास बस्न पुग्यौँ। निकै मौलिक शैलीको घर थियो। आँगनभरि ठूलठूला आँपका रुखहरू थिए। घर अगाडि बाखापालन गरिएको थियो। हामीलाई



बस्न दुईओटा कोठाको व्यवस्था गर्नुभएको थियो। कोठामा छिर्दा एक किसिमको बेग्लै आनन्द अनुभूति भयो। वातावरण निकै शान्त भएकोले होला हामीले मिठो निद्रा सुत्यौँ।

## माघ १४, शनिबार

### अछाममा प्रशिक्षण

आजको हाम्रो मुख्य कार्यक्रम अछामको असाराघातमा प्रशिक्षण थियो। सोहीअनुसार हामी बिहान सबेरै तयार भयौँ। हामी उठ्दा त जग्य दाइको घरमा कोदोको रोटीसमेत पाकिसकेको रहेछ। पाहुनालाई खुवाउन भनेर भाउजुले बिहानै कोदोको रोटी पकाउँदै हुनुहुन्थ्यो। हामीलाई दूध र कोदोको रोटी खुवाएर त्यहाँबाट बिदा गर्नुभयो।

बिहान ७:३० बजे रेडियो हाम्रो समावेशीमा अन्तरवार्ता थियो। ठीक समयमा स्टेसनमा पुग्यौँ। नेमकिपाबारे र स्थानीय तह विशेष गरी भनपाका गतिविधिहरूबारे अन्तरवार्ता केन्द्रित थियो। आधा घण्टाको अन्तरवार्तापछि हामी अछामको भैरवी स्थानमा हुने कार्यकर्ता प्रशिक्षणको लागि असाराघाटतर्फ लाग्यौँ।



अछामको भीमसेनस्थानमा भएको कार्यक्रम करिब १ बजेतिर मात्रै सुरु भयो। कार्यक्रम करिब ४ बजेसम्म चल्यो। त्यस कार्यक्रममा प्लस टु अध्ययनरत विद्यार्थीहरूको राम्रो उपस्थिति थियो। ४० जनाको उपस्थितिमा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा उपस्थित विद्यार्थी र अभिभावकहरूसँग अन्तरक्रियात्मक छलफल भयो जसले उहाँहरूमा उत्साह मिलेको अनुभव भयो।

कार्यक्रमपछि तल्लो डुङ्गेश्वरतर्फ लाग्यौँ। पालेवडामा केही साथीहरू हाम्रो प्रतिक्षामा बसिराख्नुभएको थियो। सबैसँग भलाकुसारी गरी हामी तल्लो डुङ्गेश्वरतर्फ लाग्यौँ। साँझ ८ बजेतिर पुग्यौँ। खाने र बस्ने एउटै होटलमा मिलायौँ।

## माघ १५, आइतबार

### दैलेखको माथिल्लो डुङ्गेश्वरमा कार्यक्रम

हामी हिजै माथिल्लो डुङ्गेश्वरमा बस्न पुगेको हुँदा कार्यक्रम स्थल पुग्न समस्या भएन। आधा घण्टाको यात्रामा हामी तल्लोबाट माथिल्लो डुङ्गेश्वर पुग्यौँ।

स्थानीय २५ जना जति साथीहरूको उपस्थितिमा दिनको करिब १ बजे कार्यक्रम सुरु भयो। ४.३० बजे सम्म राजनीतिक कक्षा सञ्चालन भएको थियो। साँझ ५ बजेतिर



सुर्खेततर्फ लाग्यौँ। हाम्रो आजको योजना भने सुर्खेतसम्म पुग्ने थियो। ६:३० बजे सुर्खेतको होटलमा पुग्यौँ।

## माघ १६, सोमबार

### नगर प्रमुखहरूसँगको भेटघाट

सुर्खेतको काँक्रेबिहार र बुलबुले ताल अवलोकन गर्न हामी त्यसतर्फ लाग्यौँ।

निर्धारित कार्यक्रमअनुसार हामी विभिन्न नगरपालिकाका नगर प्रमुखहरूसँग भेटघाटको लागि हिँड्यौँ। सुरुमा छिन्चु स्थित भेरिगंगा नगरपालिकाका प्रमुखसित भेट्ने कार्यक्रम तय थियो। सोहीअनुरूप हामी खाना खाइवरी ११ बजेतिर नगरपालिका कार्यालयमा पुग्यौँ। नगर प्रमुख यज्ञप्रसाद ढकाल आफ्नो कार्यकक्षमा हाम्रो पर्खाइमा बसिरहनुभएको थियो। सामान्य परिचयपश्चात दुई नगरपालिकाबीच शिक्षा र विकास निर्माणबारे एकापसमा अनुभव आदानप्रदान भयो।



लगत्तै हामी सुर्खेतकै गुर्भाकोट नपाका प्रमुखलगायत पदाधिकारीहरूसित भेटन गयौँ। छिन्चुबाट करिब ३० मिनेट गाडीको यात्रापश्चात हामी गुर्भाकोट नपामा पुग्यौँ। उहाँहरू भर्खरै कार्यपालिका बैठक सकाएर हाम्रो स्वागतको लागि बसिरहनुभएको थियो। भक्तपुर नपाको टीमलाई हार्दिकताका साथ स्वागत गर्नुभयो।

तत्पश्चात हामीलाई बाँके पुग्नु थियो। बीचमा कुनै अलमल नगरी हामी सरासर हुइँकियौँ। बाँके जिल्ला कोहलपुर नपाका पूर्ण आचार्यसँग पनि भेटघाट गयौँ। सोही क्रममा सल्यानका शारदा नपाका प्रमुखसित पनि भेट भयो। शारदा नपाका प्रमुख प्रकाश भण्डारीले भक्तपुर नपाका असल अभ्यासबारे आफू परिचित भएको र भक्तपुर नपा भ्रमणमा आउन उत्सुक भएको बताउनुभयो। त्यहाँ भेटघाटपश्चात हामी सिधै बर्दिया जिल्लाको बाँसगढी नपाका प्रमुख खड्गबहादुर खड्कासँग पनि भेट्न गयौँ। नगर प्रमुख प्रजापति र खड्काबीच शिक्षा क्षेत्रमा भइरहेको गतिविधिबारे अनुभव आदानप्रदान भयो। भेटमा नगरका कार्यकारी अधिकृत कमलप्रसाद पौडेलसँग पनि भेट भयो। पौडेल कामको सिलसिलामा भक्तपुरमा बसिसकेको र भक्तपुर नपाबारे राम्रो जानकारी रहेको कुराकानीबाट थाहा भयो। हामी पहिले बसेकै मानसरोबर होटलमा बस्न आयौँ।

## माघ १७, मंगलबार

### बाँकेको जिल्ला परिषद्

बिहान ८ बजे कोहलपुर एनटिभीमा अन्तरवार्ता राखिएको थियो। सोहीअनुरूप हामी आधा घण्टा अगाडि नै त्यहाँ पुग्यौँ। अन्तरवार्ता प्रत्यक्ष प्रसारण थियो।

तत्पश्चात हामी कोहलपुरका साथी नवीनकुमार शाहीको घरमा खानाको लागि हिँड्यौँ। दिउँसो १ बजे देउराली सहकारीको सभाहलमा नेमकिपा बाँकेको दोस्रो जिल्ला परिषद् राखिएको थियो। सोहीअनुरूप हामी त्यसतर्फ लाग्यौँ। का. सुनिल प्रजापतिले परिषद्को उद्घाटन गरी प्रशिक्षण दिनुभयो। प्रशिक्षण कार्यक्रम सकाएर करिब ५ बजेतिर हामी फर्क्यौँ। पश्चिमाञ्चल भ्रमणको करिब करिब कार्यक्रम सकिएको हुँदा माघ १८ गते घर पुग्ने योजनाअनुसार हामी निस्कियौँ। जहाँसम्म पुग्न सकिन्छ पुग्ने भन्ने हेतुले निस्केका हामी राती १० बजे बुटवल पुगेका थियौँ। सबैजना निकै थाकेका थिए।

## माघ १८, बुधबार

### घर प्रस्थान

१३ दिने भ्रमण सकाएर हामी बुटवलबाट भक्तपुरको लागि हिँड्यौँ। बिहान ७ बजे बुटवलबाट हिँडेका हामीले दाउन्नेमा चियानास्ता गर्‍यौँ। जसरी नि १२ बजे अगाडि मुग्लिन सडक काट्नुपर्ने थियो। १२ बजे अगाडि नै मुग्लिन पुगियो। त्यहाँ खाना खायौँ र सरासर घर फर्क्यौँ। ५ बजेतिर भक्तपुर पुग्यौँ।

(स्वकीय सचिव, भक्तपुर नगरपालिका)

# बासिबियाँलो



एउटैजस्तो देखिए पनि दुई चित्रमा केही फरक छन्, फेला पारेर चिनो लगाउनुहोस्।



यस चित्रमा चारओटा खरायो लुक्न खोजेका छन्, फेला पार्नुस् त...

(चित्र : इन्टरनेट)

## खो खो प्रतियोगिताका केही झलक




उद्घाटन समारोहमा मञ्चासीन प्रमुख अतिथि नेमकिपाका अध्यक्ष का. रोहितलगायत



प्रमुख अतिथि नेमकिपाका अध्यक्ष का. रोहितबाट प्रतियोगिताको समुद्घाटन



प्रमुख अतिथि नेमकिपाका अध्यक्ष का. रोहितलगायतबाट खेलाडीहरूलाई हौसला प्रदान गर्नुहुँदै



उद्घाटन समारोहका अतिथिगण र खेलाडीहरूको सामुहिक तस्बिर

## खो खो प्रतियोगिताका केही झलक



प्रथम पुरस्कार ग्रहण गर्दै ठाकुरबाबा नपाको टोली




द्वितीय पुरस्कार ग्रहण गर्दै कीर्तिपुर नपाको टोली



तृतीय पुरस्कार ग्रहण गर्दै धनगढी उपमनपाको टोली



समापन समारोहका प्रमुख अतिथि नेमकिपा सचिव एवम् सांसद प्रेम सुवाललगायतसँग फाइनल खेल्नुअघि दुवै टोलीको सामुहिक तस्बिर

## खो खो प्रतियोगिताका केही झलक



खो खो प्रतियोगिताबारे पत्रकार भेटघाट




दत्तात्रयबाट नगर प्रमुख सुनिल प्रजापतिको अगुवाइमा प्रतियोगिताको उद्घाटन र्‍याली



भक्तपुर नपाको टोलीलाई ट्र्याकसुट वितरण पछिको सामूहिक तस्बिर



उद्घाटन समारोहमा सहभागी खेलप्रेमीहरू

# खो खो प्रतियोगिताका केही झलक






खेल सम्वद्ध पदाधिकारी, रेफ्री र खेलाडीहरूको सामुहिक तस्विर





प्रतियोगिताका केही दृष्य

**वडाध्यक्षको डायरीबाट**

# फुकुवा पत्र नआई सिफारिस दिन मिल्दैन

## कुशल

वडाध्यक्षमा निर्वाचित भएर कुर्सीमा बसेको दुई तीन महिनामात्र भएको थियो । अनुभवको कमी त थियो नै । साथै दुई ओटा वडा समायोजन भएकोले पनि धेरै मानिसहरूसँग अपरिचित थिएँ । तापनि पार्टीका अग्रजहरूको सल्लाह, घोषणा पत्र अनि नगरपालिकाको निर्देशनलाई शिरोपर गर्दै वडा कार्यालयका काम कारबाहीहरू अगाडि बढ्दै थियो । म आफू पनि नयाँ परिवेश र नयाँ परिस्थितिमा काम गर्न उत्सुक थिएँ । शिक्षण पेशाबाट पूर्णकालीन सामाजिक र राजनीतिक कार्यमा लाग्दाको अनुभव सँगाल्दै थिएँ र उत्साहित पनि थिएँ । कुनै पनि नयाँ परिस्थिति र समस्यासँग सामना गर्नको लागि हरदम तयारी अवस्थामा थिएँ ।

एक दिन वडामा दोस्रो प्रहरको समयमा एक जना परिचित वडाकै दाइ कृष्ण सुवाल (नाम परिवर्तित) आउनु भयो । वहाँ आफ्नो पुर्ख्यौली सम्पत्तिको जग्गाको धनीसँग जोत छुट्याएर लिनको लागि सिफारिसको लागि आउनु भएको थियो । मैले निवेदन राम्रोसँग हेरे अनि आवश्यक कागजातहरू भए नभएको हेरेँ । कागजातहरू सबै भएकोले गर्दा मैले सर्जमिनको लागि तोक लगाइदिएँ । त्यसपछि कृष्ण दाइ मलाई धन्यवाद दिँदै सचिवकहाँ जानुभयो । वहाँ गएको दस मिनेट पछि कार्यालयका सचिव त्यस निवेदन लिँदै म कहाँ आउनु भयो र मलाई भन्नुभयो, 'सर, यस निवेदनमा त तपाईँले तोक लगाउनु भएको उपयुक्त भएन । कृष्ण सुवालको बुबाको नाममा नगरपालिकाले सेवा सुविधा सबै रोक्नु भन्ने पत्राचार भएको छ । वहाँको बुबा गुथिको नाइके हो । वहाँहरूले आफ्नो गुथि घर बनाउँदा छिमेकी दुवै जनाको जग्गा अतिक्रमण गरी बनाएको उजुरी छ । उजुरीको जवाफ नै नदिई घर बनाएकोले नगरपालिकाबाट एकतर्फी निर्णय भई आठ इन्च एकतर्फ र अर्कोतर्फ चार इन्च जग्गा मिचेको र हाललाई सेवा सुविधा रोक्नु भन्ने आदेश छ । मैले वडामा भएको अभिलेखबाट यो रोक्का पत्र ल्याएको छु । तपाईंले पनि एक पटक अध्ययन गर्नुहोला । अनि मात्र यो निवेदन अगाडि बढाउने नबढाउने निर्णय गर्नुपर्ला सर ।' यत्ति भन्दै सचिवज्यूले रोक्का पत्र पनि दिनुभयो । मैले सरसर्ती पत्र अध्ययन गरेँ । दुवै छिमेकीको जग्गा अतिक्रमण गरिएकोले हक बेहकको लागि अदालत जाने र हाललाई कृष्ण सुवालको बुबा गुथि नाइके भएकोले सबै नगरपालिकाको सेवा सुविधा रोक्ने आदेश गरिएको रहेछ ।

त्यसपछि मैले कृष्ण दाइलाई निवेदन छोडेर जान र वहाँको निवेदन सम्बन्धमा निर्वाचित समितिमा छलफल गरी जवाफ दिउँला भनी बिदा गरेँ । त्यसपछि वहाँ र सचिवज्यू केही जवाफ नफर्काइकन जानु भयो ।

वहाँहरू जानु भएको करिब एक घण्टापछि सचिवज्यू फेरि मेरो कक्षमा आएर भन्नुभयो, 'सर, अघिको निवेदन सम्बन्धमा केही कुरा राख्नु छ ।' मैले आफ्नो काम छोडेर वहाँलाई आफ्नो कुरा राख्न अनुरोध गरेँ । वहाँले भन्नुभयो, 'वि.सं २०७२ सालको भूकम्पमा उनीहरूको गुथि घर पनि भत्केको थियो । त्यस गुथि घरमा गुथिको एक जना सदस्य राम दुवाल (नाम परिवर्तित) र उनको परिवार बस्दै आएको छ । गुथि घरको भग्नावशेष हटाउने क्रममा राम दुवालले बाटोकै बीचमा माटो र इँटा राखेको थियो । त्यसवेला तपाइँ र म किन यसरी बीच बाटोमा राखेको भनी सोध्न जाँदा वडाले सकेको गर्नुस्, म बीच बाटोमै राख्छु भन्ने जवाफ दिएका थिए । त्यसवेला व्यक्तिगतरूपमा पनि तपाईँलाई गाली गरेको थियो ।



त्यसवेला तपाइँ पार्टी प्रतिनिधि भई भग्नावशेष हटाउने समितिमा बसी वडालाई सहयोग गर्नु भएको थियो। साथै राम दुवालले पार्टीलाई पनि तथानाम गाली गरेको थियो। हामीले हिजोमात्र डोजर चलाई भग्नावशेष हटाएको हुँदा थप भग्नावशेष बीच बाटोमा नराखी छेउमा राख्न अनुरोध गरेका थियौँ तर वहाँले मान्नु भएन। त्यसको केही महिनापछि नक्सानै नराखी गुथि घर बनाउनुभयो। उत्तर र दक्षिण दुवै छिमेकीको आधा आधा फिटभन्दा बढी जग्गा अतिक्रमण गरी नक्सा नराखी घर बनाउनु भयो। छिमेकीले उजुरी राख्दासमेत जवाफ दिन गएन। तपाइँ, म र प्राविधिक हेर्न जाँदा तपाइँले आठ इन्च मिचेकोले डण्डी बाँङ्गो गर्नुस भन्दा मान्नु भएन र सकेको गर्नुस् भनी जवाफ दिएको तपाइँले बिर्सनु भएजस्तो लाग्यो। हामी कर्मचारी दुवैलाई तल्लोस्तरको भाषा प्रयोग गरी गाली गरेको सरले बिर्सनु भएको जस्तो छ।'

सचिवज्यूको कुराले मलाई विगतका कुराहरू स्मरण हुन थाल्यो। त्यसवेला भूकम्प पीडितहरूलाई राहत दिन र भग्नावशेष हटाउनेक्रममा वडालाई सहयोग गर्न राजनीतिक संयन्त्र बनाएको थियो। मलाई पनि नेमकिपाको तर्फबाट प्रतिनिधि भई कार्य गर्न निर्देशन भएको थियो। त्यही निर्देशनअनुसार घर घर गई सामान निकाल्नेदेखि भग्नावशेष हटाउने र राहत वितरण तथा पाल वितरण गरेको सम्झना भयो। टोलमा बाटोभरि करिव एक एक तलासम्म भग्नावशेष फालिएको थियो। टोलवासीको डोजर र नगरपालिकाबाट तेल खर्च मिलएर दश दिनभन्दा बढी डोजर चलाएर बाटोमा थुपारिएको भग्नावशेष हटाएको थिएँ। बाटो 'क्लिएर' गरेको भोलिपल्ट नै राम दुवाल दाइले बाटोमै फेरि भग्नावशेष राख्नु भएको थियो। सचिव र म गएर बाटोमा नराखी छेऊमा राख्न अनुरोध गरेका थियौँ। त्यहीवेला वहाँले तथानाम गाली गरेको थियो। त्यसपछि घर बनाउने क्रममा निरीक्षण जाँदासमेत वहाँले कर्मचारीलाई त गाली गऱ्यो नै, मलाई पनि व्यक्तिगत रूपमा गाली गर्नुका साथै पार्टीलाई समेत तथानाम गाली गरेको याद आयो। त्यस दिन गुथि घरमा ढलान कार्य हुँदै थियो। वहाँले भन्नुभएको थियो, 'यो पनि गुथि घर हो। सार्वजनिक सम्पत्ति हो। त्यसैले छिमेकीको एक एक फिट अतिक्रमण गरी नक्सा नराखी घर बनाएकै हो। वडाले, नगरपालिकाले अनि पार्टीले सकेको गर। को हो रोक्न आउने ? एक एकसँग म भिड्छु। ल डन्डी बाँगो गरिमात्र हेर त त्यसको खुट्टा भाँची दिन्छु।' वहाँको कडा र रुखो भाषा सुनेपनि हामी लाचार र निरिह भएर फर्केको पनि झलझल्ति याद आयो। त्यसपछिका दिनमा छिमेकका भाउजुहरू मकहाँ र वडा कार्यालयमा धेरै पटक आउनु भयो। छलफल गरी रोक्न लगाइ दिनुस् भनी धेरै अनुरोध गर्नुभयो। तर, न वडा कार्यालयले घर निर्माण रोक्न सक्यो न त नगरपालिकाले नै रोक्न सक्यो। सरकारले स्थानीय निर्वाचन लामो अवधिसम्म नगरेकोले नगरपालिका र वडामा जनप्रतिनिधि खाली थियो। जसको कारणले पनि अनियमित गुथि घर निर्माण रोक्न सकिएन।


मैले फेरि सचिवज्यूलाई सोधेँ, 'रोक्का पत्र कसरी आयो त ?' सचिवले जवाफ दिँदै भन्नुभयो, 'छिमेकीले वडाबाट सुनुवाइ नभएपछि नगरपालिकामा लिखित उजुरी हाल्न जानुभयो। गुथिका नाइकेले जवाफ समेत दिएन। नगरपालिकाले के गर्न सक्छ भनी जवाफ समेत दिन गएन। त्यसपछि एकतर्फी फैसला भयो। नक्सा नियमित गर्नु, हक बेहकको लागि अदालत जानु र नियमानुसार नक्सा पास गर्नु नगरेको अवस्थासम्म गुथि नाइकेको सेवा सुविधा रोक्नु भन्ने आदेस भएपछि यो पत्र कार्यान्वयको लागि यहाँ जानकारी पठाएको हो। त्यही भएर कुनै पनि हालतमा यो सिफारिस दिन मिल्दैन।' सविचज्यूको कुरामा म पनि सहमत भएँ। साथै बैठकमा पेश गर्न कृष्ण दाइको निवेदनमा अर्को तोक लगाइदिएँ।

शुक्रबार बस्ने नियमित बैठकमा त्यो निवेदन पेश भयो। साथीहरूलाई मैले र सचिवज्यूले निवेदन र पहिलाको घटना विवरणबारे जानकारी गराएँ। त्यसपछि वडाबाट नक्सा पास नहुञ्जेल नपाको आदेस अनुसार सिफारिस दिन नहुने निर्णय भई बैठक सम्पन्न भयो। त्यसपछिका दिनमा कृष्ण दाइ र उसको परिवार वडामा धेरै पटक आउनु भयो। नारायण दुवालसमेत धेरै पटक आई सिफारिस दिन अनुरोध गर्नुभयो। राम दुवालले त त्यसवेला भनेको भनाइ प्रति माफी पनि माग्नु भयो। तर फुकुवा पत्र नआइकन सिफारिस दिन नमिल्ने जानकारी दिँदै फर्काइदिएँ। एक दिन त गुथिका सम्पूर्ण तेत्तीस जना सदस्यहरूनै आउनु भयो। तर वहाँहरू आउँदासमेत सिफारिस दिन नमिल्ने भनी फर्काइदिएँ। राम दुवाल दाइ पनि धेरै पटक माफी माग्न आउनुभयो। मैले माफी भन्दा पनि नियमानुसार फुकुवा गरी ल्याउन र त्यसपछि मात्र सिफारिस गर्नसकिने भनी फर्काएँ।

**भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।**

# नवयुवकसँग अपिल

**'प्रिन्स' क्रोपाट्किन**



## इन्जिनियर

तिमी एक युवा इन्जीनियर हौ र वैज्ञानिक आविष्कारको उपयोग व्यापार र सीपमा गरी मजदुरहरूको अवस्था सुधार गर्ने सपना देख्दैछौ। तिमीले थुप्रै धोखा खानु त बाँकी नै छ। तर तिम्रो भ्रम निवारण हुने दिन धेरै टाढा पनि छैन। तिमी आफ्नो युवा बुद्धि र शक्ति लगाई नयाँ रेलमार्गको योजना बनाउने छौ। त्यस योजनाले अग्ला ठाउँ घुमाएर, ठूला पहाडमा सुरुङ्ग खनेर प्रकृतिले छुट्याएका दुई देश बीच आवागमन गराइदिन्छ। काम शुरूभए पछि तिमीले मजदुरहरूको समूहहरू अँध्यारो सुरुङ्ग भित्र भोक र तिर्खा र रोगले मरिरहेको, अरू थुप्रै मजदुरहरू केही पैसा र क्षयरोगको बीउ लिएर घर फर्किरहेको देख्नेछौ। तुच्छ लोभको कारण रेल मार्गको प्रत्येक गज जमीन मानिसको बलि दिएर बनाइँदै छ। अन्तमा रेलमार्ग तयार भएपछि तिमीले तिम्रो बुद्धि र शक्तिले बनाइएको रेलमार्ग अरू देश माथि हमला गर्न तोप र सेना पठाउने कार्यमा लगाइएको देख्नेछौ।


अर्को उदाहरण हेरौँ। तिमी आफ्नो युवावस्थालाई एक यस्तो आविष्कार गर्नमा लगाउँछौ जसबाट वस्तु सजिलैसँग बनाउन सकियोस्। रात-दिनको कोसिस पछि आविष्कार गर्न तिमी सफल हुन्छौ। त्यस आविष्कारलाई व्यवहारमा ल्याउँदा त्यसको नतीजा तिम्रो अनुमानभन्दा बढी निस्कन्छ। नयाँ आविष्कारको कारण दस-बीस हजार मानिसलाई नोकरीबाट निकाली दिन्छ। केही केटाहरूलाई मात्र नोकर राखिन्छ, उनीहरूको अवस्था पनि निर्जीव मेशीन (यन्त्र) भैँ बनाइदिन्छ। मुट्ठी भर पूँजीपतिहरूले करोडौँ रुपैयाँ बनाउँछ र ऐश-आरामले जीवन बिताउन थाल्छ। के तिम्रो उद्देश्य यही थियो ?

यसरी तिमीले अन्य प्रकारका यन्त्र विद्या-सम्बन्धी प्रगतिमाथि विचार गऱ्यो भने थाहा पाउनेछौ कि सिउने यन्त्र (कल) को आविष्कारले सिउने काम गर्ने गरीबहरूलाई कत्ति पनि फाइदा गर्दैन या भएको छैन। नयाँ किसिमको वर्मा यन्त्र बने पनि खानीमा काम गर्ने मजदुरहरूलाई बाथ रोगको कारण मर्न परेको छ। यन्त्रविद्या सम्बन्धी खोजी-नीति गरेभैँ सामाजिक प्रश्नहरूमा स्वतन्त्र भावले विचार गऱ्यो भने तिमी यस निर्णयमा अवश्य पुग्नेछौ कि संसारमा निजी सम्पत्ति र मजदुरी प्रथा रहेसम्म प्रत्येक नयाँ आविष्कारले मजदुरहरूलाई धेरै फाइदा गर्नुभन्दा तिनीहरूलाई दासतातिर बढी उन्मुख बनाउने छ। त्यस्तै ती आविष्कारले मजदुरहरूको कामलाई अझ होच्याउने र व्यापार सङ्कट बराबर ल्याउने छ। ती आविष्कारने तिनीहरूलाई मात्र फाइदा हुन्छ जो सँग अहिले सबै प्रकारका सुख प्राप्त छ।

त्यस्तो निर्णयमा तिमी पुगेपछि के गर्छौ त ? हुन सक्छ झूटो तर्कले तिमी आफ्नो अन्तरात्मालाई शान्त पार्छौ र कुनै दिन तिमी आफ्नो युवावस्थाका सत्य विचारलाई सदाको निम्ति त्यागेरमात्र व्यक्तिगत ऐश-आरामका साधन प्राप्त गर्नतिर मिहिनेत गर्न थाल्ने छौ। त्यसबेला तिमी गरीबलाई लुटेर खानेहरूको समूहसँग मिल्न पुग्नेछौ। तर, यदि तिमीमा सहृदयताको भाव छ भने आफ्नो मनले भन्ने छौ- 'हैन, यो समय आविष्कारको होइन। सर्वप्रथम, हामीले उत्पत्ति र सम्पत्तिको वर्तमान अधिकारलाई परिवर्तन गर्न मिहिनेत गर्नुपर्छ। जब व्यक्तिगत सम्पत्तिको बन्दोवस्त समाप्त हुन्छ तब यन्त्रविद्याको उन्नति भएमा मानव मात्रले फाइदा उठाउन सक्नेछ। त्यसबेला, आज यन्त्रका पुरजा मात्र बन्न पुगेका असङ्ख्य मजदुरहरू विचारशील प्राणी बन्ने छन् र अध्ययनद्वारा विकसित तथा शारीरिक परिश्रमद्वारा तीव्र बनीने आफ्नो बुद्धिको उपयोग कला-कौशलको उन्नतिमा लगाउने छन्। यसबाट पचास वर्षभित्र कला-कौशलको यस्तो आश्चर्यजनक प्रगति हुने छ कि जसको हामी अहिले सोच्न पनि सक्देनौ।

- अनु.श्रेष्ठ

# चिनियाँ अध्ययनले भन्छ–पृथ्वीको भित्री भागले घुम्न बन्द गरेको हुनसक्छ



पृथ्वीको भित्री भाग (इनर कोर) ले घुम्न बन्द गरेको अझ विपरीत घुम्न थालेको हुन सक्ने एउटा नयाँ अध्ययनले देखाएको छ। पृथ्वी क्रस्ट (बाहिरी पत्र), म्यान्टल र बाहिरी तथा भित्री कोर भाग मिलेर बनेको ग्रह पिण्ड हो। ठोस स्वरूपमा रहेको पृथ्वीको भित्री कोर बाहिरी पत्र (क्रस्ट) अर्थात् जमिनको सतहबाट लगभग पाँच हजार एक सय ५० किलोमिटर (३२ सय माइल) मुनि अवस्थित छ भने यसलाई तरल अवस्थामा रहेको बाहिरी कोरले अर्ध ठोस म्यान्टल (भित्री पत्र) बाट अलग राखेर पृथ्वी स्वयम्को चक्कर काट्दा फरक गतिमा घुम्न अनुमति दिएको छ।

करिब तीन हजार पाँच सय ४० किलोमिटर (२२ सय माइल) अर्धव्यास भएको भित्री कोर आकारमा लगभग मङ्गल ग्रहजत्रै छ। पृथ्वीको यो भागमा मुख्यतः फलाम र निकल रहेका छन् भने पृथ्वीको व्यमान (पिण्ड) को एकतिहाइ हिस्सा यसैले ओगटेको छ।

पेकिङ विश्वविद्यालयका एसोसियट अनुसन्धान वैज्ञानिक यी याङ र अनुसन्धान प्राध्यापक सियाओडोङ सोङले सन् १९६० को दशकयता गरेको पृथ्वीको भित्री कोरबारे अध्ययन नेचर जियोसाइन्स जर्नलमा सोमबार प्रकाशित भएको छ। उनीहरूले पृथ्वीको भित्री कोर कुन गतिमा घुमिरहेको छ भनेर अनुमान गर्न सन् १९६० यता पृथ्वीको भित्री कोरलाई प्रभावित पार्ने गरी गएका भूकम्पीय तरङ्गहरूको अध्ययन गरी निष्कर्ष निकालेका छन्। आफ्नूहरूको निष्कर्ष अनपेक्षित रहेको उनीहरूले बताएका छन्।

पहिले रेकर्ड गरिएका भित्री कोर भएर गएका कम्पनहरूमा समयक्रमसँगै परिवर्तन देखिए पनि सन् २००९ यताका यस प्रकारका भौगर्भिक हलचलमाथिका रेकर्डमा खासै परिवर्तन नदेखिएको र यो भित्री कोर घुम्न रोकिएको सङ्केत हुन सक्ने उनीहरूको निष्कर्ष छ। 'हाम्रा अवलोकन आश्चर्यजनक छन्। तिनले हालैको दशकमा पृथ्वीको भित्री भाग घुम्न लगभग रोकिएको र सम्भवतः उल्टोतर्फ घुम्न लागेको हुन सक्ने सङ्केत दिन्छन्,' उनीहरूले अध्ययनको निष्कर्षमा लेखेका छन्।

'तपाईँले सन् १९८०–९० बीचको दशकलाई हेर्नुभयो भने गतिमा स्पष्ट परिवर्तन देख्न सक्नुहुन्छ, तर तपाईँले सन् २०१०–२० को दशकको रेकर्डलाई हेर्नुभयो भने खासै परिवर्तन पाउनुहुन्न,' सोङ थप्छन्।

भित्री कोरको चक्कर कटाइ बाहिरी कोरमा उत्पन्न चुम्बकीय क्षेत्रद्वारा सञ्चालित हुन्छ र यसलाई म्यान्टलको गुरुत्वाकर्षण प्रभावले सन्तुलित गरेको हुन्छ। भित्री कोर कसरी घुम्छ भनेर जानियो भने त्यसले यी तह आपसमा कसरी अन्तर्क्रिया गर्छन् र पृथ्वीको गहिराइमा कस्ता प्रक्रियाहरू हुन्छ भन्ने विषयमा प्रकाश पार्नसक्छ।

तर, अस्ट्रेलियन नेशनल युनिभर्सिटीका भू–भौतिकशास्त्री हार्भोजे टिकालसिआइसी भित्री कोरको चक्कर कटाइको गति र त्यसमा विभिन्नताको कुरा चाहिँ अझै पनि बहसकै विषय भएको ठान्छन्। उनी यो अध्ययनमा सहभागी भने थिएनन्। भित्री कोर पूर्ण विश्राममा आउँदैन। उनले भने, 'यो अध्ययनको निष्कर्ष पृथ्वीको भित्री कोर एक दशकअघि अलिक छिटो घुमिरहेको थियो, अहिले पृथ्वीको बाँकी भागको चक्कर कटाइसँग यसको गति मिलेको छ भन्ने हो। कुनै प्रलय भइरहेको छैन।'

सोङ र याङ भने आफ्नो गणनाको आधारमा इलेक्ट्रोम्याग्नेटिक तथा गुरुत्वाकर्षण शक्तिमा आएको सानो असन्तुलनले पनि भित्री कोरको घुमाइलाई निकै ढिलो बनाउन, अझ उल्ट्याउन नै सक्ने तर्क गर्छन्।

उनीहरू यो सात दशकको चक्र भएको विश्वास गर्छन्। सात दशक लामो यो चक्रको टर्निङ प्वाइन्ट सन् १९७० को दशकको सुरु भएको आफूहरूले सन् २००९/२०१० को डेटाबाट पत्ता लगाएको दाबी गरेका छन्। 'द अर्थस् इनर कोर : रिभेल्ड बाई अब्जर्भेसनल सिस्मोलोजी' का लेखक टिकालसिआइसी यो अध्ययनको तथ्याङ्क विश्लेषण निकै राम्रो रहेको बताउँछन्।

तथापि, यो रोचक समस्याबारे प्रकाश पार्न थप तथ्याङ्क र नवीन विधिहरू आवश्यक पर्ने बताउँदै ➲

विश्वासघातको कथा

# विसेमिरा

बोधविक्रम अधिकारी

एकादेशमा एउटा बडा प्रतापी राजा थिए। तिनका विद्या बुद्धि र उमेरले पाका भएका एक प्रसिद्ध ब्राह्मण गुरु थिए। सन्तानमा ती राजाकी एकमात्र श्रीमती नाम गरेकी कन्या हुनाले राजाले उनको ठूलो जतनसँग पालन पोषण गरी राखेका थिए। छोरी टाक्सिएली भन्ने भयले ठूली होउञ्ज्यालसम्म पनि उनलाई नपढाई राखेको थियो। जे भए पनि विद्यादान नदिई अन्धी पारेर राख्न त भएन भन्ने विचार गरेर एक दिन राजाले आफ्ना वृद्ध गुरुलाई बोलाउन पठाई राम्रो तालिमको निमित्त आफ्नी कन्या उनलाई सुम्पिदिए। त्यस्ता प्रसिद्ध गुरुजीको तालिममा पर्दा श्रीमती मैयाँले पनि थोरै समयमा नै खूब विद्या प्राप्त गरिन्।

रूप यौवन विद्याले भरिली भएकी आफ्नी छोरीलाई देखेर राजालाई एक दिन उनको तस्वीर लेखाउन लहड आयो। आफ्नो दरबारका चित्रकारीहरूलाई हुकूम दिए। गुरुलाई पनि आफ्नो चेलीको एउटा तस्वीर लेखिदिनुहोस् भनेर बिन्ती गरे। अब गुरुजीलाई फसाद पऱ्यो। मनको चित्र लेख्नामा भने उनी निपुण थिए, शरीरको चित्र लेख्नामा त उनलाई गाह्रो भयो। जे भए पनि राजाको हुकूम मान्नै पर्छ भनेर हात कंपाई लेख्ता त एक थोपो मसी मैयाँको स्तनमा पर्न गएछ।

तस्वीर समाप्त भएपछि राजालाई नजर गराउन उनले दरबारमा लगे। तस्वीर देख्ता राजा पहिले त खुशी भए, तर मैयाँको स्तनमा कोठी देखेर उनलाई शङ्का भयो। 'कोठी कहाँबाट आयो ?' भनेर राजाले सोद्धा 'बुढेसकालले गर्दा मेरो हात काँप्ने संयोगले एक थोपा मसी पर्न गयो' भनेर गुरुजीले भने, तर राजालाई चित्त बुझेन। धाई सुसारेहरूलाई बोलाउन पठाई मैयाँको स्तन जाँच्न लाउँदा साँच्चिकै मैयाँको स्तनमा एउटा कोठी रहेछ।

अब राजाको क्रोधको सीमा रहेन। 'यो बाहुन त मेरी छोरीको स्तन पो जाँची जाँची हिँड्दोरहेछ, लौ यसलाई जङ्गलमा लगेर काटी यसको कलेजो मुटु मकहाँ ल्याउन्' भन्ने तुरुन्त हुकूम दिए। राजाको यो कडा हुकूम सुन्दा सबैको चित्त साह्रै दुःख्यो। बिचरा बूढा ब्राह्मण निर्दोष छन् भन्ने सबैको मनमा पूरा विश्वास थियो। तर राजाको हुकूम अगाडि कसको के लाग्थ्यो ? तर मन्त्री बडा बुद्धिमान थिए। उनको शिक्षामा कर्मचारीहरूले वृद्ध ब्राह्मणलाई जङ्गलमा लगेर एउटा मृग मारी त्यसको कलेजो मुटु राजाको हजुरमा हाजिर गरे। ब्राह्मणलाई भने मन्त्रीले आफ्नो घरमा सुटुक्क लगेर लुकाइराखे।

एक दिन राजा जङ्गलमा शिकार खेल्न गएका थिए। उनले मृगलाई लगार्दा लगार्दैमा उनका लावालस्कर सबै पछाडि छुटेछन्। त्यसै बीचमा बाघको पञ्जाबाट उम्कनलाई छारतोस ठोकेर आएको भालुको सन्मुख राजा परेछन्। आफ्नो ज्यान बचाउनको लागि राजा झटपट एउटा ठूलो रूखमा चढे, भालू पनि सोही रूखमा चढेछ। अब बाघ पनि रूखमनि आइपुगिहाल्यो, तर रूख चढ्न नसक्ने हुनाले उसले केही गर्न सकेन, खालि मुख मिठ्याएर टुलटुलु माथितिर हेरिरह्यो। आफूदेखि राजा डराएको देखेर भालू भन्दछ, 'राजा ! तिमीले मदेखि डराउनुपर्दैन, हामी दुवैलाई बाघको भय छ, यसर्थ हामी मित्यारी लाऔँ र निर्धक्कसँग यसै रूखमा बसिरहौँ।' राजाले पनि 'लौ हुन्छ' भने र भालूले बडो प्रीतिपूर्वक राजालाई आफ्नो काखमा सुतायो। अलि बेरपछि राजा उठे र भालू राजाको काखमा सुत्यो। अब भालू निदाएको वेलामा राजालाई बाघ भन्दछ – 'हे राजा त्यो दुर्गन्ध जुम्म्याहा भालूलाई काखमा

➲ अध्ययनका निष्कर्षलाई सावधानीपूर्वक लिइनुपर्ने उनको भनाइ छ। थप अध्ययन आवश्यक रहेको कुरामा सोङ र याङ पनि सहमत छन्।

## पृथ्वीको भित्री भाग : एक रहस्य

आफ्नो किताबको एउटा पूरै अध्याय भित्री कोरको चक्कर कटाइमाथि समर्पित गरेका टिकालसिआइसी भित्री कोरको एक चक्र पछिल्लो अध्ययनले भनेको ७० वर्षभन्दा पनि २०–३० वर्षमा पूरा हुने बताउँछन्।

उनले कोरको चक्कर कटाइको गतिमा भिन्नता किन हुन्छ र पृथ्वीको भित्री भागमा के हुन्छ भनेर बुझ्न कठिन किन हुन्छ पनि बताएका छन्। उनले भने, 'हाम्रो अध्ययनको वस्तु हाम्रो पैतालाको हजारौँ किलोमिटर मुनि अवस्थित छ, त्यसैले, हामी पृथ्वीको आन्तरिक स्वभाव अनुमान गर्न जियोफिजिकल अनुमान विधि प्रयोग गर्छौं। बहुविधागत निष्कर्षहरूले हाम्रो परिकल्पना र अवधारणात्मक फ्रेमवर्कलाई पुष्टि नगर्दासम्म ठ्याक्कै यही हो भन्न सावधानी अपनाउनुपर्छ।'

'तपाईं भूगर्भविद्हरूलाई पनि अपूर्ण वा सीमित उपकरणहरूको उपयोग गरेर मानिसका आन्तरिक अङ्गहरूको अध्ययन गर्ने मेडिकल डाक्टरजस्तै मान्न सक्नुहुन्छ। त्यसैले, प्रगतिका बाबजुद पृथ्वीको भित्री भागबारेको हाम्रो बुझाइ अझै पनि धमिलो नै छ। हामी अझै पनि खोजीकै चरणमा छौं,' उनले थपे।

– नयाँ पत्रिकाबाट

सुताउन तिमीलाई लाज लाग्दैन ? यस्तो पनि तिमी जस्ता प्रतापी राजाको लाज लाग्दैन ? यस्तो पनि तिमी जस्ता प्रतापी राजाको काम हो ? त्यो क्षुद्र पशुलाई धकेलिदेऊ म उसलाई खाएर आफ्नो बाटो लाग्दछु।' बाघको यो कुरा सुनेर राजाको मनमा घोर पाप उठ्यो र यसले ठीक भन्यो भनेर उनले एकदम भालूलाई घचेटिदिए। भालुको जात किन ठाडै खस्तथ्यो ? ऊ झटपट रूखको एउटा हाँगो समातेर झुण्डिइहाल्यो। यत्तिमै राजाको लावालश्कर पनि टाढाबाट देखिए। उनीहरूलाई देखेर बाघले बाटो ततायो। अनि भालूले राजातिर फर्केर भन्यो, 'तिमी बडो विश्वासघातक रहेछौ। तिमीलाई म सराप दिन्छु, सुन। तिमीले अबदेखि हरदम विसेमिरा भनिरहनू। कुनै मानिस आएर यसको अर्थ नलाइदिएसम्म तिम्रो सरापमोचन नहोओस्।' यति भनेर भालू पनि आफ्नो बाटो लाग्यो।

अब राजाका लावालश्कर आइपुगे। राजा भने 'विसेमिरा विसेमिरा' भनेर मात्र चिच्याउने, उनीहरूले बल्लतल्ल राजालाई रूखबाट उतारेर दरबारमा लगे। राजालाई यो के भयो ? भनेर बडो अफसोस साथ सब तर्क वितर्क गर्न लागे। मन्त्रीले शहरमा झ्याली पिटाई कसैले राजाको व्यथा निको तुल्याउन सक्योभने भारी इनाम पाउनेछ भनेर जाहेरी गरे। तर त्यो दिनभरि कसैले केही जवाफ गरेन। रातमा मन्त्री आफ्ना घरमा फर्केर लामो सुस्केरा हालेर बसे। उनको दिक्दारी देखेर लुकाई राखिएका वृद्ध गुरुजीले कारण सोधे। मन्त्रीले राजाको दुर्दशा बयान गरे। केही बेर विचार गरेर गुरुजीले भने 'मन्त्री ! त्यो महापापको फल हो, तर मलाई एक मौका दिए म त्यो सरापबाट राजालाई छुटाउन सकुँला जस्तो लाग्छ।' गुरुको यो कुरा सुनेर मन्त्री अत्यन्त खुशी भए। भोलिपल्ट बिहान गुरुजीलाई उनैले भने जस्तो गरी सिंगारी दरबारमा लगे। मन्त्रीले लगेर उनलाई एउटा पर्दा पछाडि राखे। पण्डितजी यो मौकामा कुनै मर्दको मुख नहेर्ने एउटी युवती बनेका थिए। त्यस निमित्त उनले मसिनो मीठो स्वर गरेर पर्दा पछाडिबाट विसेमिरा भनिरहेको राजालाई भने–

*विश्वास प्रतिबद्धानां वञ्चने का विदग्धता।*
*अङ्कमारुह्य सुप्तानां हनने किन्तु पौरुषम् ? ॥ १॥*

**'वि'** त्याग

अर्थ–विश्वासमा परेकालाई ठग्नमा केको चलाकी। काखमा बसेर सुतेकालाई मार्नामा के पुरुषार्थ ?

यो श्लोक राजाले सुने, विद्वान् हुनाले अर्थ पनि बुझिहाले अनि उनी 'सेमिरा सेमिरा' मात्र भन्न थाले। अनि पण्डितजी–

*सेतुं गत्वा समुद्रस्य गङ्गासागरसङ्गमम्*
*ब्रह्महाऽपि प्रमुच्येत मित्रद्रोही नमुच्यते ॥२॥*

**'से'** त्याग

अर्थ–समुद्रको गङ्गासागर मिलेको ठाउँमा जानाले ब्रह्मघाती पनि मुक्त हुन्छ, मित्रको द्रोह गर्ने छुट्टैन।

यो सुनेर राजा 'मिरा मिरा' मात्र भन्न थाले। फेरि पण्डितजी –

*मित्रद्रोही गुरुद्रोही यश्च विश्वासघातक !*
*ते यान्ति नरकं घोरं यावदाभूतसंप्लवम् ॥३॥*

**'मि'** त्याग

अर्थ–मित्रको द्रोह गर्ने, गुरुको द्रोह गर्ने, विश्वासघाती यी तीन संसारको प्रलय नभएसम्म घोर नरकमा पर्दछन्। फेरि पण्डितजी –

*राजवर्य ! निजं भव्यं यदि त्वं सत्यमिच्छसि।*
*देहि दानं द्विजातिभ्यो देवताऽऽराधनं कुरु ॥४॥*

**'रा'** त्याग

अर्थ–हे महाराज ! यदि तिमी साँच्ची नै आफ्नो कल्याण चाहन्छौभने ब्राह्मणलाई दान देऊ, देवताहरूको आराधना गर।

यति सुनेपछि राजाको सराप छुट्यो। उनले आश्चर्य मानेर भने –

*नरान्तरा ननं जातु नेक्षमाणा स्वके गृहे।*
*तिष्ठन्ती पुत्रो ! त्वं वेत्सि व्याघ्रऋक्षकथां कथम् ॥*

अर्थ–आफ्नै घरमा बसेर कहिल्यै पनि अरू मानिसको मुख नहेर्ने भएकी हे नानी ! तिमीले बाघ भालुको कथा कसरी जान्यौ ?

पण्डितजी–

*गुरुदेवप्रसादेन जिह्वाग्रे मे सरस्वती।*
*जानामि तव वृत्तान्तं श्रीमतीतिलकं यथा ॥*

अर्थ–गुरुदेवको प्रसादले मेरो जिभ्रोको टुप्पामा सरस्वती छन्। तसर्थ जसरी श्रीमतीको कोठी जानें त्यस्तै तपाईंको सब हाल जान्दछु।

कुनै मर्दको मुख नहेर्ने भनेर कुमारी भएर बसेका गुरुजीको यो वचन सुनेर पापबाट मुक्त भएका राजालाई ज्ञान भयो र पर्दा च्यातेर हेर्छन् ता आफ्नै गरु पो रहेछन्।

अनि उनले गुरुको पाउमा क्षमा मागेर गुरुजीलाई धन दौलत घरबारी दान दिए।

सुन्नेलाई सुनको माला, इत्यादि।

*(प्रस्तुत 'विसेमिरा' बोधविक्रम अधिकारीको नेपाली दन्त्यकथाबाट लिइएको हो। यही शीर्षकको कथा 'सचित्र जैन कथासागर भाग–२' मा पनि प्रकाशित छ। नेपाली दन्त्यकथामा भन्दा हिन्दीको कथामा केही फरक छन् जस्तै राज्य, राजा, मन्त्री, गुरु र छोरीको नाम आदि। त्यस्तै हिन्दीमा तस्बिर रानीको लेखाइन्छ र 'तील' जाँघमा भनिएको छ भने शिकार राजकुमार खेल्न जान्छ र काखमा सुतिरहेको बाँदरलाई धकेल्छ। तर कथाको मूल विषय र शिक्षा समान छन्।)*



# समालोचनाया सिद्धान्त

## (समालोचनाया सिद्धान्त-१२)

– प्रो. माणिकलाल श्रेष्ठ



## काव्यया मेगु छुं प्रकार

चवय् विभिन्न अध्याये विवेचना याये धुंगु नाटक, उपन्यास व महाकाव्य धुंका नं मेगु यक्कों काव्यया प्रकार दु। थवयां न्ह्योया अध्याये हे धाये धुन, काव्य नं मनूया छगू प्रकारया अभिव्यक्ति जुगुलिं लेखकपिनि थ:थ: अभिव्यक्तिया ढङ्ग पाना च्वनी, उकिं काव्यया यक्को प्रकार दई। काव्यया फुक्क प्रकारया विवेचना याना च्वनेगु भ्मीत ज्या मदु, अले थ्व सफूया विषय नं मखु, समालोचनाया सैद्धान्तिक पक्ष बिचा यायेबेले खँ पिहाँ वये फुगुलिं सम्म काव्यया छुं भेदया विवेचना यानागु ख:। काव्यया मेमेगु प्रकारमध्ये साहित्ये गाक्कं चलन जुइ धुंकूगु व विशेष याना नेपाल भाषा साहित्ये नां काये बह जुइक लेखकपिंसं छ्यले धुंकूगु काव्य-प्रकार जक आ छोटकरीं उल्लेख याये।

प्राचीन संस्कृत साहित्ये तस्सकं प्रचलित छगू प्रकारया काव्य खण्ड-काव्य ख:, अले नेपाल भाषा साहित्ये मध्ययुगे (मल्ल शासनकाले) मैथिली भाषाया साहित्य व उकिया माध्यमं संस्कृत साहित्यया नं गाक्कं प्रभाव लाबेले नेपाल भाषा साहित्ये नं संस्कृते थें हे काव्य भेद जुया वन। महाकाव्ये ला सन्ध्या, सूर्य, चन्द्र, चा, सुथ, बान्हि, शिकार, पहाड, ऋतु, बन, समुद्र, सम्भोग, लडाई, बिहा आदि जिउथाय् थाय् थासे वर्णन जुइमा धयागु धारणा संस्कृत साहित्ययागु ख:। महाकाव्यया यक्को विषयमध्ये छगू जक विषयया वर्णन याना त:गु काव्य खण्ड- काव्य *(विश्वनाथ)* ख:। नींगूगु शताब्दीया शुरुइ नेपाल भाषा साहित्ये वोगु जागरण व विद्रोहया युगे आपालं खण्ड काव्य पिहाँ वल। थुगु युगया नेपाल भाषाया कविपिनि दकले उत्कृष्ट रचना खण्ड-काव्य हे खने दु। कवि **सिद्धिदासया 'सत्यसती'** खण्ड-काव्य ख:, महाकाव्ये वर्णन याये मागु यक्को विषयमध्ये थुकी छगू जक विषय-विवाह सम्बन्धया आदर्श व दम्पतीया परस्पर कर्तव्यया विवेचन दु, अले थुकी ऋतुया *('सत्यवती' खण्डकाव्ये नायक शंखज्योतिं छह्म विधवा मिसा सत्यसतीयात धूबधू ऋतु पतिकं बिहा यायेगु प्रस्ताव बिया लमि छ्वया च्वनी। थुकथं थ्व काव्ये नेपालया फुक्क ऋतुया वर्णन दु)* जक वर्णन दु। **ईश्वरानन्दया 'सन्देश'** नं खण्ड-काव्य ख:। कवि **योगवीर सिंहया 'रानी मन्दिराया बिलाप'** व **धर्मरत्न 'यमि'** या **'सँदेया लिस:'** नं संस्कृत साहित्ये खने दुगु थें जोगु खण्ड-काव्य ख:। कवि **सिद्धिचरणया 'उत्तराया विलाप'** यात नं खण्ड-काव्य धायेगु चलन दु, तर थ्व कविता संस्कृतया खण्ड-काव्य सिकं पश्चिमी साहित्यया **'ड्रामाटिक प्वेट्रि'** (नाटकीय कविता) नाप सत्ती।

महाकाव्यया सम्बन्धे प्राचीन ग्रीक व रोमन साहित्ये व थौंकन्हेया पश्चिमी साहित्ये नं धारणा संस्कृत साहित्य नाप पागुलिं संस्कृतया खण्ड-काव्य जोगु कविता पश्चिमी साहित्ये मदु। अथे हे पश्चिमी साहित्ये कवितायात 'ड्रामाटिक प्वेट्रि' व **'लिरिकल प्वेट्रि'** धका याइगु विभाजन नं संस्कृत साहित्ये खने मदु। कविं थह्मं हे नुमवासे, हानं थगु भाव नं प्वंकेगु मयासे सुं छह्म






योगवीर सिंह कंसाकार (विसं १९४२-१९९८) रणजीत मल्ल (विसं १७५२-१८२८) दुर्गालाल श्रेष्ठ (विसं १९९२) रत्नध्वज जोशी (विसं १९७३-२०४६)

पात्रयात हृदयया खँ नुवाका तःगु कविता 'ड्रामाटिक प्वेट्रि' खः, अर्थात कविं करपिनि नुगले दुहाँ वनेगु कल्पना अर्थात 'सहानुभूति' छ्यला तःगु कविता 'ड्रामाटिक प्वेट्रि' खः। कविं थःगु हे मनया खँ प्वंका तःगु कविता 'लिरिकल प्वेट्रि' खः। 'लिरिकल प्वेट्रि' अन्तर्गत दकले उत्कृष्ट काव्यया छगू प्रकार 'लिरिक' खः। पश्चिमी साहित्यया 'लिरिक' थेंजोगु छुं काव्य संस्कृते मदु, उकिं थुकिया ठीक शब्द नं मदु। नेपाल भाषाय् 'म्ये' शब्दयात हे 'लिरिक' नाप सत्तीगु शब्द धाये फु। झीगु भाषाय् 'लिरिक' या ठीक शब्द हे मदुसां नं अंग्रेजी साहित्यया प्रभावं याना नीँगूगु शताब्दीइ नेपाल भाषाया कविपिसं नं यक्को लिरिक च्वया तःगु दु। कविया थःगु विचार, भावना, अझ थःहे प्वंका तःगु, व नं कविया मनोभाव तस्सकं उत्तेजित जुया च्वंबेले नुगले बिलिबिलि जागु भावना प्वंका तःगु कविता लिरिक खः। थौंया शताब्दी जक मखु, थनी निसःदँ न्ह्यो च्वया तःगु जुजु **रणजीत मल्लया 'हाय हाय राम'** कविता धाथेंया लिरिक खः। थुकी 'थह्मं तोता वने मागु देयात लोमंकां लोमंके मफया 'हाय हाय राम राम गथे मलुमने नेपाल' धया नुगः द्यां तज्ज्याना वागु विरह–वेदना प्वंका थकूगु जुया च्वन। *('सिद्धिदासया साहित्ये प्रवाह' नांया प्रो. सुन्दर कृष्णया लेखं (प्रथम ऐतिहासिक नेपाल भाषा सेमिनारं स्वीकृत) उद्धृत।)* लिरिक चिकिचा हाकः जुया नं कविया नुगःया पूर्ण अनुभव प्वंका तई, कविया उत्तेजित मन प्वंका तःगु जूगुलिं थुकी म्ये थें लय् तये छिनी। कवि **चित्तधर 'हृदय'** या **'हृदय कुसुम'** व **'पद्यनिकुञ्ज'** या आपालं कविता लिरिक खः। कवि **सिद्धिचरणया 'सीस्वां'** व **'फूस्वां'** संग्रहया आपालं कविता लिरिक ख। नेपाल भाषा साहित्य हे 'लिरिक' कविताय् तःमि जुइका बिउपिं कवि सिद्धिचरण व **दुर्गालाल** खः। दुर्गालालजुयात ला झीसं मुक्कं 'लिरिक' कवि हे धया छ्वये मा।

'लिरिक' कविताया यक्को प्रकार दु। प्रकृतिया छुं छगू सौन्दर्य, छुं बस्तुकं कवियात तस्सकं प्रभावित याइबेले कविया उत्तेजित मने च्वंगु गम्भीर अनुभव प्वंका तःगु कवितायात **'ओड'** (ode) धाई। पश्चिमी साहित्यया प्रभावं नेपाल भाषा साहित्ये नं यक्को ओड पिहाँ वोगु दु। 'ओड' गम्भीर भावनाया लिरिक खः। आपा याना थुकी कवियात प्रेरणा बिउगु बस्तु वा मनूयात हे सम्बोधन याना तई। **भैरब गोपालया 'असमय वारिद छाय् छ वया'**, **सिद्धिचरणया 'गंगु खुसि'**, **'श्रद्धाञ्जली'**, **'गेंडा' रत्नध्वजया 'या वरषा वारिद'** फुक्क ओड खः।

ओडया हे छगू विशेष रूपया कविता **'सनेट'** धका नं पश्चिमी साहित्ये तस्सकं प्रचलित। पश्चिमी साहित्ये छन्द संस्कृते थें कविताया झो छझोलंया ल्याखं काइगु मखु, छगू **'फूट'** (चरण) या ल्याखं काइ। झिंप्यझो जक दुगु 'ओड' जुया नं पूवंगु, मेमेगु ओड थें तस्सकं गम्भीर मनोभाव पिकाइगु झो पत्तिकं न्यागू 'फूट' (चरण) दुगु, **'इयाम्बिक'** छन्दया चरण, **राइम्** (अन्त्य अनुप्रास) या छगू विशेष नियम दुगु कविता सनेट खः। थुकथं सनेट छगू विशेष प्रकारया ओड खः, लिरिक खः। दकले न्हापां इटलिया कवि **पेट्राकं** 'सनेट' च्वयेगु शुरु यागु खः, बिलायतया कवि **शेक्स्पियरं** थुकी छुं भति हीकल, अंग्रेजी साहित्यया माध्यमं हे 'सनेट' या प्रभाव नेपाले वोगु खः। नेपालया साहित्ये नेपाली भाषाय् सनेट च्वयेगु चलन वोगु मदु, कारण नेपाली भाषां छन्द नियम आदिया खँय् संस्कृतया नियम अपो ज्वन। नेपाल भाषाय् 'सनेट' च्वयेगु प्रयोग न्हापा लाक्क कवि **केदारमान 'व्यथितं'** याना दिल। ख जा 'व्यथित' जुया **'छ्वास'** कविता पूरा पश्चिमया 'सनेट' थें हे मखु, तर इटालिया पेट्राकया सनेट छुं भति हिला


पेट्राक (सन् १३०४-१३७४)


रेवती रमणानन्द स्यस्य (विसं १९८८-२०५८)


टेन्निसन (सन् १८०९-१८९२)

अंग्रेजी सनेट जुइ फुसा, 'व्यथित' जुया 'छ्वास' कविता संग्रहयात नेपाली सनेट धाये फु। गथे शेक्स्पियरया फुक्क नाटक ब्वना नं ह्मसीके मफुह्म कवि शेक्स्पियरया व्यक्तित्व वया सनेट ब्वना सिइके फु, अथे हे केदारमान 'व्यथित' या व्यक्तित्व अर्थात कवि गुजोगु विचारयाह्म धका सिइकेत 'व्यथित' जुया 'सनेट' ब्वने मा। थुकिया कारण 'व्यथित' जुं सनेटे थ:गु दुनेया खँ प्वंका त:गु दु।

'व्यथित' जु धुंका **रेवती रमणानन्द स्यस्य**जुं 'सनेट' या माध्यम छ्यला थ: अभिव्यक्ति यायेगु स्वया दिल। वय्क:या **'मलख'** कविता संग्रहं ति वय्क:यात ह्मसीके फइगु मेगु कृति मदु।

पश्चिमी साहित्ये प्रचलित लिरिकल (वा कवि थ: भाव प्वंकीगु) कविताया मेगु छगू प्रकार ख- **एलिजी** । सुं छह्म सीह्म मनूया स्मृति उह्म मनूया गुण नं फुक्क खने दयेक, अले व सीबेले कविया शोकं जागु नुग:या भावना नं प्वंका त:गु कविता एलिजी ख:। पश्चिमी देशतय् साहित्ये एलिजी निगू रूपं च्वयेगु चलन दु। छता 'ड्रामाटिक' अर्थात लेखकं सीह्म मनूया स्मृतिइ सुं छह्म पात्रयात ख्वयेका नुवाका पात्र पाखें थ:गु भावना प्वंकीगु, मेगु 'लिरिकल' अर्थात कविं हे तप्यंक नुवाइगु। अंग्रेजी साहित्ये दकले बांलागु स्वंगू एलिजी - **मिल्टन**या **'लिसिडास'**, **शेली**या **'एडोनायस'** व **टेन्निसन**या **'इन् मेमोरियम'** मध्ये न्हापाया निगू ड्रामाटिक *(अंग्रेजी साहित्ये ड्रामाटिक एलिजीइ सुं छह्म फैभ्कवायात थ: पासा सिइगुली नुग: दाया ख्वया च्वंथें क्यनेगु चलन दु। फैभ्कवातय्गु जीवन व फै भ्कयेगु मैदानया प्राकृतिक दृश्य वर्णन दुगुलिं थुकियात 'पास्टोरल' एलिजी नं धा)*, मेगु छगू 'लिरिकल'। नेपाले नं न्हापा सीह्म मनूया स्मृतिइ कविता च्वयेगु चलन दु, थुकियात **'रामायण'** धायेगु चलन दु, तर थ्व ला सीह्मसिया जीवनी व गुणकीर्तन जक, थुकी लेखकया मनोवेग प्वंका मत:। अंग्रेजी साहित्यया प्रभाव दुहाँ वयेव पश्चिमी साहित्यया हे रूपया एलिजी नं नेपाल भाषाय् पिहाँ वल। थुकथं सीह्मसिगु स्मृतिइ च्वयात:गु 'ओड' अर्थात एलिजी वल। नेपाल भाषा साहित्ये नं **'स्वर्गीय कवि सिद्धिदास'** थेंजोगु उत्कृष्ट एलिजी पिहाँ वल, गुगु एलिजी कवि **सिद्धिचरण**या दक्को कविता मध्ये हे दकले बांला। **(कथहं)**


# भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

## पर्यटक सेवा शुल्क सम्बन्धी सूचना

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु १५००।– नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमश: वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।– नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शुल्क रु १५००।– को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु १८००।– (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# सितेरियो कराते खेलाडी तथा रेफ्री राजन चित्रकार

राजकुमार लघु



राजन चित्रकार सितेरियो कराते खेलाडी हुन् । उनले विभिन्नस्तरका प्रतियोगितामा पदक हासिल गर्नुको साथै नेपालमा सञ्चालित राष्ट्रिय तथा अन्तराष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा रेफ्रीको भूमिका निभाएका छन् । उनको जन्म आमा मायादेवी चित्रकार तथा बुवा विकुबहादुर चित्रकारबाट २०३२ साल फागुन ११ भक्तपुर नपा वडा नं ९ गछेँ टोलमा भएको थियो । उनले शान्ति निकेतन मावि राम मन्दिरबाट एसएलसी र भक्तपुर बहुमुखी क्याम्पसबाट प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरे । उनका जीवन सङ्गीनी विनिता चित्रकार गृहणी छिन् भने दुई छोराहरू विराज चित्रकार र स्वराज चित्रकार अध्ययनरत छन् ।

सानैदेखि खेलमा रुचि राख्ने राजन चित्रकारको खेल क्षेत्रमा प्रवेश २०४५ सालबाट भएको हो । उनको पहिलो कराते खेलका प्रशिक्षक राष्ट्रिय तथा अन्तराष्ट्रिय रेफ्री एवं प्रशिक्षक राजेन्द्र कपाली हुनुहुन्छ । राजन चित्रकारले प्रशिक्षक राजेन्द्र कपालीबाट २०४५ सालतिर कालिका इ. स्कूल क्वाठन्डौबाट ३ वर्ष नियमित सितेरियो कराते खेलको प्रशिक्षण लिए । त्यसपछि उनले भक्तपुर कराते डोजो त्रिपुरासुन्दरीबाट २०५१ सालदेखि २०५५ सालसम्म करिब ५ वर्ष राष्ट्रिय तथा अन्तराष्ट्रिय रेफ्री एवं प्रशिक्षक प्रकाश मोहन धौभडेलबाट थप कराते खेलको प्रशिक्षण लिए र खेललाई थप सशक्त बनाए । उनले २०५७ सालमा काठमाडौँ दशरथ रंगशालामा कराते खेलका अन्तराष्ट्रिय प्रशिक्षक अकबर शाहबाट १ वर्ष कराते खेलमा थप प्रशिक्षण प्राप्त गरी खेललाई तिखार्दै लगे ।

राजन विभिन्न सङ्घ संस्थामा आवद्ध रही खेलकुद विकास र अन्य सामाजिक कार्यमा पनि लागिरहेका छन् । उनी Service Civil International Nepal, भक्तपुर किक बक्सिङ्का पनि अध्यक्ष पदमा कार्यरत छन् । उनी सितेरियो कराते सङ्घ भक्तपुरको कार्य समिति सदस्य भएर यस खेलको विकासमा लगनशील भएर लागेका छन् । उनी भक्तपुर नपा वडा नं ९ को खेलकुद समितिको सदस्य रही वडास्तरीय खेलकुद विकासमा पनि सक्रिय छन् ।

राजन चित्रकारले असल जीवन जिउने र अन्तराष्ट्रिय खेलाडी भई देशको नाम सुनौलो अक्षरले लेख्ने चाहना व्यक्त गरी त्यसको ब्यवस्थापनमा लागेका छन् । उनले अन्तराष्ट्रिय रेफ्री Judge A तथा Judge B पास गरिसकेका छन् ।

राजनले कराते खेलको प्रशिक्षण पनि दिइरहेका छन् । उनले देकोचा चाँगु बसस्टपमा रहेको २०७२ सालको भूकम्प पीडितलाई बनाइदिएको भवनमा भक्तपुर नपा ६ वडासँग समन्वय गरी कराते खेलको प्रशिक्षणमा क्रियाशील छन् । ५० जना खेलाडीहरूले प्रशिक्षण लिइरहेको राजन बताउँछन् ।

राजनलाई मनपर्ने खेलाडी फुटबलका महान् खेलाडी लियोनल मेसी हुन् । उनलाई मेसी मनपर्नुको कारण मेसी सङ्घर्षशील र प्रतिभावान खेलाडी भएर हो भन्छन् । नेपालमा राजनलाई मनपर्ने खेलाडी एथ्लेटिक्सका प्रसिद्ध धावक, तीन पटक लगातार स्वर्ण पदक हासिल गर्न सफल खेलाडी बैकुण्ठ मानन्धर हुन् ।

राजनले सुरुमा भक्तपुर सितेरियो कराते डोजो त्रिपुरासुन्दरीबाट ३ दिनसम्म आयोजित National Referee training मा सहभागिता जनाए । उनका अनुसार National Referee training मा लिखित तथा मौखिक परीक्षाको लिएको थियो । सो प्रशिक्षण पाँच दिनको

थियो। उनले International Judge B मलेसिया गएर पास गरे भने International Judge A दुबई गएर पास गरे। लिखित तथा प्रयोगात्मक परीक्षा उत्तीर्ण गरी अन्तराष्ट्रिय रेफ्री बन्ने सपना पूरा गरे।

राजन चित्रकारले उपत्यकाव्यापी सितेरियो कराँते प्रतियोगितमा पहिलो पटक खेले। शहीद स्मृति खेल मैदान, भक्तपुरमा सम्पन्न कराँते प्रतियोगितामा उनले ५० केजी तौलमा स्वर्ण पदक जित्न सफल भए।

Khukuri Invitational Karate Championship १९९५ मा स्वर्ण पदकमा कब्जा जमाए। Nepal Karate Federation बाट आयोजित आठौँ सितेरियो कराते र किक बक्सिङ्ग प्रतियोगिता २०५५ मा ५० केजी तौलमा पनि स्वर्ण पदक जित्नुको साथै उत्कृष्ट खेलाडी घोषित भए।




२०५३ सालमा दोलखाको जिरीमा सम्पन्न कराते खेलको ५० केजी तौलमा राजन चित्रकारले पदक जिते। उनले हेटौडामा सम्पन्न अन्तराष्ट्रिय आमन्त्रण किक बक्सिङ्ग प्रतियोगितामा स्वर्ण पदक जितेर इतिहास रच्न सफल भए। उनका अनुसार सो प्रतियोगितामा सार्क राष्ट्रका २०० जना खेलाडीहरूको सहभागिता थियो। ललितपुरमा २०५४ सालमा सम्पन्न अन्तराष्ट्रिय आमन्त्रण प्रतियोगितामा पनि उनले स्वर्ण पदकका साथै उत्कृष्ट प्रदर्शन गरे।

कराते खेल किन खेल्नेभन्ने प्रश्नमा राजन भन्छन्, यो खेल खेल्दा स्वस्थ र अनुशासित होइन्छ। यो खेल आत्मरक्षाको लागि पनि अति आवश्यक छ। यस खेलमा बल भएर मात्र पुग्दैन दिमागी खेल पनि हो। यो खेल सोच विचार गरी खेलेमा सफलता अवश्य प्राप्त हुन्छ। निरन्तर स्वस्थ रहन र अनुशासित बन्न प्रत्येक नेपालीले खेल्नु पर्छ।

कराते खेलमा के कस्ता समस्याहरू छन् भन्ने जिज्ञासामा राष्ट्रिय खेलाडी तथा रेफ्री एवं जज राजन भन्छन्, सरकारमा गएकाहरूले बनाएको खेल नीति नै खेलाडी मैत्री एवं प्रोत्साहन गर्ने खालको छैन। त्यसैले आर्थिक अभावले रोजागारीको निम्ति विदेशीन्छन्। खेलाडीहरू देशको लागि मरिमेटी खेल्छन् प्रोत्साहन छैन। नेपालमा विदेशको तुलनामा भौतिक पूर्वाधार पनि न्यून रहेकोछ।

भक्तपुरको त्रिपुरा सुन्दरीमा रहेको कराते प्रशिक्षण हल विश्व सम्पदा सूची जगनाथ मन्दिर रहेको ठाउँमा परेको छ। त्यो हलको निम्ति वैकल्पिक बन्दोबस्त गर्नुपर्ने देखिन्छ।

खेल सामग्री भन्नुपर्दा किक पायड, किक वायड आवश्यक छ। अन्तराष्ट्रिय प्रतियोगितमा खेल्न र सहभागी हुन विश्व कराते महासङ्घले सिफारिस गरेनुसार ग्लोव, कराते पोशाक र गी तथा प्रतियोगितालाई चाहिने सामग्री (Equipment) लगाएर मात्र खेल्न पाउँछ। ती माथि उल्लेखित सामग्री महँगो भएकोले किन्न गाह्रो हुन्छ। कति खेलाडी त ती सामग्री बन्दोबस्त नहुँदा बाध्यभएर प्रतियोगिताबाट बाहिरिनु पर्ने सम्भावना रहन्छ।

खेल खेल्दाको अविस्मरणीय क्षणबारे प्रश्न गर्दा राजन चित्रकार भन्छन्, २०५० सालमा दोलखाको जिरीमा सम्पन्न खेलमा रेफ्रीको सही निर्णयबाट भक्तपुरका खेलाडीहरू बिजय घोषित भए, तर अर्को पक्षले रेफ्री तथा जजको निर्णय नमानी तनावमा बसेका थिए। हामी बसेको होटलसम्म आएर हामला गर्ने दुसाहस गरेको क्षणलाई स्मरणीय क्षणको रूपमा लिन्छन्।

युवा पुस्तालाई सन्देश के छ भन्ने प्रश्नमा कराते खेलाडी तथा रेफ्री जज राजन चित्रकार भन्छन् , हरेक युवाले कुनै न कुनै खेलमा समावेश भएर स्वस्थ तथा अनुशासित जीवन बाँच्न पाउनु पर्छ। खेलको माध्यमबाट आफ्नो टोल, जिल्ला र राष्ट्रको नाम देश तथा विदेशमा फैलाउन सकिन्छ। हाम्रो जस्तो सानो अविकसित देशमा अरू राष्ट्रसँग प्रतिस्पर्धा गरेर विजय हासिल गर्न् एउटै मात्र क्षेत्र खेल क्षेत्र हो। त्यसैले हाम्रो देशको नाम विश्वमा फैलाउन खेलकुद एउटा राम्रो माध्यम हुनसक्छ। प्रत्येक युवाले एउटा न एउटा खेलमा सहभागी हुन अनुरोध गर्दछु।

स्रोत : राजन चित्रकार सँगको भेटवार्ता र सङ्कलित प्रमाणपत्रहरू।

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## बैठक सङ्ख्या- १७

## मिति २०७९ पुष २७ गते, बुधबार

### उपस्थिति

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेँ | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण गिरी | ऐ |

## निर्णयहरू

### १३ औं नगरसभा

भक्तपुर नगरपालिकाको १३ औं नगरसभा मिति २०७९ माघ २३ गते सोमबार उद्घाटन गर्ने निर्णय गरियो ।

### थंथु दरबार निर्माण समिति

थंथु दरबार निर्माण समिति भ.न.पा. प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा निम्नानुसार पदाधिकारीहरू रहने गरी एक समिति गठन गर्ने निर्णय गरियो–

संयोजक : सुनिल प्रजापति – प्रमुख, भनपा
सदसय : रजनी जोशी – उपप्रमुख, भनपा
सदस्य : रविन्द ज्याख्व – वडाध्यक्ष
सदस्य : उकेश कवां – वडाअध्यक्ष
सदस्य : कृष्णप्रसाद कोजु – वडाअध्यक्ष
सदस्य : राजकृष्ण गोरा – वडाअध्यक्ष
सदस्य : ई. राजेन्द्र हाडा
सदस्य : प्रमुख प्रशासकीय अधिकृत – भनपा
सदस्य : लेखा अधिकृत – भनपा
सदस्य : जिन्सी अधिकृत – भनपा
सदस्य : योजना प्रमुख – भनपा
सदस्य : आ. सरोज वैद्य

### मापदण्ड निर्माण कार्यदल

भक्तपुर नगरपालिका क्षेत्रको लागि माटो जोडाइको घर निर्माण सम्बन्धी मापदण्ड निर्माण गर्न उपप्रमुख श्री रजनी जोशीज्यूको अध्यक्षतामा निम्नानुसार आठ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो–

संयोजक : श्री रजनी जोशी, उपप्रमुख भक्तपुर नगरपालिका
सदस्य : ई.श्री सुनिल दुवाल, प्राचार्य, ख्वल कलेज अफ इन्जिनियरिङ्ग
सदस्य : आ.ई. श्री सरोज वैद्य
सदस्य : ई. राजेन्द्र हाडा
सदस्य : ई. विश्वनाथ सुजखु, भ.न.पा.
सदस्य : आ.ई. रविना शिल्पकार
सदस्य : ई. सशिन प्रजापति
सदस्य सचिव : आ.ई. रामगोविन्द श्रेष्ठ, भ.न.पा.

### अन्तर नगर खो खो प्रतियोगिता मूल समिति

भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा २०७९ फागुन ५ गतेदेखि ९ गतेसम्म हुने अन्तर नगर खो खो प्रतियोगिता निम्नासार १३५ सदस्य रहने गरी प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा मूल समिति गठन गर्ने निर्णय गरियो–

**मूल समितिका सदस्यहरू**

संयोजक :प्रमुख श्री सुनिल प्रजापतिज्यू, भ.न.पा

**सदस्यहरू**

उपप्रमुख श्री रजनी जोशीज्यू, भ.न.पा.

वडाअध्यक्ष श्री श्यामकृष्ण खत्रीज्यू, वडा नं. १
वडाअध्यक्ष श्री हरिप्रसाद बासुकलाज्यू, वडा नं. २
झ. नपामा विभिन्न समयमा खाजा व्यवस्था गराए वापत रु.१३,७५०।- भः छेँ नेवारी खाजा घरलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ञ. भक्तपुर नगरपालिकामा शैक्षिक ऋणको अन्तर्वार्तामा उपस्थित वडाध्यक्ष तथा कर्मचारीहरूलाई खाजा उपलब्ध गराए वापत रु. ७४८०।- लक्ष्मी नारायण त्वायनालाई **भुक्तानी दिने** निर्णय गरियो ।

ट. भक्तपुर नगरपालिका कार्यपालिका सदस्य श्री रोशन मैया सुवालले अपाङ्गता भएका व्यक्तिहरूको सहयोग कार्यक्रमका लागि न.पा बाट रु.२००,०००।- पेश्की लिएकोमा रु.२,४२,९१४।- बराबरको खर्च भर्पाई पेश गरी नपुग रकम रु.४२,९१४।- भुक्तानी लिई निजको नाममा रहेको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

ठ. भक्तपुर नगरपालिका कार्यपालिका सदस्य श्री सुनिता अवालले नगरभित्रका शिक्षकहरूलाई खेलकुद प्रशिक्षण तालिम सञ्चालन गर्न न.पा बाट रु.२००,०००।- पेश्की लिएकोमा रु.१,८४,०४१।- बराबरको खर्च भर्पाई पेश गरी बाँकी रकम रु.१५,९५९।- बैंक दाखिला गरी निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गर्ने निर्णय गरियो ।

ड. यस नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानलाई यस न.पा. को चालू आ.व. २०७९/०८० मा विनियोजित चालू खर्चतर्फको स्वास्थ्य संस्थालाई विनियोजित रकम शीर्षकमध्ये हाललाई उक्त संस्थानलाई रु. एक करोड **रकम दिने** निर्णय गरियो ।



## भक्तपुर नगरपालिका गतिविधि

### नगर प्रमुख प्रजापतिद्वारा प्रजिअ रिजाललाई स्वागत



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सुर्खेत जिल्लाबाट भक्तपुरमा सरुवा भई आउनुभएका भक्तपुरका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजाललाई माघ २२ गते एक कार्यक्रमबीच पुष्पगुच्छा, भादगाउँले टोपी र खादा ओढाइ स्वागत गर्नुभयो ।

प्रजिअ रिजालको स्वागतमा आयोजित परिचयात्मक कार्यक्रममा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले भक्तपुरको शान्ति सुरक्षा, जात्रा व्यवस्थापन, सांस्कृतिक सम्पदा सुरक्षालगायतका विषयमा जिल्ला प्रशासन कार्यालय र नगरपालिकाबीच सहकार्य हुने विश्वास व्यक्त गर्नुभयो ।

तीन तहको सरकारबीच सहकार्य र समन्वयको सिद्धान्तअनुसार अगाडि बढ्ने संवैधानिक व्यवस्था स्मरण गर्नुहुँदै उहाँले भक्तपुरको दुधपाटीस्थित भाज्या पुखू परिसरको बाटो खोल्ने विषयमा गृहमन्त्रालयअन्तर्गतको जुद्ध बारुण यन्त्र परिसरको बाटो खोल्ने विषयमा सहकार्य र समन्वय हुने विश्वास व्यक्त गर्नुभयो ।

ऐतिहासिक, सांस्कृतिक र राजनीतिक रूपले भक्तपुर महत्त्वपूर्ण थलो भएको बताउनुहुँदै अरू नगरपालिकाभन्दा शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र सरसफाइमा विशिष्ट रहेको उल्लेख गर्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुरको ऐतिहासिक महत्त्व बोकेका सांस्कृतिक गतिविधि अगाडि बढाउन जिप्रकाबाट साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो ।

त्यस्तै प्रजिअ **रिजाल**ले भक्तपुर नपासँग अरू स्थानीय तहले सिक्न लायक धेरै कामहरू भएको बताउनुहुँदै अन्तर्राष्ट्रिय जगतमा नेपाललाई चिनाउन भक्तपुरको धेरै ठूलो भूमिका भएको बताउनुभयो ।

स्थानीय सरकार जनताको नजिकको सरकार भएको बताउनुहुँदै उहाँले भक्तपुरमा शान्ति सुरक्षा कायम गर्न जनप्रतिनिधि र स्थानीय जनतासँग हातेमालो गर्दै अगाडि बढ्ने प्रतिबद्धता जनाउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व र प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले पनि बोल्नुभएको उक्त परिचयात्मक कार्यक्रममा भक्तपुर नगरपालिकाका जनप्रतिनिधि, नगरपालिकाका शाखा प्रमुखहरूको उपस्थिति रहेको थियो ।

सोही क्रममा नगर प्रमुख प्रजापतिले प्रजिअ रिजाललाई भक्तपुरको प्रसिद्ध मयूर झ्याल र नगरपालिकाका महत्त्वपूर्ण प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो ।

### भक्तपुर नपामा जर्मन–दक्षिण एसियाली संसदीय टोलीलाई स्वागत



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपालको भ्रमणमा रहनुभएका जर्मन–दक्षिण एसियाली संसदीय समूहका सदस्यहरूलाई फागुन ९ गते भक्तपुर नपामा स्वागत गर्नुभयो ।

भक्तपुर दरबार क्षेत्रको अवलोकनमा आउनुभएको उक्त प्रतिनिधिमण्डललाई नगर प्रमुख प्रजापतिले भादगाउँले टोपी लगाइदिएर स्वागत गर्नुभएको हो ।

सो अवसरमा प्रमुख **प्रजापति**ले नेपालको लागि जर्मन सरकारले विगतमा पुऱ्याएको सहयोगको लागि धन्यवाद दिनुहुँदै दुई देशबीचको सम्बन्ध आगामी दिनमा अझ प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुरमा जर्मन प्रोजेक्टले भक्तपुरको सम्पदा संरक्षण र सरसफाइमा सुधार गर्न केही सहयोग पुऱ्याएको उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो, 'जर्मनहरूलाई भक्तपुरका



लेहेरेदर, रिया स्क्रोडर, माल्टी काउफमान, अन्द्रे हान, सोफिया तुम्स्का र सेबास्टियन स्कनेडरलगायतको उपस्थिति रहेको थियो ।

नगर प्रमुख प्रजापतिले उक्त टोलीलाई भक्तपुरको प्रसिद्ध मयूर झ्याल र भक्तपुर नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

जनताले बिर्सेका छैनन् ।'

भक्तपुरको मौलिक कला संस्कृति र सम्पदा संरक्षणलाई प्राथमिकतामा राख्दै भक्तपुर नपाले काम गर्दै आइरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले युवाहरूलाई अगाडि बढाउने नेपाल मजदुर किसान पार्टीको नीतिअनुरूप युवाहरूलाई राजनीतिक रूपमा सचेत पार्ने काम गर्दै आएको बताउनुभयो ।

भक्तपुर घुम्न आउने पर्यटकहरूबाट उठेको पर्यटक शुल्कको रकमबाट भक्तपुरको सम्पदा संरक्षण, सरसफाइ, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा खर्च गर्दै आइरहेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले आफूलाई प्राप्त अधिकारको प्रयोग गरी ऐन–कानुन निर्माण गर्दै कार्यान्वयनमा जोड दिँदै आएको बताउनुभयो ।

प्रतिनिधिमण्डलका तर्फबाट जर्मन–दक्षिण एसियाली संसदीय समूहका सदस्य **रेनेट कुनास्ट**ले जर्मनी र नेपालबीचको मैत्रीपूर्ण सम्बन्ध कायम गर्ने उद्देश्यले नेपाल भ्रमणमा आएको बताउनुहुँदै भक्तपुरको कला संस्कृति र मौलिकता संरक्षणबाट आफूहरू निकै प्रभावित भएको बताउनुभयो ।

नेपालको प्राकृतिक सौन्दर्यता र सांस्कृतिक वैभवता नै यहाँका विकासका आधारहरू भएको बताउनुहुँदै उहाँले भक्तपुर नपाबाट भइरहेको सम्पदा संरक्षण आफैमा गौरवको विषय हो भन्नुभयो ।

जर्मन सरकारले भक्तपुरको सम्पदा पुन:निर्माणमा चासोपूर्वक सहयोग गर्दै आइरहेको बताउनुहुँदै उहाँले नेपालको परम्परागत कृषि विधिलाई आधुनिकीकरण गर्नेतर्फ ध्यान दिनु आवश्यक छ भन्नुभयो ।

उक्त टोलीमा जर्मन–दक्षिण एसियाली संसदीय समूहका सदस्यहरू रेनेट कुनास्ट, एन्ड्रियास लरेम, पाउल

भेटपश्चात प्रतिनिधिमण्डल टोलीले भक्तपुरको ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका सम्पदाहरू राष्ट्रिय कला सङ्ग्रहालय, दरबार क्षेत्र, तलेजु, पाँचतले मन्दिर र भैरवनाथ मन्दिरको स्थलगत अवलोकन गऱ्यो ।


## उपप्रमुख रजनी जोशीसँग लेखापरीक्षणका टोलीको भेट



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीसँग महालेखापरीक्षकको कार्यालयको वार्षिक लेखा परीक्षण योजना २०७९ अनुसार 'दिगो विकास लक्ष्य ५.५ अन्तर्गत राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनको सबै निर्णायक तहहरूको नेतृत्वमा महिलाहरूको पूर्ण र प्रभावकारी सहभागिता र समान अवसरहरूको सुनिश्चितता गर्ने लक्ष्यको कार्यान्वयन अवस्था' विषयक कार्यमूलक लेखापरीक्षणबारे छलफल गर्न लेखापरीक्षणका टोलीले फागुन ९ गते भेट गऱ्यो ।

भेटमा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, महालेखापरीक्षकको कार्यालयका लेखापरीक्षण अधिकृत उपनिर्देशक रामचन्द्र ओझा, ट्रान्सपरेन्सी इन्टरनेशनलका बबिता शर्मा, लेखा परीक्षण अध्यक्ष नारायण डुम्रेलगायतको उपस्थिति रहेको थियो ।

## ५ नं. वडा कार्यालयबाट खण्डन



राष्ट्रिय दैनिक 'गोरखापत्र' को १६ माघको पहिलो पृष्ठको भक्तपुर टौमढीस्थित विश्व सम्पदामा सूचिकृत ङातापोलसँग गाँसेर 'पाँचतले मन्दिरको जगलाई असर पार्ने गरी ढुङ्गा फुटाइँदै' भन्ने शीर्षकको समाचार र १७ गतेको दोस्रो पेजको 'हतारमा पुरियो खाल्डो' भन्ने समाचारले हाम्रो ध्यान आकर्षित भएको छ । सत्य-तथ्य नबुझी सम्बन्धित र सरोकारवालासँग सोधपुछ नगरी हतारमा लेखिएको समाचारले अनावश्यक अफवाह र भ्रम फैलाएकोमा हामी खेद प्रकट गर्छौं ।

सुक्खा याममा पानीको हाहाकार भई उपत्यकाको हरेक सहर र बस्ती काकाकुल भइरहेको अवस्थाप्रति कोही पनि अनभिज्ञ छैन । भक्तपुर टौमढी वरिपरिका केही स्थान जस्तैः क्वाछैं, याता गोल्मढी, खलाँ, गःहिति टोलहरूमा विगत दसौं वर्षदेखि पानी नआइरहेकोमा हालैमात्र मेलम्चीको पानी भनपा वडा नं १ देखि ५ वडा टौमढीसम्म वितरण हुन थालेको अवस्थामा क्वाछैं र यातामा सो पानीको लागि नयाँ खानेपानीको पाइपलाइन बिछ्याउने उद्देश्यले डेढ फुट चौडा र अढाइ फुट गहिराइको खोल्सो खनिएको हो । खोल्सा खन्ने क्रममा ङातापोल मन्दिर परिसरको दक्षिण पूर्वी भागतिर एक वर्ग फुट मोटाइ र करिब चार फुट लम्बाइको लाम्चो ढुङ्गा र तीन फीट लम्बाइ र डेढ फीट चौडा ढुङ्गा करिब डेढ फिटको मुनि देखिएकोमा त्यसलाई जस्ताको तस्तै झिकी त्यसको मुनि पाइप बिछ्याइएको थियो । यी दुई ढुङ्गालाई गलले थिची झिक्दा हामी जनप्रतिनिधिहरू पनि सँगै थियौं । यस्ता आकार र साइजका ढुङ्गाहरू र जुन ठाउँमा भेटिएको हो त्यस स्थानसँग मन्दिरको जगसँग केही सरोकारसमेत नरहेको विज्ञहरूको भनाइ छ । उहाँहरूका अनुसार ङातापोल मन्दिरको जग भनेकै त्यसको 'फ' अथवा ठूलो आकारमा मन्दिरको वरिपरि बनाइएका अग्ला पेटीहरू हुन् ।

खानेपानीजस्तो जनताको नैसर्गिक अधिकार र संवेदनशील विषयलाई 'मेलम्चीको पानी खुवाउने बहानामा ढल खनियो' भन्ने अति गैरजिम्मेवारीपूर्ण शब्दहरू प्रयोग गरी सामाजिक सञ्जालमा पोस्ट गरिएको एउटा सामग्रीलाई आधार मानेर गोरखापत्रमा सम्प्रेषण गरिएको समाचारले एकातिर जनतामा अनावश्यक भ्रम फैलाएको र अर्कोतर्फ मानव जीवनको आधार – पानीसँग गाँसिएको कार्यलाई हल्काफुल्का विषय बनाइनु नितान्त आपत्तिजनक कार्य हो ।

बटुवा र मन्दिरको अवलोकन गर्ने पर्यटकहरूलाई असहज नहोस्, माटो र ढुङ्गाले चोक असरल्ल नदेखियोस् भनी पाइप बिछ्याउन सकिएको ठाउँमा पहिला पुर्ने र त्यहाँ ढुङ्गा छापिसकेपछि मात्र नयाँ खोल्सो खन्ने भन्ने सम्बन्धित वडा कार्यालय र खानेपानी लि.को सहमतिअनुसार सो कार्य सुरु भएकोमा फेरि १७ गतेको गोरखापत्रमा 'हतारमा पुरियो खाल्डो' शीर्षकमा अर्को समाचार छापियो । सो समाचारले गोरखापत्रले स्थानीय तह र सम्बन्धित सरोकारवाला कार्यालयहरूको बदनाम गर्न नियतवश तथ्यहीन समाचार सम्प्रेषण गरेको आफैले प्रमाणित गर्‍यो । ज्ञातव्य होस्, भक्तपुर नगरपालिका देशमै सम्पदा संरक्षणमा अग्रपङ्क्तिमा रहेको स्थानीय तह हो । यस्तो संस्थालाई सम्पदा संरक्षणमा संवेदनशील नभएको सन्देश जाने गरी समाचार सम्प्रेषण गर्दा गोरखापत्र आफैले आफ्नो ओज र विश्वसनीयता घटाएको छ । इतिहास बोकेको गोरखापत्रको आफ्नो गरिमामय छविलाई अक्षुण्ण राख्न आउने दिनहरूमा यस्ता भ्रमपूर्ण र तथ्यहीन समाचार सम्प्रेषण नगर्न हामी आग्रह गर्छौं ।

**५ नं. वडा कार्यालय**
**भक्तपुर नगरपालिका**

## सुधारिएको शवदाह गृहनजिक प्रतिक्षालयको शिलान्यास




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत योजनाअन्तर्गत भक्तपुर नगरपालिका वडा ७ स्थित हनुमानघाटमा सुधारिएको शवदाह गृह नजिक प्रतिक्षालयको शिलान्यास माघ २७ गते गर्नुभयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिकालाई देशकै उत्कृष्ट नमुना नगरपालिकाको रूपमा चिनाउने उद्देश्यका साथ नगरपालिका अगाडि बढिरहेको र यहाँका हरेक क्षेत्र सांस्कृतिक, धार्मिक हिसाबले महत्त्वपूर्ण भएको हुँदा जनताको सहभागितामा विकास निर्माणका कार्यहरू अगाडि बढिरहेको बताउनुभयो ।

हनुमानघाट क्षेत्र धार्मिक रूपले महत्त्वपूर्ण भएको बताउनुहुँदै यस क्षेत्रमा सुधारिएको शवदाह गृह निर्माणले नगरवासीहरूलाई दाहसंस्कारमा सहज भएको र अब प्रतिक्षालय निर्माणले थप सुविधा पुग्ने उहाँले प्रष्ट पार्नुभयो ।

भक्तपुर नपाले विकास निर्माणका प्रत्येक वडालाई ५० लाखको बजेट विनियोज गर्नुका साथै सम्पदाहरू संरक्षण गर्न थप २०/२० लाख बजेट विनियोजन गरेको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाको हरेक निर्माण कार्यमा ईष्टिमेन्ट भन्दा कम रकम र गुणस्तरीय कार्य भइरहेको जानकारी गराउनुभयो ।



उपभोक्ता समिति मार्फत हुने विकास निर्माण कार्यमा स्थानीय जनताको अपनत्व रहने र कम लागतमा निर्माण सम्पन्न हुने बताउनुहुँदै उहाँले भक्तपुरलाई उत्कृष्ट बनाउनको लागि नगरवासीहरूको निरन्तर साथ र सहयोगको आवश्यकता भएको उहाँले बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका ७ नं. वडा कार्यालयका वडाअध्यक्ष **उकेश कवां**ले भक्तपुर नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरूले नगर तथा नगरवासीहरूको हितको निम्ति सकृय भूमिका खेल्दै आएको बताउनुहुँदै भक्तपुर नगरपालिकाले समाजवादउन्मुख गतिविधिमा जोड दिँदै आएको बताउनुभयो ।

उक्त कार्यक्रममा ७ नं. वडाका वडासदस्य रञ्जना त्वाती, प्रतिक्षालय निर्माण कार्य उपभोक्ता समितिका अध्यक्ष बद्रीराम छुस्यावाग र वडासचिव विजय लोहलाले पनि बोल्नुभएको थियो ।

## अन्तर्राष्ट्रिय पथप्रदर्शक दिवस




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले पर्यटनबाट आउने प्रतिफल सर्वसाधारण जनतासम्म पुऱ्याउन भक्तपुर नगरपालिकाले पर्यटनमा संलग्न पर्यटनकर्मीहरूलाई रोजगारीको अवसर सृजना गरिरहेको बताउनुहुँदै पर्यटन विकास देशको आर्थिक विकासको आधार हो भन्नुभयो ।

फागुन ९ गते भक्तपुर नगरपालिकामा आयोजित ३४ औँ अन्तर्राष्ट्रिय पथप्रदर्शक दिवस कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले सरकारमा गएका राजनीतिक पार्टीहरूले देश कसरी बनाउने भन्दा पनि आफू सत्तामा कसरी जाने र पद हत्याउने होडबाजीमा रहेको बताउनुभयो । उहाँले काठमाडौँ उपत्यकालाई सांस्कृतिक क्षेत्र घोषणा गरी पर्यटकीय गन्तव्यस्थल बनाउन सकिने धारणा राख्नुहुँदै सिङ्गो देशको पर्यटन प्रवर्द्धनमा सरकारको ध्यान जान जरुरी रहेको बताउनुभयो । पथ प्रदर्शकहरू देशको राजनीतिक अवस्थाबारे जानकार हुनुपर्ने र अध्ययनलाई जोड दिनुपर्ने धारणा राख्नुहुँदै उहाँले देशको अर्थतन्त्र बलियो बनाउन



देशलाई आयातमुखी नभई निर्यात गर्न क्षमता अभिवृद्धि गर्नुपर्ने विचार राख्नुभयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले पथ प्रदर्शकहरूले पर्यटकहरूलाई सत्यतथ्य सूचना प्रवाह गरी नगरको प्रवर्द्धनमा टेवा पुऱ्याउन प्रेरित गर्नुहुँदै पथप्रदर्शकहरू भक्तपुर नपाका गतिविधिबारे जानकार हुनुपर्ने बताउनुभयो ।

भक्तपुर स्थानीय पथप्रदर्शक परिचालन समितिका संयोजक **गौतमप्रसाद लासिवा**ले ३४ औँ विश्व पथप्रदर्शक दिवसको अवसरमा यस वर्ष भक्तपुर नगरमा कार्यरत स्थानीय पथप्रदर्शकहरूलाई परिपालना, शिष्टता, नियमित योगदान, पहिरण, दक्षता, लगनशीलता आदि विषयमा मूल्याङ्कन गरी उत्कृष्ट पथप्रदर्शकहरूलाई पुरस्कृत गर्ने निर्णय गरेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका पर्यटन समिति सदस्य एवम् ८ नं. वडाध्यक्ष कृष्णप्रसाद कोजु, पथपदर्शक परिचालन समिति सदस्य दामोदर सुवाल र दिपेशराज शर्माले पनि बोल्नुभएको थियो ।



सोही क्रममा प्रमुख अतिथि प्रजापतिले उत्कृष्ट पथप्रदर्शकहरू **माधव कपाली, राजकुमार आचार्य, विष्णुप्रसाद सुवाल, रत्नकृष्ण प्रजापति**लाई पुरस्कृत गर्नुभयो ।

## छुमा गणेश द्यःछेंको शिलान्यास




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिका वडा नं. ६ चोछेँस्थित छुमा गणेश द्यःछेँ पुनःनिर्माणको फागुन ११ गते शिलान्यास गर्नुभयो । कार्यक्रममा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त १२५ भन्दा बढी सम्पदाहरू पुनःनिर्माण भैसकेको जानकारी गर्दै भक्तपुर नगरका सम्पदाहरू राष्ट्रिय महत्त्वका सम्पदाहरू भएकोले यसको संरक्षण र सम्बर्द्धनमा नपाले विशेष जोड दिँदै आएको बताउनुभयो ।

सम्पदा पुनःनिर्माणमा भक्तपुर नपाले विदेशीहरूका सहयोगलाई भन्दा जनताको साथ र सहयोगलाई प्राथमिकतामा राख्दै काम गरिआएको बताउनुहुँदै भक्तपुर शिक्षा र स्वास्थ्य सँगसँगै सम्पदा संरक्षणमा पनि उदाहरणीय बन्दै गएको बताउनुभयो ।



भक्तपुर नपाका जनप्रतिनिधि र कर्मचारीहरूको संयुक्त प्रयास र स्थानीय जनताको साथ र अपनत्व रहेकै कारण भक्तपुर आज देशकै नमुना नगरपालिकाको रूपमा स्थापित हुन सफल भएको हो, प्रमुख प्रजापतिले भन्नुभयो । कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले ऐतिहासिक छुमा गणेश द्यःछेँको पुनःनिर्माण कार्य निर्धारित समयमै मौलिक र गुणस्तरीय ढङ्गले सम्पन्न हुने विश्वास

व्यक्त गर्नुहुँदै द्यःछेँ निर्माणमा स्थानीय जनताको आर्थिक तथा भौतिक सहयोगको पनि अपेक्षा रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**ले वडाको विकास निर्माणबारे अवगत गराउनुहुँदै जनप्रतिनिधि जनताको सुख दुःखका सहयोगी भएको बताउनुभयो । उहाँले  स्थानीय जनताको साथ र सहयोगबिना वडाको गतिविधि अगाडि बढ्न कठिन हुने बताउनुहुँदै द्यःछेँ पुनःनिर्माणमा यहाँका स्थानीय जनताको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा कार्यपालिका सदस्य रोशनमैया सुवाल, वडा सदस्य गोविन्द दुवाल, स्थानीय शिक्षक जगनाथ सुजखू, वडा सदस्य सिद्धिराम अवाल र उपभोक्ता समितिका सचिव रमिला प्रजापतिले पनि बोल्नुभएको थियो ।

## समसामयिक विषय तथा रासायनिक मलसम्बन्धी कृषक भेला




भक्तपुर नगरपालिकाको आयोजनामा समसामयिक तथा रासायनिक मल विषयक नगरस्तरीय कृषकहरूको भेला भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा फागुन १० गते भनपाको सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले नेपाल कृषि प्रधान देश भएर पनि कृषि क्षेत्रमा आत्मनिर्भर हुन नसकेकोमा चिन्ता व्यक्त गर्नुहुँदै सरकारले कृषि क्षेत्रलाई प्राथमिकतामा नराख्दा आज कृषियोग्य जमिनहरू बाँझो रहन गएको बताउनुभयो ।

उहाँले कृषिजन्य वस्तुहरूको निर्यातभन्दा आयात बढी हुँदा देशलाई आर्थिक भार बढिरहेको बताउनुहुँदै  भक्तपुर नपाले कृषकहरूलाई लक्षित विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको बताउनुभयो ।


कार्यक्रमका सभापति एवम् भनपा वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले कृषकहरूको मागबमोजिम भक्तपुर नपाले कौसी खेती तालिम, रसायनिक मल वितरणमा सहजकर्ता भूमिका खेल्दै आएको बताउनुभयो ।



उक्त कार्यक्रममा भनपा वडा नं. ६ का वडा सदस्य **गोविन्द दुवाल**ले किसान आन्दोलनबारे आफ्नो भनाइ राख्नुभयो भने वडा न.. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद हयौमिखा** र वडा सदस्य **इन्द्रबहादुर प्याथ**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा सहभागी कृषकहरू गंगाराम ज्याख्व, रत्नकाजी नायभारी, लक्ष्मीनारायण सुवाल, लक्ष्मीभक्त सिजख्व, राजु ज्याख्व, तुल्सीनारायण लाखेमरु र राजाराम बासुकलाले रचनात्मक सुझावहरू दिनुभएको थियो ।

## हृदयघात रोगसम्बन्धी अभिमुखीकरण



भक्तपुर नगरपालिका वडा नं. २ को आयोजनामा वडाका स्थानीयवासीहरूलाई हृदयघाट रोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा वडा सदस्य **न्हुछेराम कोजु**ले वडावासीहरूको कार्यलाई प्राथमिकता दिँदै वडाले कार्य गर्दै आइरहेको बताउनुहुँदै स्थानीय निर्वाचनको घोषणापत्रअनुसार

विकासको कार्यलाई निरन्तरता दिँदै काम गरिरहेको बताउनुभयो ।



स्वास्थ्य उपसमितिका संयोजक **मन्जु लाखाजु**ले घरदैलो नर्सिङ सेवालाई अझ प्रभावकारी बनाउने र जनतासँग प्रत्यक्ष सम्पर्क रहने कार्य स्वास्थ्य क्षेत्रबाट भइरहेको अति नै महत्त्वपूर्ण भएको बताउनुहुँदै समय र परिस्थितिअनुसार विभिन्न सर्ने वा नसर्ने रोगबारे वडाका विभिन्न स्थानमा आवश्यकताअनुसार विभिन्न रोगहरूसम्बन्धी अभिमुखीकरण कार्यक्रम गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रममा वडा नं. २ का वडा नर्स **रजनी जरेजु**ले हृदयघातसम्बन्धी प्रस्तुती दिनुभएको थियो ।

## स्वस्थ जीवन प्रवर्द्धन कार्यक्रम



भक्तपुर नगरपालिका र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको संयुक्त आयोजनामा भक्तपुर नपाका जनप्रतिनिधि र नगरपालिकामा कार्यरत सरसफाइका कर्मचारीबीच फागुन १० गते स्वस्थ जीवन प्रवर्द्धन कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रमको भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख **प्रजापति**ले आर्युवेदिक उपचार विधि नेपालको मौलिक र प्राचीन उपचार विधि भएको बताउनुहुँदै घरेलु उपचार विधि आफैमा आर्युवेदसँग सम्बन्धित उपचार विधि हो भन्नुभयो ।

उहाँले भक्तपुर नपाले वडा नं. ६ स्थित चोछेँमा नागरिक आरोग्य केन्द्र सञ्चालनमा ल्याई स्वास्थ्य सेवा र सुविधा उपलब्ध गराउँदै आएको बताउनुहुँदै केन्द्रमा औषधी अभाव हुन नदिन नपाले आवश्यक सहयोग गर्दै आएको बताउनुभयो ।

अहिलेको आधुनिक उपचार विधिले हाम्रो मौलिक चिकित्सा प्रणाली ओझेलमा पर्दै गइरहेको बताउनुहुँदै उहाँले नेपाल सरकारले आर्युवेदिक उपचार विधिलाई प्राथमिकतामा नराखिनु र प्रचारप्रसारको कमीले यो विधि विस्थापित हुने खतरा रहेको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी**ले आर्युवेद उपचार पद्धतिले स्वास्थ्यमा कुनै हानी नगर्ने मानव शरीरको लागि उपयुक्त उपचार विधि भएको बताउनुहुँदै यसको व्यापक प्रचारप्रसार आजको आवश्यकता हो भन्नुभयो । जिल्ला आर्युर्वेद स्वास्थ्य केन्द्रका कार्यालय प्रमुख नरेन्द्रप्रसाद गिरी, कार्यालयका कर्मचारी शान्ता केसी, कविराज श्रीराम पराजुली, व्यवस्थापन समितिका अध्यक्ष राजुप्रसाद अधिकारीलगायतले पनि आर्युवेद चिकित्सा पद्धतिको महत्त्वबारे आआफ्नो धारणा राख्नुभएको थियो ।

## प्रमुख प्रजापतिद्वारा सामुदायिक विद्यालयहरुको निरीक्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरमा अवस्थित सामुदायिक विद्यालयहरूको फागुन १४ गते स्थलगत निरीक्षण गर्नुभयो । सोही क्रममा उहाँले भक्तपुरको थथुबहीस्थित ज्ञानविजय आधारभूत विद्यालय, भार्वाचोस्थित उदय आधारभूत विद्यालय, बाराहीस्थानको सुस्त मनस्थिति कल्याण विद्यालय, शारदा आधारभूत विद्यालय, जनसेवा आधारभूत विद्यालय र तारा माध्यमिक विद्यालय गरी ६ ओटा सामुदायिक विद्यालयहरूको निरीक्षण गर्नुभएको हो ।



निरीक्षणका क्रममा नगर प्रमुख प्रजापतिले विद्यालयका प्रधानाध्यापकहरूसँग भेटेर विद्यालय समयमा शिक्षकहरू उपस्थित भए/नभएको, समयमा हाजिरी गरेको/नगरेको, विद्यार्थी सङ्ख्या, विद्यालयको भौतिक अवस्था, कक्षाकोठा व्यवस्थापन, विद्यालयको सरसफाइ आदिबारे जानकारी लिनुभयो ।

प्रमुख प्रजापतिले शैक्षिक सुधारलाई पहिलो प्राथमिकतामा राख्दै भक्तपुर नपाले यहाँका सामुदायिक विद्यालयहरूको स्तरोन्नति गर्न र राम्रो शैक्षिक वातावरण निर्माणको लागि आर्थिक तथा भौतिक सहयोगलाई निरन्तरता दिँदै आएको बताउनुभयो । विद्यालयका प्रधानाध्यापकहरूले कक्षाकोठाको अभाव, शिक्षक पदपूर्ति शीघ्र गर्नुपर्ने, जग्गा अभाव र भौतिक संरचनाको लागि आर्थिक अभाव भएको जानकारी गराउनुभयो ।

निरीक्षणका क्रममा भक्तपुरका सामुदायिक विद्यालयहरूमा अधिकांश उपत्यका बाहिरका मकवानपुर, कैलाली, सुनसरी, मुगु, रामेछाप, प्युठान, इलाम, रुकुम, काभ्रेपलाञ्चोक, खोटाङ, रोल्पालगायतका जिल्लाका विद्यार्थीहरू अध्ययरत रहेको पाइएको छ ।

विद्यालय निरीक्षणका क्रममा नगर शिक्षा शाखा भक्तपुरका कृष्णप्रसाद कर्माचार्यको पनि उपस्थिति थियो ।

## प्रमुख प्रजापतिसँग त्रिवि कन्फ्युसियस इन्स्टिच्युटका चिनियाँ निर्देशकको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग त्रिभुवन विश्वविद्यालय कन्फ्युसियस इन्स्टिच्युटका चिनियाँ निर्देशक छिन लुकाओले फागुन १५ गते भेट गर्नुभयो ।

भेटमा उहाँहरूबीच नेपाली जनता र चिनियाँ जनताबीच मैत्रीपूर्ण सम्बन्ध विस्तार र भक्तपुरमा चिनियाँ भाषाको कक्षा सञ्चालनमा सहकार्य गर्नेबारे छलफल भयो ।



भेटमा नगर प्रमुख **प्रजापति**ले भक्तपुर नपाले चिनियाँ पर्यटक र चिनियाँ जनतासँग आपसी सम्बन्ध कायम गर्न विगतका वर्षहरूमा भक्तपुर नगरवासीहरूलाई चिनियाँ भाषाको प्रशिक्षण सञ्चालन गर्दै आएकोमा कोरोनाका कारण स्थगित भएको जानकारी दिनुहुँदै आगामी दिनमा निरन्तरता दिँदै जाने बताउनुभयो ।

उहाँले चीन सरकारले कोभिडमा नेपाल मजदुर किसान पार्टी र भक्तपुर नगरपालिकालाई आवश्यक स्वास्थ्य उपकरण सहयोग गरेकोमा हार्दिक कृतज्ञता ज्ञापन गर्नुहुँदै चिनियाँ भाषाको प्रशिक्षण सञ्चालनबारे कन्फ्युसियस इन्स्टिच्युटसँग सहकार्य गरी अगाडि बढ्न सकारात्मक रहेको बताउनुभयो ।

सांस्कृतिक आदानप्रदानमा भाषाको महत्त्वपूर्ण देन हुने बताउनुहुँदै उहाँले चिनियाँ पर्यटकहरूको सहजताको निम्ति पनि भक्तपुर नपाले चिनियाँ भाषालाई जोड दिँदै प्रशिक्षण सञ्चालन गर्दै आएको हो भन्नुभयो ।

त्यस्तै कन्फ्युसियस इन्स्टिच्युटका चिनियाँ निर्देशक **लुकाओ**ले त्रिभुवन विश्वविद्यालयमा हालसालै मात्र कन्फ्युसियस इन्स्टिच्युट स्थापना भई चिनियाँ भाषाको अध्ययन–अध्यापन सुरु भइसकेको बताउनुहुँदै भक्तपुरमा पनि चिनियाँ भाषाको शिक्षालाई अगाडि बढाउन उत्सुक भएको बताउनुभयो ।



उहाँले चिनियाँ जनताप्रति नेपाली जनताको सद्भाव र सकारात्मक दृष्टिकोणबाट आफू उत्साहित भएको बताउनुहुँदै कम्फ्युसियस इन्स्टिच्युटले कीर्तिपुरमा बाहेक दुईओटा सार्वजनिक विद्यालयहरूमा चिनियाँ भाषाको पठनपाठन सुरु गर्दै आएको बताउनुभयो। भक्तपुर नपाले चिनियाँ कक्षा सञ्चालन गर्दै आइरहेको विषयमा आफू अवगत रहेको बताउनुहुँदै उहाँले नपाको मागअनुसार चिनियाँ शिक्षक उपलब्ध गर्न आफूहरू तयार रहेको बताउनुभयो।

नगर प्रमुख प्रजापतिसँगको भेट अगाडि उहाँहरूले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज र ख्वप अस्पतालको समेत स्थलगत अवलोकन गर्नुभएको थियो।

नगर प्रमुख प्रजापतिले निर्देशक लुकाओलाई नपाको परम्परागत खादाले स्वागत गर्नुका साथै भक्तपुरको प्रसिद्ध मयूरको झ्याल र नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो।

उक्त भेटमा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, चिनियाँ शिक्षिका वाङ युन्हे र चिनियाँ भाषाका प्रशिक्षक राजेन्द्र चवालको उपस्थिति रहेको थियो।

## भक्तपुर नपाबाट अनुगमन

## मासु पसल अनुगमन

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा कासन र भोलाछेँमा माघ २५ गते मासु पसलहरू र वधस्थल अनुगमन गरियो।

अनुगमनमा वधस्थलमा भुइँ भित्ता सफा गर्न मिल्ने गरी मार्वल वा टायल राखी सफा गर्न पटक पटक निर्देशन दिँदासमेत सुधार नभएको संयोजक गोराले बताउनुभयो।

अनुगमनमा एक कोल्ड स्टोर अत्याधिक मात्रामा फोहोर देखिएको, माकुराको जालोले भरिएको र सरसफाइ सम्बन्धी न्युनतम मापदण्डसमेत पूरा नगरकोले तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो

त्यस्तै सम्बन्धितलाई पसल नवीकरण गर्न, मूल्य सूची देखिने गरी राख्न,, तराजु नापतौल विभागमा नवीकरण गर्न, भुइँ भित्ता सफा गर्न मिल्ने गरी कार्पेट वा टायल राख्न, टेबुलमा मासु व्यवस्थापन गर्न, सरसफाइमा ध्यान दिन, कामदारहरूलाई एप्रोन, माक्सपञ्जा, हेयरनेट अनिवार्य प्रयोग गर्न, मासु झिँगा नभन्किने गरी र धूलो नजाने गरी जालीले छोपेर राख्न वा सिसाको बाकस बनाई व्यवस्थित गर्न, फ्रिज फोहर बिग्रेकोले नयाँ प्रयोग गर्न, किमा बनाउने स्थानमा फोहोर भएकोले मासुपेल्ने मेशिन र टेबल सफा राख्न, ढल निकासमा भुँडीको फोहोरहरू सिधै नपठाउन, मासु काट्ने औजार र भाँडावर्तन सफा राख्न निर्देशन दियो।

अनुगमनकोक्रममा एक पसलबाट तराजु नवीकरण नभएकोले थान १ जफत गरी तीन दिनभित्र कार्यालयमा उपस्थित हुन निर्देशन दिइयो भने अर्को पसलमा फेला परेको बिग्रेको बासी मासु ५ केजी जफत गरी नष्ट गरियो

अनुगमन टोलीमा अनुगमन समितिका सदस्य ज्ञानबहादुर मानन्धर, भनपा श्यानिटेशका न.नि. दिलिप कुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, जिल्ला प्रशासन कार्यालय भक्तपुरका यादव प्रसाद मिश्र, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक दिपेश भुजेल र भक्तपुर उद्योग बाणिज्य सङ्घका विश्वराम दुवाल, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, पशु सेवा कार्यालय भक्तपुरका पार्वती योञ्जन सहभागी थियो।


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**कक्षा ५ को वार्षिक परीक्षा-२०७९**

यस भक्तपुर नगरपालिकाभित्र रहेका सम्पूर्ण विद्यालयहरूमा अध्ययनरत कक्षा ५ का विद्यार्थीहरूको लागि भक्तपुर नगरपालिकाद्वारा सञ्चालन हुने कक्षा ५ को वार्षिक परीक्षा-२०७९ तपसिलबमोजिम सञ्चालन हुने सूचना प्रकाशन गरिएको छ।

**परीक्षा कार्यतालिका**
**समय : बिहान ११:३० बजेदेखि**

| क्र.सं. | मिति | विषय |
|---|---|---|
| १ | २०७९।१२।१२, आइतबार | गणित |
| २ | २०७९।१२।१३, सोमबार | नेपाली |
| ३ | २०७९।१२।१४, मङ्गलबार | अङ्ग्रेजी |
| ४ | २०७९।१२।१५, बुधबार | विज्ञान तथा वातावरण र स्वास्थ्य शारीरिक |
| ५ | २०७९।१२।१६, बिहीबार | सामाजिक अध्ययन तथा सृजनात्मक कला |
| ६ | २०७९।१२।१७, शुक्रबार | ख्वपको पहिचान |

क) आधारभूत तहको पाठ्यक्रम २०६५ मा आधारित भई विशिष्टीकरण तालिकामा उल्लेख भएअनुसारका कार्यकलापसहित प्रयोगात्मक परीक्षा लिनुपर्ने विषयहरूको प्रयोगात्मक परीक्षा विद्यालय आफैले २०७९ फागुन मसान्तसम्म सञ्चालन गरी तोकिएको ढाँचाको Markslip २०७९।१२।०५ गतेभित्र नगर शिक्षा शाखामा बुझाउनुपर्नेछ। साथै प्रयोगात्मक परीक्षाको परीक्षा तालिका नगर शिक्षा शाखामा जानकारी गराई स्वीकृति लिई सञ्चालन गर्नुपर्नेछ।

ख) विशेष कारणवश उल्लिखित परीक्षाको कार्यतालिका र समय तालिकामा हेरफेर गर्नुपर्ने भएमा परीक्षा समितिको निर्णयबमोजिम हुनेछ। साथै परीक्षा केन्द्र पछि प्रकाशन गरिने छ।

**शिक्षा शाखा**
**भक्तपुर नगरपालिका**
**फोन नं. ०१-६६१०११६**

# विविध समाचार

## इन्जिनियरिङ कलेज वार्षिकोत्सव

**"प्राध्यापकहरूले विद्यार्थीहरूलाई वैचारिक छलफल र सङ्घर्ष गर्न सिकाउनुपर्छ"**

**- अध्यक्ष बिजुक्छें**






नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको २१ औँ र ख्वप कलेज अफ इन्जिनियरिङको १४ औँ वार्षिकोत्सव कार्यक्रमको माघ २० गते एक समारोहबीच उद्घाटन गर्नुभयो।

कार्यक्रमका प्रमुख अतिथि **बिजुक्छेँ**ले विभिन्न विश्वविद्यालयबारे अध्ययन तथा छलफल गर्नु आवश्यक भएको बताउनुहुँदै जुन देशको राजनीति राम्रो हुन्छ त्यस देशको शासन व्यवस्था पनि राम्रो हुने विचार व्यक्त गर्नुभयो।

उहाँले शैक्षिक संस्थाहरूमा तालाबन्दी, तोडफोडका घटनाहरू हुन नहुने बताउनुहुँदै प्राध्यापकहरूले विद्यार्थीहरूलाई वैचारिक सङ्घर्ष गर्न सिकाउनुपर्ने र विषयगत हिसाबले ख्वपका विद्यार्थीहरू अरूको तुलनामा अब्बल हुनुपर्नेमा जोड दिनुभयो।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'नेपाल अहिले पश्चिमेली प्रजातन्त्र असफल भई चीनको प्रजातन्त्रतिर जाँदैछ। संसदमा प्रमुख प्रतिपक्षले आफ्नो धर्म इमानदारीपूर्वक निभाइरहेको छैन। सत्ता पक्ष असफल भए छायाँ सरकारले सरकार सञ्चालन गर्नुपर्छ। त्यसको लागि प्रमुख प्रतिपक्ष सधैँ तयार हुनुपर्छ।'

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले उदारीकरणको नाउँमा शिक्षालाई निजीकरण गरिँदा गरिब जनताका छोराछोरीहरूका लागि उच्च शिक्षा हासिल गर्नु चुनौतीपूर्ण बन्दै गइरहेको बताउनुभयो।



उहाँले शिक्षाको लागि मात्रै देशको झन्डै १ खर्ब रूपैयाँ बाहिरिने गरेको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै देशका सबै कलेज र विश्वविद्यालयहरू स्तरीय भइदिएको भए पढाइको निम्ति विदेशिने विद्यार्थीको सङ्ख्या घट्दै जाने बताउनुभयो।

शिक्षा राज्यको दायित्व हुनुपर्छ भन्ने हाम्रो मान्यता छ भन्नुहुँदै उहाँले देशभरिका निजी शैक्षिक संस्थाहरू सञ्चालनमा रहेको अवस्थामा भक्तपुर नपाबाट सञ्चालित कलेजहरू सफलतापूर्वक अगाडि बढिरहेको सबैको लागि उपलब्धिपूर्ण भएको बताउनुभयो।

बागमती प्रदेश सभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले भक्तपुर नपाका कलेजहरू देशकै सौन्दर्यको रूपमा उभिएको बताउनुहुँदै ख्वप सर्कलका शैक्षिक संस्थाहरू जनताको आशाको केन्द्रको रूपमा स्थापित भएको बताउनुभयो।

उहाँले सिद्धान्त र विचारबिनाको राजनीतिको कुनै अर्थ नभएको बताउनुहुँदै सांसद गोसाईंले शासक दल पद र पैसाकै राजनीति वरपर घुमिरहेको छ जुन देश र जनताको हितमा नभएको बताउनुभयो। देशघाती सन्धि सम्झौता र अन्यायको विरोधमा नेमकिपाको सङ्घर्ष जारी रहने उहाँले बताउनुभयो।

त्यस्तै भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले इन्जिनियरिङ क्षेत्रमा आमूल परिवर्तनको काम ख्वप इन्जिनियरिङ कलेजबाट भएको बताउनुहुँदै नपाद्वारा सञ्चालित शैक्षिक संस्थाहरू देश र जनताको सेवामा समर्पित भएको बताउनुभयो।

त्रिवि इन्जिनियरिङ अध्ययन संस्थानका डीन प्रा.डा. **शशिधरराम जोशी**ले इन्जिनियरिङ विषय आफैमा उच्च गतिमा विकास भइरहेको बताउनुहुँदै इन्जिनियरिङ शिक्षाले देशको विकासमा पनि तीव्रता दिइरहेको प्रष्ट पार्नुभयो।

पूर्वाञ्चल विश्वविद्यालय इन्जिनियरिङ सङ्कायका डीन प्रा.इ. **देवीप्रसाद भट्टराई**ले समुदायमा आधारित ख्वप इन्जिनियरिङ कलेजले देशको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गरिरहेको बताउनुहुँदै कलेजको शैक्षिक र भौतिक अवस्था प्रशंसनीय भएको बताउनुभयो।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक** र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले कलेजको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो।

सो अवसरमा कार्यक्रमका प्रमुख अतिथि र अतिथिहरूले २० वर्ष सेवा गर्ने कर्मचारी, प्राध्यापकहरूलाई सम्मान पत्र तथा वार्षिकोत्सवको अवसरमा आयोजित खेलकुद प्रतियोगिताहरूका विजेताहरूलाई मेडल तथा प्रमाणपत्र प्रदान गर्नुभयो।

## ख्वप विश्वविद्यालय विधेयक पारित नगर्नेहरू शिक्षा विरोधी किन होइनन् ?




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको २१ औँ र ख्वप कलेज अफ इन्जिनियरिङको १४ औँ वार्षिकोत्सव समारोहको बिदाइ तथा सांस्कृतिक कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवम् सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा माघ २१ गते सम्पन्न भयो।



कार्यक्रम सांसद **सुवाल**ले भन्नुभयो, 'सन् १४९२ मा अमेरिका पत्ता लागेको हो। त्यसबेला भक्तपुरको भार्वाचो प्रदेशद्वार बनिरहेको थियो। सभ्यता र संस्कृतिमा नेपाल धेरै अगाडि छ। तर, राणा शासनको १०४ वर्ष, त्यसपछि दश वर्षको संसदीय व्यवस्था र ३० वर्षको पञ्चायती शासनमा नेपालको शिक्षा अपेक्षाअनुसार अगाडि बढेन। बहुदल र गणतन्त्रको ३३ वर्षको यो अवधिमा पनि नेपालीलाई शिक्षा सुलभ र सहज बनाइएन।'

उहाँले भन्नुभयो, 'सन् १७७६ मा अमेरिका बेलायती साम्राज्यवादको उपनिवेशबाट स्वतन्त्र भयो। अमेरिकी संविधानमा जनताद्वारा जनताको लागि सरकार लेखियो। अहिले अमेरिकी प्रजातन्त्र र मानवअधिकारको परिभाषा एक

ध्रुवीय र विभेदकारी छ । ताम्र वर्णको अमेरिकी आदिवासी, अफ्रिकी अमेरिकी र एसियाली अमेरिकीमाथि शासनमा बसेका गोराहरूको विभेद बढ्दो छ । केही वर्षअघि गोरा प्रहरीद्वारा अफ्रिकी अमेरिकी जर्ज फ्लोयडको घुँडाले घाँटी थिचेर हत्या गरिएको पछिल्लो उदाहरण हो ।'

उहाँले भन्नुभयो, 'चीनमा ९० प्रतिशत हान जाति छन् । त्यहाँ अन्य जातजातिमाथि विभेद छैन । शिक्षाका सबै विषयको महत्त्व उस्तै हो, एउटा निश्चित विषयमा गहिराइमा अध्ययन गरी विशेषज्ञता प्राप्त गर्नु जरुरी छ । जनप्रतिनिधिहरू समाजकै उदाहरण हुन् । तर नेपालमा शासक राजनीतिक दलहरूले मूर्ति चोर, भ्रष्टाचारी, हत्याराहरूलाई सांसद बनाए । त्यस्ता आरोपी एक जना सांसद निलम्बनमा परे, अर्को एक भर्खर पक्राउ परे, केही अझै फरार छन् ।'

'स्वार्थ बाझिएकालाई मन्त्रीसमेत बनाइयो । नागरिकता र राहदानी विवाद भएकालाई गृहमन्त्री, ठेकेदारलाई सहरी विकास मन्त्री, शिक्षा व्यापारीलाई शिक्षा मन्त्री, वैदेशिक रोजगार कम्पनीसँग जोडिएकालाई श्रममन्त्री बनाउनु प्रमको दोष हो । शासक दलहरू नै खराब हुँदा सिंहदरबार भ्रष्टाचारको अखडा भयो र देशको अर्थतन्त्र कमजोर हुँदै आएको हो', उहाँले भन्नुभयो ।

सांसद सुवालले भन्नुभयो, 'भक्तपुर नगरपालिकालाई २०५६ सालमा ख्वप माध्यमिक विद्यालय सञ्चालनको अनुमति प्राप्त गर्न गाह्रो भयो र २०५८ सालमा त्रिभुवन विश्वविद्यालयले ख्वप इन्जिनियरिङ कलेज सञ्चालनको अनुमति दिएन । डा. गोविन्दप्रसाद शर्मा उपकुलपति हुनुभएपछि २०६५ सालमा मात्र भक्तपुर नगरपालिकालाई त्रिभुवन विश्वविद्यालयको इन्जिनियरिङ सञ्चालन गर्न अनुमति प्राप्त भयो । १०–१२ वर्ष भयो ख्वप विश्वविद्यालयको विधेयक पारित भएको छैन । शिक्षाविरोधी मन्त्री र उपकुलपतिहरूबाट नेपाली जनताले अपेक्षा गर्ने ठाउँ छैन ।'

'माघ १४ गते नेपालको प्रशासनिक वेबसाइटको प्रणाली ह्याक गरियो । यसपछि अमेरिकाले नेपालको वेबसाइट भरपर्दो नभएको हुँदा प्रणाली सुधार गर्न सहयोग गर्ने बतायो । विज्ञहरूले यसलाई नेपालको प्रशासनिक वेबसाइट अमेरिकी नियन्त्रणमा राख्ने बताए । नेपालमा ख्वपजस्ता धेरै इन्जिनियरिङ कलेजहरू छन् । सरकारले यी कलेजहरूलाई आर्थिक सहयोग गरेर आफ्नै सफ्टवेयर विकास गर्ने काम किन गर्दैन ? नेपाली जनताको प्रश्न हो यो', उहाँले भन्नुभयो ।

सांसद सुवालले भन्नुभयो, 'सांसद र मन्त्रीहरूलाई आ–आफ्नो निर्वाचन क्षेत्रमा जनतासँगै बसोबास गर्नुपर्ने कानुन बनाउनु जरुरी छ । अहिले अधिकांश सांसद र मन्त्रीहरूले घर जग्गा काठमाडौँमा जोडे । यसले देशको सन्तुलित विकास हुँदैन । सरकार काठमाडौँ उपत्यकालाई आवश्यक दाल, चामल, तरकारीमध्ये पचास प्रतिशत भारतबाट ल्याउँछ । नेपालले कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, अरुण तेस्रो, तल्लो अरुण, पश्चिम सेती फिर्ताको आवाज उठाउनासाथ भारतले दाल, चामल, तरकारी पठाउने छैन र नाकाबन्दी गर्नेछ । त्यसबेला यहाँको कंक्रिटको घर र सडकले केही खुवाउने छैन, काठमाडौँवासी भोकै मर्नेछन् । यसकारण, देशभरि सानो सानो सहर र वरिपरि कृषि भूमि कायम गर्नु जरुरी छ । नेपालजस्तो आर्थिक विकास नभएको देशमा ठूलठूलो सहरको फोहोरमैला व्यवस्थापन गर्न गाह्रो हुन्छ । यसकारण, नेपालीलाई शिक्षा, रोजगारी र उपचार गर्न काठमाडौँमै आउनुपर्ने अवस्था अन्त्य गर्नुपर्दछ ।'

उहाँले भन्नुभयो, 'विश्वव्यापीकरण भनेको निजीकरण ठान्ने शासक दलहरूको कारण शिक्षा र स्वास्थ्यसमेत निजीकरण भएको हो । संसारको विज्ञान र प्रविधिको उपलब्धि सबै देशमा सजिलै पुऱ्याउने नै विश्वव्यापीकरण हो । विश्वव्यापीकरण भनेको निजीकरण होइन । विश्वविद्यालयको पाठ्यक्रम नै संशोधन गर्नु जरुरी छ ।'

उहाँले भन्नुभयो, 'कर्णाली प्रदेशमा जङ्गलमै बसोबास गरेका राउतेलगायत अन्य जातजातिलाई शिक्षा र स्वास्थ्य सेवा उपलब्ध नगराएका सरकारहरू देश र जनताका होइनन् । गोरखा र धादिङका धेरै बस्ती र कृषि उर्वरभूमि समाप्त हुनेगरी अघि बढाइएको बुढी गण्डकी जलविद्युत योजनाप्रति स्थानीय जनताको समर्थन छैन । फेवातालभन्दा कैयौँ गुना पानीको भण्डारण बनाइने यो योजनाभन्दा बस्ती र कृषि उर्वरभूमिसमेत सुरक्षित हुनेगरी स–साना जलविद्युत् योजना सञ्चालन गर्नु नेपालको हितमा हुनेछ । यो विषय हामीले उठाउँदै छौँ । हाम्रो कलेजबाट उत्तीर्ण विद्यार्थीहरूले सचेत भएर देश र जनताको सेवा गर्नु जरुरी छ ।'

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले देश विकासमा प्राविधिकहरूको महत्त्वपूर्ण भूमिका हुने बताउनुहुँदै क्षणिक फाइदाका लागि ठेकेदारहरूसँग मिलेमतो गरी गलत काममा नलाग्न आग्रह गर्नुभयो ।

उहाँले केन्द्र सरकारको असहयोगको कारण भक्तपुर नपाले चाहेर पनि ख्वप विश्वविद्यालय सञ्चालन गर्न नसकेको उल्लेख गर्नुहुँदै शिक्षा र स्वास्थ्यजस्ता आधारभूत आवश्यकताका विषयहरू समेत किनबेचको वस्तु बनाइने उदारवादी नीति नै यसको मुख्य कारण हो भन्नुभयो ।

उहाँले भन्नुभयो, 'नैतिकता नै सबैभन्दा ठूलो धन हो। बिल मिलाउन ठेकेदारहरूले डरधम्की दिने, कामबाट हटाउने वा हत्या गर्नेसम्मको प्रयास गर्न सक्छन्। तर, हाम्रा कलेजबाट उत्पादित जनशक्तिले ती कुनैको पर्वाह नगरी, अलिकति पनि विचलित नभई स्वाभिमानीपूर्वक काम गर्ने आशा गर्छु।'

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य **सृजना सैंजू**ले शिक्षामा राज्यको बेवास्ता, शिक्षामा व्यापार र निजी क्षेत्रको हालीमुहालीविरुद्ध नेमकिपाको शैक्षिक आन्दोलन अगाडि बढिरहेको बताउनुहुँदै कामदार जनताका छोराछोरीलाई उच्च शिक्षा र इन्जिनियर तथा प्राविधिक बनाउने सपना भक्तपुर नपाले पूरा गर्न सफल भएको बताउनुभयो। उहाँले राज्य, राजनीति र शिक्षाले युवालाई स्वदेशमै बस्न अभिप्रेरित गर्नुपर्ने धारणा राख्नुभयो।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. सुजन माक, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. सुनिल दुवाल, ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य ई. रवीन्द्र फोजु, ख्वप कलेज अफ इन्जिनियरिङका उपप्राचार्य ई. रत्नशोभा प्रजापतिले इन्जिनियरिङ अध्ययन पूरा गरेका विद्यार्थीहरूको उज्ज्वल भविष्यको शुभकामना दिनुभयो।

उक्त कार्यक्रममा प्रमुख अतिथिले २०७८ सालमा स्नातक तथा स्नातकोत्तर तह पूरा गरेका विद्यार्थीहरूलाई मायाको चिनो प्रदान गर्नुभयो।

**नेक्राकिसङ्घ भक्तपुरको जिल्ला सम्मेलन**

## किसान आन्दोलनको माग नयाँ संविधानले पनि पूरा गरेको छैन




नेपाल क्रान्तिकारी किसान सङ्घको आठौँ भक्तपुर जिल्ला सम्मेलनको माघ २० गते नेपाल मजदुर किसान पार्टीका सचिव एवं प्रतिनिधिसभा सदस्य प्रेम सुवालले मध्यपुर थिमिको बोडेमा आयोजित एक समारोहबीच उद्घाटन गर्नुभयो।

सचिव **सुवाल**ले जोत्ने किसानलाई जमिन वितरण हुनुपर्ने नेपालको क्रान्तिकारी किसान आन्दोलनको माग रहँदै आएको चर्चा गर्नुहुँदै बारा, पर्सा, रौतहट, सिरहा, सप्तरी, धनुषाको किसान आन्दोलनको माग नयाँ संविधानले पनि पूरा नगरेको र यसतर्फ शासक दलका नेताहरूको ध्यान नगएको उल्लेख गर्नुभयो।

सांसद सुवालले अहिले बैङ्कहरूबाट प्रवाह भएको खबौँ रकम कर्जा एकसय परिवारको वरिपरि भएको र उनीहरूलाई घाटामा गएको बहानामा अबौँ रूपैयाँ सावाँब्याज मिनाहासमेत गरिएको बताउनुभयो।

नेपाललाई भारतीय सुरक्षा छाताभित्र राख्ने सन् १९५० के सन्धिले भारतीय एकाधिकार पुँजीको सेवा गरेको, नेपाली युवालाई भाडाको सिपाही बनाउने गोर्खा भर्तीकेन्द्र, एमसीसी सम्झौताले नेपालमा अमेरिकी कानुन लागू हुने तथा नेपाल-भारत र अमेरिकाको नवउपनिवेश नेपाल हुने र एसपीपी साझेदारीअनुसार अमेरिकी सेनाले नेपालको सैनिक व्यारेक कब्जा गर्ने हुँदा खारेज गराउनु जरुरी भएको बताउनुभयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले नेमकिपाले प्रतिनिधिसभामाजस्तै बागमती प्रदेशसभामा पनि प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दै आएको बताउनुहुँदै अरू सबै दलहरू सरकारको समर्थनमा गएको अवस्थामा नेमकिपा नै प्रमुख प्रतिपक्ष भएको स्पष्ट पार्नुभयो।

प्रजातन्त्रको अर्थ बहुसङ्ख्यक कामदार वर्गका जनताको हकहित सुनिश्चित हुनुपर्ने हो भन्नुहुँदै उहाँले अहिलेको प्रजातन्त्र पुँजीपति र प्रतिक्रियावादी वर्गको प्रजातन्त्र साबित भइरहेको छ भन्नुभयो।

नेमकिपाका अर्का केन्द्रीय सदस्य एवं नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष **अनुराधा थापामगर**ले नेपालमा कृषि क्षेत्रको विकासको निम्ति आवश्यक पूर्वाधारको विकासमा र भएका कृषि विश्वविद्यालय तथा कृषि प्रयोगशालाहरूको समुचित उपयोगमा सरकारले ध्यान नदिइरहेको बताउनुभयो।

उहाँले खेतमा उत्पादनको कार्य गर्ने किसानहरूसित जग्गाको स्वामित्व नहुनु, कृषि सामग्री उद्योगहरू नहुनु, रासायनिक मल कारखाना सञ्चालन नहुनु र स्वदेशी उत्पादनले प्राथमिकता नपाउनु उत्पादकत्व वृद्धिमा बाधा रहेको प्रस्ट पार्नुहुँदै बिचौलियाका कारण कमिसन र उपभोक्ता दुवै मारमा परिरहेका छन् भन्नुभयो।

पार्टीका अर्का केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य **सृजना सैंजू**ले कृषि उत्पादनमा आत्मनिर्भर नभइकन

कुनै पनि देश आत्मनिर्भर बन्न नसक्ने चर्चा गर्नुहुँदै कृषिप्रधान देश नेपालमा किसानहरूले रक्तआँसु बगाउन बाध्य भइरहेको बताउनुभयो ।

उहाँले चीन र भारतका किसानहरूको अवस्थाको तुलना गर्दै चिनियाँ किसानहरू समृद्धितिर अगाडि बढ्नु र भारतीय किसानहरू कर्जामा डुब्दै आत्महत्या गर्न बाध्य हुनुमा समाजवादी र पुँजीवादी व्यवस्थाबीचको भिन्नता नै मुख्य कारक रहेको बताउनुभयो ।

नेक्राकिसङ्घका केन्द्रीय सदस्य एवं बागमती प्रदेशसभा सदस्य **गीता काफ्लेले** वास्तविक किसानहरूको अवस्थामा सुधार ल्याउनका लागि क्रान्तिकारी भूमिसुधार लागू गर्नुका साथै सरकारले धेरै काम गर्न बाँकी रहेको बताउनुभयो ।

नेक्राकिसङ्घका केन्द्रीय उपाध्यक्ष तथा आठौँ भक्तपुर जिल्ला सम्मेलन तयारी समितिका संयोजक **गोविन्द दुवालले** पुराना पुस्ताका किसान कार्यकर्ताहरूको सङ्घर्ष र उपलब्धिबारे नयाँ पुस्तालाई जानकारी दिनुपर्ने र किसान आन्दोलनलाई निरन्तर अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नेक्राकिसङ्घ काठमाडौँ जिल्ला समितिका अध्यक्ष हरिशरण श्रेष्ठ र नेक्राकिसङ्घ ललितपुर जिल्ला समितिका अध्यक्ष कवीन्द्र डंगोलले पनि शुभकामना मन्तव्य राख्नुभएको थियो भने सम्मेलन तयारी समितिका सहसंयोजक केशवप्रसाद तिमिल्सेना, सचिव सूर्यबहादुर फाँजू र सदस्य रमेश वैद्यले पनि बोल्नुभएको थियो ।

उद्घाटन समारोहपूर्व मध्यपुरको नयाँ थिमि चोकबाट विभिन्न क्रान्तिकारी नाराका साथ सुरु भएको ¥याली नगर परिक्रमा गरी सम्मेलनस्थल पुगेको थियो ।

## संसारका न्यायप्रेमी जनता साम्राज्यवादी देशहरूको विरोधमा

नेपाल क्रान्तिकारी किसान सङ्घको आठौँ भक्तपुर जिल्ला सम्मेलन माघ २१ गते सम्पन्न भयो ।




उक्त सम्मेलनको बन्द सत्रमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें (रोहित)** ले संसारका स्वाधीन र सार्वभौम मुलुकलाई तर्साउने साम्राज्यवादी देश संरा अमेरिकाको संसारमा बदनामसँगै पतन भइरहेको बताउनुभयो ।

साम्राज्यवादी देशहरूको विरोधमा संसारका स्वाधीन र देशभक्त शासक र जनताले विरोध गरिरहेको उल्लेख गर्नुहुँदै साम्राज्यवाद ढिलो चाँडो अन्त हुने र संसारभर समाजवादको लहर फैलिने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं भनपाका प्रमुख **सुनिल प्रजापतिले** किसान आन्दोलनबारे चर्चा गर्नुहुँदै भनपाले शिक्षा, स्वास्थ्य, सम्पदा र सरसफाइको क्षेत्रमा गरिरहेको गतिविधिबारे जानकारी दिनुभयो ।

नेमकिपाका बाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईले** प्रदेशसभामा नेमकिपाको भूमिकाबारे चर्चा गर्नुभयो ।

प्राध्यापक समाजका **प्रकाशकुमार श्रेष्ठले** चिली र निकारागुवाको समाजवादी आन्दोलनबारे प्रशिक्षण दिनुभयो भने **रमेश वैद्यले** चीन र अमेरिकी व्यापार युद्धबारे जानकारी दिनुभयो ।

इन्जिनियरिङ समाजका **रवीन्द्र फोजूले** नेमकिपा स्थापनाका आधार र नेपालको कम्युनिस्ट आन्दोलनमा नेमकिपाको भूमिकाबारे चर्चा गर्नुभयो भने **अमर दली श्रेष्ठले** समाजवाद र सान्दर्भिकताको विषयवस्तुबारे प्रशिक्षण दिनुभयो ।

**केपी छुस्याकीले** मानव समाजको विकासबारे जानकारी दिनुभयो ।

अध्यक्षमण्डलका अध्यक्ष **न्हुछेभक्त फोजूको** अध्यक्षतामा बसेको सो बन्दसत्रमा नेक्राकिसङ्घ सूर्यविनायकका प्रतिनिधि राजेन्द्र बखुन्छे, चाँगुका प्रतिनिधि नारायणभक्त न्हेमाफुकी, भक्तपुर नगरका प्रतिनिधि गंगाराम ज्याख्व र मध्यपुरका प्रतिनिधि अशोक अवालले किसान सङ्घको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

बन्द सत्रले गोविन्द दुवालको अध्यक्षतामा २१ सदस्यीय नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समिति गठन गरेको थियो ।

## भक्तपुर क्यान्सर अस्पताल कामदार वर्गको सेवामा समर्पित हुनुपर्ने : प्रमुख प्रजापति

भक्तपुर क्यान्सर अस्पतालको आयोजनामा माघ २१ गते विश्व क्यान्सर दिवस २०२३ कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल




प्रजापतिले पानस दीप प्रज्वलन गरी उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख प्रजापतिले क्यान्सर रोगको उपचार निकै खर्चिलो र यसबाट धनजनको क्षति गराउने हुँदा समयमै रोगको पहिचान गर्नु आवश्यक भएको बताउनुहुँदै भक्तपुर क्यान्सर अस्पताल कामदार वर्गको सेवामा लक्षित हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाल सरकारले कडा रोग लागेका बिरामीको निःशुल्क उपचार गर्नुपर्ने बताउनुहुँदै उहाँले सामुदायिक अस्पतालको सेवा राम्रो भए गरिब जनतालाई उपचार गर्न सहज हुने बताउनुभयो ।

गैरसरकारी संस्थाले सञ्चालन गर्दै आएको भक्तपुर क्यान्सर अस्पताल आज सरकारी अस्पतालको रूपमा सञ्चालन भएपछि सरकारी शुल्कमा क्यान्सरका बिरामीले सुलभ रूपमा सेवा पाइरहेको बताउनुहुँदै उहाँले रिफर सेन्टरको रूपमा रहेको भक्तपुर अस्पताल आज बागमती प्रदेशकै नमुना अस्पतालको रूपमा विकास हुनु र भक्तपुर क्यान्सर अस्पताल जनताको अस्पताल बन्नु गौरव गर्न लायक भएको बताउनुभयो ।

भक्तपुर क्यान्सर अस्पतालका निर्देशक प्रा.डा. **विष्णुदत्त पौडेल**ले क्यान्सर रोगबारे उपलब्ध सेवाहरूबारे अवगत गराउनुहुँदै भक्तपुर क्यान्सर अस्पताललाई उपचारको केन्द्रको रूपमा विकास गर्न यहाँका समर्पित टीम प्रतिबद्ध भई लागिपरेको बताउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर अस्पतालका मेडिकल




सुपरिटेन्डेट डा. सुमित्रा गौतम, भक्तपुर क्यान्सर अस्पताल विकास समितिका सदस्य गणेश दंगाल, जिल्ला जनस्वास्थ्य कार्यालयका स्वास्थ्य अधिकृत कृष्णबहादुर मिजार, बीसीएचका कन्सल्टेन्ट डा. रोशन प्रजापति र नर्स मनिसा साखकर्मीले क्यान्सर रोग र यसबाट बच्ने उपायहरूबारे धारणा राख्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि प्रजापतिले जनचेतनामूलक क्यान्सरसम्बन्धी भएको टीकटक तथा मोबाइल फोटो प्रतियोगिताका विजयीलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो ।

उक्त कार्यक्रममा जनचेतनामूलक नृत्य र गीतिनाटक प्रस्तुत गरेका थिए ।

**नेक्राकिसङ्घको तेस्रो राष्ट्रिय सम्मेलन**

## राज्यको स्वामित्वमा उत्पादन र वितरणको व्यवस्था भएमात्र देश र जनताको हित हुने



नेपाल क्रान्तिकारी किसान सङ्घको तेस्रो राष्ट्रिय सम्मेलन 'जमिन जोत्नेलाई मालिक बनाउन किसान आन्दोलन । देशको सार्वभौमिकता रक्षा गर्न तेस्रो राष्ट्रिय सम्मेलन ।' भन्ने मूल नाराका साथ माघ २८ गते बारा जिल्लाको कलैया बजार बरेवामा नेमकिपाका सचिव एवम् प्रतिनिधिसभा सदस्य प्रेम सुवालबाट उद्घाटित सम्मेलन माघ २९ गते सम्पन्न भयो ।

बन्द सत्रमा नेमकिपाका सचिव **प्रेम सुवाल**ले राज्यको स्वामित्वमा उत्पादन र वितरणको व्यवस्था भएमात्र देश र जनताको हित हुनेछ भन्नुभयो ।

निर्वाचनमा पैसा र सामान बाँड्ने, भोज खुवाउने र झूटा आश्वासन दिने पार्टी र उम्मेदवारहरूको पार्टी दर्ता र उम्मेदवारी खारेज हुने कानुनी व्यवस्था जरुरी भएको सचिव सुवालले जोड दिनुभयो ।

उहाँले भन्नुभयो, 'नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरूको सांस्कृतिक स्तर उँचो हुनु जरुरी छ ।'

उपभोक्ता समितिमा बसेर भ्रष्टाचार गर्ने, मदिरा

खाने, जुवा–तास खेल्नेहरू नेपाल मजदुर किसान पार्टीमा अट्नेछैनन् । यस्ता गलत प्रवृत्तिका मानिसहरू शासक दलहरूमा टाँसिएर बसेका हुन्छन्, सचिव सुवालले सचेत गराउनुभयो ।

उहाँले भन्नुभयो, 'पार्टीका प्रकाशनहरू अध्ययन गरेर नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरूले जनतालाई राजनीतिकरूपले सचेत र सङ्गठित गर्नु आवश्यक छ ।'

नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरूले व्यक्तिगतरूपमा आफूलाई नोक्सान भए पनि समाज र देशको हितमा काम गर्नु जरुरी रहेको आवश्यकता औँल्याउनुहुँदै सचिव सुवालले भन्नुभयो, 'आमूल परिवर्तनको लागि एउटा युग लाग्छ । नेपाली जनताको राजनीतिक चेतना माथि उठे आमूल परिवर्तन छिटो हुनेछ ।'

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा बागमती प्रदेशका सदस्य **सुरेन्द्रराज गोसाईं**ले बागमती प्रदेशमा देश र जनताको पक्षमा सशक्त आवाज राख्दै आएको चर्चा गर्नुहुँदै शासक दलहरू जनताको समस्याप्रति संवेदनहीन भएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा बाग्मती प्रदेशका सदस्य **सृजना सैंजु**ले किसान कार्यकर्ताहरूले आफूले सिकेको शिक्षा नयाँ पुस्तालाई सिकाउनुपर्ने धारणा राख्नुहुँदै भोलि देश चलाउने नयाँ पुस्ताले नै भएको बताउनुभयो ।

बन्द सत्रमा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष **प्रकाश गुरुङ**ले मानव समाजको विकास सम्बन्धमा केन्द्रीय उपाध्यक्ष **सुरेश परियार**ले अमेरिकी साम्राज्यवादले गर्दै आएको थिचोमिचो विषयमा जानकारी दिनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सचिव **हरिराम सुवाल**ले पेश गरेको समितिको प्रतिवेदन, विधान र राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावहरू संशोधनसहित बन्द सत्रले पास गरेको थियो ।

बन्द सत्रमा डिल्लीप्रसाद काफ्ले, सरोज साह, दिनेस साह र मुक्ति यादवले पनि बोल्नुभएको थियो ।

बन्द सत्रले डिल्लीप्रसाद काफ्लेको अध्यक्षतामा एक्काईस सदस्यीय नयाँ कार्यसमिति निर्वाचित गरेको थियो ।

## ख्वप अस्पतालमा अन्तरङ्ग सेवा विस्तारको वार्षिक समीक्षा कार्यक्रम

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको अन्तरङ्ग सेवा विस्तारको एक वर्ष पुगेको अवसरमा फागुन १ गते वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा ख्वप अस्पताल व्यवस्थापन समितिका




अध्यक्ष तथा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सरकारी अस्पताललाई विश्वसनीय र भरपर्दो बनाउन सके गरिब र कामदार वर्गका बिरामीहरूले स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध गर्नुका साथै लाभान्वित हुने बताउनुभयो ।

उहाँले भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पताल सही र तथ्यपरक आलोचनाहरूको आत्मसात गर्दै देशकै प्रतिष्ठित र व्यवस्थित अस्पतालको रूपमा विकास गर्ने उद्देश्यअनुरूप अगाडि बढिरहेको बताउनुहुँदै अस्पतालमा कार्यरत चिकित्सक तथा कर्मचारीहरूले जनताको नि:स्वार्थ सेवा गर्ने भावनाले काम गर्न प्रेरित गर्नुभयो ।

अस्पतालको प्रशासन, व्यवस्थापन, कर्मचारी अनुशासन र सरसफाइलगायतका पक्षले अस्पतालको विकास र संरक्षणमा ठूलो भूमिका खेल्ने बताउनुहुँदै उहाँले राम्रा राम्रा अस्पतालबाट सिक्दै ख्वप अस्पताललाई देशको राष्ट्रिय स्तरको अस्पतालको रूपमा विकास गर्ने दीर्घकालीन लक्ष्य रहेको बताउनुभयो ।



भक्तपुरको ख्वप अस्पताल स्वास्थ्य बीमा सेवा प्रदान गर्नेमा आठौँ स्थानमा रहेको चर्चा गर्नुहुँदै उहाँले ख्वप अस्पतालमा बिरामीको चाप र आवश्यकताअनुसार सेवासुविधाहरू बढाउँदै लाने तयारीमा रहेको बताउनुभयो ।

कार्यक्रममा अस्पताल व्यवस्थापन समितिका सदस्य तथा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले ख्वप अस्पतालप्रति जनताको अपनत्व रहनु नै अस्पतालको सबल पक्ष रहेको बताउनुहुँदै अस्पतालको स्तरोन्नतिमा भक्तपुरका जनप्रतिनिधि, कर्मचारी, बुद्धिजीवी, सरोकारवाला निकाय र स्थानीय जनताको ठूलो साथ र सहयोग रहेको

बताउनुभयो ।

ख्वप अस्पतालका इन्टरनल मेडिसिनका विशेषज्ञ डा. **अमर प्रजापति**ले अन्तरङ्ग विभागको वार्षिक सेवाको तथ्याङ्क प्रस्तुत गर्नुभएको थियो भने ख्वप अस्पतालका हाडजोर्नी विशेषज्ञ डा. **मजेश प्रताप मल्ल**ले ख्वप अस्पतालको सेवा प्रवाह र बिरामीहरूको वार्षिक तथ्याङ्कबारे प्रस्तुतीकरण गर्नुभयो ।

कार्यक्रममा ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य एवम् ख्वप अस्पतालका डा. रत्नसुन्दर लासिवा र स्टाफ नर्स रबिना कवांले पनि बोल्नुभएको थियो ।



कार्यक्रमपश्चात प्रमुख प्रजापतिले ख्वप अस्पतालको अन्तरङ्ग सेवामा उपचाररत बिरामीहरूलाई फलफूल वितरण गर्नुभएको थियो ।

**एभरेष्ट स्कूलको वार्षिकोत्सव**

## बालबालिकाहरूलाई स्वदेशमै कार्य गर्न उत्प्रेरित गर्नुपर्ने



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित)को प्रमुख आतिथ्यमा एभरेष्ट इङ्गलिश स्कूलको ४० औं वार्षिकोत्सव समारोह तथा एभरेष्ट जन्मदिन कोष २०७९ बाट सङ्कलित रकमले उपत्यका बाहिरका सामुदायिक विद्यालयहरूलाई पुस्तक हस्तान्तरण कार्यक्रम फागुन १ गते पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि **बिजुक्छेँ**ले विद्यार्थीहरू विदेशिने बढ्दो क्रममा रहेको बताउनुहुँदै विद्यालयहरूले लागू गरेको नेपालको वस्तुस्थिति प्रतिकूल रहेको शैक्षिक पाठ्यक्रम यसको मुख्य कारण हो भन्नुभयो ।

उहाँले नेपालको पाठ्यक्रम विदेश उन्मुख रहेको हुँदा यसलाई पुनर्विचार गर्नुपर्ने बताउनुभयो । उहाँले अन्तर्राष्ट्रिय राजनीति परिस्थितिले विद्यार्थीहरूको अध्ययन र समग्र शैक्षिक विकासमा समेत प्रतिकूल प्रभाव पर्ने बताउनुहुँदै पहिलो र दोस्रो विश्वयुद्धको कारण नेपाल जस्तो विकासोन्मूख मुलुकहरूको शैक्षिक विकासमा ढिलाइ भएको विषयमा जानकारी गराउनुभयो ।

उहाँले शिक्षक, शिक्षिका र अभिभावकहरूले बालबालिकाहरूलाई स्वदेशमै कार्य गर्न उत्प्रेरणा जगाउनु पर्ने तथा विद्यार्थीहरूले विदेश जाने सोच नराखी देश र जनताको सेवामा कार्य गर्ने भावनाका साथ उच्च शिक्षा हासिल गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा विशेष अतिथि भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले ख्वपको पहिचान पाठ्यक्रम सम्बन्धी प्रदर्शनी स्थलको रिबन काटी उद्घाटन गर्नुभयो । उहाँले यस्तो प्रदर्शनीले स्थानीय पाठ्यक्रम अध्ययन अध्यापनमा मद्दत पुग्ने बताउनुहुँदै स्थानीय पाठ्यक्रमको अध्ययनले विद्यार्थीहरूमा स्थानीय मौलिकता र विशेषताबारे जानकार हुने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा विशेष अतिथि नेपालको राष्ट्र गान 'सयौँ थुंगा' का रचयिता **प्रदिप कुमार राई (ब्याकुल माहिला)**ले एभरेष्ट स्कूलले विद्यार्थीहरूको भविष्य निर्माणको लागि गरिरहेको कार्य उदाहरणीय रहेको चर्चा गर्नुहुँदै अनुशासन र व्यवहारिक शिक्षा विद्यालयको विशेषता रहेको बताउनुभयो ।

कार्यक्रममा विद्यालयका प्रिन्सिपल भक्त राजभण्डारीले विद्यालयको संक्षिप्त इतिहासको चर्चा गर्नुहुँदै विद्यालयको हालसम्मको प्रगति विवरण प्रस्तुत प्रस्तुत गर्नुभयो ।

शिक्षाविद् एवं निवृत्त शिक्षक रामगोपाल कर्माचार्यको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा भनपा-२ का वडाध्यक्ष हरिप्रसाद बासुकला, एभरेष्ट बोर्डिङ्ग स्कूलका प्रिन्सिपल कमला देवी अमात्य राजभण्डारीको उपस्थिति रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथिले एभरेष्ट जन्मदिन कोष २०७९ बाट सङ्कलित रकमबाट पुस्तक खरिद गरी श्री दिवाकर स्मृति माध्यमिक विद्यालय, मादि-५, श्री भिमेश्वरी माध्यमिक विद्यालय, बागमती-६ र श्री जनहित आधारभूत विद्यालय, सिन्धुपाल्चोकका प्रधानाध्यापकहरूलाई हस्तान्तरण गर्नुभयो भने विद्यालयबाट २०७८ को एस.ई.ई. परीक्षामा ४

जिपिए प्राप्त छात्रतर्फ श्री अनुपम भट्टराई र छात्रातर्फ श्री प्रेशा बज्राचार्यलाई प्रशंसा पत्र र पच्चीस हजार नगद पुरस्कार प्रदान गर्नुभयो ।

कार्यक्रमको बीच बीचमा विद्यार्थीहरूको प्रतिभा प्रष्फुटनका लागि सांस्कृतिक प्रस्तुतिहरू राखिएको थियो भने कार्यक्रम पश्चात भक्तपुर नगरपालिकाद्वारा नगरभित्रका ९२ ओटै विद्यालयमा लागू गरेको स्थानीय पाठ्यक्रम 'ख्वपको पहिचान' सम्बन्धी विभिन्न प्रदर्शनीहरू गरिएको थियो ।

## नयाँ पुस्तालाई इमानदार, देशभक्त र समाजप्रति उत्तरदायी बनाउन उत्प्रेरित गर्नुपर्ने

भक्तपुर नगरपालिका वडा नं. ९ स्थित दत्तात्रय आधारभूत विद्यालयले फागुन १ गते एक कार्यक्रम आयोजना गरी अनिवार्य अवकाश प्राप्त प्रधानाध्यापक योगेन्द्रप्रसाद श्रेष्ठको बिदाइ तथा नवनियुक्त निमित्त प्र.अ. सजनमान प्रधानलाई पदभार ग्रहण गराइयो ।

कार्यक्रममा भनपा ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले अवकाश प्राप्त प्र.अ. श्रेष्ठलाई दोसल्ला ओढाइ कदर पत्रद्वारा सम्मान गर्नुभयो भने नवनियुक्त निमित्त प्र.अ. प्रधानलाई स्वागत गर्नुभयो ।

त्यस अवसरमा वडाध्यक्ष ज्याख्वले दत्तात्रय आधारभूत विद्यालय स्थानीय अग्रज वडावासीहरूको सक्रियतामा स्थापना भई भक्तपुरको शैक्षिक प्रगतिमा योगदान गरेको बताउनुभयो ।

उहाँले हाल विद्यालयमा स्थानीयसँगै विभिन्न जिल्लाबाट आएका विद्यार्थीहरूले गुणस्तरीय शिक्षा हासिल गर्दै आएको चर्चा गर्नुहुँदै नयाँ पुस्तालाई इमानदार, देशभक्त र समाजप्रति उत्तरदायी बनाउन शिक्षकहरूले उत्प्रेरित गर्नुपर्नेमा जोड दिनुभयो । विद्यालयको सुधारका लागि अवकाश प्राप्त शिक्षकहरूले निरन्तर सहयोग गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले शिक्षकहरूबीच सामूहिक नेतृत्वका आधारमा विद्यालय विकासमा लाग्न अनुरोध गर्नुभयो ।

शिक्षा सेवी एवं वागीश्वरी मा.वि.का पूर्व सह-प्रधानाध्यापक **ज्ञानसागर प्रजापति**ले उमेरका कारण शिक्षण पेशाबाट अवकाश लिए पनि समग्र शैक्षिक विकास तथा सभ्य समाज निर्माणको लागि निरन्तर क्रियाशील हुनुपर्ने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **सञ्जय मानन्धर**ले सामुदायिक विद्यालयका शिक्षक शिक्षिकाहरू तालिम प्राप्त भएकाले आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूलाई उत्कृष्ट शिक्षा प्रदान गर्न उत्साहित भएर लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा पूर्व प्र.अ. शर्मिला श्रेष्ठ र अवकाश प्राप्त प्र.अ. योगेन्द्र प्रसाद श्रेष्ठले आफ्नो जीवनको महत्त्वपूर्ण ऊर्जाशील समय विद्यालयको प्रगतिमा खर्चेको चर्चा गर्नुहुँदै विद्यालयसँगको आत्मीयता र सामीप्यता कायमै रहने बताउनुभयो ।

नवनियुक्त निमित्त प्र.अ.सजनमान प्रधानले अग्रज शिक्षक एवं सामाजिक अग्रजहरूको सल्लाह र कार्यरत शिक्षहरूको साथ र सहयोगमा विद्यालयलाई उत्कृष्ट गन्तव्य बनाउन आफू प्रतिवद्ध रहेको बताउनुभयो ।

कार्यक्रममा शिक्षि
ाका निलञ्जना सेवाचार्य र शिक्षक पदमराज दियालीले पनि बोल्नुभयो ।

## वागीश्वरी माध्यमिक विद्यालयको नवनिर्मित दुईओटा भवनको उद्घाटन



शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, राष्ट्रिय पुन:निर्माण प्राधिकरण, केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) मार्फत वागीश्वरी माध्यमिक विद्यालयको नवनिर्मित दुईओटा भवनको फागुन २ गते संयुक्त रूपमा उद्घाटन भयो ।

भक्तपुरको च्याम्हासिंह र कमलविनायकमा बनाइएको नयाँ भवनको वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ताम्रपत्र अनावरण र रिबन काटेर उद्घाटन गर्नुभएको हो ।



कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले वागीश्वरी मावि भक्तपुरको मात्र नभई देशकै नमुना विद्यालय भएको बताउनुहुँदै प्रमुख प्रजापतिले सामुदायिक शिक्षामा विद्यार्थीको पहिलो रोजाइ हुन सफल वागीश्वरीमा नर्सरीदेखि स्नातकोत्तर तहसम्मको अध्ययन अध्यापन भइरहेको बताउनुभयो।

कुनै पनि बन्द, हड्तालमा भक्तपुरका विद्यालय तथा कलेजहरू बन्द नहुनु नै भक्तपुरको शैक्षिक विशेषता भएको बताउनुहुँदै उहाँले देशको शैक्षिक संस्थाहरूमा भक्तपुर नपाबाट सञ्चालित कलेजहरूले शैक्षिक गुणस्तरमा उचाइ प्राप्त गरिरहेको प्रष्ट पार्नुभयो।


वागीश्वरीको नवनिर्मित भवनको अधिकत्तम उपयोग गरी विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षकहरूलाई प्रेरित गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले सामुदायिक शिक्षालाई प्राथमिकताका साथ अगाडि बढाइरहेको बताउनुभयो।

उक्त कार्यक्रममा बोल्दै वागीश्वरी मावि व्यवस्थापन समितिका अध्यक्ष तथा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले वागीश्वरीले देशको शैक्षिक प्रगतिमा उल्लेखनीय भूमिका खेल्दै आएको चर्चा गर्नुभयो।

उहाँले भवन निर्माणमा सहयोगी सम्पूर्णमा विद्यालय परिवारको तर्फबाट धन्यवादज्ञापन गर्नुहुँदै उहाँले जुन उद्देश्यले विद्यालय भवन निर्माण भएको हो, त्यो उद्देश्य प्राप्तिको लागि विद्यालय परिवार दत्तचित्त भएर अगाडि बढ्ने प्रष्ट पार्नुभयो।

सी.एल.पी.आइ.यु.का प्रमुख **डिल्लीराम लुईंटेल**ले २०७२ सालको भूकम्पपश्चात नेपाल सरकारले ८ हजारभन्दा बढी विद्यालय भवन निर्माण गरिरहेको जानकारी गराउनुभयो।

डी.एल.पी.आइ.यु.का प्रमुख **रमेश मैनाली**ले



नवनिर्मित भवनसँगै लाखौं विद्यार्थीहरूको भविष्य जोडिएको बताउनुहुँदै उत्कृष्ट नेतृत्वकै कारण वागीश्वरीको शैक्षिक सफलता सम्भव भएको बताउनुभयो।

कार्यक्रममा विद्यालयका प्रअ **कृष्णप्रसाद धन्छा**ले भवन निर्माणको आय–व्यय प्रस्तुत गर्दै वागीश्वरीको नयाँ भवनबाट छिटै व्यवस्थित रूपमा कक्षा सञ्चालन हुने बताउनुभयो।

सोही समारोहमा डीएलपीआइयु प्रमुख मैनालीले भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिलाई विद्यालय भवनको साँचो हस्तान्तरण गर्नुभएको थियो भने नगर प्रमुख प्रजापतिले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रबिन्द्र ज्याख्वलाई उक्त साँचो हस्तान्तरण गर्नुभयो।

**ख्वपको वार्षिकोत्सव**

## साम्राज्यवादीहरू युक्रेनलाई युद्धको केन्द्र बनाउन खोज्दैछन् - का. रोहित



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित)ले ख्वप माविको २३ औँ, ख्वप कलेजको २१ औँ, शारदा क्याम्पसको ३२ औँ र ख्वप कलेज अफ लको स्थापना तथा सञ्चालनको अवसरमा शैक्षिक प्रदर्शनी एवं पुरस्कार वितरण कार्यक्रमको फागुन ३ गते पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो।

कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले रुसले युक्रेनमाथि आक्रमण गरेको सन्दर्भमा सञ्चार माध्यमले गलत समाचार सम्प्रेषण गरिरहेको बताउनुहुँदै सोभियत सङ्घबाट १४ ओटा देशहरू टुक्रिएको बेला नाटोको सदस्य नहुने शर्त राखेको थियो तर संयुक्त राज्य अमेरिका र बेलायतले हातहतियार सहयोग गरेको हुँदा अब यो युद्ध नरोकिने स्पष्ट भएको जानकारी गराउनुभयो। उहाँले युक्रेन युद्धको सम्भावना रुसमा मात्र नभई युरेसिया क्षेत्रमा बढ्दै गएको र केही समय

पश्चात रुसको मुख्य क्षेत्र तथा चीनमाथि समेत आक्रमण हुनसक्ने सम्भावना रहेको बताउनुभयो । उहाँले साम्राज्यवादीहरूले युक्रेनलाई युद्धको केन्द्र बनाउन खोजेको बताउनुभयो ।



हाम्रो देश भारत, बेलायत र अमेरिकाको अर्धउपनिवेशको रूपमा रहेको बताउनुहुँदै प्रमुख अतिथि बिजुक्छेँले नेपालका शासक दलका नेताहरू विदेशीहरूको इशारामा चल्ने गरेको हुँदा कुनै पनि समयमा विदेशी झन्डा नेपालको उत्तरी क्षेत्रमा फहराउन सक्ने सम्भावना रहेको बताउनुभयो । उहाँले देशभक्त प्राध्यापक, बुद्धिजीवी, विद्यार्थीहरू र नेपाली नागरिकहरू सबै मिलेर विदेशीको कुनै लोभ लालचमा नपरी देशको सार्वभौकिता रक्षाको निम्ति लड्ने भावना विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका सभापति तथा व्यवस्थापन समितिका अध्यक्ष एवं भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित २१ वर्ष अगाडि स्थापित ख्वप कलेजमा ख्वप कलेज अफ ल समेत गरी हाल ८ ओटा कलेजहरूमा देशभरिका ७२ ओटा जिल्लाका करिब ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत रहेको बताउनुहुँदै सस्तो, सुलभ र गुणस्तरीय शिक्षाको लागि स्थानीय तहबाट सञ्चालित ख्वप सर्कल उदाहरणीय तथा शैक्षिक गन्तव्यको रूपमा विकास भइरहेको चर्चा गर्नुभयो ।

उहाँले शिशु स्याहारदेखि विश्वविद्यालय तहसम्मका विभिन्न विषयहरू अध्यापनरत भक्तपुर नपाद्वारा सञ्चालित शैक्षिक संस्थाहरू बन्द हडतालबाट मुक्त रहेको बताउनुहुँदै हरेक वर्ष ३ करोड बराबरको छात्रवृत्ति, ५ लाखसम्मको शैक्षिक ऋणको व्यवस्था, नेपाल भाषा, इतिहास, भूगोल, संस्कृति र राजनीतिशास्त्र विषयमा विद्यावारिधिसम्म अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्दै आएको बताउनुभयो ।

उहाँले विद्यार्थीहरूले कुनै न कुनै विषयमा विशेषज्ञता हासिल गरी इमानदार र कर्तव्यनिष्ठ भई देश र जनताको सेवा गर्ने भावनासहित कार्य गर्नुपर्ने बताउनुहुँदै भनपाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणका साथसाथै खेलकुद क्षेत्रमा पनि भक्तपुरको पहिचान कायम गराउन हरेक वर्ष विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको आयोजना गरेको तथा शहीद दिवसको अवसरमा अन्तरनगर खेलकुद प्रतियोगिता गर्ने गरेको जानकारी दिनुभयो । उहाँले यस वर्ष फागुन ५ देखि ९ गतेसम्म अन्तर नगर पुरुष खो खो प्रतियोगिता सञ्चालन गर्न लागेको हुँदा विद्यार्थीहरूको सकृय सहभागिताको लागि अनुरोध गर्नुभयो ।




कार्यक्रममा विशेष अतिथि बागमती प्रदेशका सभासद् **सुरेन्द्रराज गोसाईं**ले युवाहरू विदेशिने क्रम हरेक वर्ष बढ्दै यस वर्ष १० लाख पुग्ने अनुमान गरिएको हुँदा यो विषय सोचनीय रहेको बताउनुभयो । उहाँले देशको कृषि उत्पादकत्व ह्रास हुनुमा जनशक्ति विदेश पलायन हुनु मुख्य कारण रहेको र शासक दल यसको मुख्य जिम्मेवार रहेको बताउनुहुँदै युवाहरू विदेशिँदा भौतिक रूपमा धन आर्जन भएता पनि बौद्धिक धनको कमी हुँदै गएको हुँदा नयाँ पुस्ता सचेत हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले वैदेशिक सहयोगबिना पनि विकास निर्माण सम्भव छ भन्ने ज्वलन्त उदाहरण भक्तपुर भएको र भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणलगायतका क्षेत्रमा गरिरहेको कार्यले प्रष्ट भएको बताउनुहुँदै नेपालको प्रजातान्त्रिक अभ्यास पक्ष र विपक्षसहितको वेस्टमिनिस्टर मोडेलभन्दा बाहिर गएको र ठूला शासक दलहरू सत्ता मोहमा परी प्रतिपक्षमा नबसी गठबन्धनमा चुनाव लडी प्रधानमन्त्रीको समर्थन गर्नु राजनीतिको नाममा लुट हो र ठगी हो भन्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख एवं कलेजहरूका सञ्चालन समितिका उपाध्यक्ष **रजनी जोशी**ले भक्तपुर नरपालिकाले नगरलाई सभ्य, सुसंस्कृत र शैक्षिक गन्तव्यका साथै सम्पदा

र संस्कृति तथा ज्ञान विज्ञानको केन्द्रको रूपमा स्थापित गर्ने लक्ष्यका साथ अघि बढिरहेको बताउनुभयो।

उहाँले शिक्षालाई श्रमसँग जोड्ने सोचका साथ नगरभित्रका ९२ ओटै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागू गरी नयाँ पुस्तालाई नगरको कला, संस्कृति, भाषा र भक्तपुरको स्थानीय मौलिक पहिचान बोकेका सामग्रीहरू बनाउने सीप विकास गराउन उत्प्रेरित गरिरहेको बनाउनुभयो।

कार्यक्रमका अतिथि एवं राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष प्रा.डा. **महाश्रम शर्मा**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माविलगायत शैक्षिक संस्थाहरू सामुदायिक स्तरमा सञ्चालित देशभरिकै उदाहरणीय संस्था रहेको चर्चा गर्नुहुँदै यसलाई अझ बढी फलदायी बनाउन विद्यार्थीहरूले प्राप्त गरेको शिक्षालाई व्यवहारमा परिवर्तन गर्नुपर्ने, शिक्षालाई अनुसन्धान लक्षित गर्नुपर्ने तथा शिक्षकहरूलाई तालिममार्फत सीपयुक्त बनाउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रमका अतिथि एवं विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष **देवराज अधिकारी**ले सामुदायिक क्षेत्रमा ख्वप कलेजले निर्वाह गरिरहेको भूमिका सन्हानीय रहेको चर्चा गर्नुहुँदै विद्यार्थी, शिक्षक र अभिभावकको संयुक्त प्रयासबाट कलेजलाई उत्कृष्ट बनाउन सकिने बताउनुभयो। उहाँले ख्वप कलेजले सर्वसुलभ र गुणस्तरीय कलेजको रूपमा छवि बनाइरहेको उल्लेख गर्नुहुँदै यसलाई गुणस्तर परीक्षणबाट पुष्टी गर्न सके अझ प्रभावकारी हुने तथा विश्वविद्यालय अनुदान आयोगबाट अनुसन्धानको लागि आवश्यक सहयोग गर्न तत्पर रहेको जानकारी दिनुभयो।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी **खगेन्द्र प्रसाद रिजाल**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको चर्चा देशभरीका अन्य स्थानीय तहहरूका लागि उदाहरणीय बनिरहेको बताउनुहुँदै भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउन जनप्रतिनिधि, कर्मचारी र जनताको साझा प्रयास उल्लेखनीय रहेको चर्चा गर्नुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी**ले नेपालको शिक्षा प्रणालीमा केही त्रुटि रहेको बताउनुहुँदै वर्सेनी विदेश जाने क्रम दिनानुदिन बढ्दै जानु चिन्ताजनक रहेको बनाउनुभयो। उहाँले भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रमा गरेको लगानीले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउन योगदान पुऱ्याएको बताउनुभयो।

कार्यक्रममा ख्वप ईन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक, ख्वप कलेज तथा शारदा क्याम्पसका प्रचार्य रूपक जोशी, ख्वप मावि तथा शारदा क्याम्पस माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठ र शिक्षक कमिनिका न्याइच्याईले पनि बोल्नुभएको थियो।

कार्यक्रममा विद्यार्थीहरूको सांस्कृतिक प्रस्तुतिहरू राखिएको थियो भने प्रमुख अतिथि बिजुक्छेँले १० वर्षभन्दा बढी अनवतर सेवा गरेका १० जना शिक्षक कर्मचारीहरूलाई प्रशंसा पत्र प्रदान गर्नुभएको थियो। त्यसैगरी वार्षिक परीक्षाहरूमा उत्कृष्ट नतिजा प्राप्त गर्न सफल विद्यालयहरू, अन्तरविद्यालय बास्केटबलमा विजयी विद्यालयहरू तथा वक्तृत्वकला प्रतियोगितामा विजयी विद्यार्थीहरूलाई पुरस्कार, मेडल तथा प्रमाणपत्र पनि वितरण गरिएको थियो।

वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित शैक्षिक प्रदर्शनी फागुन ३,४ र ५ गतेसम्म भएको थियो।

## तीन दिने शैक्षिक प्रदर्शनी समापन




नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा ख्वप माविको २३ औँ, ख्वप कलेजको २१ औँ, शारदा क्याम्पसको ३२ औँ र ख्वप कलेज अफ लको स्थापना तथा सञ्चालनको अवसरमा शैक्षिक प्रदर्शनी एवं पुरस्कार वितरण कार्यक्रम फागुन ५ गते समापन कार्यक्रम सम्पन्न भयो।



कार्यक्रममा सांसद सुवालले भक्तपुर नपाद्वारा सञ्चालित ख्वप कलेजलगायतका शैक्षिक संस्थाहरूको स्थापनाको मुख्य उद्देश्य कामदार वर्गका छोराछोरीहरूलाई उच्च शिक्षा प्रदान गर्नु रहेको बताउनुहुँदै विभिन्न जिल्लाका विद्यार्थीहरूलाई इन्जिनियरिङ लगायत विभिन्न विषयमा दक्ष जनशक्ति तयारी गरी ७७ जिल्लाका जनतालाई सेवा प्रदान गरिरहेको जानकारी दिनुभयो। उहाँले ख्वप विश्वविद्यालय स्थापनाको लागि निरन्तर प्रयास गर्दा पनि स्वीकृति नदिनुमा सरकारमा गएका दलहरू जिम्मेवार छ भन्नुहुँदै विश्वविद्यालय स्थापना नभएसम्म प्रयास यथावत रहने बनाउनुभयो।

संसद्मा आधाभन्दा बढी सांसदहरू उपस्थिति नहुनाले हाम्रो देशका सांसदहरू जनताप्रति उत्तरदायी नएको स्पष्ट हुन्छ भन्नुहुँदै उहाँले ठेकेदार, मूर्ति तस्कर, शैक्षिक माफिया, निजी कलेज र कम्पनीका सञ्चालकहरू, शेयर कारोबार गर्नेहरूले चुनाव जितेर आउनु मुख्य कारण रहेको बताउनुभयो। उहाँले देशभक्त प्राध्यापक, बुद्धिजीवी, विद्यार्थीहरू र नेपाली नागरिकहरू सबै मिलेर भारतीय विस्तारवाद, एमसीसी, एसपीपीलगायत असमान सन्धि सम्झौताहरूको विरोध निरन्तर गर्नुपर्ने र नयाँ पुस्तालाई यसबारेमा सचेत पार्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा ख्वप सर्कलका व्यवस्थापन समितिका अध्यक्ष एवं भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगर कला, संस्कृति र सम्पदाले भरिपूर्ण सहर भएको हुँदा यहाँ प्रत्येक नगरवासी कलाकार र एक घर बराबर एक संस्कृति रहेको बताउनुहुँदै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा अध्ययनरत विद्यार्थीहरू कुनै न कुनै सीपमा पोख्त हुनुपर्ने बताउनुभयो। उहाँले जनताको साहित्य भनेको प्रगतिशील र क्रान्तिकारी साहित्य हो भन्नुहुँदै शोषण विरुद्ध लड्न यी साहित्यले उत्साह थप्ने भएकोले साहित्यलाई परिवर्तनको हतियार बनाउनुपर्ने र नयाँ पुस्तालाई साहित्यको माध्यमबाट देश र जनताको पक्षमा लड्न आग्रह गर्नुभयो।

उहाँले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षण सँगसँगै खेलकुदको माध्यमबाट पनि परिचित गराउन फागुन ५ देखि ९ गतेसम्म अन्तरनगर पुरुष खो खो प्रतियोगिताको आयोजना गरेको बताउनुहुँदै जनतालाई सकृय बनाउन र नगरलाई जीवन्त राख्ने प्रयास हो भन्नुहुँदै नपाको आयोजनामा निकट भविष्यमा हुने सांस्कृतिक प्रतियोगितामा पनि विद्यार्थीहरूको सकृय सहभागिताको लागि अनुरोध गर्नुभयो।

कार्यक्रममा विशेष अतिथि बागमती प्रदेशका सभासद् **सृजना सैंजु**ले ८ ओटा शैक्षिक संस्थाहरू सञ्चालन गर्ने भक्तपुर नगरपालिका देशकै एक मात्र स्थानीय तह भएको बताउनुहुँदै शैक्षिक क्षेत्रमा विगत दुई दशकमा ख्वप सर्कलले फड्को मार्न सफल भएको बताउनुभयो। उहाँले छात्राहरू पढाइसँगसँगै अतिरिक्त क्रियाकलापहरूमा अगाडि बढ्नु सुखद् रहेको बताउनुहुँदै अबका दिनमा देश र जनताको सेवा गर्न छात्राहरू राजनैतिक चेतना र भूमिकामा पनि अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो।

उहाँले ख्वप कलेजले आयोजना गरेको शैक्षिक प्रदर्शनीमा भक्तपुर जिल्ला र छिमेकी जिल्लाका ६२ ओटा विद्यालयका करिब ८ हजारभन्दा बढी विद्यार्थीहरूले अवलोकन गरेकोमा खुशी व्यक्त गर्नुहुँदै यो आफैमा सफलता भएको चर्चा गर्नुभयो।

समापन कार्यक्रममा विद्यार्थीहरूको प्रतियोगितात्मक सांस्कृतिक प्रस्तुतिहरू राखिएको थियो भने प्रमुख अतिथि सुवाल र अतिथिहरूले चित्रकला, कविता र वक्तृत्वकला तथा दौड, भलिबल, फुटसल, टेबुल टेनिस, चेसलगायतका आन्तरिक खेलकुद प्रतियोगिताहरूमा विजयी विद्यार्थीहरूलाई मेडल र प्रमाणपत्र पनि वितरण गरिएको थियो।

## ख्वप इन्जिनियरिङ कलेजका विद्यार्थीहरूलाई रू.६१ लाख बराबरको छात्रवृत्ति



भक्तपुर नगरपालिकाबाट सञ्चालित पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त ख्वप इन्जिनियरिङ कलेज र त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त ख्वप कलेज अफ इन्जिनियरिङमा अध्ययनरत गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई फागुन ७ गते एक कार्यक्रमबीच छात्रवृत्ति रकम वितरण गऱ्यो।

भक्तपुर नगरपालिकाका प्रमुख तथा कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले दुवै कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई रु. ६१ लाख बराबरको छात्रवृत्ति वितरण गर्नुभयो।

कार्यक्रममा प्रमुख प्रजापतिले सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापित कलेजले गरिब र जेहेनदार विद्यार्थीलाई उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गर्न र विद्यार्थीहरूलाई उत्साह प्रदान गर्न छात्रवृत्ति वितरण गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाबाट सञ्चालित विभिन्न कलेजहरूमार्फत वार्षिक ४ करोड बराबरको छात्रवृत्ति वितरण हुँदै आइरहेको बताउनुहुँदै उहाँले भन्नुभयो, शैक्षिक संस्थामा बन्द हड्तालको प्रभाव पर्नुहुँदैन भन्ने मान्यताले हामी अगाडि बढिरहेका छौँ ।

उहाँले इमानदारीपूर्वक देश र जनताको निम्ति सेवा गर्ने भावना विद्यार्थीहरूमा हुनुपर्नेमा जोड दिनुहुँदै भक्तपुर नपाले अन्य विभिन्न विषयमा पीएचडीसम्म अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति र शैक्षिक ऋण समेत उपलब्ध गराउँदै आएको बताउनुभयो ।

प्रजातन्त्र पुन:स्थापनाको ३३ वर्ष बितिसक्दा पनि जनताले देशमा कुनै परिवर्तनको महसुस नगरेको बताउनुहुँदै प्रमुख प्रजापतिले आर्थिक समानतासहितको प्रजातन्त्र आजको आवश्यकता हो बताउनुभयो ।



राजनीतिक अस्थिरता भएको देशमा विकासको सम्भावना नहुने बताउनुहुँदै उहाँले नेपालको राजनीतिमा भारतीय हस्तक्षेप नै देश विकास नहुनुको कारक तत्व भएको बताउनुभयो ।

विद्यार्थीहरूले अध्ययनसँगसँगै देशको राजनीतिबारे पनि ध्यान दिन सके हामीले सोचेअनुसार देशमा परिवर्तन सम्भव हुने बताउनुहुँदै उहाँले परिश्रम र मिहिनेती विद्यार्थीले नै सफलता हासिल गर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं ९ का वडाध्यक्ष तथा कलेज सञ्चालक समितिका सदस्य **रबिन्द्र ज्याख्व**ले भक्तपुर नपाले हाल ८ ओटा कलेज, ६ ओटा शिशुस्याहार केन्द्र सञ्चालन गरिरहेको बताउनुहुँदै ख्वप विश्वविद्यालय सञ्चालनको अनुमतिको प्रतिक्षामा नगरपालिका रहेको बताउनुभयो ।

त्यस्तै ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक**ले कलेज स्थापनाका उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै कलेज स्थापनाको उद्देश्यअनुसार निजी कलेजको तुलनामा झन्डै आधा शुल्कमा भक्तपुर नपाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेजले इन्जिनियरिङ शिक्षाको अध्ययन अध्यापन गराउँदै आएको बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले छात्रवृत्ति रकमको सदुपयोग गर्न विद्यार्थीलाई आग्रह गर्नुहुँदै नगरपालिकाको योगदानबाट सबै विद्यार्थीहरू लाभान्वित भएको र भक्तपुरको दुवै इन्जिनियरिङ कलेजले उत्कृष्टता हासिल गरिरहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य **रबिन्द्र फाँजु**ले कलेजले प्रदान गरेको छात्रवृत्तिले विद्यार्थीहरूमा उत्साह थपेको, नयाँ नयाँ कुरा सिक्न प्रेरित गरेको र परीक्षाको नतिजामा समेत सकारात्मक प्रभाव परेको बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेज लेखा शाखा प्रमुख काजीबहादुर पन्त, प्रशासन प्रमुख सिद्धिराम सुवाल, ख्वप कलेज अफ इन्जिनियरिङ प्रशासन प्रमुख सञ्जय मानन्धरले पनि बोल्नुभएको थियो ।

भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेजका विद्यार्थीहरूलाई रु. ३२ लाख ९ सय र ख्वप कलेज अफ इन्जिनियरिङका विद्यार्थीहरूलाई रु. २९ लाख ३६ हजार गरी रु. ६१ लाख बराबरको छात्रवृत्ति रकम वितरण गरिएको कलेज स्रोतले जनाएको छ ।

**३४ औं शहीद दिवस**

## रासायनिक मल खरिद गर्न अर्थमन्त्रीले बजेट निकासा किन गरेनन् ?



नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा २०४६ साल फागुन ८ गतेको ऐतिहासिक जनआन्दोलनमा सहादत प्राप्त अमर शहीद तथा घाइते योद्धाहरूको सम्मानमा ३४ औं शहीद दिवस फागुन ८ गते मनाइयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद **प्रेम सुवाल**ले शिक्षा र स्वास्थ्य नि:शुल्क, स्वदेशमा रोजगारी र देशको सीमा सुरक्षा एवम् देशको सार्वभौमिकता रक्षाको लागि शहीदहरूको रगत बगेको हो भन्नुभयो ।

उहाँले भन्नुभयो, 'आजसम्मका जनआन्दोलनका शहीद र घाइतेहरूको सपना देश र जनताको हित गर्नु नै हो । शहीदको बलिदान प्रजातन्त्रको लागि हो । घाइते योद्धाहरूको त्याग र तपस्या प्रजातन्त्रको लागि हो । आर्थिक समानता, सामाजिक न्याय र व्यक्तित्व विकासमा समान अवसरको लागि प्रजातन्त्र हो ।'

पुँजीवादी प्रजातन्त्रमा केही व्यक्तिको मात्र हित हुने धारणा राख्नुहुँदै उहाँले भन्नुभयो, '२०४६ सालपछिका सरकारहरूले सार्वजनिक सम्पत्ति केही व्यक्तिको हितमा उपभोग गर्न दिए । मित्र देश चीनले सहयोग गरेको बाँसबारी छाला जुत्ता कारखानाको मेसिन सस्तोमा बेचिएको र हाल भारतमा सञ्चालित रहेको समाचार छ । देशघाती सरकारहरूबाट जनताको हित हुनेछैन ।'



सचिव सुवालले भन्नुभयो, 'बैङ्कहरूबाट प्रवाह भएको कूल ४८ खर्ब रुपैयाँ ऋणमध्ये ३० खर्ब रुपैयाँभन्दा बढी एकसय परिवारको कब्जामा रहेको खबर छ । स्रोत नहुँदा ८६ जलविद्युत् योजना अलपत्र अवस्थामा छ । निजी बैङ्क राष्ट्रियकरण गरी जलविद्युत् योजनामा देशकै लगानी गर्नु जरुरी छ । नेपाललाई अहिले २५ हजार मेगावाट जलविद्युत् आवश्यक छ । तर, उत्पादन १२-१५ सय मेगावाटमात्र छ । यसकारण कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, अरूण, पश्चिम सेतीलगायत भारतलाई दिइएको जलविद्युत् योजना फिर्ता लिएर नेपालीको लगानीमा विद्युत् उत्पादन गर्नु जरुरी छ । पर्याप्त बिजुली उत्पादन भए खाना पकाउने ग्यास भारतबाट महँगोमा आयात गर्नुपर्ने छैन ।'

'अर्थमन्त्रीले माघ २९ गते प्रतिनिधिसभाको बैठकमा रासायनिक मल खरिद गर्न बजेट अभाव नहुने बताउनुभएको थियो । फागुन २ गतेको पत्रपत्रिकामा साल्ट ट्रेडिङ कम्पनीका अधिकारीहरूले रासायनिक मल खरिद गर्न अर्थ मन्त्रालयबाट बजेट प्राप्त नहुँदा आउने वर्ष बाली (रोपाइँसमेत) को लागि मल अभाव हुने बताए । के अर्थमन्त्रीलाई कमिसन नपुगेर मल खरिदको लागि पर्याप्त बजेट निकासा नगरेको हो ?', सांसद सुवालले प्रश्न गर्नुभयो ।

उहाँले भन्नुभयो, 'कृषिप्रधान देश नेपालमा दाल, चामल, तरकारी भारतबाट आयात गरेर देशको अर्थतन्त्र बलियो हुँदैन । सबैको हितको निम्ति समाजवादी व्यवस्था आवश्यक छ । जनआन्दोलनका शहीद र घाइते योद्धाहरूको सपना यही हो ।'

नेमकिपाका अर्का केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले देशमा भएका हरेक जनआन्दोलनमा पार्टीले जनतालाई राजनीतिकरूपमा सचेत पार्ने काम गर्दै आएको बताउनुभयो ।



भक्तपुर आजको अवस्थामा आउनुमा पार्टीका अग्रजहरूको योगदान महत्त्वपूर्ण रहेको चर्चा गर्नुहुँदै उहाँले भनपाका जनप्रतिनिधिहरूले नेमकिपाको निर्वाचन घोषणापत्रअनुसार इमानदारीपूर्वक सेवा गरिरहेका छन् भन्नुभयो ।

भनपाले शिक्षा-स्वास्थ्य, सम्पदा संरक्षणको क्षेत्रमा विशेष जोड दिँदै कार्य गरिरहेको छ । भनपाद्वारा सञ्चालित कलेजहरूले देशकै सेवा गरिरहेको छ, उहाँले भन्नुभयो ।

शासक पार्टीहरूको पक्षपातपूर्ण व्यवहारको कारण ख्वप विश्वविद्यालय स्वीकृत हुन नसकेको स्पष्ट पार्नुहुँदै नगर प्रमुख प्रजापतिले भनपाद्वारा सञ्चालन हुने ख्वप विश्वविद्यालयले कम शुल्कमा चिकित्सा शिक्षा दिनेछ भन्नुभयो ।

बागमती प्रदेशसभाका सदस्य **सृजना सैंजू**ले पञ्चायती व्यवस्थाको विरुद्ध सङ्घर्ष गर्दा भक्तपुरमा ४ जना सपुतहरूले बलिदानी दिएको उल्लेख गर्नुहुँदै २०४६ साल फागुन ८ गतेको भक्तपुरको आन्दोलनको लहर देशैभर फैलिएको बताउनुभयो ।

प्रजातान्त्रिक आन्दोलनमा सहयात्री दलका नेताहरू नै शासन व्यवस्थामा रहँदा देश झन्झन् परनिर्भर हुँदै जानु शहीदहरूप्रतिको अपमान हो, उहाँले भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गोविन्द दुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा

नेमकिपा भनसका नारायणबहादुर दुवाल, नेक्राकिसङ्घका केन्द्रीय सचिव हरिराम सुवाल, शहीद पुष्परत्न शाक्यका छोरा पुजनरत्न शाक्य, जनआन्दोलनका घाइते योद्धा राजेन्द्र दुमरु, आयोजक समितिका सदस्यद्वय कमला गिरी र सूर्यबहादुर फोजूलगायतले बोल्नुभएको थियो ।

कार्यक्रममा शहीदहरूको सम्मानमा एक मिनेट मौनधारण गरिएको थियो ।

**चण्डेश्वरी विद्यालयको वार्षिकोत्सव**

## आधारभूत विद्यालयहरू उच्च शिक्षाको जग हो : प्रमुख प्रजापति




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भनपा वडा नं. ५ वासिकचास्थित चण्डेश्वरी आधारभूत विद्यालयको ६३ औँ वार्षिकोत्सवक कार्यक्रम फागुन १० गते विद्यालय प्रांगणमा सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रमुख **प्रजापति**ले आधारभूत विद्यालयहरू उच्च शिक्षाको जग भएको हुँदा भक्तपुर नगरपालिकाले नगरभित्रका आधारभूत विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक आधारहरू तयार गर्ने काम गर्दै आइरहेको बताउनुभयो ।

विद्यालय स्थापनाको ६३ वर्ष पार गरिसकेको चण्डेश्वरी विद्यालयको शैक्षिक प्रगतिमा अझ सुधार हुँदै जाने आशा व्यक्त गर्नुहुँदै भक्तपुरका सबै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि हुने क्रम जारी रहेको उहाँले बताउनुभयो ।

शिक्षामा भइरहेको निजीकरण र उदारीकरणले गरिब जनताका छोराछोरीहरू उच्च शिक्षा हासिल गर्नबाट वञ्चित हुँदै आएको प्रसङ्ग जोड्नुहुँदै उहाँले विद्यालयले आफ्नो भौतिक संरचनाको सुधारसँगसँगै शिक्षाको जगलाई स्तरीय बनाउन आवश्यक पहल गर्नुपर्ने बताउनुभयो ।

भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले बालबालिकाको शिक्षाको जग राम्रो भए भविष्य उज्ज्वल हुने बताउनुहुँदै विद्यालय तहदेखि नै मिहिनेत गर्ने बानी विकास गर्न विद्यार्थीलाई प्रेरित गर्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छैँले विद्यार्थीहरूलाई पुरस्कार र सम्मान दिनु भनेको उनीहरूलाई उत्प्रेरणा दिनु हो भन्नुहुँदै विद्यार्थीहरूको मनोबल उच्च राख्ने विषयमा विद्यालय सजग हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा चण्डेश्वरी आधारभूत विद्यालयका प्रअ रीता लाखेमरुले विद्यालयको शैक्षिक अवस्था र प्रगति विवरण प्रस्तुत गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नारायणप्रसाद त्वानाबासुको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा समाजसेवी हिमालयश्वरलाल मुल, नेक्राशिसङ्घ नगर समितिका अध्यक्ष गणेशराम थुसालगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

वार्षिकोत्सवकै अवसरमा कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिहरूले परीक्षामा उत्कृष्ट र अतिरिक्त क्रियाकलापमा विजयीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

**वागीश्वरी मावि/कलेजको वार्षिकोत्सव**

## सरकारको नीतिगत खोटको आलोचना गर्नुपर्छ : अध्यक्ष बिजुक्छेँ




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले वागीश्वरी माध्यमिक विद्यालयको ६४ औँ, वागीश्वरी कलेजको १५ औँ र वागीश्वरी कलेज अफ मेनेज्मेन्टको स्थापना वर्षको वार्षिकोत्सव समारोहको फागुन ११ गते पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।

कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले शासक दलहरूबाट गरिब जनतालाई शिक्षाको पहुँचबाट टाढा राख्ने अनेक षड्यन्त्र भइरहेकोतर्फ सचेत हुनुपर्नेमा जोड दिनुहुँदै सरकारको नीतिगत खोटको विरोध र आलोचनालाई देशभक्त जनताले निरन्तरता दिनुपर्ने बताउनुभयो ।

विदेशीको इसारामा चल्ने र विदेशीको हितमा काम गर्नेले कहिल्यै पनि देशको हितको निम्ति नसोच्ने बताउनुहुँदै उहाँले व्यक्तिगत स्वार्थबाट टाढा रही सिङ्गो समाजलाई अगाडि



बढाउने नीति नै समाजवादी नीति भएको बताउनुभयो ।

शासक दलहरूले सिद्धान्त र दर्शनलाई भन्दा व्यक्तिगत स्वार्थलाई प्राथमिकतामा राख्दा देश दुर्घटनातिर जाने सम्भावना रहेको उल्लेख गर्नुहुँदै नयाँ पुस्ताका विद्यार्थीहरूलाई विश्वको इतिहास र भूगोलबारे राम्रोसँग सिकाउन जरुरी रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले वागीश्वरीअन्तर्गत ३ ओटा कलेजहरू संयुक्त रूपमा अगाडि बढाइरहेको बताउनुहुँदै देशकै नमुना शैक्षिक संस्थाको रूपमा विकास गर्ने उद्देश्यअनुरूप यी शैक्षिक संस्थाहरू सञ्चालनमा रहेको बताउनुभयो ।

उहाँले सामुदायिक विद्यालयले पनि उत्कृष्ट शिक्षा प्रदान गर्छ भन्ने उदाहरणको रूपमा वागीश्वरी रहेको बताउनुहुँदै वागीश्वरीले हरेक चुनौतीलाई अवसरको रूपमा परिणत गरी आजको सफलता हासिल गरेको बताउनुभयो ।

बागमती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले अहिलेको राजनीतिक नेतृत्वमा नैतिकताको चरम अभाव रहेको प्रष्ट पार्नुभयो ।

भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रम लागू गरी सराहनीय काम गर्दै आइरहेको र पाठ्यक्रमको व्यवहारिक र वैज्ञानिक ढङ्गले अगाडि बढाउन जरुरी रहेको उहाँले बताउनुभयो ।

घोकन्ते विद्याको औचित्यता नरहेको प्रष्ट पार्नुहुँदै उहाँले विद्यार्थीहरूलाई आफैले केही सिक्ने वातावरण विद्यालयले प्रदान गर्न सके विद्यार्थीहरू तुलनात्मक रूपमा अगाडि बढ्नेछन् भन्नुभयो ।

बागमती प्रदेशसभा सदस्य **सृजना सैंजु**ले देशैभरि सामुदायिक कलेज लथालिङ्ग बनिरहेको समयमा वागीश्वरीले शिक्षामा नमुना काम गरी नवीन आयाम थपिरहेको बताउनुहुँदै ख्वप विश्वविद्यालय स्थापनाको निम्ति सङ्घर्ष जारी रहने बताउनुभयो ।

उहाँले शिक्षामा नवउदारवादको विरोध गर्न आवश्यक भएको बताउनुहुँदै वागीश्वरीले बीबीएको कक्षा सञ्चालनसँगै आगामी दिनमा एमबीएलाई पनि अगाडि बढाउने विश्वास व्यक्त गर्नुभयो ।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष **महाश्रम शर्मा**ले वागीश्वरी मावि र कलेज समुदायमा आधारित समावेशी विद्यालयहरूको रूपमा सञ्चालनमा रहेको बताउनुहुँदै स्थानीय सरकारको सफल नेतृत्वले भक्तपुरलाई शिक्षामा नमुनाको रूपमा अगाडि बढाउन टेवा पुगेको बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी भक्तपुरका **खगेन्द्र प्रसाद रिजाल**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित विद्यालय र कलेजको स्तर उत्कृष्ट रहेको बताउनुहुँदै भक्तपुरका सहयोगी समुदायको संयुक्त प्रयासले भक्तपुर शैक्षिक ज्ञानको केन्द्रको रूपमा विकास हुन सफल भएको बताउनुभयो ।

वार्षिकोत्सव कार्यक्रममा वागीश्वरी माविका प्रअ **कृष्णप्रसाद धन्छा**ले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने वागीश्वरी कलेजका प्राचार्य **धनकुमार श्रेष्ठ**ले कलेजको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

वागीश्वरी विद्यालय व्यवस्थापन समिति अध्यक्ष रविन्द्र ज्याख्वको सभापतित्वमा भएको समारोहमा सहायक प्रधानाध्यापक उकेश सुवालले धन्यवादज्ञापन र वार्षिकोत्सव समारोह समितिका संयोजक राजन लाखाले स्वागत गर्नुभएको थियो ।

कार्यक्रममा संयुक्त परीक्षा समितिका संयोजक श्रीकृष्ण किसी, विद्यार्थी प्रतिनिधि विद्यालय चाँदनी रानी बैद्य, कलेजका तर्फबाट तेन्जिङ डोल्मा लामाले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि बिजुक्छेँले प्रावि शिक्षक राजेन्द्र भण्डारी, प्रावि शिक्षक प्रमिला प्रधान, प्रावि शिक्षक श्री ज्ञानी छोरी श्रेष्ठ र विद्यालय सहयोगी हरिप्रसाद दाहाललाई दीर्घसेवी शिक्षक सम्मान प्रदान गर्नुभयो ।



कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिहरूले शिक्षक तथा कर्मचारी, कक्षा ११ वार्षिक र १२ प्रिबोर्ड पुरस्कार, कलेजको प्रिबोर्ड पुरस्कार, एस.ई.ई. टपर मेडल, प्लस टु टपर मेडल, टेक्स टपर मेडल, स्नातक टपरलाई मेडल तथा पुरस्कार वितरण गर्नुभयो ।

**ब्रह्मायणीको वार्षिकोत्सव**

## असल, इमानदार र कर्तव्यनिष्ठ विद्यार्थी उत्पादन गर्नतर्फ जोड दिनुपर्ने




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सामुदायिक विद्यालयको स्तरोन्नति गर्न भक्तपुर नपाले आर्थिक तथा भौतिक सहयोग गर्दै सामुदायिक विद्यालयमा उत्कृष्ट शिक्षा प्रद्यान गर्ने उद्देश्यले काम गर्दै आइरहेको बताउनु भएको छ ।

भक्तपुर नपा वडा नं. ८ लिबालीस्थित श्री ब्रह्मायणी आधारभूत विद्यालयको ३१ औँ वार्षिकोत्सव कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुरका शैक्षिक संस्थाहरू अध्ययन गर्न विभिन्न नगर, महानगर र उपमहानगर तथा गाउँपालिकाका जनप्रतिनिधिहरू आउने क्रम जारी रहेको बताउनुभयो ।

देशभर सामुदायिक विद्यालयप्रति अभिभावकहरूको आकर्षण घट्दै गइरहेको समयमा भक्तपुरका सामुदायिक विद्यालयले अब्बल रूपमा सामुदायिक शैक्षिक संस्थाहरू अगाडि बढाइरहेको छ भन्नुहुँदै उहाँले भन्नुभयो, सामुदायिक विद्यालयको स्तर वृद्धि गर्न सकेनौँ भने निजी विद्यालयले सामुदायिक विद्यालयलाई उछिन्नेछन् ।

असल, इमानदार र कर्तव्यनिष्ठ विद्यार्थी उत्पादन गर्नतर्फ विद्यालयले विशेष जोड दिनुपर्ने भन्नुहुँदै उहाँले विकसित देशहरूमा जस्तै सामुदायिक विद्यालय विद्यार्थीहरूको पहिलो रोजाइको शैक्षिक संस्था हुनुपर्ने बताउनुभयो । भक्तपुर नपाले शिशुस्याहार केन्द्रदेखि स्नातकोत्तर तहसम्मको अध्ययन अध्यापन सुरु गर्दै आइरहेकोमा ख्वप विश्वविद्यालय सञ्चालन गर्ने योजनासाथ अगाडि बढिरहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा ब्रह्मायणी आधारभूत विद्यालयका संस्थापक अध्यक्ष **ज्ञानसागर प्रजापति**ले सामुदायिक विद्यालय कुनै निजी विद्यालयभन्दा कम छैन भन्ने भावनाले त्यहाँका शिक्षकहरूले आफ्ना विद्यार्थीलाई अध्यापनमा जोड दिए शैक्षिक विकासमा टेवा पुग्ने बताउनुभयो ।

गरिब जनता पढ्ने विद्यालयहरूमा सरकारको ध्यान जान नसकेको र शिक्षामा राज्यले बहन गर्नुपर्ने दायित्यसमेत बहन गर्न नसकेको यथार्थ प्रस्तुत गर्नुहुँदै उहाँले विद्यार्थीलाई राम्रो कामको लागि हौसला बढाउन सके उनीहरूमा उत्प्रेरणा जाग्ने बताउनुभयो ।

कार्यक्रममा विद्यालयका प्रअ **तारादेवी धन्छा**ले विद्यालयको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै विद्यार्थी केन्द्रित शिक्षण विधिहरू प्रयोग गरी सिकाइ उपलब्धि वृद्धि गर्ने, कक्षामा कमजोर विद्यार्थीहरूलाई विशेष जोड दिएर अगाडि बढ्ने, विद्यार्थीहरूको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासका लागि अतिरिक्त क्रियाकलापलाई निरन्तरता दिँदै जानेलगायत विद्यालयको भावी योजनाहरू रहेको बताउनुभयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मीनारायण दुवाल, पूर्व अध्यक्ष मोहनप्रसाद प्रजापति, सदस्य रामसुन्दर बासी, आधारभूत विद्यालय समितिका अध्यक्ष दिपक माक र शिक्षिकाद्वय इन्दिरा लाछिमस्यू र सुशिला प्रजापतिले पनि बोल्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि तथा अन्य अतिथिहरूले विद्यालयका उत्कृष्ट विद्यार्थी र अतिरिक्त क्रियाकलापका विजेता विद्यार्थीहरूलाई मेडल र पुस्कार वितरण गर्नुभएको थियो ।



उक्त कार्यक्रममा नगर प्रमुख प्रजापतिले ब्रह्मायणी आधारभूत विद्यालय स्मारिका २०७९ विमोचन गर्नुभएको थियो ।

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

## विश्व महिला च्याम्पियनसिपका लागि भक्तपुरका अस्मिता दुवाल छनोट






काठमाडौँ, २६ माघ। भारतको राजधानी नयाँ दिल्लीमा मार्च १३ देखि २७ सम्म सञ्चालन हुन गइरहेको विश्व महिला च्याम्पियनसिपका लागि भक्तपुरका अस्मिता दुवाल छनौट भएका छन्।

नेपाल बक्सिङ् सङ्घद्वारा आयोजित राष्ट्रव्यापी खुला छनोट प्रतियोगिताको ५० किलो तौल समूहको फाइनल खेलमा नेपाल पुलिस क्लवका दिवाना सेर्मालाई अङ्कको आधारमा पराजित गर्दै अस्मिता दुवाल छनोट भएकी थिइन्। फेदर वेट ५७ किलो तौल समूहको फाइनल खेलमा आर्मीका चन्द्रकला थापाले झापाका सुस्मिता राईलाई ५:० अङ्कको आधारमा पराजित गर्दै छनोट भएकी थिइन्। ६० किलो तौल समूहको फाइनल खेलमा एपीएफका संगीता सुनारले आर्मीका निरु गुरुङलाई ४:१ अङ्कको आधारमा पराजित गर्दै छनोट भएकी थिइन् र मिडिल वेट ७५ किलो तौल समूहको फाइनल खेलमा एपीएफका सरस्वती रानामगरले झापाका त्रिसा जवेगुलाई ५:० अङ्कको आधारमा पराजित गर्दै छनोट भएकी थिइन्।

## शुभकामना तथा बधाई



भक्तपुर जिल्ला बक्सिङ सङ्घको आयोजनामा शुभकामना तथा बधाई ज्ञापन कार्यक्रम नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा एक समारोह बीच फागुन ३ गते सम्पन्नभयो।

भक्तपुरका **अस्मिता दुवाल** विश्व बक्सिङ च्यापियनशीप प्रतियोगितामा नेपालबाट छनौट भएकोमा सफलताको शुभकामना र नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रथम भएकोमा, **विजय बाटा** एसियन युथ अन्डर २२ मा तृतीय, नवौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा द्वितीय र त्यस्तै **निता गोसाई** नवौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा द्वितीय भएकोमा बधाई दिनुहुँदै प्रमुख अतिथि नगर प्रमुख सुनिल प्रजापतिले खादा र मायाको चिनो प्रदान गरी सम्मान गर्नुभयो।

कार्यक्रममा प्रमुख अतिथि सुनिल प्रजापतिले क्रान्ति र इन्क्लाब भनेको परिवर्तन भएको बताउनुहुँदै भक्तपुर नेपाल कै फोहोर नगरलाई एसियाको सफा शहर बनाउनु नै क्रान्ति हो भन्नुभयो। उहाँले शिक्षामा पछाडि परेको जिल्लामा एक घर एक स्नातकको लक्ष्य नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)को सोच अनुसार गरीव र जनतालाई पढाउने हो भने आफ्नै कलेज हुनुपर्ने उद्देश्यका साथ ७ ओटा कलेज सञ्चालन गरेको र प्रत्येक वडामा दुई सयभन्दा बढी इन्जिनियरहरू हुनु, सम्पदा संरक्षण नभएर जीर्ण रहेका सम्पदा पर्यटक सेवा शुल्क उठाई विदेशीको सहयोगबिना सम्पदा संरक्षण गरेको क्रान्ति भएको बताउनुभयो। उहाँले कुनैबेला बेडमा कुकुर सुत्ने भक्तपुर अस्पताल आज प्रदेशको उत्कृष्ट अस्पताल भएको र त्यस्तै नगरपालिकाले ख्वप अस्पताल सञ्चालन समेत गरी अक्सिज निःशुल्क वितरणका साथै घरदैलो नर्सिङ सञ्चालन र स्वास्थ्य उपचारको लागि १० मिनेटमा उपलब्ध हुने अवस्थामा विकास भएको बताउनुभयो। खेलकुदमा पनि नगर खेलकुद समिति बनाई अहिले अन्तर विद्यालय प्रतियोगिता र अन्तर नगर प्रतियोगिताहरू गरिरहेको बताउनुभयो। उहाँले अनुशासन खेलाडीको गहना भएको बताउनुहुँदै सबै कुरा राजनीतिले सञ्चालन हुने भएकोले जुन देशमा राजनीति राम्रो हुन्छ त्यसका जनतालाई सुख हुन्छ भन्नुभयो।

उहाँले खेलकुद विश्वविद्यालय भए खेलाडीहरूलाई पदक विजेताअनुसार शैक्षिक योग्यता निर्धारण गरी स्वरोजगार बनाए खेलकुदको विकास हुनुका साथै फुर्सदमा खेल्ने खेल नहुने बताउनुभयो। उहाँले खेलकुदबाट विचलित नभई निरन्तर अभ्यास गरे सफलता चुम्न सक्ने बताउनुभयो।

कार्यक्रम भक्तपुर जिल्ला बक्सिङ सङ्घका अध्यक्ष रामकृष्ण प्रजापतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाल बक्सिङ सङ्घका कोषाध्यक्ष गौतम सुजखुले पनि बोल्नुभएको थियो।

## सहारा हेरचाह केन्द्रको वार्षिकोत्सव

# ज्येष्ठ नागरिक अगुवा र ज्ञान तथा प्रेरणाको स्रोत



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सहारा हेरचाह केन्द्र सृजनानगरको १२ औं वार्षिकोत्सव कार्यक्रमको फागुन १३ गते पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।

केन्द्रको वार्षिकोत्सवकै अवसरमा सहारा स्मारिका विमोचन गर्नुहुँदै प्रमुख **प्रजापति**ले भक्तपुर नपाले ज्येष्ठ नागरिकहरूको सहज जीवनयापनको लागि भनपा वडा नं. ६ मा आदर निकेतनको भवन निर्माणाधीन अवस्थामा रहेको बताउनुभयो । भक्तपुर नपाले सञ्चालन गर्ने आदर निकेतन पारिवारिक र धार्मिक वातावरणयुक्त बनाउने तयारीमा रहेको बताउनुहुँदै उहाँले ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिहरूको सेवा गर्ने हेरचाह केन्द्र नगरका सबै टोल टोलमा आवश्यक भएको बताउनुभयो ।

ज्येष्ठ नागरिक आफैमा समाजका एक अगुवा र ज्ञान तथा प्रेरणाको स्रोतका रूपमा रहेको बताउनुहुँदै उहाँले पुँजीवादी समाजमा गरिब जनताको जीवनको कुनै मूल्य नहुने हुँदा समाजवादी व्यवस्था आजको आवश्यकता भएको बताउनुभयो ।

कोही व्यक्ति उमेरले बुढा भए पनि विचार र सोच कहिल्यै बुढो नहुने बताउनुहुँदै उहाँले भक्तपुर नपाले गरिब तथा असहाय व्यक्तिलाई आवश्यकताअनुसार निःशुल्क स्वास्थ्य उपचारसमेत प्रदान गर्दै आइरहेको छ भन्नुभयो ।

कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव **सबिता अर्याल**ले अशक्त र ज्येष्ठ नागरिकको सेवा नै धर्म हो भन्नुहुँदै सहारा हेरचाह केन्द्रको हरेक गतिविधिमा मन्त्रालय सँगसँगै सहयोगी भएर अगाडि बढ्ने प्रतिबद्धता जनाउनुभयो ।



उहाँले ज्येष्ठ नागरिकको हकहितको विषयमा स्थानीय तहलाई जिम्मेवार बनाउनुपर्ने बताउनुहुँदै ज्येष्ठ सदस्य हेरचाहको तालिम समुदाय र परिवारसम्म पुऱ्याउन सके ज्येष्ठ सदस्यहरूको अझ सेवा हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले वर्षेनि लाखौँ विद्यार्थीहरूको अध्ययन र रोजगारीको सिलसिलामा विदेशिने क्रम जारी रहेको र यो देशको निम्ति दुर्भाग्यको विषय भएको बताउनुहुँदै भक्तपुरका युवालाई भक्तपुरमा व्यापार व्यवसाय गर्न नगरपालिकाले उद्यमशील युवालाई सहुलियत दरमा ऋणको व्यवस्थालाई अगाडि सारेको बताउनुभयो ।

त्यस्तै एजिङ नेपाल, काठमाडौँका **कृष्णमुरारी गौतम**ले सहारा हेरचाह कन्द्रले प्रदान गर्दै आइरहेको सेवा सुविधा आफैमा प्रशंसनीय कार्य रहेको बताउनुहुँदै ज्येष्ठ नागरिक समाजका सम्माननीय व्यक्तिको रूपमा रहेको उल्लेख गर्नुभयो ।

सहारा हेरचाह केन्द्रका अध्यक्ष सुन्दर सुवालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा केन्द्रका सचिव प्रचण्ड कारञ्जित, जिल्ला ज्येष्ठ नागरिक सङ्घ भक्तपुरका अध्यक्ष कैलाशभक्त प्रधानाङ्ग, इवामुरा कलेजका नर्सिङ डाइरेक्टर सानुमाया खड्का, मोर्डन स्कूलका प्रअ अनिल कसपाल, राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घका अध्यक्ष छत्र प्रधान, सहारा स्मारिकाका प्रधान सम्पादक धनमान श्रेष्ठ, रामप्रसाद श्रेष्ठ, मतिना त्वानाबासु र केन्द्रका व्यवस्थापक कल्पना बोयजूले पनि बोल्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि सुनिल प्रजापतिले सहारा हेरचाह केन्द्रका ४ जना ज्येष्ठ नागरिकलाई सम्मान गर्नुभएको थियो भने अतिथिलगायतले केन्द्रलाई भौतिक तथा खाद्यान्न समाग्री प्रदान गर्ने सहयोगी दाताहरूलाई सम्मान पत्र प्रदान गर्नुभयो ।

## महिलाहरू अगाडि नबढेसम्म समाज परिवर्तन नहुने



नेपाल क्रान्तिकारी महिला सङ्घ सूर्यमढी एकाइ समितिको आयोजनामा ११३ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा फागुन १४ गते स्थानीय अग्रज महिला भेला सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले महिला अगाडि नबढेसम्म समाज परिवर्तन नहुने धारणा राख्नुहुँदै आरक्षण होइन समानताको लागि अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

तुलनात्मक रूपमा पछिल्लो समयमा नागरिकमा



राजनीतिक सचेतनाको अभाव देखिएकोले सिक्नको लागि उमेरले छेक्दैन, सक्नेले पढ्ने र नसक्नेले सुन्ने तथा मिहिनेत गरी निरन्तर सिकाइमा अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिका सदस्य कमलमैया सुवालले नयाँ र पुरानो पुस्ताबीच समन्वय गराउन यस्तो कार्यक्रम निरन्तर हुनुपर्ने र नयाँ पुस्तालाई स्वदेशमै काम गर्न हौसला र वातावरण दिनुपर्नेमा जोड दिनुभयो ।

भनपा वडा नं. ९ पार्टी समितिका सदस्य **काशीलाल प्रजापति**ले महिलाहरूमा भइरहेको श्रम शोषणप्रति सचेत हुनुपर्ने बताउनुभयो ।

आयोजक समितिका रामेश्वरी कोजुको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा छोरीमैया सुजखू र तीर्थलक्ष्मी धन्छाले पनि बोल्नुभएको थियो ।


# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

## प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाबाट कुहिने फोहरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०।– का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# अनुभवको आदान-प्रदान

## नगर प्रमुख प्रजापतिसँग कीर्तिपुर नपाका उपप्रमुख शाक्यको भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीसँग कीर्तिपुर नगरपालिकाका उपप्रमुख शुभलक्ष्मी शाक्यले फागुन ८ गते भेट गर्नुभयो।

भक्तपुर नगरपालिकाद्वारा आयोजित अन्तर नगर पुरुष खो खो प्रतियोगिता खेलको अवलोकन गर्न भक्तपुर आउनुभएका उपप्रमुख शाक्यले प्रमुख प्रजापतिसँग भेट गर्नुभएको हो।

भेटमा उहाँहरूबीच भक्तपुरको शिक्षा, पर्यटन, कर्मचारी व्यवस्थापन, विकास निर्माणलगायतका विविध पक्षबारे अनुभव आदानप्रदान भयो।

सोही क्रममा नगर प्रमुख प्रजापतिले भक्तपुर नपाले सामुदायिक विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न आर्थिक तथा भौतिक सहयोग गर्दै आएको बताउनुहुँदै भक्तपुर नपाको मुख्य आयस्रोत पर्यटन भएको हुँदा पर्यटन प्रवर्द्धन र सम्बर्द्धनमा नगरपालिकाले विशेष भूमिका खेल्दै आएको बताउनुभयो।

त्यस्तै कीर्तिपुर नपाका उपप्रमुख शाक्यले भक्तपुर नपालाई नजिकबाट नियाल्ने अवसर प्राप्त भएकोमा खुशी प्रकट गर्नुहुँदै नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्था र अस्पताल सञ्चालनबारे रुचिपूर्वक जिज्ञासा राख्नुभयो। कीर्तिपुर नपाले प्राविधिक शिक्षालय सञ्चालन गर्ने तयारीमा रहेको बताउनुहुँदै उहाँले स्थानीय तह जनताको नजिकको सरकार भएको हुँदा त्यसमार्फत धेरै विकास निर्माणको काम सम्भव भएको बताउनुभयो।

भेटमा भक्तपुर नपाका प्रशासकीय अधिकृत दामोदर सुवाल, कीर्तिपुर नपा सहकारी शाखाका वरिष्ठ अधिकृत सुजिन्द्र महर्जनलगायतको उपस्थिति रहेको थियो।

नगर प्रमुख प्रजापतिले उपप्रमुख शाक्यलाई भक्तपुर नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो।

# संक्षेपमा

## उपप्रमुख जोशीद्वारा कलाकारहरूलाई प्रशंशा पत्र वितरण



भक्तपुर नपाका उपप्रमुख रजनी जोशीद्वारा आस्था सांस्कृतिक परिवार र नाट्यकर्मी समाज नेपालको संयुक्त आयोजनामा भएको 'हृदयचन्द्र नाटक मेला २०७९' को फागुन १२ गते भएको समापन कार्यक्रममा मञ्चन गरिएका नाटकका कलाकारहरूलाई प्रशंशा पत्र वितरण गर्नुभयो।

नेपाल मजदुर किसान पार्टीको ४९ औँ स्थापना दिवसको उपलक्ष्यमा फागुन ८ देखि १२ गतेसम्म भएको उक्त मेलामा हृदयचन्द्रसिंहको 'शरणागतको स्वागत', 'खैराँती मास्टर', 'मरुभूमिका लेखक', 'श्रीमैयाँको इयर्लिङ', 'र ाजनीतिक रंगमञ्च', 'उनी देवता हुन्', 'कीर्तिपुरको युद्धमा' र 'गंगालालको चित्ता' विभिन्न स्कुल, कलेज र आयोजक संस्थाबाट मञ्चन गरिएको थियो।

उक्त मेलाको फागुन ८ गते बागमती प्रदेशसभाका सदस्य सुरेन्द्रराज गोसाईले उद्घाटन गर्नुभएको थियो।

के गर्दैछ
भक्तपुर नगरपालिका ?
थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्
- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप सः (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० – ८:३० र शुक्रबार साँझ ६:३० – ७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६

# हाम्रो स्वास्थ्य

## किन ढिला पहिचान हुन्छ क्यान्सर ?

क्यान्सर तेस्रोदेखि चौथो तहमा पुगेको अवस्थामा अस्पताल पुग्ने धेरै छन् । विकसित देशहरूमा कुनै पनि क्यान्सर सुरुमै पहिचान हुन्छ । नेपालमा भने अहिले पनि ५० प्रतिशतभन्दा बढी क्यान्सर तेस्रो या चौथो चरणमा पुगेपछि मात्र पत्ता लाग्ने गरेको चिकित्सक बताउँछन् । गाइनो अन्कोलोजिस्ट डा. अन्जु श्रेष्ठका अनुसार ५० प्रतिशतभन्दा बढी क्यान्सरका बिरामी रोग छिप्पिसकेको अवस्थामा उपचारका लागि अस्पताल पुग्छन् ।

पाठेघरको मुखकोबाहेक नेपालमा फोक्सो, स्तन, आमाशय, ठूलो आन्द्रा र मुखको क्यान्सरपीडित धेरै छन् । '५० प्रतिशतभन्दा बढी क्यान्सर रोगी ढिलो उपचारमा पुग्छन्, जतिबेला उपचारले निको हुँदैन,' भक्तपुर क्यान्सर अस्पतालका निर्देशक तथा अन्कोलोजिस्ट डा. विष्णुदत्त पौडेलले भने । पाठेघरको मुख र स्तन क्यान्सर केही छिटो पत्ता लागे पनि अन्य भागको क्यान्सर पहिचान ढिलै मात्र हुने गरेको नेपाल क्यान्सर अस्पतालका अन्कोलोजी सर्जरी विभाग प्रमुख डा. कपेन्द्रशेखर अमात्य बताउँछन् ।

